साहित्यकार पण्डित

# रूद्रमणि अधिकारीको

## जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन



नारायणप्रसाद पौडेल

# साहित्यकार पण्डित रुद्रमणि अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत

**शोधपत्र**


शोधार्थी

**नारायणप्रसाद पौडेल**

स्नातकोत्तर समूह २०६०-०६२

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय



प्रकाशक

**निर्मलमणि अधिकारी (आयोदधौम्य)**

कृति : साहित्यकार पण्डित रुद्रमणि अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

लेखक : नारायणप्रसाद पौडेल
पर्वत

प्रकाशक : 'आयोदधौम्य' निर्मलमणि अधिकारी
पिपलटार, छाङ्ग गाविस-४, तनहुँ

वितरक : प्रशान्ति पुस्तक भण्डार
पुतलीसडक, काठमाण्डौ
फोन नं. ४२३२७२५

*सर्वाधिकार : निर्मलमणि अधिकारीमा सुरक्षित*

संस्करण : पहिलो (दशौं, वि.सं. २०६३)

मूल्य : रु. ७५।-

मुद्रक : युनियन प्रेस, पुतलीसडक

# सारांश

साहित्यकार पण्डित रुद्रमणि अधिकारी (१९७८) गण्डकी अञ्चलको तनहुँमा जन्मी संस्कृतमा व्याकरण र न्याय विषयमा आचार्यसम्मको अध्ययन हासिल गरेका हुन् । वेदान्त र ज्योतिषशास्त्रका पनि उनी प्रकाण्ड विद्वान हुन् । उनी झन्डै छ दशकदेखि नेपाली साहित्यमा साधनारत प्रतिभा हुन् ।

धार्मिक-दार्शनिक क्षेत्रमा विशेष ख्याति कमाएका पण्डित अधिकारीको व्यक्तित्वका अनेक आयाम छन् । साहित्यिक क्षेत्रमा उनको व्यक्तित्वलाई कवि, समालोचक र निबन्धकारका रूपमा यस शोधमा पहिचान गरिएको छ । साहित्येतर लेखकका रूपमा पनि उनको व्यक्तित्वको सफलतापूर्वक प्रष्फुटन भएको छ ।

वि.सं. १९९८ देखि वि.सं. २०२८ सालसम्म गरी करिब तीन दशकसम्म विभिन्न स्थानमा शिक्षण सेवा गरेका अधिकारीको शिक्षक व्यक्तित्व अत्यन्त गौरवमय रहेको छ । उनका धार्मिक/आध्यात्मिक व्यक्तित्व, सामाजिक-सांस्कृतिक व्यक्तित्व र अन्वेषक व्यक्तित्वले समाजमा प्रसिद्धी कमाएका छन् । जीवनका केही वर्षहरू उनले राजनीतिमा पनि बिताएका थिए ।

पण्डित रुद्रमणि अधिकारी र उनका रचनाहरूका बारेमा समालोचकहरूले गरेका टिप्पणी, व्याख्या, विश्लेषण र समीक्षा एकदमै न्यून छन् तापनि उनकाबारे पटक्कै चर्चा नभएको चाहिँ होइन । जीवनलाई क्षणभंगूर ठान्ने र आत्मश्लाघा नगरी परमात्माको गुणानुवाद गर्नु पर्दछ भन्ने मान्यताका कारण आफ्नाबारे प्रकाशित सामग्री संकलन तथा संरक्षण खासै नगर्ने भएकाले त्यस्ता कुनै पनि पुराना सामग्री पाउन सकिएन । उनका छोरा निर्मलमणि अधिकारीको संकलनबाट प्राप्त सामग्रीहरू नै उनीबारे भएका पूर्वाध्ययनको सर्वेक्षण गर्ने प्रमुख स्रोत हुन् । तिनको अध्ययन गर्दा उनको साहित्यिक तथा अन्य व्यक्तित्वलाई चिनाउने प्रयास केही मात्रामा भएको देखिन्छ । त्यसलाई अध्ययन र अनुसन्धान सन्दर्भमा अपर्याप्त ठह्याई यस शोधपत्रको औचित्य दर्साइएको छ । शोधनायक पण्डित अधिकारीका कृतिहरूको व्यवस्थित रूपमा गरिने विश्लेषण तथा अनुसन्धान र प्रवृत्तिगत योगदानहरूको निरूपण गर्ने रूपरेखाको समेत संयोजन गरिएको छ ।

पण्डित रुद्रमणि अधिकारीको हालसम्मको जीवनयात्रा करिब साडे आठ दशक हुन थालेको छ । सानैदेखि आफ्नै पिताजी, फुपू-फुपाजुहरू, मामाहरूको सान्निध्यमा रहेर उनले रुद्री, चण्डी, अमरकोश, दशकुमारचरित, लघुकौमुदी, मध्यकौमुदी, श्रीमदभागवत, रामायण तथा महाभारत श्रद्धासाथ अध्ययन गरेका थिए । घरैमा तथा फुपूहरूकहाँ बसेर पाएको प्रारम्भिक शिक्षाबाट सन्तोष नगरी अधिकारीले शिक्षादीक्षाको लागि देशका विभिन्न

भागसम्म चहारेको देखिन्छ । उनको शिक्षाको उच्चतम उपलब्धि भने सिद्धेश्वर ब्रह्मचर्य आश्रम, कलैयामा हासिल भएको हो । उनले वि.सं १९९८ सालदेखि नै शिक्षण सेवा गरी कास्की र तनहुँका विभिन्न संस्कृत पाठशाला हुँदै विद्यालयमा कहिले सह-प्रधानाध्यापक, कहिले प्रधानाध्यापक भई सेवा गरेका थिए ।

बालककालदेखि नै मेधावी र लगनशील व्यक्तित्वका धनी रुद्रमणि अधिकारी समय-समयमा विभिन्न पदक- पुरस्कारहरूद्वारा सम्मानित हुँदै आएका पनि छन् । शिक्षण सेवा र पुराणवाचन नै प्रमुख पेसा भएका पण्डित अधिकारी बेलाबखत विभिन्न सङ्घसंस्थाहरूमा समेत संलग्न देखिन्छन् । शिक्षण-प्रशिक्षणका सन्दर्भमा, अध्ययनका क्रममा, तीर्थयात्राका क्रममा सहभागी हुँदै नेपालका केही जिल्ला र भारतका अधिकांश ठाउँहरूको भ्रमण पनि गरेका छन् ।

सिद्धेश्वर ब्रह्मचर्य आश्रम कलैयामा बस्दा विभिन्न साहित्यिक गतिविधिसँग सम्पर्क-सहभागिता देखाउने अधिकारीको औपचारिक लेखनको प्रारम्भ भने वि.सं. २००७ सालदेखि भएको हो । पहिलो कृति प्रकाशनलाई उनले राजनीतिक अभियानको एक साधनका रूपमा लिएको भए तापनि पछि आध्यात्मिक अभियानको अभिन्न कर्मको रूपमा उनको लेखन अघि बढेको देखिन्छ । यिनका लगभग एकदर्जन पुस्तकाकार आध्यात्मिक साहित्यसँग सम्बन्धित कृतिहरू प्रकाशित छन् । त्यस्तै थुप्रै फुटकर लेखरचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

पण्डित रुद्रमणि अधिकारीको जीवनयात्राको अधिकांश समय पुराण वाचनमा नै व्यतित भएको देखिन्छ । पुराणका ज्ञाता तथा वाचक (व्यास) का रूपमा उनले कमाएको ख्याति एकदमै लोभलाग्दो छ । हिन्दू शास्त्र र शास्त्रीय कर्मबारे कुनै द्विविधा वा मतमतान्तर हुँदा त्यसको निरूपण गर्ने आधिकारिक व्यक्तिका रूपमा उनी मानिएका छन् ।

उनका प्रायः कृतिहरू धार्मिक/आध्यात्मिक भावनाले ओतप्रोत छन् । उनका कृति सनातन हिन्दू धर्म संस्कृति, नेपालीपन आफ्नै रीतिरिवाज खोज्नमा तल्लीन छन् भने तिनको परिवेश प्रायः वैदिक रहेको छ । उनका प्रायः कृतिहरूको मूल भाव पश्चिमी लहडवाजीहरूका लहै-लहैमा नलागी सनातन नेपाली चाल-चलन रीतिरिवाज, धर्म, संस्कृति, भाषा, जाति प्रथा, कर्मकाण्ड, छुवाछुत आदिलाई संरक्षण गर्नुपर्छ भन्ने रहेको छ । उनले आफ्ना कृतिमा राजालाई हिन्दूसंस्कृतिका सम्राटका रूपमा उभ्याएका छन् । वर्तमान कानुनले समेत तोडिसकेको छुवाछुत प्रथा, जातिप्रथा, छोइछिटोको प्रथा उनले आफ्ना कृतिमा संरक्षण दिएका छन् ।

पण्डित रुद्रमणि अधिकारीले साहित्य लेख्ने प्रेरणा राजनीतिबाट प्राप्त गरेका हुन् । वि.सं २००७ सालअघि उनी राणाशासनको विरोधबाट

राजनीतिमा प्रवेश गरेका हुन् । राजनीतिक जीवनमा उनी नेपाली कांग्रेसको एक घटकका केन्द्रीय सदस्य भएका थिए । राणाशासन हटाई प्रजातन्त्र ल्याउने आन्दोलनमा लाग्दा भोलिको नेपाल जस्तो होला भन्ठानेका थिए, २००७ सालमा प्रजातन्त्र आएपछि आफ्नो परिकल्पना अनुसारको नदेखेपछि उनी क्रमशः राजनीतिसँग आक्रोशित र विकर्षित हुँदै गए । त्यसपछि उनले आफूलाई धार्मिक क्षेत्रमा केन्द्रित गराए । सनातन हिन्दू धार्मिक आग्रहले पूर्ण रचनाहरू नै उनका परिचायक हुन् ।

सीमित रूपमा उनले कथा, समालोचना, निबन्ध, लेखेका छन् । उनले फुटकर रचनातर्फ केही मात्रामा भजन, प्रार्थनापरक कविताहरू लेखेका छन् । उनका अप्रकाशित कृतिहरूमा अध्यात्मदीपिका (संस्कृत), मुक्ताभरण (संस्कृत खण्डकाव्य), रुद्रकोश (संस्कृत कोश) तथा छात्र मोदिनी ( संस्कृत व्याकरण)लगायत छन् । उनको साहित्यकार व्यक्तित्वमा कवि व्यक्तित्व, समालोचक व्यक्तित्व र निबन्धकार व्यक्तित्व देख्न सकिन्छ । त्यस्तै साहित्येतर व्यक्तित्वमा शिक्षक व्यक्तित्व, धार्मिक/आध्यात्मिक व्यक्तित्व, राजनीतिक व्यक्तित्व, सामाजिक-सांस्कृतिक व्यक्तित्व, अन्वेषक व्यक्तित्व गरी उनको व्यक्तित्वका विविध पाटाहरू देखिन्छन् ।

पण्डित रुद्रमणि अधिकारी नेपाली साहित्याकाशमा मूलतः धार्मिक/आध्यात्मिक व्यक्तित्वकै रूपमा सुपरिचित देखिन्छन् । पण्डित अधिकारीको साहित्ययात्राको निक्यौंल गर्दा वि.सं २००७ सालमा 'सत्यसन्देश' गद्य कृति प्रकाशित गरेर औपचारिक रूपमा लेखनको प्रारम्भ गरी उनी साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । उनको साहित्ययात्राले अहिलेसम्म झन्डै छ दशक लामो समयावधि पार गरिसकेको छ । कृतिहरूको गुणात्मकता र परिमाणात्मकताका दृष्टिले उनका कृति निकै उत्कृष्ट रहेका छन् । तर अधिकारीको विद्वत्ता वास्तवमै प्रकट हुने कृति भने संस्कृत भाषामा रहेको र तिनको प्रकाशन हुन नसकेको देखिन्छ ।

पण्डित अधिकारीका साहित्यलेखनका क्रममा देखिएका प्रमुख साहित्यिक प्रवृत्तिहरू समेत समावेश गरी हेर्दा उनी जीवनवादी, मानवतावादी, भाषा-संस्कृतिप्रेमी, दार्शनिक लेखकका रूपमा सुपरिचित देखिन्छन् ।

पण्डित अधिकारीको साहित्ययात्राको महत्त्वपूर्ण पाटो पुस्तकाकार कृतिहरूको अध्ययन र विश्लेषणसँग सम्वन्धित रहेको छ । कृतिविश्लेषणको क्रममा उनका प्रकाशित अधिकांश पुस्तकहरू धार्मिक चिन्तनसँग सम्वन्धित भएकाले ती कृतिहरूको साहित्यिक विधातत्त्वका आधारमा विश्लेषण गरिएको छ । अधिकारीको जीवनदर्शन सम्वन्धी मान्यता आर्यसंस्कृतिअनुरूप रहेको छ । आध्यात्मिक चिन्तनले जीवनको गोरेटोलाई सम्हाल्न सक्नुपर्छ भन्ने उनको दृष्टिकोण छ । साहित्यले राजनीतिलाई नभई धर्मलाई आत्मसात् गर्नु

पर्ने र देखावटीरूपलाई भन्दा मानवीय अन्तर्पक्षलाई अगाडि बढ्न प्रेरणा दिने खालको हुनुपर्छ भन्ने उनको साहित्यसम्बन्धी मान्यता रहेको छ ।

उनी आध्यात्मिक जीवनलाई नै उत्तम जीवन ठान्दछन् । मानव भएर जन्मनुको सफलता योगद्वारा आत्मा चिन्न सके मात्र मिल्दछ भन्दछन् । वेद, पुराण आदि धर्मग्रन्थहरूले नैतिक सन्देश दिने हुनाले यिनको वाचन गर्ने र उचित संरक्षण दिने काम गरी समाजलाई नैतिकताको पाठ सिकाउनुपर्दछ भन्ने उनको धारणा छ । यसप्रकार पण्डित रुद्रमणि अधिकारी नेपाली साहित्यमा विशेषतः धार्मिक/आध्यात्मिक साहित्यकारका रूपमा स्थापित सर्जक तथा साधक हुन पुगेका छन् ।

पण्डित रुद्रमणि फुटकर कवितालाई हेर्दा उनका विभिन्न फुटकर कविताहरू प्रकाशित छन् । प्रकाशित फुट्कर कविताहरू नेपाली तथा संस्कृत दुवै भाषामा रहेको बुझिन्छ । तर आफ्नाबारे प्रकाशित सामग्री सङ्कलन गरेर राख्न उति चासो नराख्ने हुनाले करिब एक दर्जन जति प्रकाशित फुटकर कविताहरू मात्र यो शोधका क्रममा भेटिएका छन् । उनका कवितामा ईश्वरीय भक्ति, ज्ञान, पुकार, चिन्तन आदि पाइन्छ । साथै सल्लाह उपदेश, योगदर्शनको ज्ञान आदि पनि उनका कवितामा व्यक्त भएको छ । विश्वशान्तिको कामना, मानवतावादी भावना, उनका कविताले उद्घोष गरेको पाइन्छ । पाश्चात्य छाडा संस्कृतिलाई अन्धानुकरण नगरी नेपाली मैलिक संस्कृति लोप हुँदै गएकोमा उनले आफ्नो कवितामार्फत चिन्ता व्यक्त गरेको पाइन्छ । सरल भाषाशैलीमा ओजस्वी सन्देश उनका कविताले दिएका छन् ।

उनका प्रायः कृतिहरू लघुआकारका रहेका छन् । उनका लेखनमा अधिकांश तत्सम स्रोतका शब्द प्रयोग गरिन्छ भने न्यूनरूपमा तद्भव र आगन्तुक शब्दहरूको पनि प्रयोग देखिन्छ । शब्दहरूका पदावलीगत, वाक्यगत र अनुच्छेदगत चयन समुच्चयनबाट उनका रचनाहरूमा विशिष्ट पाठकका निम्ति उपयुक्त र बोध्य उच्चशैलीको प्रयोग हुन गएको भेटिन्छ । केही मात्रामा समासयुक्त र द्वित्व शब्दहरूका साथै अनुकरणात्मक शब्दहरूको पनि प्रयोग, असमापिका क्रियाहरूको प्रयोग, विशेषण र क्रियाविशेषणको केही प्रयोग पाइनु, धार्मिकतातर्फ उन्मुख शैली चेत, वर्णविन्यास शुद्धि, वर्णमात्रिक छन्दको प्रयोग, विशेष गरी उपमा र रूपक अलङ्कारको प्रयोगजस्ता विशेषता अधिकारीको लेखनमा देखिन्छ । यसैगरी सरल वाक्यको प्रधानता, वाक्य ढाँचा र श्लोकगत पङ्क्तियोजनाका बीच लयात्मक र भावगत समानान्तरता, वैदर्भी र गौडी रीतिको मिश्रण भएको, प्रसाद गुणको प्रयोग, आध्यात्मिक चेतना प्रधान रूपमा प्रयोग हुनु आदि पनि उनकाका भाषाशैलीगत विशेषताहरू रहेको पाइन्छ । *कविनिबद्धवक्तृप्रौढोक्ति* उनको कथन पद्धतिको विशेषता रहेको टड्कारोसँग देखिन्छ ।

अचेल पनि केही न केही साधनामा लागिरहने पण्डित अधिकारीले आफ्नो जीवनको झण्डै छ दशक लामो समय साहित्य साधनामा लगाए

तापनि विविध विधामा कलम नचलाई आफूलाई आध्यात्मिक क्षेत्रमा केन्द्रित राखेको पाइन्छ । यसबाट उनलाई आत्मसन्तुष्टि प्राप्त भए तापनि नेपाली वाङ्मयले भने उनीजत्तिको प्रतिभासम्पन्न विद्वानबाट जति पाउनु पर्थ्यो, त्यति नपाएको देखिन्छ ।

हिन्दू धर्मशास्त्रबाहेक अरु कुनैलाई पनि आधिकारिक नठान्ने र राजाप्रति अत्यन्त सम्मानभाव राख्ने उनको विचारसँग असहमत हुनेहरूले उनलाई कसरी मूल्याङ्कन गर्छन् भन्ने पक्ष चाहिँ विचारणीय छ । आफ्नो मान्यताप्रति अविचलित रूपले अडिग रहेका हुनाले उनको आस्थामा प्रश्न गर्ने ठाउँ भने कतै देखिँदैन । बरु, सभ्यताहरूको आधारमा संसारको पुनर्निर्माण भइरहेको र त्यसमा धर्मले अहम् भूमिका निर्वाह गरिरहेको भन्ने हन्टिङ्टनज़स्ता विद्वानका मतलाई दृष्टिगत गर्दा त नेपालको हिन्दू समुदायका लागि पं. रुद्रमणि अधिकारीको सान्दर्भिकता भविष्यमा झन् बढ्ने देखिन्छ ।

यसरी पण्डित रुद्रमणि अधिकारी नेपाली साहित्यको धार्मिक/आध्यात्मिक फाँटलाई उर्वर बनाउने एक सशक्त व्यक्तित्व हुन भन्न सकिन्छ । हालसम्म पनि उनी साधनारत रहेका छन् । धर्मनिष्ठ, मानवतावादी, विश्वबन्धुत्त्ववादी, समाजसेवी, भाषा-संस्कृति प्रेमी, लोकसम्मानित विद्वान व्यक्तित्वका रूपमा पण्डित अधिकारी स्थापित छन् ।

# प्राक्कथन र कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिशास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पारिएको शोधपत्र नै यतिखेर पुस्तकका रूपमा प्रकाशन भएको हो ।

प्रस्तुत शोधपत्र मैले मेरा आदरणीय गुरु श्री रामेश्वर अर्यालको प्राज्ञिक निर्देशनमा तयार पारेको हुँ । आफ्नो अति व्यस्त जीवनमा पनि अमूल्य समय दिई मलाई समुचित निर्देशन दिएर लेखनमा अभिप्रेरित गर्नुहुने शोधनिर्देशक श्रद्धेय गुरुप्रति सर्वप्रथम म हार्दिक कृतज्ञता टक्र्याउन चाहन्छु ।

मलाई पण्डित रुद्रमणि अधिकारीको व्यक्तित्वबारे सर्वप्रथम ध्यानाकर्षण गराई सम्पर्कसूत्रसमेत उपलब्ध गराउने काम मूलतः श्रद्धेय गुरु प्रा.डा. व्रतराज आचार्यले गर्नु भएको थियो । शोधशीर्षक छनोट गर्नमा र लेखन कार्यमा प्रोत्साहन र उचित सल्लाह दिनुहुने प्रा.डा. आचार्यसहित श्रद्धेय गुरुहरू प्रा.डा. दयाराम श्रेष्ठ (विभागीय प्रमुख), प्रा. राजेन्द्र सुवेदी, प्रा. घनश्याम कँडेल उपाध्याय, सह-प्रा. केशव सुवेदी र उप-प्रा. नेत्र एटमप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

शोधको सिलसिलामा आवश्यक सामग्रीहरू उपलब्ध गराई सहयोग र समुचित सल्लाहसमेत प्रदान गर्नुहुने मेरा शोधनायक श्रद्धेय गुरु पण्डित रुद्रमणि अधिकारीप्रति हार्दिक आभार व्यक्त गर्दछु । शोधका क्रममा सामग्री सङ्कलनदेखि लिएर सत्यापन, विश्लेषण, अर्थापन र कतिपय प्राविधिक कुराहरूमासमेत हरतरहबाट सहयोग एवं सुझाव प्रदान गरिदिनु भएकोमा शोधनायकका सुपुत्र निर्मलमणि अधिकारी 'आयोदधौम्य' प्रति म कृतज्ञ छु । मैले प्राप्त गरेका पं. रुद्रमणिका र उहाँबारे प्रकाशित-अप्रकाशित सामग्रीमध्ये अधिकांश उहाँबाटै प्राप्त गरेको हुँ । उहाँ प्रसिद्ध लेखकका साथै शोधशास्त्रका ज्ञातासमेत भएकाले म विशेष लाभान्वित भएको छु । मेरो शोधपत्रमा उहाँको योगदान जहाँतहीँ रहेको छ । उहाँबिना मैले पण्डित रुद्रमणि अधिकारीबारे शोध सम्पन्न गर्न असम्भव थियो ।

शोधपत्रलाई अहिले पुस्तकको रूपमा प्रकाशन पनि शोधनायकका सुपुत्र निर्मलमणिले नै गर्नु भएको हो । यो कार्य उहाँले कुनै आर्थिक पुगिसरी आएर भन्दा पनि आफ्नो पितृभक्तिका कारण गर्नु भएको मैले बुझेको छु ।

त्यस्तै, अनेकौ बाधा र व्यवधान हुँदाहुँदै पनि कत्ति दुःख नमानी अथक परिश्रमद्वारा समय, साधन र वातावरण दिएर मेरो अध्ययनलाई

निरन्तरता दिनुहुने मेरा पूज्य पिताज्यू रविलाल पौडेल तथा माता शान्तिदेवी पौडेल, भाइ रमेश तथा बहिनी रिता पौडेललाई पनि यस अवसरमा स्मरण नगरिरहन म सक्दिनँ । शोधलेखनका क्रममा सहयोग गर्नु हुने मेरा परममित्रहरू दिलीपकुमार ढकाल, रमेशराज शर्मा, ऋषिराम उपाध्याय, चन्द्र सापकोटा, रेशमराज सिग्देल, भूमिदत्त पौडेल, गणेश शर्मा, सुमन्तराज न्यौपाने र विमल आचार्यप्रति पनि म आभारी छु । शोधकार्यका सन्दर्भमा विविध सामाग्रीहरू उपलब्ध गराई सहयोग गर्ने त्रि. वि. केन्द्रीय पुस्तकालय परिवारप्रति पनि म हार्दिक आभार व्यक्ति गर्दछु ।

२०६३ असोज १ गते


**नारायणप्रसाद पौडेल**

स्नातकोत्तर समूह २०६०/०६२

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

# मन्तव्य

नेपाली एम.ए. दोस्रो वर्षका छात्र श्री नारायणप्रसाद पौडेलले **'पण्डित रुद्रमणि अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्व'** शीर्षकको यो शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्रबारे म सन्तुष्ट छु । यसको आवश्यक मूल्याङ्कनका लागि म त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागसमक्ष अनुरोध गर्दछु ।

**रामेश्वर अर्याल**
उप-प्राध्यापक
नेपाली केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर

मिति : २०६३।२।२३

## त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## नेपाली केन्द्रीय विभाग, कीर्तिपुर
## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्र श्री नारायणप्रसाद पौडेलले त्रि.वि. स्नातकोत्तर तह (एम.ए.) मा नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि गर्नु भएको **साहित्यकार पण्डित रुद्रमणि अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** नामक शोधपत्र स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

१. विभागीय प्रमुख : **प्रा.डा. दयाराम श्रेष्ठ**

२. शोधनिर्देशक : **उपप्राध्यापक रामेश्वर अर्याल**

३. बाह्य परीक्षक : **राममणि रिसाल**

मिति : २०६३।३।१२

# विषयसूची

## परिच्छेद एक
## शोधपरिचय


१. शोधशीर्षक ........ १
१.२ शोधकार्यको प्रयोजन ........ १
१.३ विषय परिचय ........ १
१.४ समस्याकथन ........ ४
१.५ शोधकार्यका उद्देश्यहरू ........ ५
१.६ पूर्वकार्यको समीक्षा ........ ५
१.७ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता ........ ९
१.८ अध्ययनको सीमाङ्कन ........ ९
१.९ तथ्य सङ्कलन विधि ........ ९
१.१० शोधविधि ........ १०
१.११ शोधपत्रको रूपरेखा ........ १०


## परिच्छेद दुई
## पण्डित रुद्रमणि अधिकारीको जीवनी


२.१ जन्म र जन्मस्थान ........ ११
२.२ बाल्यकाल ........ ११
२.३ शिक्षादीक्षा ........ १३
२.३.१ अक्षरारम्भ तथा प्रारम्भिक र उच्च शिक्षा १३
२.४ पारिवारिक पृष्ठभूमि ........ १५
२.४.२ दाजुभाइ तथा दिदीबहिनीहरू ........ १६
२.५ उपनयन संस्कार ........ १७
२.६ विवाह र सन्तान ........ १८
२.६.१ विवाह ........ १८
२.६.२ सन्तान ........ १९
२.७ आर्थिक अवस्था ........ २२
२.८ मातापितासँगको वियोग ........ २३
२.९ साहित्यिक क्षेत्रमा संलग्नता ........ २४
२.९.१ लेखनको प्रेरणा ........ २४
२.९.२ लेखन प्रारम्भ ........ २६
२.१० स्वभाव र रुचि ........ २८
२.१०.१ स्वभाव ........ २८

२.१०.२ रुचि ........ २८
२.११ आस्था र विचार ........ २९
२.१२ संस्थागत संलग्नता ........ ३०
२.१३ कार्यक्षेत्र ........ ३१
२.१३.१ शैक्षिक सेवा ........ ३१
२.१३.२ धार्मिक कार्य ........ ३२
२.१३.३ सामाजिक कार्य ........ ३५
२.१४ सम्मान तथा पुरस्कार ........ ३६
२.१५ भ्रमण ........ ३६
२.१६ भेटघाट ........ ३७
२.१७ पण्डित रुद्रमणि अधिकारीका प्रकाशित कृतिहरू ........ ३८
२.१८ पण्डित रुद्रमणि अधिकारीका अप्रकाशित कृतिहरू ........ ३९

## परिच्छेद तीन
## पण्डित रुद्रमणि अधिकारीको व्यक्तित्व

३.१ शारीरिक बनोट ........ ४१
३.२ साहित्यकार व्यक्तित्व ........ ४२
३.२.१ कवि व्यक्तित्व ........ ४२
३.२.२ समालोचक व्यक्तित्व ........ ४३
३.२.३ निबन्धकार व्यक्तित्व ........ ४३
३.३ साहित्येतर लेखक व्यक्तित्व ........ ४४
३.४ शिक्षक व्यक्तित्व ........ ४४
३.५ धार्मिक/आध्यात्मिक व्यक्तित्व ........ ४५
३.६ राजनीतिक व्यक्तित्व ........ ४६
३.७ सामाजिक-सांस्कृतिक व्यक्तित्व ........ ४७
३.८ अन्वेषक व्यक्तित्व ........ ४८
३.९ साहित्यिक तथा जीवनदर्शनसम्बन्धी मान्यता ........ ४९
३.१० जीवनी, व्यक्तित्व र लेखनकाबीच अर्न्तसम्बन्ध ........ ५१
३.१०.१ जीवन भोगाइ र लेखनकाबीच अर्न्तसम्बन्ध ........ ५१
३.१०.२ पारिवारिक पृष्ठभुमि र लेखनकाबीच अर्न्तसम्बन्ध ........ ५२
३.१०.३ वंशानुगत संस्कार र लेखनकाबीच अन्तर्सम्बन्ध ........ ५३
३.१०.४ पेसा र लेखनकाबीच अन्तर्सम्बन्ध ........ ५४
३.१०.५ राजनीति र लेखनका बीच अन्तर्सम्बन्ध ........ ५४

## परिच्छेद चार
## पण्डित रुद्रमणि अधिकारीको कृतित्वको अध्ययन

४.१ भविष्य पुराण (२००९) को अध्ययन ........ ५६
४.२ शाही शपथ को अध्ययन ........ ५७
४.२.१ विषयवस्तु ........ ५८
४.२.२ परिवेश ........ ६१
४.२.३ पात्रविधान ........ ६२
४.२.४ केन्द्रीय भाव सर्ग, विचार कथन पद्धति ........ ६२
४.२.५ भाषाशैली ........ ६३
४.२.६ निष्कर्ष ........ ६४
४.३ विश्वशान्ति निमित्त अध्यात्मवाद (२०१०) को अध्ययन ........ ६५
४.४ हिन्दू धर्म मर्म विचार (२०१८) को अध्ययन ........ ६७
४.४.१ परिचय ........ ६७
४.४.२ आख्यानात्मक संरचना ........ ६७
४.४.२.१ विषयवस्तु ........ ६८
४.४.२.२ परिवेश ........ ६८
४.४.२.३ पात्रविधान ........ ६९
४.४.३ विषयवस्तुको विश्लेषण ........ ७०
४.४.३.१ व्यक्ति परिचय ........ ७०
४.४.३.२ हिन्दूसंस्कृतिको महिमा ........ ७०
४.४.३.३ पुनर्जन्मविवेक ........ ७१
४.४.३.४ शिखाविवेक ........ ७३
४.४.३.५ उत्तर भागको विश्लेषण ........ ७३
४.४.४ केन्द्रीय भाव ........ ७४
४.४.५ विचार, सर्गयोजना र कथनपद्धति ........ ७४
४.४.६ भाषाशैली ........ ७५
४.४.७ निष्कर्ष ........ ७५
४.५ संक्षिप्त साङ्ग-श्रुति परिचयको अध्ययन ........ ७६
४.५.१ विषय प्रवेश ........ ७६
४.५.२ आख्यानात्मक संरचना ........ ७७
४.५.२.१ विषयवस्तु ........ ७७
४.५.२.२ परिवेश ........ ७८
४.५.२.३ पात्रविधान ........ ७९
४.५.३ विषयवस्तु विश्लेषण ........ ८२
४.५.४ विश्लेषण ........ ८७
४.६ म्याग्दे र भिमादको अध्ययन ........ ९२

४.६.१ विषय प्रवेश ........ ९२
४.६.२ आख्यानात्मक संरचना ........ ९२
४.६.२.१ विषयवस्तु ........ ९२
४.६.२.२ परिवेश ........ ९३
४.६.२.३ पात्रविधान ........ ९४
४.६.२.४ केन्द्रीय भाव ........ ९५
४.६.२.५ विचार सर्गयोजना र कथन पद्धति ........ ९५
४.६.२.६ भाषाशैली ........ ९६
४.६.२.७ निष्कर्ष ........ ९७
४.७ पञ्चायती व्यवस्था र अध्यात्मवादको अध्ययन ........ ९८
४.७.१ विषयवस्तु ........ ९८
४.७.२ परिवेश ........ १०१
४.७.३ पात्रविधान ........ १०१
४.७.४ केन्द्रीय कथ्य विचार र कथन पद्धति ........ १०२
४.७.५ भाषाशैली ........ १०२
४.७.६ निष्कर्ष ........ १०३
४.८ आत्मज्ञानको अध्ययन ........ १०३
४.८.१ विषयप्रवेश ........ १०३
४.८.२ विषयवस्तु ........ १०४
४.८.३ परिवेश ........ १०६
४.८.४ पात्रविधान ........ १०६
४.८.५ केन्द्रीय भाव ........ १०७
४.८.६ विचार, सर्गयोजना र कथन पद्धति ........ १०७
४.८.७ भाषाशैली ........ १०८
४.८.८ निष्कर्ष ........ १०८

## परिच्छेद पाँच
## उपसंहार

५.१ शोधनिष्कर्ष ........ ११३
**परिशिष्ट** : पण्डित रुद्रमणि अधिकारीका केही भजन/कीर्तन/पद्य ........ ११९
**सन्दर्भसूची** ........ १२७

परिच्छेद - एक

# शोधपरिचय

## १ शोधशीर्षक

यस शोधपत्रको शीर्षक 'पण्डित रुद्रमणि अधिकारी : जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायको नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तहको दसौं पत्रको प्रयोजनार्थ गरिएको हो ।

## १.३ विषय परिचय

पण्डित रुद्रमणि अधिकारीको जन्म वि.सं १९७८ सालमा पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चलअन्तर्गत तनहुँ जिल्लाको छाङ्ग गा.वि.स. वडा नं ४, जफदीमा भएको हो । उनको लोक प्रसिद्ध नाम रुद्रमणि अधिकारी भए तापनि स्थानीय बासिन्दाले भने उनलाई प्रत्यक्ष सम्बोधन 'गुरु' भनेर तथा अप्रत्यक्ष सम्बोधन 'पण्डितज्यू' वा 'चिरञ्जीवी पण्डित' का रूपमा गर्न रुचाएको देखिन्छ ।[1] उनले सिद्धेश्वर ब्रह्मचर्य आश्रम, कलैयाबाट वि.सं. १९९८ सालमा व्याकरण र न्यायसहित आचार्यसम्मको अध्ययन पूरा गरेका हुन् । उनको व्याकरण, न्याय र वेदान्तमा गहिरो अध्ययन रहेको छ ।

अधिकारीको व्यक्तित्वका विभिन्न पक्षहरू रहेका छन् । साहित्यकार, अन्वेषक, शिक्षासेवी, धर्मगुरु, समाजसेवी तथा राजनीतिक कार्यकर्ताका रूपमा जीवनका विभिन्न कालखण्डमा उनले योगदान पुऱ्याएका छन् । अध्येताहरूले उनको नेपाली भाषा, साहित्य, संस्कृति, शिक्षा र आध्यात्मिक क्षेत्रमा समर्पणपूर्ण देन रहेको बताएका छन् । उनी

---

[1] *"जन्मे पुत्र अनेक तैपनि सबै अत्यल्प जीवी हुँदै ।*
*जाँदा भन्नुभयो अनी जननिले बाँचेस् चिरन्जीवि भै ॥*
*सोही कारणले मलाइ सबले भन्छन् चिरन्जीवि यो ।*
*मेरो नाम त खास रुद्रमणि हो नक्षत्र औ स्वाति हो ॥"*
*कविवर पण्डित रुद्रमणि;* ***शाही शपथ;*** *तनहुँ : जुक्तराज शाही, वि.सं. २००९, पृ. २१ ।*

अध्यात्मवाद र वेदान्ततत्त्व शास्त्रको प्रकाशनलाई नै आफ्नो साहित्यिक रचनाको केन्द्रीय विषय मान्ने साहित्यकार हुन् ।

उनको पहिलो कृति वि.सं. २००७ सालमा प्रकाशित 'सत्यसन्देश' गद्य हो । यस कृतिमा उनले तत्कालीन राजनैतिक चहलपहलमा परिवर्तनको सन्देश दिएका छन् । निरङ्कुश जहानीया राणाशासनको विरोध र प्रजातन्त्रको पक्षमा लाग्न जनतालाई आह्वान गर्दै उनले श्री ३ लाई होइन, श्री ५ लाई मान्नु पर्ने आग्रह गरेका थिए । यसरी उनको पहिलो कृति राजनीतिक आग्रहपूर्ण रहेको भए तापनि उनको साहित्यिक कृतित्वको मूल विशेषता भने आध्यात्मिक चिन्तन रहेको छ ।

उनका प्रकाशित कृतिहरूको सूची निम्नानुसार रहेको उल्लेख गरिएको पाइन्छ :

१) सत्यसन्देश (२००७)
२) भविष्य पुराणको आंशिक टीका (२००९)
३) शाही शपथ (२००९)
४) विश्वशान्ति निमित्त अध्यात्मवाद (२०१०)
५) हिन्दूधर्म मर्म-विचार (२०१८)
६) दशावतार (२०१८)
७) संक्षिप्त साङ्ग-श्रुति परिचय (२०२९)
८) म्याग्दे र भिमाद (२०३२)
९) पञ्चायती व्यवस्था र अध्यात्मवाद (व्यास जन्मभूमि परिचयसहित) (२०३५)
१०) वेद व्यासद्वारा रचित दमौली र छाब्दीवाराहीको महिमा ( नेपालीमा अनुवाद) (२०४३)
११) आत्मज्ञान (२०४४) आदि ।

पुस्तकाकार कृतिका अतिरिक्त उनका अनेकौ फुटकर रचनाहरू नेपाली र संस्कृत भाषामा विभिन्न पत्रपत्रिका तथा सामयिक प्रकाशन ( जस्तै-स्मारिका) हरूमा प्रकाशित छन् । संस्कृत भाषामा प्रकाशित "श्री ५ महेन्द्राष्टकम्" र "श्री ५ वीरेन्द्राष्टकम्" उनका निकै चर्चित संस्कृत पद्य हुन् ।

प्रकाशित कृति तथा फुटकर रचनाका साथै पण्डित रुद्रमणिका अनेक अप्रकाशित कृतिहरू पनि रहेको बुझिन्छ । उदाहरणका लागि अध्यात्मदीपिका (संस्कृत), मुक्ताभरण (संस्कृत खण्डकाव्य), रुद्रकोश ( संस्कृत कोश) तथा छात्रमोदिनी (संस्कृत व्याकरण) लाई यहाँ उल्लेख गर्न सकिन्छ ।

साहित्यिक लेखनमा पण्डित अधिकारीको विशेषता बारेमा 'नेपाल अधिराज्यमा तनहुँ' पुस्तकमा डिल्लीराम मिश्रले "उनका रचनाहरूमा संस्कृत शिक्षाको प्रभाव ओजस्वी रहेको" बताएका छन् भनते अधिकारीको 'म्यागदे र भिमाद' कृतिमा समीक्षक नरहरि आचार्यले "भानुभक्तको जस्तो खरो, तर सरल शैली" भनी टिप्पणी गरेको पाइन्छ ।

आध्यात्मिक साहित्यकारको रूपमा तनहुं क्षेत्रमा पण्डित रुद्रमणिको जति ख्याति छ, त्यतिकै ख्याति अन्वेषकका रूपमा पनि रहेको पाइन्छ । अधिकारी तनहुँको दमौली नै महर्षि वेदव्यासको जन्म-कर्म थलो हो भनी आधिकारिक पुष्टि गर्ने योगी नरहरिनाथपछिका दोस्रा व्यक्ति हुन् भनी अध्येताहरूले मानेका छन् । महाभारतकालीन ऋषि धौम्यको आश्रम पनि तनहुं जिल्लामै पर्ने तथा तनहुँको 'भिमाद' को सम्बन्ध पञ्चपाण्डवमध्येका एक भीमसेनसँग छ भनी प्रमाणित गर्ने श्रेय पनि उनलाई नै जान्छ । तनहुँ क्षेत्रको इतिहास शास्त्रीय दृष्टिकोणबाट गर्न रुचि राख्नेहरूका लागि पण्डित रुद्रमणि अधिकारी नै आधिकारिक स्रोतव्यक्तिका रूपमा रहेको देखिन्छ ।

यिनका अतिरिक्त पण्डित अधिकारीको व्यक्तित्व शिक्षासेवी, धर्मगुरु तथा समाजसेवीका रूपमासमेत परिचित देखिन्छ भने जीवनको एक कालखण्डमा उनी राजनीतिमासमेत सक्रिय रहेको पाइन्छ । अधिकारीबारे प्रकाशित सामग्री अध्ययन गर्दा उनले राणाशासनको विरुद्धमा रही जनक्रान्तिमार्फत् प्रजातन्त्र ल्याउने सिलसिलामा श्रीभद्र शर्मासँग सहकार्य गरेको तथ्य पनि उल्लेख भएको देखिन्छ ।

अहिले ८४ वर्षको उमेरमा पनि उनी उत्साहका साथ नेपाली भाषा, साहित्य, संस्कृति र समाजको सेवामा समर्पित रहँदै आएका छन् । तनहुँ जिल्लाको छाङ्ग गा.वि.स.-४, पिपलटार निवासी पण्डित अधिकारी हाल आफ्नो आत्मवृत्तान्त लेखनमा व्यस्त रहेका छन् ।

## १.४ समस्याकथन

छात्रावस्थादेखि नै आफ्नो साहित्य लेखनमार्फत् नेपाली साहित्यमा र विशेष गरी आध्यात्मिक विधामा उच्च दार्शनिक विचारको प्रवाह गर्ने पण्डित रुद्रमणि अधिकारीको अमूल्य योगदान बारेमा केही पत्रपत्रिका तथा पुस्तकहरूमा छिटफुट चर्चा-परिचर्चा भएको पाइए तापनि उनको समग्र जीवन, व्यक्तित्व र कृतित्वका बारेमा विस्तृत एवम् सुव्यवस्थित अध्ययन भएको पाइँदैन । त्यसैले -

क) साहित्यकार रुद्रमणि अधिकारीको जीवनी एवम् व्यक्तित्वका विभिन्न आयामहरू के कस्ता छन् ?

ख) रुद्रमणि अधिकारीका प्रकाशित कृतिहरूका साथै अन्य फुटकर लेखहरू के कति छन् र ती के-कस्ता छन् ?

ग) उनले मुख्य रूपमा नेपाली साहित्यको कुन विधामा के-कस्तो योगदान पुऱ्याएका छन् ?

घ) नेपाली साहित्यमा रुद्रमणि अधिकारीको स्थान के कस्तो छ ?

यस्तै सवालहरूमा केन्द्रित भएर उपर्युक्त जिज्ञासाहरूको परिपूर्तिका लागि आवश्यक वर्णन र विश्लेषण गरी रुद्रमणि अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको यथासम्भव समग्र अध्ययन गर्नु प्रस्तुत शोधपत्रको समस्या रहेको छ ।

## १. ५ शोधकार्यका उद्देश्यहरू

यस शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् -

क) रुद्रमणि अधिकारीको जीवन र व्यक्तित्वका विभिन्न आयामहरू अध्ययन गर्ने ,

ख) रुद्रमणि अधिकारीका प्रकाशित साहित्यिक कृतिका साथै अन्य लेख-रचनाहरू के कति छन् र ती के-कस्ता छन् भन्ने अध्ययन गर्ने,

ग) उनले मुख्यरूपमा नेपाली साहित्यको कुन विधामा कस्तो योगदान पुऱ्याएका छन् भन्ने पहिल्याउने,

घ) नेपाली साहित्यमा रुद्रमणि अधिकारीको स्थान र योगदान प्रस्ट्याउने ।

## १.६ पूर्वकार्यको समीक्षा

साहित्यकार पण्डित रुद्रमणि अधिकारीको बारेमा आजसम्म कुनै पनि पुस्तकाकार कृति लेखिएको छैन र शोधकार्य पनि भएको छैन । उनको जीवनी, व्यक्तित्व, कृतित्व तथा सामाजिक जीवनका गतिविधिबारे सामान्य चर्चा गर्दै यदाकदा समीक्षा र टिप्पणी प्रकाशन भएको पाइए तापनि उनको बारेमा विस्तृत एवम् सुव्यवस्थित अध्ययन भएको देखिँदैन । अधिकारीको कृतित्वको विश्लेषण र मूल्याङ्कनका साथै उनले विभिन्न क्षेत्रमा पुऱ्याएको योगदानको लेखाजोखा गर्ने काम आजसम्म हुन सकेको छैन । यस शोधपत्रको प्रयोजनको लागि भएको अध्ययनबाट नेपाली साहित्यका इतिहासका पाना र केही पत्रपत्रिकामा उनका सम्बन्धमा गरिएका पूर्वाध्ययन यस प्रकार छन् :

१.६.१ मीन माध्यमिक विद्यालय; ***श्री मीन माध्यमिक विद्यालयको स्मारिका;*** थर्पु बजार, तनहुँ, वि.सं. २०४६ ।

पण्डित रुद्रमणि अधिकारीको चर्चा यस स्मारिकाका विभिन्न पृष्ठहरूमा भएको देख्न सकिन्छ । विद्यालयमा उनले प्रधानाध्यापक तथा सह-प्रधानाध्यापक र व्यवस्थापन समितिका सदस्यका रूपमा लामो समयसम्म पुऱ्याएका योगदान यस स्मारिकामा अभिलेखित छन् ।

१.६.२ *तरङ्ग साहित्यिक मासिक* वर्ष १, अङ्क २, वि.सं २०५२ पृ. २ ।

तनहुँबाट प्रकाशित तरङ्ग साहित्यिक पत्रिकाको दोस्रो अङ्कमा 'व्यक्ति/व्यक्तित्व' अन्तर्गत पण्डित रुद्रमणि अधिकारीको संक्षिप्त जीवनी समेटिएको देखिन्छ । यसमा अधिकारीको पारिवारिक परिचयका साथै साहित्य तथा शिक्षाको क्षेत्रमा पुऱ्याएको योगदानबारे उल्लेख गरिएको छ ।

१.६.३ जनकविकेशरी धर्मराज थापा; *तनहुँ फूलवारी;* पोखरा : उदयबहादुर गुरुङ्ग, २०५६; पृ. २२४ ।

यस पूर्वाध्ययनमा तनहुँ जिल्लाका लोककथा, इतिहास, संस्कृति र स्रष्टाहरूको लालित्यपूर्ण वर्णन गर्ने क्रममा जनकविकेशरी थापाले 'छाडको रहस्य' उपशीर्षकमा रुद्रमणि अधिकारीलाई आध्यात्मिक जगतका ऋषिमुनिहरूको पौराणिक तथा प्राचीनकालको शास्त्रलाई अध्ययन, मनन र चिन्तन गरी सक्कली साहित्यको नेपाली भाषामा आफ्ना भावधारा खन्याउने व्यक्तित्वका रूपमा वर्णन गरेका छन् ।

१.६.४ डिल्लीराम मिश्र; *नेपाल अधिराज्यमा तनहुँ* (दोस्रो संस्करण), तनहुं : शर्मिला मिश्र, २०५७; पृ. २५६-२५९ ।

यस पूर्वाध्ययनमा रुद्रमणि अधिकारीलाई अध्यात्मवाद र वेदान्ततत्त्व शास्त्र बारेमा चिन्तनशील, न्याय, व्याकरण र वेदान्तमा गहिरो अध्ययन गरेका, भाषा, साहित्य, संस्कृति, शिक्षा क्षेत्रमा समर्पित व्यक्तित्व, हलोक्रान्ति विरोधका प्रवर्तक, प्रजातन्त्रका पक्षधरका रूपमा चिनाइएको छ ।

१.६.५ "पुस्तक परिचय/हिन्दू धर्मको मर्म विचार", *घटना र विचार,* वर्ष ६ अङ्क ३९, २०५७ चैत १५ गते पृ. ५ ।

यस अध्ययनमा रुद्रमणि अधिकारीद्वारा लिखित 'हिन्दू-धर्म मर्म-विचार' पुस्तकको समीक्षा गरिएको छ । यहाँ समीक्षकले हिन्दू संस्कृति महिमा, पुनर्जन्म विवेक, शिखा विवेक, हिन्दू-धर्म मर्म-विचार, पुकार शीर्षकहरूमा सनातन हिन्दू धर्मको ज्योति जगतमा जगमगाउन र अनेक मतका प्रचण्ड हावाले हल्लिएको हिन्दू हृदयलाई दरिलो पार्ने प्रयास गरेको बताएका छन् ।

१.६.६ "पुस्तक परिचय/संक्षिप्त साङ्ग-श्रुति परिचय", *घटना र विचार, वर्ष ६ अङ्क ४०, २०५७ चैत २२ गते पृ ६ ।*

यस अध्ययनमा रुद्रमणि लिखित 'संक्षिप्त साङ्ग-श्रुति परिचय' पुस्तकको परिचय दिइएको छ । यसमा पण्डित अधिकारी नेपाली आध्यात्मिक क्षेत्रमा अत्यन्त आदरणीय विद्वान भएको उल्लेख गर्दै उहाँद्वारा लिखित यस पुस्तक सर्वसामान्य व्यक्तिहरूलाई पनि हिन्दू धर्मशास्त्रबारे ज्ञान दिन सक्ने अत्यन्त उपयोगी देखिएको बताइएको छ ।

१.६.७ "पुस्तक परिचय/आत्मज्ञान प्राप्त गर्ने हो भने", *घटना र विचार,* वर्ष ६ अङ्क ४३, २०५८ वैशाख १२ गते पृ. ६ ।

यस पूर्वाध्ययनमा समीक्षकले लेखन, व्याख्यान, प्रवचन आदि माध्यमबाट नेपाली समाजमा धार्मिक सन्देश फैलाइरहनु भएका पण्डित अधिकारी प्राचीनकालका ऋषि-महर्षि, सन्त महात्माहरूका दिव्य उपदेश प्रचार-प्रसार गर्ने एक सम्मानित व्यक्तित्व हुनुभएको चर्चा गर्दै सनातन धर्मका शाश्वत सन्देशलाई प्रचारित गर्न उहाँले यस पुस्तक प्रकाशन गर्नु भएको बताएका छन् ।

१.६.८ निर्मलमणि अधिकारी; “सन्दर्भमा नेपालको हलोक्रान्ति”; *घटना र विचार;* वर्ष ८ अङ्क ३८, २०५९ चैत १२ गते पृ. ५ ।

यस अध्ययनमा लेखकले पण्डित अधिकारीको राजनीतिक व्यक्तित्व बारेमा प्रकाश पारेका छन् । वि.सं २००७ सालको क्रान्तिका क्रममा भएको हलोक्रान्तिको विरोध पण्डित अधिकारीले किन गरेका हुन् र प्रजातन्त्र ल्याउने उद्देश्यमा सहयोद्धा भए तापनि हलोक्रान्तिका सन्दर्भमा अधिकारीको श्रीभद्र शर्मा लगायतसँग किन मत भिन्नता भयो भन्ने बारेमा स्पष्ट पारेका छन् । साथै राजनीतिक कार्यकर्ताको रूपमा पार्टीको केन्द्रीय सदस्यसमेत भइसकेको व्यक्ति त्यसपछिका दिनमा किन निष्क्रिय बने भन्ने कारण पनि यसमा खुलाइएको छ ।

१.६.९ निर्मलमणि अधिकारी; “खोजबिनपछि : सांस्कृतिक परिवेशमा नेपालको हलोक्रान्ति”' *अर्थदूत :* वर्ष २० अङ्क ४४, २०५९ चैत १३ गते, पृ. ७ ।

यस पूर्वाध्ययनमा लेखकले हलोक्रान्तिका पक्षधर तथा विपक्षीहरूको उल्लेख गर्दै त्यसको कारणसमेत चर्चा गर्ने प्रयत्न गरेका छन् । यसमा पण्डित रुद्रमणि अधिकारीले २००७ को आन्दोलनमा पुऱ्याएको योगदान र उनीद्वारा गरिएको हलोक्रान्तिको विरोध दुवैलाई एकसाथ मूल्याङ्कन गर्नुपर्ने धारणा व्यक्त भएको छ । साथै, अधिकारीका व्यक्तित्वका विभिन्न पक्ष सम्बन्धमा पनि चर्चा गरिएको छ ।

१.६.१० हंसपुरे सुवेदी; ***सांस्कृतिक परिवेशमा नेपालको हलोक्रान्ति;*** काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा प्रष्ठिान, २०५९, पृ. ६४ ।

यस पूर्वाध्ययनमा लेखकले पण्डित अधिकारीलाई परम्परागत धर्म, संस्कृति र वेद-वेदाङ्गप्रति पूर्ण आस्था राख्ने, धर्मशास्त्रविपरीत कर्म गर्न निषेध गर्ने व्यक्तिका रूपमा चित्रित गर्दै उहाँलाई सनातन वैदिक धर्म, धार्मिक निष्ठा र मर्यादा, लोकपरम्परा इत्यादिको महिमा गाउँदै ब्राह्मणत्वमा गर्व गर्ने व्यक्तिका रूपमा चर्चा गरिएको छ ।

१.६.११ डिल्लीराम मिश्र; “निरन्तर साधनारत यस्ता प्रतिभा”, ***देशप्रेम;*** वर्ष ५, अङ्क ३२, २०६० पुष १७ गते पृ. ७ ।

यस पूर्वाध्ययनमा संक्षेपमै भए पनि पण्डित अधिकारीका जीवनीका विविध पक्षबारे चर्चा गरिएको छ । यसमा समीक्षकले अधिकारीको साहित्यिक, शैक्षिक तथा राजनीतिक योगदानबारे वर्णन गरेका छन् ।

१.६.१२ प्रदीप पोखरेल, "सूबथाले खाए पीडिओ", *युगपत्र,* वर्ष १ अङ्क ७, २०६१ साउन २१ गते, पृ. ६ ।

यस लेखमा अधिकारीलाई एक प्रेरक व्यक्तित्वका रूपमा उल्लेख गरिएको छ । प्रसिद्ध साहित्यकार हंसपुरे सुवेदीले आफ्नो विगतको स्मरण गर्ने क्रममा अधिकारीलाई अत्यन्तै सम्मानित तथा आफूलाई यहाँसम्म ल्याउने वा शिक्षाको ढोका खोलिदिने गुरु व्यक्तित्वको श्रेय दिएका छन् । साथै, त्यसबेलाको राजनीतिक दबदबाको कारणबाट वितृष्णा जागेर अधिकारीले पढाउन छाडेको प्रसङ्ग पनि उल्लेख गरिएको छ ।

माथि उल्लेख गरिएका सामग्रीका अतिरिक्त पण्डित अधिकारीबारे पत्रपत्रिकामा विभिन्न समाचार प्रकाशन भएको पनि देखिन्छ । उदाहरणका लागि, देशप्रेम साप्ताहिकमा २०६० चैत ५ गते प्रकाशित समाचारलाई लिन सकिन्छ । उक्त समाचारमा पण्डित अधिकारीले विद्यालय भवन उद्घाटन गरेको र उनलाई उक्त समारोहमा सम्मानसमेत गरिएको जानकारी दिइएको छ । साथै, अधिकारीलाई गाउँसेवा कोष तथा नरनारायण पुस्तकालयले पनि सम्मान गरेको उल्लेख समाचारमा छ । यसबाट सामाजिक जीवनमा अधिकारीको सक्रियता तथा समाजमा उनको सम्मानित स्थान बारेमा थप स्पष्ट भएको छ ।

यस शोधपत्रको अध्ययनका क्रममा अध्ययन भई माथिको सूचीमा उल्लेखितबाहेक अन्य सामग्री पनि उनका सम्बन्धमा प्रकाशित रहेको, तर तिनलाई जोगाउन नसकिएको भन्ने भनाइ यहाँनेर उल्लेख्य छ । खासगरी, आफूबारे प्रकाशित सामग्री जोगाउनेतर्फ पिताले विशेष चासो नदिएका कारण यस्तो भएको र पिता र आफ्नो उमेरबीच धेरै फरक रहेकाले पिताका उत्तरार्द्धका सामग्री मात्र आफूले संरक्षण गर्न सकेको बताउँछन् पं. रुद्रमणिका छोरा निर्मलमणि अधिकारी ।

यसरी साहित्यकार रुद्रमणि अधिकारीका बारेमा गरिएका अध्ययनसम्बन्धी पूर्वकायहरूलाई एकत्रित गरेर समीक्षा गर्दा साहित्यकार अधिकारीले नेपाली भाषा साहित्यको विकास र सम्बर्द्धनमा गरेका योगदानका तुलनामा खासै चर्चा नभएको कुरा स्पष्ट हुन आउँछ । तसर्थ, यस शोधपत्रमा अधिकारीलाई सम्पूर्णतामा अध्ययन गर्ने प्रयत्न गरिएको छ ।

## १.७ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

नेपाली साहित्यको विशेष गरी आध्यात्मिक फाँटमा कम्तीमा पनि छ दशक अघिदेखि विभिन्न पुस्तकका साथै अनेक पत्रपत्रिकामा फुटकर लेख-रचना लेखी निकै क्रियाशील रहेका रुद्रमणि अधिकारीका बारेमा उनकै कृतिमा भूमिका, पुस्तक परिचय जस्ता सामान्य चर्चा र पत्रपत्रिकामा छिटफुट टिप्पणी गरिएको बाहेक उनको जीवनी, व्यक्तित्व र कृत्विको व्यवस्थित र विस्तृत अध्ययन नभएको परिप्रेक्ष्यमा प्रस्तुत गरिने अध्ययन स्वतः औचित्यपूर्ण रहेको छ ।

नेपाली साहित्यका पाठकहरूका लागि पण्डित अधिकारीका सम्बन्धमा सामान्य खुराक यस अनुसन्धानले दिन त सक्नेछ नै, समवर्ती र उत्तरवर्ती साहित्यकारका लागि उनको जीवन, व्यक्तित्व र कृतित्वले प्रेरणादायी भूमिकासमेत खेल्ने विश्वास गरिएको छ । साहित्यका दीर्घसाधकका बारेमा गरिने अनुसन्धानले ढिलै भए पनि र सानो रूपमै भए पनि उनीप्रति न्याय हुन जाने पक्ष पनि यसमा भुल्न मिल्दैन । यसबाट प्रस्तुत अध्ययनको महत्त्व र उपयोगिता स्पष्ट भएको छ । साथै, नेपाली साहित्यिक अनुसन्धान परम्पराको विकासमा पनि यस अध्ययनले सहयोग गर्ने सन्दर्भमा पनि यसको उपयोगिता रहेको छ ।

## १.८ अध्ययनको सीमाङ्कन

यस शोधपत्रमा निम्न पक्षहरूमा विशेष केन्द्रित रही अध्ययन गरिएको छ ।

क) रुद्रमणि अधिकारीका जीवन र व्यक्तित्वका विभिन्न पक्षहरू,

ख) रुद्रमणि अधिकारीका प्रकाशित कृति, लेख तथा कविताहरूको सामान्य अध्ययन,

ग) रुद्रमणि अधिकारीका प्रकाशित साहित्यिक कृतिहरूको परिचय र विश्लेषण,

घ) नेपाली साहित्यमा रुद्रमणि अधिकारीको योगदानको मूल्याङ्कन र स्थान निर्धारण ।

## १.९ तथ्य सङ्कलन विधि

प्रस्तुत शोधलेखनका क्रममा तथ्य सङ्कलनको मूल आधारका रूपमा पुस्तकालयीय विधिलाई लिइएको छ । यसका साथै शोधनायकसँग प्रत्यक्ष भेटघाट गरी लिखित तथा मौखिक अन्तर्वार्तासमेत लिइएको छ ।

त्यसै गरी, अधिकारीका कृति तथा सम्पादित कृतिका बारेमा लेखिएका प्रकाशकीय मन्तव्य, भूमिका र पत्रपत्रिकामा प्रकाशन भएका उनीसँग सम्बन्धित सामग्रीलाई पनि आवश्यकताअनुसार प्रयोग गरिएको छ ।

तथ्य सङ्कलनकै क्रमा पण्डित अधिकारीका परिवारजन, समकालीन व्यक्ति तथा सहकर्मी, विभिन्न विद्वान्, प्राध्यापक, समालोचकहरूसँग पनि आवश्यकताअनुसार परामर्श र जानकारी लिइएको छ । यसरी प्रस्तुत शोधका क्रममा प्राथमिक र द्वितीयक दुवै खालका तथ्यलाई प्रयोग गरिएको छ ।

## १.१० शोधविधि

यस शोधपत्रको विश्लेषणको मूलआधार जीवनीपरक र कृतिपरक समालोचनालाई बनाइएको छ । तथ्यपरकता र वस्तुनिष्ठतालाई आत्मसात् गर्दै परम्परित सैद्धान्तिक र व्यावहारिक समालोचना विधिकोसमेत शोधपत्रमा उपयोग गरिएको छ । तथ्यहरूको सङ्कलनपछि त्यसलाई सूचीकरण गरी वर्गीकरण र विश्लेषण गरिएको छ । यसरी विश्लेषित सामग्रीलाई शोधपत्रको आवश्यक अङ्गमा समावेश गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नानुसारका अध्यायमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

पहिलो अध्याय : शोधपरिचय

दोस्रो अध्याय : पण्डित रुद्रमणि अधिकारीको जीवनी

तेस्रो अध्याय : पण्डित रुद्रमणि अधिकारीको व्यक्तित्व

चौथो अध्याय : पण्डित रुद्रमणि अधिकारीको कृतित्व

पाँचौ अध्याय : उपसंहार

माथिका अध्यायहरूलाई आवश्यकताअनुसार विभिन्न शीर्षक-उपशीर्षकमा विभाजन गरी पण्डित रुद्रमणि अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको यथासम्भव समग्र अध्ययन गरिएको छ ।

***

परिच्छेद - दुई

# पण्डित रुद्रमणि अधिकारीको जीवनी

## २.१ जन्म र जन्मस्थान

पण्डित रुद्रमणि अधिकारीको जन्म वि.सं १९७८ सालमा सौरमानअनुसार श्रावण २५ गते मङ्गलबार तथा चन्द्रमान अनुसार श्रावण शुक्लपक्षको सप्तमी तिथिमा दिनको २८ घडी ३० पला जाँदा हालको गण्डकी अञ्चलको तनहुँ जिल्लाअन्तर्गत छाङ्ग गाउँ विकास समिति वडा नं ४, पिपलथुम्की (जफदी) मा पिता लक्ष्मीनाथ उपाध्याय अधिकारीकी जेठी पत्नी अम्बिकादेवीका कोखबाट भएको हो । उनको जन्म नक्षत्र स्वाति (पहिलो पाउ) र जन्मराशि तुला हो । अनेक पुत्र जन्मे पनि सबै अत्यल्पजीवि भएकाले माता अम्बिकादेवीले उनलाई बोलाउने नाम चिरञ्जीवी राखेकी थिइन् । लेखापढी, व्यवहार र पठनपाठनका साथै साहित्यिक क्षेत्रमा रुद्रमणि अधिकारी नै प्रचलित छ ।[२] तर पुरानो पुस्ताका स्थानीय मानिसहरू भने उनलाई "चिरञ्जीवी पण्डित" नै भन्न रुचाउँछन् ।[३]

## २.२ बाल्यकाल

तनहुँ छाङ्ग गा.वि.स.मा जन्म भए पनि पं. रुद्रमणिको बाल्यकाल भने आफ्ना फुपूहरूकोमा बितेको थियो । उनको बाल्यकालको प्रारम्भिक प्रहर जेठी फुपू र फुपाजु तनहुँ मानुङ गा.वि.स. निवासी कौशिलादेवी खनाल र रुद्रनाथ खनालकोमा बितेको र त्यहाँ पण्डित नरहरि खनालको सामीप्यमा रहेर संस्कृतमा दुर्गाकवच पढ्न थालेको उनी बताउँछन् । त्यहाँ उनले आठ वर्षको उमेरसम्म बसी दुर्गाकवचलगायत अर्गला, कीलक, सप्तशती चण्डी, अमरकोश आदिको अध्ययन गरे ।[४]

---

२ *शोधनायकबाट प्राप्त जानकारी अनुसार*

३ *शोधनायकका छिमेकी एवं भतिजा नरेन्द्रराज अधिकारीका अनुसार ।*

४ *अप्रकाशित आत्मकथाबाट ।*

कास्की पोखराबाट पृथ्वी राजमार्ग हुँदै पूर्व आउँदा ३४ किलोमिटर पर छाङ्ग रहेको छ । यसको बेंसीको रूपमा म्यागदे फाँट रहेको छ, जुन छाङ्गका साथै मनपाङ्ग र जामुनेको पनि बेंसी हो । समथर फाँट रहेको यो ठाउँ तनहुँको अन्न भण्डारको रूपमा चिनिन्छ । बाह्रै महिना पानी लाग्ने र तीन बाली खेती हुने खेतका गह्राहरूले यस ठाउँलाई अन्न भण्डारका रूपमा परिचित गराएको देखिन्छ । खेती, पशुपालनका लागि उपयुक्त हुनुका साथै प्रसिद्ध अकलादेवीको स्थान भएको र कृष्ण द्वैपायन व्यासको जन्म भूमिसँग निकट भएकाले यस ठाउँको महत्त्व कृषि तथा धार्मिक क्षेत्रका दृष्टिबाट पनि बढेको देखिन्छ ।

अधिकारी, खनाल, घिमिरे, आचार्य, वाग्ले, भट्टराई, काफ्ले आदि थरका सम्पन्न ब्राह्मणहरूको सम्पर्कका साथै अन्य ब्राह्मण, क्षेत्रीहरूसमेत रहेको म्यागदे फाँट पं. रुद्रमणि अधिकारीका लागि अध्ययन र सङ्गतका क्रममासमेत निकै उर्वर रहेको प्रतीत हुन्छ । उनका हजुरबुबा पं. डिल्लीराम उपाध्याय अधिकारी त्यहाँका प्रसिद्ध धार्मिक विद्वान् थिए भने बाबु लक्ष्मीनाथ उपाध्याय अधिकारी पनि त्यहाँका बासिन्दाहरूका गुरुका रूपमा सम्मानित थिए । परम्परागतरूपमा पुरोहित्याँइ उनीहरूको पेसाको रूपमा रहेको देखिन्छ । परम्परागत हिन्दू सामाजिक जीवनमा एक ब्राह्मण परिवारको यो स्वभाविक स्थिति पनि हो । "हिन्दू शास्त्रकारहरूले समाजलाई वर्ण व्यवस्थाअन्तर्गत चार वर्णहरूमा विभाजन गरिसकेपछि उपर्युक्त चारै वर्णका लागि केही निश्चित कर्तव्य वा धर्मको पनि निर्धारण गरिदिए । . . . पढ्नु, पढाउनु, यज्ञ गर्नु-गराउनु, दानदिनु-दान लिनु आदि ब्राह्मणको मूल कार्य हो ।"[५]

तत्कालीन नेपाली ग्रामीण समाजमा एउटा सम्पन्न ब्राह्मण परिवार जस्तो हुन्थ्यो, रुद्रमणिको परिवार पनि त्यस्तै थियो । अधिकारीका पुर्खालाई लमजुङ्गको दुराडाँडाबाट श्री ५ पृथ्वीनारायण शाहका पालामा एकीकरण अभियानको क्रममा तनहुँको छाङ्ग ल्याइएको थियो । राज्यबाट बिर्ता पाएका कुलीन परिवार हुनाले आर्थिक स्थिति समृद्ध रहनु अस्वाभाविक थिएन । घरमा पालिएका बाँधा, हली, गोठाला तथा कमारा-कमारीहरूले बाह्रै महिना घरमा सहयोग गर्ने गरेको र त्यसलाई

---

५ *वासु बराल; **हिन्दू सामाजिक संगठनको प्रारूप**; दोस्रो सं.; साझा प्रकाशन काठमाण्डौ : २०५०, पृष्ठ १६ ।*

त्यस समयमा आफ्नो घरको खानदानी पक्ष मानिने गरेको अहिले पनि पं रुद्रमणि अधिकारी आफ्नो बाल्यकालको अनुभवको रूपमा सम्फना गर्दछन् । दासप्रथा गलत कुरा भए तापनि तत्कालीन समाजमा त्यसको प्रचलन रहेको हुनाले आफ्नो घरमा पनि कमारा-कमारी रहेका, तर चन्द्र समशेरले दास प्रथा उन्मूलनको घोषणा गर्दा आफूहरूले कमारा-कमारीको मुक्तिवापत कुनै रकम नलिई मुक्त गरिदिएको पनि उनी स्मरण गर्छन् ।

धर्मसिन्धु र निर्णयसिन्धुका माध्यमबाट धार्मिक, व्यावहारिक समस्याहरू सुल्फाउने धार्मिक भलादमी पिता लक्ष्मीनाथ अधिकारीको धार्मिक क्रियाकलापबाट पनि पं. रुद्रमणि अधिकारीको बाल्यजीवनलाई धार्मिक परम्परातर्फ आकृष्ट गरेको बुझिन्छ । उनी नौ वर्षको हुँदा वि.सं. १९८७ भाद्र ३ गते माता गुमाएका थिए र उनको स्याहार सुसार धराले आमा मायादेवीबाट भएको देखिन्छ । यसरी तीनवटै फुपू-फुपाजुहरूको घरमा रहेको पढ्ने र पढाउने वातावरण र आफ्नै घरकोसमेत परिवेशले गर्दा उनको बाल्यकाल शिक्षातर्फ उन्मुख हुनामा निकै प्रेरणादायी रहेको देखिन्छ ।[६]

## २.३ शिक्षादीक्षा

### २.३.१ अक्षरारम्भ तथा प्रारम्भिक र उच्च शिक्षा

पण्डित रुद्रमणि अधिकारीको अक्षरारम्भ अनौपचारिकरूपमा घरमै आफ्नी माता अम्बिकादेवीबाट भएको थयो । त्यसपछि उनले जेठी फुपू तनहुँ मानुङ निवासी कौशिलादेवी खनालको घरमा बसी संस्कृतको प्रारम्भिक अध्ययन गर्न थालेका थिए । त्यहाँ उनले पं. नरहरि खनालको सामीप्यमा रहेर 'दुर्गाकवच', 'चण्डी शतक', 'अमरकोश' आदिको अध्ययन गरे । त्यसपछि उनी माहिली फुपू तनहुँ स्यामघा निवासी माधवीदेवीको घरमा बसी त्यहाँको पाठशालामा पढाउने गुरु रामनाथ खनालको सामीप्यमा रहेर 'लघुकौमुदी' को अध्ययन गरे । अध्ययनकै क्रममा उनले कान्छी फुपू तनहुँ खरीबारी निवासी फत्तुमायादेवीको घरमा बसी त्यहाँको संस्कृत पाठशालामा पढाउने गुरु दुर्गादत्त खनालको सामीप्यमा रही संस्कृतको प्रारम्भिक अध्ययनलाई अघि बढाए ।

---

६ *शोधनायकबाट प्राप्त जानकारी अनुसार ।*

थप अध्ययनको लागि १० वर्षको उमेरमा उनी तनहुँ साँगे निवासी मामा पण्डित जगन्नाथ आचार्यको घरमा बस्न पुगे । त्यहाँ बसी तनहुँकै गुणादी पाठशालामा त्यहाँका गुरु हरिप्रसाद खनालको सामीप्यमा रही 'लघुकौमुदी', 'अमरकोश', 'हितोपदेश' आदिको केही समयसम्म अध्ययन उनले गरे । त्यतिले मात्र सन्तुष्ट नभएका अधिकारीले त्यसपछि पोखराको विन्ध्यवासिनी संस्कृत पाठशालामा अध्ययन गरे । यस क्रममा उनले गुरुहरू पं. सोमनाथ रेग्मी, पं. टीकाराम रेग्मी र पं. शिवकुमार रेग्मीका साथमा रही 'मध्यकौमुदी' सिद्धान्त, 'रघुवंश', 'मेघदूत', 'कुमारसंभव', 'किरातार्जुनीय', 'शिशुपालवध', 'दशकुमार-चरित्र', 'अभिज्ञान शाकुन्तलम्', 'विक्रमोर्वशीय', 'तर्क सङ्ग्रह' आदिको अध्ययन गर्ने अवसर पाए । यसरी उनको प्रारम्भिक शिक्षा एकै ठाउँमा नभई भिन्न भिन्न ठाउँमा भएको देखिन्छ ।[७]

रुद्रमणिमा जुन ज्ञानको भोक जागेको थियो, पोखरामा अघि बढेको अध्ययनका कारण त्यो अझ जाग्रत भयो । जीवनको एक मात्र ध्येय ज्ञानप्राप्ति भएको ठहर गर्दै त्यसपछि उनी उच्च शिक्षाका लागि वि.सं. १९९४ सालमा कलैयातर्फ प्रस्थान गरे । त्यहाँस्थित श्री सिद्धेश्वर ब्रह्मचर्य आश्रमबाट उनले वि.सं १९९८ सालमा व्याकरण र न्यायमा आचार्यसम्मको अध्ययन पूरा गरेका हुन् । त्यहीँ रहँदा उनले ज्योतिषशास्त्रकोसमेत पर्याप्त अध्ययन गर्ने मौका पाए ।

उक्त सिद्धेश्वर आश्रम वि.सं १९९० सालमा आबाल ब्रह्मचारी गोपाल चालिसेद्वारा स्थापना गरिएको थियो । आफ्ना छिमेकी दाजु श्रीनाथ अधिकारीको सहयोगमा रुद्रमणि त्यहाँ पुगेका थिए । शुक्ल यजुर्वेदका चालिसै अध्याय मुखाग्र भएका कारण चालिसे भनिएका आबाल ब्रह्मचारीको सिद्धिका कारण उक्त आश्रम ऐश्वर्यपूर्ण रहेको र त्यहाँ आफूले नयनराज मैथिल, रामदास वैष्णव, श्री १००८ मौनी बाबाको साथमा रही शिक्षा आर्जन गरेको उनी बताउँछन् । त्यहाँ रहँदा उनी एक मेधावी छात्रका रूपमा परिचित थिए । अध्ययनका क्रममा उनले बाग्लुङका आफ्ना सहपाठी साथी घनश्याम पौडेलसँग मितेरी सम्बन्ध स्थापित गरेका थिए ।[८]

---

७ *पूर्ववत् ।*

८ *पूर्ववत् ।*

पण्डित रुद्रमणि अधिकारीको अध्ययनगत संलग्नता संस्कृत, न्याय र व्याकरणतर्फ विशेष केन्द्रित रहेको देखिन्छ । परम्परागत पाठशाला र आश्रमका अलावा उनले कुनै आधुनिक विद्यालय-महाविद्यालयमा अध्ययन गरेको पाइँदैन । विद्यालय-महाविद्यालयमा पनि अङ्ग्रेजी पढेकालाई जति मान आदर संस्कृत पढेकालाई नगर्ने अनुभव उनले पनि नगरेका होइनन् । तर संस्कृत शिक्षाको उज्ज्वल परम्परा देखेका र त्यसप्रति हदैसम्मको आग्रह बोकेका उनले संस्कृत बाहेक अन्य कुनै भाषाको अध्ययनमा रुचि राखेको पाइँदैन ।

वि.सं. १९९८ मा आचार्यसम्मको औपचारिक पढाइ प्रथम श्रेणीमा उत्तीर्ण भएपछाडि भने उनको छात्र जीवन समाप्त भई अध्यापक जीवन आरम्भ भयो । उनले वि.सं १९९९ देखि वि.सं २०२७ सम्म तनहुँका विभिन्न विद्यालयहरूमा एक कुशल अध्यापक हुँदै प्रधानाध्यापकसम्मको पदमा रही जिम्मेवारी पूरा गरे । उनी हाल सेवा निवृत्त जीवन बिताइरहेका छन् ।[१]

## २.४ पारिवारिक पृष्ठभूमि

पण्डित रुद्रमणि अधिकारीका पितामह डिल्लीराम उपाध्याय अधिकारी र मातामह सिद्धिलाल उपाध्याय ज्यादै प्रसिद्ध धार्मिक व्यक्तित्व थिए । मुख्य आम्दानीको स्रोत खेतीपाती तथा पुरोहित्याइँ नै थियो । डिल्लीराम उपाध्याय अधिकारीका तीन भाइ छोराहरू जेठा लक्ष्मीनाथ उपाध्याय अधिकारी, माहिला नन्दप्रसाद उपाध्याय अधिकारी र कान्छा बालकृष्ण उपाध्याय अधिकारी थिए । लक्ष्मीनाथकी जेठी पत्नी अम्बिकादेवीका एकमात्र पुत्ररत्नका रूपमा रुद्रमणि अधिकारी जन्मेका हुन् ।

परम्परागत रूपमा पढ्नु, पढाउनु, पुरोहित्याइँ र खेतीपाती मात्र नेपाली ब्राह्मणहरूको पेसा रहेको भए तापनि समयक्रममा सरकारी जागिरमा पनि उनीहरूको प्रवेश हुन थालेकाले छाङ्का ब्राह्मणहरूमा पनि त्यसप्रति आकर्षण जाग्नु स्वाभाविक थियो । यसै क्रममा लक्ष्मीनाथ कास्कीको पोखरामा निजामती अड्डामा बहिदार बन्न सफल भएका थिए । पुर्ख्यौली पेसाका रूपमा उनी पुरोहित्याइँ पनि गर्दथे भने घरमा पालिएका बाँधा, हली, गोठाला तथा कमारा-कमारीहरूको सहयोगमा

---

१ *पूर्ववत् ।*

खेतीपातीको काम पनि राम्ररी चलेको थियो । यसरी अधिकारीको पारिवारिक पृष्ठभूमि निजामती सेवा, पुरोहित्याइँ र खेतीपातीमा आधारित थियो ।[१०]

### २.४.२ दाजुभाइ तथा दिदीबहिनीहरू

पण्डित रुद्रमणि अधिकारी आफ्नी माताको तर्फबाट एक मात्र छोराका रूपमा रहेका छन् भने उनकी एक मात्र सहोदर बहिनी दमयन्ती हुन् । विमाताका तर्फबाट जन्मिएका सन्तानलाईसमेत ख्याल राख्दा चाहिँ उनको परिवार निकै ठूलो छ ।

लक्ष्मीनाथ उपाध्याय अधिकारीकी जेठी पत्नी अम्बिकाको पटक-पटक गर्भपतन भएपछि सन्तानका लागि उनले अर्को विवाह गरेका थिए । दोस्रो विवाह नगरुन्जेलसम्म कुनै सन्तान जीवित नरहने ज्योतिषीको भनाइका कारण उनले गङ्गादेवीसँग विवाह गरे । तर माहिली श्रीमती गङ्गादेवी निसन्तान रहिन् भने दोस्रो विवाहपछि चाहिँ जेठी श्रीमतीकातर्फबाट जन्मेका छोरा (रुद्रमणि) र छोरी (दमयन्ती) दीर्घजीवी भए ।[११] रुद्रमणिकी बहिनी दमयन्तीको तनहुँ मनपाङ गा.वि.स.का डिल्लीराम वाग्लेका कान्छा छोरा गिरीधारी वाग्लेसँग विवाह भएको थियो । हाल उनी जीवित छैनन् ।[१२]

लक्ष्मीनाथको तेस्रो विवाह जेठी पत्नीको निधनपछि भएको थियो । लक्ष्मीनाथले रुद्रमणि र उनीकी बहिनी दमयन्तीको धराले (धाई) आमालाई नै संग्रहीता पत्नीका रूपमा स्वीकारेपछि उनीबाट चार छोरी र एक छोराको जन्म भएको थियो । तीमध्ये छोरीहरूमा जेठी दुर्गा, माहिली कालिका, साहिली भक्ति र कान्छी सरस्वती हुन् भने एक मात्र छोरा परशुराम अधिकारी हुन् ।

---

१० *शोधनायकको अप्रकाशित आत्मकथा ।*

११ *यसरी ज्योतिषीले भनेझैं दोस्रो विवाहपछि मात्र आफ्ना सन्तान जीवित रहेको देखेपछि ज्योतिषशास्त्रप्रति लक्ष्मीनाथको विश्वास झन् सुदृढ भएको थियो । यही कारणले उनले आफ्ना छोरालाई ज्योतिषकोसमेत अध्ययन गर्न बारम्बार सम्झाउने गरेको पं. रुद्रमणि स्मरण गर्छन् ।*

१२ *शोधनायकबाट प्राप्त जानकारी ।*

## २.५ उपनयन संस्कार

शोधनायकको उपनयन संस्कारका सन्दर्भमा कुरा गर्नुअघि यस संस्कारको अवधारणाबारे चर्चा गर्नु उपयुक्त हुनेछ ।

> "हिन्दूहरूले आफ्नो व्यक्तिगत तथा सामाजिक जीवनलाई व्यवस्थित पारी पूर्णतातिरको मार्ग अनुसरण गर्न जुन पद्धति अथवा संस्थागत व्यवस्थाहरू अवलम्बन गरेका छन्, तिनमध्ये संस्कार पनि एउटा हो । . . . हिन्दूहरूको सम्पूर्ण जीवन संस्कारहरूद्वारा घेरिएको छ । शिशु जन्मनु भन्दा अगाडि अर्थात् गर्भाधान गरेदेखि नै अनेक संस्कारहरूको अनुसरण गर्नुपर्दछ । संस्कारलाई यति महत्त्व दिएर के विश्वास गरिएको छ भने संस्कार बिना व्यक्तिको जीवन कदापि पूर्ण हुँदैन ।"[१३]

संस्कारको अर्थ हो कुनै वस्तुको रूपलाई वस्तुतः नयाँ रूप दिनु । वैदिक संस्कृतिमा मानव जीवनका लागि १६ संस्कारको विधान छ ।[१४] हिन्दूहरूको सम्पूर्ण जीवन संस्कारहरूद्वारा घेरिएकाले जीवनका हरेक महत्वपूर्ण मोडमा कुनै न कुनै संस्कारको प्रावधान राखिएको देखिन्छ ।

> "उपनयनको अर्थ हो समीप वा नजिक बस्नु । हिन्दूहरूको लागि उपनयन संस्कार अनेक दृष्टिकोणले महत्त्वपूर्ण रहिआएको छ । यस संस्कारबाट सर्वप्रथम एक हिन्दूले आफ्ना सही जातीय स्थिति प्राप्त गर्दछ । दोस्रो यस संस्कारबाटै उसको शिक्षादीक्षा विधिवत प्रारम्भ हुन्छ ।"[१५]

उपाध्याय ब्राह्मणको कुलमा जन्मेका अधिकारीको उपनयन संस्कार वि.सं १९८५ सालमा सातवर्षको उमेरमा वैदिक विधिअनुसार सम्पन्न भएको थियो । गर्भबाट आठवर्ष भएपछि वसन्त ऋतुमा

---

१३ *वासु बराल; पूर्ववत् पृष्ठ ३९-४० ।*

१४ *डा. सत्यव्रत सिद्धान्तालङ्कार; **संस्कार-चन्द्रिका;** नई दिल्ली : विजयकृयण लखनपाल; मिति अनुल्लेखित; पृ. २२ ।*

१५ *प्रेमकुमार खत्री; **नेपाली समाज र संस्कृति** (दोस्रो सं); काठमाडौं : साझा प्रकाशन, २०४४ पृ. १४५ ।*

ब्राह्मणको व्रतबन्ध गर्नु भन्ने शास्त्रीय विधिविधानअनुसार[१६] उनको व्रतवन्ध भएको देखिन्छ ।[१७] उनका गायत्री गुरु आफ्नै ठूला भानिज दाइ पशुपतिनाथ खनाल, वेदगुरु माइला भानिज दाजु पं. रेवतीरमण खनाल र दीक्षा गुरु कान्छी फुपूका छोरा भानिज दाजु पं. रामचन्द्र थिए ।[१८]

## २.६ विवाह र सन्तान

### २.६.१ विवाह

पण्डित रुद्रमणि अधिकारीको पटक-पटक गरी तीनवटा विवाह भएको देखिन्छ । उनको पहिलो विवाह २२ वर्षको उमेरमा वि.सं २००० साल आषाढ ६ गते तनहुँ काहुँ गा.वि.स. निवासी कौडिन्य गोत्रीय पिता तुलसीप्रसाद उपाध्याय पराजुली र माता भागीरथीदेवी उपाध्याय पराजुलीकी काहिँली पुत्री १२ वर्षीया ङमनादेवी पराजुलीका साथमा भएको थियो । उनको दोस्रो विवाह वि.सं २००५ साल फागुनमा लमजुङ्ग चिसङ्कु निवासी काश्यप गोत्रीय पिता देवीदास उपाध्याय घिमिरे र माता हरिप्रिया उपाध्याय घिमिरेकी कान्छी पुत्री जानकी देवी उपाध्याय घिमिरेका साथमा भयो । त्यस्तै, उनको तेस्रो विवाह वि.सं. २०१६ साल वैशाखमा स्याङ्गजा ज्यार्दीखोला चिन्नेबास निवासी वत्सगोत्रीय पिता दुर्गानाथ उपाध्याय लम्साल र माता सुशिलादेवी उपाध्याय लम्सालकी साहिँली पुत्री रमादेवी उपाध्याय लम्सालसँग भयो ।

यीमध्ये जेठी श्रीमती ङमनादेवीको वि.सं. २०१४ सालमा मृत्यु भइसकेको छ । अधिकारी हाल जीवित दुईजना धर्मपत्नीहरू जानकीदेवी र रमादेवीका साथमा सुखद दाम्पत्य जीवन बिताइरहेका छन् ।[१९]

---

१६ *शोधनायकबाट प्राप्त जानकारी ।*

१७ *महर्षि दयानन्द सरस्वतीले नवौं वर्षको आरम्भमा द्विजले आफ्नो सन्तानलाई उपनयन गरेर विद्याध्ययनका लागि आचार्य विद्वान-विदुषीसमक्ष पठाउनु पर्ने उल्लेख गर्नु भएको पाइन्छ । महर्षि दयानन्द सरस्वती;* ***सत्यार्थ प्रकाश;*** *नई दिल्ली : दयानन्द संस्थान, सं. २०२९, पृ. २९ ।*

१८ *शोधनाधकको अप्रकाशित आत्मकथाबाट ।*

१९ *पूर्ववत् ।*

### २.६.२ सन्तान

पण्डित रुद्रमणि अधिकारीका तीनजना श्रीमतीबाट जन्मेकामध्ये जम्मा चौधजना छोराछोरीहरू जीवित रहेका छन् । तिनीहरूमा आठजना छोरा र छजना छोरी हुन् ।

जेठी पत्नी डमनादेवीबाट तीनजना छोरा राममणि, ब्रजमणि, डा. श्यामणि र दुईजना छोरी इन्दिरा र कमला रहेका छन् । माहिली पत्नी जानकीदेवीबाट दुईजना छोरा चन्द्रमणि र उपेन्द्रमणि र दुईजना छोरीहरू लक्ष्मी र भवानी छन् । कान्छी पत्नी रमादेवीका कोखबाट चारजना छोराहरू हुतमणि, कमलमणि, निर्मलमणि र विश्वमणि जन्मेकोमा कमलमणिको शैशवावस्थामै मृत्यु भएकाले हाल तीनजना छोरा जीवित छन् भने दुईजना छोरीहरू भारती र विष्णु छन् । उपर्युक्त तीनैजना पत्नीहरूबाट जन्मेका सन्तानको वंश वृक्ष र तिनीहरूको छोटो विवरण निम्नानुसार प्रस्तुत गरिको छ -

## छोरातर्फको विवरण[२०]

### १. राममणि अधिकारी

प्रवीणता प्रमाणपत्र तह (आई. ए.) सम्मको शिक्षा । शिक्षक तथा प्रधानाध्यापकका रूपमा सेवा गरी हाल अवकाशप्राप्त जीवन । काठमाण्डौ महानगरपालिका, पवित्रनगर (गोङ्गबु) मा स्थायी बसोबास ।

### २. ब्रजमणि अधिकारी

माध्यमिक तहसम्मको शिक्षा । कृषक । कवि (एक कविता सङ्ग्रह प्रकाशित) । हाल चितवन जिल्लाको गुञ्जनगर, चनौलीमा स्थायी बसोबास ।

### ३. डा. श्याममणि अधिकारी

बी.ए.एम.एस.तथा एम.डी.सम्मको शिक्षा । आयुर्वेद चिकित्सक, हाल स्वास्थ्यमन्त्रालयमा कार्यरत । आयुर्वेद विषयमा विभिन्न पुस्तक

---

[२०] *पूर्ववत् ।*

तथा थुप्रै फुटकर लेखहरू प्रकाशित । काठमाण्डौ महानगरपालिका अन्तर्गत मित्रनगर गोङ्गबुमा स्थायी बसोबास ।

४. चन्द्रमणि अधिकारी

बी.पी.एच.सम्मको शिक्षा । जनस्वास्थ्य निरीक्षक । लेखकीय नाम 'आस्था अविचल' । कवि (एक कविता सङ्ग्रह प्रकाशित) । तनहुँ, छाङ-४, पिपलटारमा स्थायी बसोबास ।

५) उपेन्द्रमणि अधिकारी

बी.ए. तथा बी.एड. सम्मको शिक्षा । मा.वि. तहका शिक्षक । 'उपेन्द्र जीवन' लेखकीय नाम । कवि (फुटकर थुप्रै कविताहरू प्रकाशित) । तनहुँ, छाङ्ग-४, पिपललटामा स्थायी बसोबास ।

६) हुतमणि अधिकारी

बी.ए. तथा बी.एड. सम्मको शिक्षा । मा.वि. तहका शिक्षक । विगतमा जिल्ला शिक्षा कार्यालयमा श्रोतव्यक्ति तथा प्रा.वि.का प्रधानाध्यापक समेत । 'तिरस्कृत' तथा 'एच. एम. तिरस्कृत' लेखकीय नाम । कवि एवम् कथाकार (फुटकर थुप्रै कविता, कथाहरू प्रकाशित) । तनहुँ, छाङ्ग-३, थर्पु बजारमा स्थायी बसोबास ।

७) निर्मलमणि अधिकारी

एम.ए. (आमसञ्चार र पत्रकारिता) मा विशिष्ट श्रेणी हासिल, एम.एस्सी (तथ्याङ्कशास्त्र) अध्ययन, एम.फिल. अध्ययनरत ।

दर्शनशास्त्रका ज्ञाता एवम् प्रसिद्ध लेखक । 'आयोदधौम्य' लेखकीय नाम । दर्शन, संस्कृति, आमसञ्चार र पत्रकारितालगायतका विषयमा डेढ दर्जन प्रकाशित कृतिहरूका लेखक । स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पुरस्कृत/सम्मानित ।

तरङ्ग साहित्यिक अभियान, नेपाली भाषा-संस्कृति परिषद्, युग निर्माण अभियानलगायतका संस्थाका संस्थापक ।

विभिन्न पत्रपत्रिकाका सम्वाददाता, विशेष सम्वाददाता र सम्पादकका रूपमा एक दशक भन्दा लामो पत्रकारिता अनुभव । पत्रकारिता जीवनमा घटना र विचार (साप्ताहिक), युगपत्र (साप्ताहिक),

देशप्रेम (साप्ताहिक), तरङ्ग (मासिक), प्राची द्वैमासिक तथा इन्सेकअनलाइन डट् ओआरजी (नेपालको पहिलो अनलाइन न्यूज पोर्टल) लगायतको सम्पादन ।

हाल मदनभण्डारी मेमोरियल कलेजमा प्राध्यापन । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मा पनि कार्यरत । काठमाण्डौमा अस्थायी बसोबास ।

**८) विश्वमणि अधिकारी**

एम.एड. (गणित), एम.ए. (संस्कृति) र हाल एल.एल.बी. अध्ययनरत । ड्याफोडील पब्लिक स्कूल, काठमाण्डौमा अध्यापन । थुप्रै फुटकर लेखहरू प्रकाशित । हाल काठमाण्डौमा अस्थायी बसोबास ।

## छोरीतर्फको विवरण[२१]

**१) इन्दिरा**

साक्षर । बद्री शर्मा तिम्सिनासँग विवाह । तनहुँ, खैरेनीटार गा.वि.स., खैरेनीटार बजारमा स्थायी बसोबास ।

**२) कमला**

साक्षर । अप्रकाशित थुप्रै कविताहरूको रचना । शिवहरि वाग्लेसँग विवाह । तनहुँ, मनपाङ्ग गा.वि.स. साङ्गेमा स्थायी बसोबास ।

**३) लक्ष्मी**

एस.एल.सी. । शिक्षिका । दीनानाथ पराजुलीसँग विवाह । तनहुँ, भिमाद गा.वि.स., भिमादबजारमा स्थायी बसोबास ।

**४) भारती**

एम.एड., स्नातकोत्तर उपाधि हासिल गर्ने छाङ्ग गा.वि.स.की प्रथम र हालसम्म एक मात्र महिला । सानोठिमी क्याम्पस, भक्तपुर तथा मेट्रो कलेज नयाँ बानेश्वर काठमाण्डौमा प्राध्यापन । फुटकर लेखहरू प्रकाशित । रामप्रसाद कर्माचार्यसँग विवाह । काठमाण्डौमा बसोबास ।

---

[२१] *पूर्ववत् ।*

५) भवानी

बी.एड. । मा.वि. तहकी शिक्षिका । माधव खनालसँग विवाह । तनहुँ, व्यास नगरपालिका- ३, पोल्याङमा स्थायी बसोबास ।

६) विष्णु

एस.एल.सी. । शिक्षिका । इन्द्रप्रसाद खनालसँग विवाह । तनहुँ, जामुने गा.वि.स.-२, गुणादीमा स्थायी बसोबास ।

यसरी पण्डित रुद्रमणि अधिकारीको परिवारलाई सरसर्ती हेर्दा बृहत् परिवार देखिए पनि सबै सन्तान हुर्किसकेका छन् र प्रायः शिक्षित भई देशका विभिन्न ठाउँमा रही विभिन्न सेवामा समर्पित रहेको देखिन्छ । तसर्थ अधिकारीको पारिवारिक जीवन सुखी, सन्तोषप्रद र इज्जतदार देखिन्छ ।

## २.७ आर्थिक अवस्था

पण्डित रुद्रमणि अधिकारीको बाबु-बाजेको आर्थिक अवस्था ग्रामीण उच्चवर्गीय नेपालीहरूको अवस्थासँग मिल्दोजुल्दो देखिन्छ । अधिकारीका पुर्खालाई लमजुङ्को दुराडाँडाबाट श्री ५ पृथ्वीनारायण शाहका पालामा एकीकरण अभियानको क्रममा तनहुँको छाङ्ग ल्याइएको उल्लेख माथि नै भएको छ । स्थानीय बासिन्दाको बिन्तीअनुसार अधिकारीका पुर्खालाई पुरोहितका रूपमा बस्न निमन्त्रणा गरिएको थियो । अधिकारीहरूले नागपञ्चमी, कुशे औंसी, जनै पूर्णिमा जस्ता पर्वका बेलामा आवश्यक धार्मिक कर्म गराउनुका साथै जन्मदेखि मृत्युसम्मका सबै संस्कारहरू गराउनु पर्ने र त्यसबापत १ सय मुरी बराबरको धानखेत बिर्ता दिइएको थियो । धानखेतीयोग्य खेत अत्यन्त कम हुने पहाडी इलाकामा अधिकारी परिवारलाई दिइएको त्यो बिर्ता निकै ठूलो परिमाणको मानिन्थ्यो ।

पं. रुद्रमणिका पूर्खालाई दिइएको उक्त बिर्ता पुस्तौ-पुस्तासम्म भाइभाइमा बाँडिदै गए तापनि उब्जाउ जमीन रहेकाले खेतीपातीबाट हुने उब्जनी अधिकारी परिवारका लागि यथेष्ठ रहेको उनी बताउँछन् । यसबाहेक अधिकारीको आम्दानीको मुख्य स्रोत शिक्षण पेसा र पुराणवाचन पनि रहेको थियो । शिक्षण पेसाबाट आउने रकम आफैमा धेरै नहुने भए तापनि थोरै मानिसहरूसँग मात्र नगद हुने तत्कालीन

ग्रामीण समाजमा नियमित रूपमा तलबवापत नगद प्राप्त गर्ने आफूजस्ता व्यक्तिहरूलाई समाजले विशेष इज्जतको नजरले हेर्ने गरेको अनुभव उनीसँग छ ।[२२] पुराणवाचकका रूपमा उनको ख्याति कतिसम्म फैलेको थियो भने उनलाई व्यासका रूपमा वरण गर्न आउनेहरूबीच हानाथाप चल्थ्यो र कुनै कुनै वर्ष त उनी महिनौंसम्म घरमा आउन भ्याएका हुँदैनथे ।[२३] कतिपय अवसरमा त्यसरी भएका आम्दानी सामाजिक कामका लागि छाड्ने गरेको भए तापनि समष्टिमा भन्नु पर्दा पुराणवाचन उनको आर्थिक आम्दानीको निकै दह्रिलो स्रोत थियो । यसरी आफ्नो परिवार आफ्नो सक्रिय जीवनकालभरि ग्रामीण परिवेशको समृद्ध परिवार रहेको उनको ठहर छ ।

"आफ्नो पालामा" ग्रामीण उच्चवर्गीय अवस्थामा रहेको परिवारको स्तर "छोराहरूको पालामा" आइपुग्दा भने केही खस्केको उनको ठम्याइ छ । उनका सन्तानको पुस्तामा जाँदा आर्थिक आम्दानीको मुख्य स्रोत जागिर रहेको र त्यसबाट हुने आम्दानी सामान्य दैनिक व्यवहार चलाउन मात्र पुग्ने खालको रहेको आफूले देखेको उनी बताउँछन् । खेतीपातीबाट हुने आम्दानी पनि जग्गा टुक्रिँदै जाँदा कम भएको उनले महसुस गरेका छन् । हाल उनीसँग गाउँमा १३ हल बराबरको र बेंसीमा १२ हल बराबरको खेत रहेको छ । यस पृष्ठभूमिमा आफ्नो परिवारको आर्थिक स्थिति अहिले मध्यमस्तरको रहेको उनी ठान्छन् ।[२४]

## २.८ मातापितासँगको वियोग

पण्डित रुद्रमणि अधिकारीले आफ्नो पितृत्व र मातृत्वको वात्सल्य दुवै गुमाइसकेका छन् । उनकी माताको निधन उनी नौ वर्षको हुँदा वि.सं. १९८७ साल भाद्र ३ गते भएको थियो । त्यस दिन नेपालीहरूको प्रसिद्ध चाड तीजको दिन परेको थियो । उनका पिता

---

२२ *शोधनायकबाट प्राप्त जानकारी ।*

२३ *शोधनायककी कान्छी श्रीमती रमादेवीले दिएको जानकारी ।*

२४ *कुराकानीका क्रममा शोधनायकले व्यक्त गरेको धारणा*

लक्ष्मीनाथ उपाध्याय अधिकारीको निधन वि.सं. २०१८ साल पौष कृष्ण एकादशीका दिन भएको थियो।[२५]

## २.९ साहित्यिक क्षेत्रमा संलग्नता

### २.९.१ लेखनको प्रेरणा

पण्डित रुद्रमणि अधिकारीलाई लेख्ने प्रेरणा तत्कालीन राजनीतिक परिवेशले दिएको पाइन्छ। त्यसैले उनको लेखकीय प्रेरणाको पृष्ठभूमि नेपालको राजनीतिक इतिहाससँग मुख्यतया जोडिएको छ।

देशमा निरंकुश राणाशासनको अन्त्य गर्न जनचेतना जगाई जनताको शासन स्थापना गर्नु पर्ने आवश्यकता महसुस गरी वी.पी. कोइरालाले भारतीय पत्रिकामा विज्ञप्ति प्रकाशन गरेपछि सुरु भएको राजनीतिक प्रक्रिया अघि बढी बनारसमा रहेका उत्साही युवकहरूले वि.सं २००३ माघ १२ गते "अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेस" को स्थापना गरेका थिए। यसको नाम, उद्देश्य र कार्य सञ्चालन पक्रियाबारे विचार विमर्श गर्न वि.सं. २००४ पौषमा कलकत्तामा सम्मेलन भयो, जसमा पार्टीको नाम "नेपाली राष्ट्रिय कांग्रेस" राखी यसको प्रमुख उद्देश्य राणाशासनको अन्त्य गरी श्री ५ को नेतृत्वमा जनउत्तरदायी सरकारको गठन गर्नु थियो।[२६]

पार्टीको उपर्युक्त उद्देश्यसँग सहमत भई पण्डित अधिकारी पनि यसै पार्टीसँग आबद्ध भए। कांग्रेस पार्टीमा समय समयमा भएका फुटले अधिकारीको राजनीतिक जीवनमा पनि प्रभाव पारे। यसैक्रममा उनी नेपाली राष्ट्रिय कांग्रेस (ऋषिकेश शाहको गुट) का केन्द्रीय सदस्यसमेत भएका थिए। ऋषिकेश शाहले पार्टीलाई वीपी कोइरालाको नेतृत्वको नेपाली कांग्रेससँग एकीकरण गराएपछि अधिकारी पनि सोही पार्टीमा समावेश भएका थिए। यस क्रममा काठमाण्डौको लालदरबारमा एकीकरण वार्तामा आफ्नो पार्टीको वार्ता टोलीमा संलग्न रही अनेक बुँदामा छलफल र बहस गरेको उनको स्मृतिमा अझै ताजा छ।[२७]

---

२५ *अप्रकाशित आत्मकथाबाट।*

२६ *ज्ञानेश्वर भट्टराई;* ***बृहत ज्ञानकोष,*** *काठमाडौं : आशिष पुस्तक भण्डार; २०६१ पृ. १२२।*

२७ *शोधनायकसँगको कुराकानीबाट प्राप्त जानकारी।*

राणाशासन हटाई प्रजातन्त्र ल्याउने आन्दोलनमा लाग्दा भोलिको नेपाल जस्तो होला भन्ठानेका थिए, वि.सं २००७ सालमा प्रजातन्त्र आएपछि आफ्नो परिकल्पना अनुसारको नदेखेपछि उनमा छटपटी बढ्यो । अङ्ग्रेजका पिट्ठू राणालाई हटाएर आर्यहिन्दू सम्राट श्री ५ महाराजाधिराजको सक्रिय नेतृत्वमा देश अगाडि बढाउन भनेर उनी क्रान्तिमा लागेका थिए । पार्टीमा रहँदा उनको मत जहिले पनि नेपालीपनमा जोड दिनु हुन्थ्यो र यसैमा उनको अडान थियो । यस्ता अडानका कारण उनको वी.पी. कोइरालासँग असहमति र वादविवाद भएको थियो । कतिपय असहमतिका विषय अत्यन्त गम्भीर थिए । खासगरी, धर्मका सवालमा कांग्रेसका नेताहरू आफूजस्तो हिन्दुत्वका पूर्ण समर्थक नरहेको उनले देखे । यसरी राजनीति आफूले सोचेजस्तो नपाएपछि उनी त्यसबाट विकर्षित भए ।[२८]

अर्कोतिर, पार्टीको नेता भएपछि संगठन गर्न हिँड्नु पर्ने, घुमफिर बढी हुँदा खानपिनको शुद्धता कायम गर्न कति दिन त भोकभोकै रहनु पर्ने परिस्थिति आउने तथा कार्यकर्ताहरू र जनतालाई हुँदा-नहुँदा आश्वासन बाँड्नु पर्ने उनले देखे । यसरी पार्टीमा लाग्दा धर्मको खलल पर्ने कुराहरू धेरै हुने रहेछन् भन्ने निष्कर्षमा उनी पुगे । त्यसैले पनि अधिकारी पार्टीमा अडिइरहन सकेनन् ।[२९]

राजनीति छाडे तापनि राजनीतिक कार्यकर्ताहरूसँगको वादविवादबाट भने उनी पर रहेनन् । जब उनले राजनीति छाडेर धार्मिक अभियानमा समर्पित रहने प्रण गरे, त्यसै बेलादेखि उनले देखे कि धार्मिक पुनर्जागरणका लागि उनले राजनीतिक कार्यकर्ताहरूसँग बहस नगरी सुखै छैन । आफ्ना विगतका राजनीतिक मित्रहरूका तर्कलाई काट्दै धार्मिक मतको पक्षपोषण गर्ने क्रममा उनी लेखन क्षेत्रमा अझ सक्रिय हुँदै गएका हुन् ।[३०]

सक्रिय राजनीति छोडेर सनातन हिन्दू धर्मका पक्षमा अभियान गर्दै जाँदा उनको सहकार्य योगी नरहरिनाथ तथा जुक्तराज शाहीसँग बढेको थियो । धर्मशास्त्रको विश्लेषण र अर्थापन गर्ने क्रममा जीवनको

---

[२८] *पूर्ववत् ।*

[२९] *पूर्ववत् ।*

[३०] *पूर्ववत् ।*

उत्तरार्द्धमा योगीजीसँग केही मतभेद भए तापनि योगी, अधिकारी र शाहीको सहकार्यले ठूला-ठूला कामहरू हुन सकेको थियो । यस क्रममा अधिकारीको लेखन कर्म पनि तीव्र गतिमा अघि बढेको देखिन्छ ।

यसबाहेक उनी विभिन्न ठाउँका पाठशालामा अध्ययन गर्दा ठूला-ठूला विद्वान् र स्वयम् त्यहाँको वातावरणले उनमा प्रत्यक्ष प्रभाव पारेको थियो । मुख्यतः सिद्धेश्वर ब्रह्मचर्य आश्रम कलैयामा रहँदा उनले त्यहाँ पाएको वातावरणले उनमा रहेको लेखकीय प्रतिभालाई प्रष्फुटन गराउनु स्वाभाविकै थियो । पुस्तौंदेखि अध्ययन, अध्यापन र प्रवचनमा रमेको परिवारका सदस्य भएकाले पनि लेखन क्षेत्र उनका लागि एकदमै नौलो क्षेत्र भन्न मिल्दैन । विभिन्न विद्वान्हरूको सङ्गत, पारिवारिक वातावरण र राजनीतिक मतभेद नै आफूलाई लेखनतर्फ प्रेरित गर्ने प्रेरक तत्त्व रहेको अधिकारी मान्छन् ।[३१]

### २.९.२ लेखन प्रारम्भ

पण्डित रुद्रमणि अधकारीको गद्यविधाबाट लेखन आरम्भ गरेको र सर्वप्रथम वि.सं २००७ सालमा 'सत्य सन्देश' नामक गद्य प्रकाशन गरेको देखिन्छ । यसमा उनले श्री ३ को शासनको विरोध गर्न र श्री ५ को शासनको पक्षमा प्रजातन्त्रका लागि साथ दिन जनसमुदायलाई आह्वान गरेका थिए । यस कृतिबारे विभिन्न पुस्तकमा उल्लेख भएको भए तापनि यसको एक प्रति पनि हाल उपलब्ध छैन ।

२००७ साल फागुन ७ गते देशमा प्रजातन्त्र बहालीको घोषणा गरियो र देशले निरंकुश जहानीया राणा शासनको पञ्जाबाट मुक्ति पायो । क्रान्तिकै क्रममा तनहुँमा पनि जनसरकारको घोषणा गरिएकोमा त्यसलाई प्रजातन्त्र बहालीपछि पनि भङ्ग गरिएन । श्री ५ को शासनका पक्षधर रुद्रमणिका लागि त्यसरी जिल्ला जिल्लामा जनसरकारका नाममा स्वायत्त शासन चल्नु स्वीकार्य कुरा थिएन । तर तनहुँका क्रान्तिकारी नेताहरूमध्ये अधिकांश चाहिँ जनसरकारका पक्षमा रहेकाले उनीहरू र रुद्रमणिजस्तै श्री ५ को सरकार हुनु पर्छ भन्नेहरूकाबीच कटुतापूर्ण विवाद भयो । त्यस्तै हिजो आफ्ना सहकर्मी रहेका नेपाली काँग्रेसका नेता/कार्यकर्ताहरूका धर्मशास्त्र प्रतिकूल कुरा पनि उनलाई मन परेन । यसरी देशको नयाँ परिस्थिति पं. रुद्रमणिले पहिले सोचेजस्तो भएन र

---

[३१] *पूर्ववत् ।*

हिजोका सहकर्मी भए पनि अब राजनीतिक कार्यकर्ताहरूकै विरुद्धमा सङ्घर्ष गर्नु पर्ने अवस्था आएको उनले देखे ।[३२]

उनी जस्तै विचार भएका व्यक्ति थिए मनपाङ्का जुक्तराज शाही । जनसरकारको विरोध र श्री ५ को सरकारको समर्थनमा रहेकाहरूका नेता उनै जुक्तराज शाही चुनिए । रुद्रमणिले आफ्ना कलमका माध्यमबाट जुक्तराज शाहीका राजनीतिक कदमलाई सघाउने निर्णय गरी यसै साल 'शाही सपथ' नामक कृति लेखेका थिए । यसको प्रकाशन वि.सं २००९ सालमा मात्र भयो । यो कृति उनले पद्यमा रचना गरेको देखिन्छ । यसमा उनले प्रजातन्त्र स्थापना पछिको समयमा तनहुँका राजनीतिक कार्यकर्ताहरूको गतिविधिबारे यसरी वर्णन गरेका छन् :

गर्थे भाषण जोड साथ दिनहुँ जातभात मेटाउन ।
लिन्थे भेष विदेशको चलन औ क्यै दिन्नथे बोलन ॥
स्त्रीका धर्म डगाउने विषयका गर्थे कडा भाषण ।
लेख्थे कागजमा अनेक नहुँदो औ लाउँथे टाँसन । ।[३३]

वर्णाश्रम धर्मावलम्बी पं. रुद्रमणिलाई राजनीतिक कार्यकर्ताहरूका त्यस्ता कुरा अप्रिय लागेकाले उनी मुखर रूपमा विरोधमा उत्रे ।

लेखनका प्रारम्भिक दिनमा यसरी अर्को पक्षसँगको वादविवाद नै लेखनको कारण भए तापनि पछिल्ला दिनमा भने जनमानसमा भगवद्भक्तिको प्रचार गर्ने उद्देश्यले उनलाई अभिप्रेरित गरेको थियो । त्यसैले पछिल्ला कृतिहरूमा विपक्षीप्रतिको आक्रामकता हराउँदै र दार्शनिक उच्चता मुखरित हुँदै गएको देखिन्छ ।[३४] पञ्चायती व्यवस्थाको सूत्रपात भएपछि त्यसको दार्शनिक आधारलाई प्रष्ट्याउने क्रममा पनि अधिकारीका कृति सार्वजनिक भएका छन् । उनका अन्य कृतिहरू पनि विभिन्न परिस्थितिवश लेखिएका देखिन्छन्, तर सबैमा रहेको चुरो भने उनको हिन्दू वर्णाश्रम धर्मप्रतिको आग्रह नै देखिन्छ ।

---

[३२] *शोधनायकसँगको कुराकानीबाट प्राप्त जानकारी ।*

[३३] *कविवर पण्डित रुद्रमणि; **शाही शपथ**, तनहुँ : जुक्तराज शाही, २००९; पृ. १५ ।*

[३४] *समीक्षक नरहरि आचार्यको धारणा ।*

संक्षेपमा भन्नुपर्दा सनातन हिन्दू वर्णाश्रम धर्मप्रति उनमा रहेको अगाध आस्था, यसप्रति हुने कुनै पनि प्रहारको मुकाबिला गर्ने दृढ प्रतिज्ञा तथा देशमा हुने परिस्थितिजन्य कुराहरूका साथै अध्ययनका क्रममा पाएको वातावरण नै उनका लेखका प्रेरणास्रोतका रूपमा रहेका देखिन्छन् ।

## २.१० स्वभाव र रुचि

### २.१०.१ स्वभाव

पण्डित रुद्रमणि अधिकारी सानैदेखि जिज्ञासु, लगनशील, अनुशासित, मिलनसार तथा सरल स्वभावका मेधावी व्यक्ति हुन् ।[३५] उनको यो स्वभाव अद्यापि विद्यमान रहेको देखिन्छ । उनी मानसिक शारीरिक दुवै श्रम गर्छन् । उनी अल्पाहारी छन् । जीवनलाई वैदिक हिन्दू शास्त्रद्वारा निर्धारित नियमपूर्वक जिउनु पर्ने उनको मान्यताका कारण उनको स्वभाव पनि त्यस्तै बनेको छ ।[३६]

उनी असल साथीहरूको समीपमा रहेर काम गर्न निकै मन पराउँछन् र परस्पर सहयोगको भावना राख्दछन् । स्पष्ट बोल्ने, सारगर्भित कुरा गर्ने र विशेषतः अध्ययन र चिन्तन-मननमा लाग्ने उनको स्वभाव रहेको छ ।[३७]

### २.१०.२ रुचि

पण्डित रुद्रमणि अधिकारीको मुख्य रुचि विभिन्न शास्त्रीय ग्रन्थहरूको अध्ययन-मनन गर्नु, योग साधना गर्नु र विभिन्न किसिमका लेख रचनाहरू लेख्नुमा छ । धार्मिक आनुवंशिक परम्पराले गर्दा विभिन्न धार्मिक स्थलको भ्रमण गर्ने अभिरुचि पनि उनमा टड्कारो रूपमा देखिन्छ ।

सधैं परमात्माको गुणानुवाद गर्न चाहने अधिकारीलाई सात्विक भोजन प्रायः दूध, दही, घिउ, मह, सागपात आदि मन पर्दछ । जस्तो

---

३५ *शोधनायकका छिमेकी एवं भाइ (काकाका छोरा) श्रीकान्त अधिकारीको धारणा ।*

३६ *शोधनायकका छोरा निर्मलमणिको धारणा ।*

३७ *शोधनायकका छिमेकी तथा भतिजा नरेन्द्रराज अधिकारीका अनुसार ।*

किसिमको खाना खाइन्छ, त्यस्तै प्रवृत्ति बनेको हुन्छ भन्ने उनको ठहर छ ।[३८]

जुनसुकै कुरा पनि दिएर मात्र खाने, आफूले नमाग्ने स्वभावका अधिकारी स्टिलको भाँडोमा भोजन गर्दैनन् । फलाम र स्टिलमा आसुरी धातु हुने धर्मशास्त्रमा बताइएको र यी भाँडोमा भोजन सेवा गर्दा मान्छेमा पनि आसुरी वृत्ति बढ्दै जाने उनको मान्यता छ ।[३९]

पोशाकमा उनी प्रायः दौरा-सुरुवाल मन पराउँछन् । घरमा बस्दा भने धोती नै उनको प्रिय पोशाक हो । उनले लगाउने लुगा एकदमै सफा राखिदिनु पर्छ र मैला लुगा उनलाई पटक्कै मन पर्दैन ।[४०]

## २.११ आस्था र विचार

पण्डित रुद्रमणिको आस्थाको एकमात्र आधार सनातन हिन्दू वर्णाश्रम धर्म हो । चाहे धार्मिक-सांस्कृतिक होस् वा राजनीतिक, उनी त्यही आस्थाको कसीमा खरो उत्रने विचारलाई मात्र समर्थन गर्दछन् । उनीद्वारा भएको २००७ साल अघि राणाशासनको विरोध, २००७ सालपछि कांग्रेसी सहकर्मी तथा विपक्षी कम्युनिस्टहरूसँगको वैचारिक सङ्घर्ष र २०१७ सालपछि राजा महेन्द्रलाई सक्रिय सहयोग– यी सबै कार्य त्यही आस्थाले डोऱ्याएर भएको हो ।[४१]

सानै उमेदेखि स्वावलम्बी भएर बाँच्न चाहने अधिकारी मानिस भएर जन्मेपछि कर्म गर्नुपर्ने र सत्यको पक्षमा लाग्नु पर्ने कुरामा विश्वास राख्दछन् । उनी आजका युवापुस्ता स्वावलम्बी हुन नचाहेकोमा ठूलो दुःख प्रकट गर्दछन् । उनी समाजका प्रत्येक व्यक्तिमा आपसी समझदारी,

---

[३८] *शोधनायकद्वारा व्यक्त धारणा । अन्तर्वार्ताका क्रममा उनले चाणक्य नीतिको यो श्लोक सुनाएका थिए–*
*"मांसभक्ष्यैः सुरापानैर्मूर्खैश्चाक्षरवर्जितैः ।*
*पशुभिः पुरुषाकारैर्भाराक्रान्ता हि मेदिनी ॥" – चाणक्यनीति ८।२१*
*अर्थात्, मासु खाने, रक्सी पिउने, अक्षर नचिन्ने मूर्ख पुरुषरूपी पशुहरूका बोझले पृथ्वी पीडित हुन्छिन् ।*

[३९] *पूर्ववत् ।*

[४०] *शोधनायककी कान्छी श्रीमती रमादेवीका अनुसार ।*

[४१] *शोधनायकका छोरा निर्मलमणिको विचार ।*

साहिष्णुता र आदर-सम्मानको भावना जागृत हुनुपर्ने भावना राख्दछन् । जुन कुराले आफूलाई अहित गर्दछ, त्यो कुराले अरूलाई पनि अहित हुन्छ भन्ने ठानेर आफूलाई अहित हुने कुरा अरूलाई पनि नगर्न उनी सल्लाह दिन्छन् ।[४२]

"देश सुहाउँदो कर्म गर्नु पर्दछ, जमीन सुहाउँदो खेती गर्नु पर्दछ ।" भन्ने विचार उनी व्यक्त गर्छन् । आफ्नो यही विचारलाई थप चर्चा गर्दै उनी युरोप-अमेरिका वा अन्यत्र कतै सफल भयो भन्दैमा त्यो प्रणाली नेपालमा सफल हुन्छ भन्ने निश्चित नहुने तर्क गर्छन् । उनी नेपालले अपनाउने राजनीतिक व्यवस्था पनि सनातन परम्पराअनुकूल हुनै पर्नेमा जोड दिन्छन् । त्यस्तै, विश्वशान्ति अध्यात्मवादले मात्र हुने र त्यसका निमित्त वैदिक सनातन धर्म नै एकमात्र मार्ग रहेको उनको विचार छ ।

हिन्दू शास्त्रप्रतिको अति विश्वासबाट निःसृत उनका कतिपय विचार आजको पुस्तालाई नजँच्ने पनि देखिन्छ । उदाहरणका लागि उनी जन्मबाट जात हुन्छ, कर्मबाट होइन भन्ने विचार राख्दछन् । "जात-भात" भाँडिएको उनलाई ठूलो चिन्ता रहेको प्रकट गर्न पनि उनी चुक्दैनन् । यद्यपि, भक्तिको मार्ग कुनै जातजातिका लागि नरोकिएको र सबैले भगवद् कृपाबाट जीवन सार्थक पार्न सक्ने उनी बताउँछन् ।

उनको मुख्य विचारमा जन्मको सार्थकता त्यसले मात्र पाएको ठहर्छ, जसले योगद्वारा आत्मा चिन्न सक्दछ । मानव जीवनको सार्थकतासम्बन्धी प्रश्नमा उनी पद्यमा "शास्त्र विचारी तत्व बुझिकन मुक्त हुने हो काम यसको" भन्न रुचाउँछन् ।

पं. रुद्रमणिको साहित्यिक मान्यता पनि त्यस भन्दा पृथक् छैन । साहित्य राजनीतिबाट माथि उठ्नु पर्दछ र आध्यात्मिकताले ओतप्रोत हुनुपर्दछ भन्ने उनको मान्यता छ ।[४३]

## २.१२ संस्थागत संलग्नता

पण्डित रुद्रमणि अधिकारीले विभिन्न संघ-संस्थाहरूमा संलग्न रहेर काम गरेको देखिन्छ । जीवनको एक कालखण्डमा राजनीतिमा

---

४२ *यस क्रममा उनले सुनाएको विष्णु पुराणको एउटा श्लोक उल्लेख्य छ– "आत्मानं प्रतिकूलानि परेषां न समाचरेत् ।"*

४३ *शोधनायकसँगको कुराकानीका आधारमा ।*

संलग्न भई राजनीतिक दलको केन्द्रीय सदस्यसम्म भएका भए तापनि उनको आबद्धता मुख्यतया धार्मिक संस्थाहरूसँग नै रहेको देखिन्छ ।

विश्वहिन्दू महासंघमा स्थापना कालदेखि नै संलग्न रही केन्द्रीय सदस्यसमेत रहेका अधिकारी अहिले उक्त महासंघको आजीवन सदस्य रहेका छन् । योगी नरहरिनाथको नेतृत्वमा रहेको बृहत् आध्यात्मिक परिषद्मा पनि उनी केन्द्रीय सदस्य थिए । हाल उनी नेपाल सन्त समाजको आजीवन सदस्य रहेका छन् ।

उनी २०१७ सालमा क्षेत्रीय शिक्षक संघ पोखराको महासभा सदस्य निर्वाचनमा विजयी बनेका थिए । उनी सभापति मण्डलका तीनजनामासमेत चुनिएका थिए ।[४४] उनी नेपाल किसान संगठनका सभापतिसमेत भएका थिए । यिनका अतिरिक्त अनेक संस्थाहरूमा उनलाई सल्लाहकार वा त्यस्तै मानार्थ पदहरू दिइएको भए तापनि अत्यन्त वृद्ध भइसकेका कारण संस्थाहरूमा उनको कुनै सक्रियता छैन ।[४५]

## २.१३ कार्यक्षेत्र

### २.१३.१ शैक्षिक सेवा

पण्डित रुद्रमणि अधिकारीले शैक्षिक क्षेत्रमा लामो समय सेवा गरेका छन् । उनले अध्यापन वि.सं. १९९९ देखि थालेर वि.सं. २०२७ सालसम्म विभिन्न विद्यालय तथा पाठशालाहरूमा निरन्तर सेवा गरे । यस क्रममा उनले विभिन्न स्थानका विभिन्न विद्यालयहरूमा पढाए । त्यसैले पनि होला, गण्डकी प्रदेशका ठाउँ ठाउँमा उनका चेलाहरू छरिएका छन् र 'गुरु' का रूपमा उनको ख्याति पनि विस्तृत देखिन्छ ।

उनले शिक्षण सेवा सर्वप्रथम तनहुँको दबुङ्गस्थित पब्लिक पाठशालाबाट सुरु गरेका थिए । त्यहाँ उनले वि.सं १९९९ देखि २००१ सालसम्म अध्यापन गरे भने वि.सं २००२ देखि लमजुङ्ग जिल्लाको चिसङ्कुमा अवस्थित पब्लिक पाठशालामा अध्यापन सुरु गरे । चिसङ्कुमा उनी वि.सं. २००५ सालसम्म अध्यापनरत रहे ।

---

४४ *पराजुली, केशवराज (सं.), **शिक्षाज्योति त्रैमासिक**, वर्ष १ अङ्क १, २०१७, पृ. २५*

४५ *शोधनायकसँगको कुराकानीका आधारमा ।*

वि.सं. २००५ सालमा तनहुँको मनपाङ्ग, तिलाहारमा जुक्तराज शाही ठकुरीका सक्रियतामा पब्लिक पाठशाला खोलियो । शाहीका आग्रहमा अधिकारी लमजुङ्ग छाडी यहीँ सरे र वि.सं. २००८ सालसम्म अध्यापन गरे । अध्यापकका अतिरिक्त राजनीतिक कार्यकर्ताका रूपमा यो समय अधिकारीको अत्यन्त सक्रिय समय थियो ।

वि.सं. २००८ मा उनले आफ्नै गाउँनजिकै अध्यापन सुरु गरे । तनहुँको छाङ्गमा अवस्थित गैरा सोल्जरबोर्ड स्कुलमा उनले वि.सं.२०१० सालसम्म पढाए । उनले वि.सं. २०१० देखि २०१२ सालसम्म कास्कीको हंसपुरमा शिक्षण सेवा गरे । वि.सं. २०१२ सालमा उनी अध्यापनका लागि पुन: तनहुँ फर्के र त्यस बेलादेखि वि.सं. २०१५ सालसम्म तनहुँको उमाचोक बतासेमा अवस्थित ब्रह्मचर्य आश्रममा वैदिक विधान अनुसार वेद-वेदाङ्ग शिक्षण गरे ।

वि.सं २०१६ आश्विन १ गतेदेखि मीन मिडिल स्कुलमा अध्यापन सुरु गरेपछि भने अधिकारीको अध्यापक जीवनमा केही स्थिरता आएको देखिन्छ । त्यस स्कुलमा उनी वि.सं. २०२८ सालसम्म कार्यरत रहे । पछि मीन हाइस्कुल बनेको सो विद्यालयमा कहिले प्रधानाध्यापक, कहिले सह-प्रधानाध्यापक भई उनले सेवा गरे । यसै क्रममा उनले वि.सं. २०१९ सालमा धौलागिरी र गण्डकी अञ्चलका प्रधानाध्यापकहरूको संयुक्त शिक्षा सेमिनारमा अध्यक्ष मण्डलमा रही सो सेमिनार सञ्चालन गरेका थिए ।[४६]

औपचारिक रूपमा स्थापित पाठशाला/विद्यालयहरूका अतिरिक्त पं. रुद्रमणिले अनौपचारिक रूपमा पनि अध्यापन सेवा गरेका छन् । विद्यालयमा वर्षे बिदा भएको बेलामा चलाइने अनौपचारिक विद्यालयमार्फत् सयौंजनाले उनीसँग पढ्ने अवसर पाएका छन् । उनकै घरमा नि:शुल्क बस्ने, खाने र पढ्ने अवसर पाएकाहरूको संख्या पनि उल्लेख्य छ ।[४७]

### २.१३.२ धार्मिक कार्य

पण्डित रुद्रमणिको परिवार धार्मिक प्रवृत्तिका भएकाले र उनको जन्म कश्यप गोत्रीय उपाध्याय ब्राह्मण कुलमा भएकाले बाल्यकालदेखि

---

४६ *शोधनायकको अप्रकाशित आत्मकथाबाट ।*

४७ *शोधनायकका छिमेकी तथा भतिजा नरेन्द्रराज अधिकारीका अनुसार ।*

नै सनातन धर्म उनका लागि जीवन मार्गको रूपमा रहेको छ । त्यसैले उनको जीवनको सबै भन्दा धेरै समय उनले धार्मिक कार्यहरूमै बिताएका छन् ।

यस क्रममा नित्य पाठपूजा त उनको जीवनको नियमित कर्मकै रूपमा रहेको छ भने उनले विभिन्न ठाउँमा दर्जनौं पटक आचार्य (व्यास) भई पुराण वाचन गरेका छन् । प्रभावशाली एवं कुशल वक्ता पण्डित अधिकारीले पुराण वाचनमा आफूले कमाएको ख्यातिलाई सामाजिक हितको लागि सदुपयोग गर्न विशेष रुचि देखाएको पाइन्छ । उनले विभिन्न ठाउँमा आचार्य भई पुराण वाचन गरी त्यसबाट सङ्कलन भएको आर्थिक सहयोगबाट मन्दिर, पाटी, धर्मशाला निर्माण गर्नमा उल्लेख्य योगदान दिएका छन् ।

आत्मश्लाघा मन नपराउने हुनाले अधिकारी आफ्ना यस्ता योगदानहरूको उल्लेख गर्न प्रायः मन पराउँदैनन् । यद्यपि, कतिपय घटना भने यस शोधका क्रममा विभिन्न स्रोतबाट ज्ञात भएका छन् । वि.सं. २०३१ सालमा श्री ५ वीरेन्द्रको शुभराज्याभिषेक समारोहमा पूजापाठ शृङ्गार समितिको अध्यक्ष भएका अधिकारीले तनहुँ जिल्लाको सदरमुकाम दमौलीमा पाञ्चायन मन्दिर निर्माण गरी शुभराज्यभिषेकको विधिसमेत प्रकाशन गरेका थिए । उनले रजहरमा शिवजीको मन्दिर बनाउनका लागि आयोजित महायज्ञमा एघार दिनसम्म आचार्य भई त्यसबाट सङ्कलन भएको रु. १ लाख नगद र पचासी मुरी धान स्थानीय जनतालाई हस्तान्तरण गरेका थिए । यसैगरी, उनले चितवनको भेडाफार्ममा ११ दिने शिवपुराण र धान्याचल यज्ञमा आचार्य भई सङ्कलन भएको धनधान्य गणेश मन्दिर निर्माणको लागि प्रदान गरेका थिए । साथै, चितवनको प्रगतिनगरमा संस्कृत विद्यालयको सहयोगार्थ आयोजित वराह पुराण र मातृशिशु स्याहार केन्द्रको निर्माणार्थ आयोजित शिवपुराण महायज्ञको पनि उनी आचार्य थिए । उनले बिना पारिश्रमिक गरेका यस्ता योगदानहरू तत्कालीन समयमा निकै चर्चामा रहेका थिए ।[४८]

योगी नरहरिनाथको आह्वानमा वि.सं २०३८ सालमा चितवनको देवघाटमा आयोजित कोटिहोमका आचार्य पं. रुद्रमणि नै

---

[४८] *शोधनायकका छोरा हुतमणि अधिकारीका अनुसार ।*

थिए । त्यसैगरी, योगीकै आह्वानमा वि.सं. २०४२ सालमा दमौलीमा आयोजित कोटिहोममा पनि उनी आचार्य थिए । उनीसहित सम्पूर्ण ब्राह्मणहरूले नि:शुल्क सेवा गरेको सो कोटिहोममा सङ्कलित रु. १ लाख नगद र १ सय २० मुरी धान मन्दिर निर्माणलगायतका कार्यमा सदुपयोग गरिएको थियो ।[४९]

तनहुँको जामुने गा.वि.स.मा शिष्यहरू गङ्गाधर घिमिरे र पशुपतिनाथ घिमिरेको सहयोगमा अकलादेवीको मन्दिर स्थापना गरेर भजन कीर्तन र नित्य पूजा गर्ने व्यवस्था उनले मिलाए ।[५०] उनले तनहुँ छाङ्ग हटियामा शिवालयको मन्दिर स्थापना गरी त्यहाँको पूजाआजाबाट हुने आम्दानीबाट मन्दिरको नाममा अक्षयकोष खडा गरे ।[५१] त्यसैगरी, तनहुँ थर्पु बजारमा शिष्यद्वय चुननारायण कायस्थ र बाबुलाल मल्लद्वारा शिवलिङ्ग स्थापना गरिएपछि बजार समितिद्वारा शिवालयको व्यवस्था मिलाउने गरी अधिकारीकै मुख्य आचार्यत्वमा पुराण वाचन गरेर त्यसको आम्दानीले मन्दिरमा भजनकीर्तन गर्ने व्यवस्था मिलाइयो । तनहुँ मनहरिमा पार्वती मन्दिरको स्थापना गरी त्यहाँ नित्य पूजा, भजन-कीर्तनको व्यवस्था र छाङ्ग गाविसको पिपलछाङ्गस्थित थानीको थानमा हरिकीर्तन खोली नित्य पूजा, कीर्तन हुने व्यवस्था पनि उनले मिलाए ।[५२]

गाउँ सेवा कोषले वर्षेनी आयोजना गर्ने सामूहिक व्रतबन्ध कार्यक्रममा पनि उनी प्रारम्भदेखि नै आचार्यका रूपमा रहेका छन् । यस्ता कार्यक्रममार्फत् तनहुँका हजारौं किशोरहरूले खर्चबिना नै व्रतबन्ध संस्कार गरी लाभान्वित भइसकेका छन् । अधिकारीले पुऱ्याएको योगदानलाई कदर गर्दै कोषले उनलाई सम्मानसमेत गरिसकेको छ ।

अधिकारीले तनहुँको छविसे भन्ने स्थानमा म्याग्दे खोलाको किनारमा निजी खर्चमा दुर्गा मन्दिरको स्थापना गरेको देखिन्छ । यसरी अधिकारीको जीवनको अधिकांश समय धार्मिक कार्यमा समर्पित भएको देखिन्छ । यस क्रममा थुप्रै ठाउँमा आचार्य भई बिनापारिश्रमिक पुराण

---

४९ *शोधनायकका शिष्य गङ्गाधर घिमिरेका अनुसार ।*

५० *पूर्ववत् ।*

५१ *शोधनायकका छिमेकी तथा भतिजा नरेन्द्रराज अधिकारीका अनुसार ।*

५२ *पूर्ववत् ।*

वाचन गरेर धार्मिक-सामाजिक कार्यका लागि गहकिलो योगदान पुऱ्याएको देखिन्छ ।

२.१३.३ सामाजिक कार्य

देश र समाजका लागि केही गर्नुपर्छ भन्ने भावना बोकेका पण्डित रुद्रमणि अधिकारीले आफ्नो अति व्यस्त जीवनको समयको केही अंश सामाजिक कार्यतर्फ पनि लगाउन सकेको देखिन्छ ।

शिक्षा प्रचारका लागि अध्यापकको हैसियतका अलावा सामाजिक कार्यकर्ताको रूपमा पनि उनले योगदान गरेका छन् । तनहुँ थर्पुबजारस्थित मीन माध्यमिक विद्यालय र छाङ्ग गैरास्थित गणेश माध्यमिक विद्यालयको भौतिक विकासमा उनको उनको ठूलो भूमिका रहेको छ । उनले मीन माध्यमिक विद्यालयको व्यवस्थापन समितिको सदस्य भएर वि.सं २०३० देखि २०३८ सालसम्म कार्य गरेका थिए ।

उनले वि.सं २०२९ देखि वि.सं २०३२ सालसम्म छाङ्ग गाउँ पञ्चायतको सचिव भएर कार्य गरेका थिए । त्यस्तै, वि.सं २०३३ देखि वि.सं २०३६ सालसम्म नेपाल किसान संगठनका सभापति एवं छाङ्ग गाउँ पञ्चायतको मनोनित सदस्य भएर उनले कार्य गरेका थिए । यस क्रममा उनले गाउँमा बाटोघाटो, खानेपानी, स्वास्थ्यलगायतका क्षेत्रमा पुऱ्याएको योगदान गहकिलो रहेको स्थानीय बासिन्दाको मूल्याङ्कन छ ।[५३]

उनले वि.सं २०१५ सालमा श्री ५ महेन्द्रको पशिचमी क्षेत्रको भ्रमणको सिलसिलामा तनहुँको दमौली र खैरेनीटार स्वागत समारोह समितिको सदस्य भएर कार्य गरेका थिए । त्यस्तै उनले तनहुँ भिमादमा पुलनिर्माणको उद्‌घाटन गरेको देखिन्छ । अधिकारी दमौलीमा अवस्थित वेदव्यास संस्कृत विद्यालयका सदस्य रहेका छन् । व्यक्तिगत रूपले त्यस विद्यालयलाई उनले आर्थिक सहयोग पनि प्रदान गरेका छन् ।[५४]

---

[५३] *पूर्ववत् ।*

[५४] *शोधनायककी कान्छी श्रीमती रमादेवीका अनुसार ।*

## २.१४ सम्मान तथा पुरस्कार

बहुमुखी प्रतिभा सम्पन्न व्यक्तित्व पण्डित रुद्रमणि अधिकारीले अध्ययन, अध्यापन, साहित्यिक, धार्मिक, सामाजिक योगदान दिने क्रममा विभिन्न पुरस्कार र सम्मानबाट सम्मानित हुने अवसर पाएका छन् । तर ती सबैको अभिलेख भने उनले राखेको पाईंदैन । अध्ययनका क्रममा पत्ता लागेअनुसार, अधिकारीलाई प्रदान गरिएका सम्मान तथा पुरस्कारहरूमध्ये केही यसप्रकार रहेका छन् -

१) वि.सं २०३१ सालमा श्री ५ बीरेन्द्र शुभराज्याभिषेक पदक प्राप्त ।

२) वि.सं २०४१ सालमा तनहुँ नरनारायण पुस्तकालयबाट सम्मानित ।

३) वि.सं. २०५३ सालमा महेन्द्र विश्वविद्यालयबाट सम्मान पत्र पदान ।

४) वि.सं. २०६० र २०६१ मा गरी दुईपटक गाउँसेवा कोष तनहुँबाट सम्मानित ।

५) दमौली साहित्य सम्मेलनबाट आदरपत्र प्रदान ।[५५]

## २.१५ भ्रमण

पण्डित रुद्रमणि अधिकारीले अध्ययन र तीर्थाटनको क्रममा भारत र नेपालका विभिन्न ठाउँहरूको भ्रमण गरेका छन् । उनले नेपाल र भारतका प्रमुख तीर्थस्थलहरू प्रायः भ्रमण गरेका छन् । यस्तै, धार्मिक समारोहहरूमा आचार्य भई जाने क्रममा, शिक्षासम्बन्धी क्रियाकलापका सन्दर्भमा र आफूखुस पनि उनले पहाड र तराइका विभिन्न स्थानहरूको यात्रा गरेको देखिन्छ ।[५६]

समुद्रपार यात्रा गर्न नहुने सोच आजको सन्दर्भमा रुढीवादी र अस्वीकार्य मानिए तापनि पण्डित रुद्रमणि भने त्यसमा विश्वास राख्छन् । उनका मित्र ऋषिकेश शाहले उनलाई संयुक्त राज्य अमेरिका

---

५५ *शोधनायकको घरमा टाँगिएका कदरपत्र/सम्मानपत्रको अवलोकनबाट ।*

५६ *शोधनायकसँग गरिएको कुराकानीका आधारमा ।*

लैजान खोज्दा समेत उनी नगएको[५७] घटनाबाट उक्त कुराको थप पुष्टि हुन्छ । नेपाल र भारतबाहेक अन्यत्र जाँदा आफ्नो वर्णाश्रम धर्ममा कायम रहन नसकिने देखेकाले आफूलाई कतै जान मन नलागेको स्पष्टीकरण अधिकारी दिन्छन् ।

## २.१६ भेटघाट

आफ्नाबारे अभिलेख राख्न उति चासो नराख्ने भएकाले पण्डित रुद्रमणि अधिकारीले विभिन्न विशिष्ट व्यक्तित्वहरूसँग गरेका भेटघाटका सिलसिलेवार विवरण भेटिँदैन । यस शोध प्रयोजनका लागि लिइएको अन्तर्वार्ताका क्रममा प्रसङ्गवश उल्लेख भएअनुसार उनले विभिन्न कामको सन्दर्भमा देशकमा उच्च पदस्थ तथा सम्मानित व्यक्तित्वहरूसँग भेटघाट गरेका छन् ।

उनले सम्झेअनुसार श्री ५ महेन्द्र, श्री ५ वीरेन्द्र, श्री ५ ऐश्वर्य र युवराज दीपेन्द्रसँग उनको भेटघाट भएको बुझिन्छ । देशमा सनातन हिन्दू धर्म संस्कृति र संस्कृत भाषाको उत्थानका सन्दर्भमा श्री ५ महेन्द्र तथा श्री ५ ऐश्वर्यसँग गरिएका कुराकानी फलदायी बनेका भन्ने आत्ममूल्याङ्कन अधिकारी गर्दछन् । श्री ५ ऐश्वर्यको धर्मनिष्ठा उल्लेख्य रहेको उनको ठहर छ । त्यस्तै, वि.सं. २०४४ सालमा श्री ५ युवराजाधिराज दीपेन्द्रको व्रतबन्ध गराउने क्रममा उनको शाही परिवार, राजदरबारका उच्चपदस्थ व्यक्तित्व, प्रधानमन्त्री, मन्त्रीहरू आदिसँग भेटघाट भएको बुझिन्छ ।

पञ्चायतकालीन प्रधानमन्त्रीहरू कीर्तिनिधि विष्ट, सूर्यबहादुर थापा, नगेन्द्रप्रसाद रिजाल आदिसँग विभिन्न समयमा भेट भएको प्रसङ्गवश उल्लेख गरे पनि विस्तृत विवरणमा भने उनको रुचि देखिँदैन । देशका प्रथम जननिर्वाचित प्रधानमन्त्री वीपी कोइरालाका साथै गणेशमान सिंहलगायतका नेताहरूसँगको भेटघाटमा भने प्रायः चर्को राजनीतिक बहस हुने गरेको उनी बताउँछन् ।

वि.सं. २०४४ सालमा जगत्गुरु शङ्कराचार्यसँग काठमाण्डौमा भएको भेट र सनातन धर्मका सम्बन्धमा भएको वार्तालाप पं. अधिकारीका लागि एकदमै स्मरणीय क्षणको रूपमा रहेको बुझिन्छ ।

---

[५७] *शोधनायककी माहिली श्रीमती जानकीदेवीका अनुसार ।*

अन्य विभिन्न सन्त, धर्मगुरु, महन्त, मठाधीश, योगी आदिसँग पनि उनको भेटघाट भएको छ । योगी नरहरिनाथ र ऋषिकेश शाहसँग क्रमशः धार्मिक र राजनीतिक क्षेत्रमा उनको लामो समयसम्म सहकार्य चल्यो । त्यसै गरी, उनको विभिन्न विद्वान्, साहित्यकार व्यक्तिहरूसँग पनि भेटघाट-उठबस भएको छ ।[५८]

## २.१७ पण्डित रुद्रमणि अधिकारीका प्रकाशित कृतिहरू

पण्डित रुद्रमणि अधिकारीले विशेष गरी आध्यात्मिक क्षेत्रमा कलम चलाएका छन् । उनका प्रकाशित कृतिहरूको सूची निम्नानुसार रहेको उल्लेख गरिएको पाइन्छ :

१) **सत्यसन्देश** (२००७)
२) **भविष्य पुराणको आंशिक टीका** (२००९)
३) **शाही शपथ** (२००९)
४) **विश्वशान्ति निमित्त अध्यात्मवाद** (२०१०)
५) **हिन्दूधर्म मर्म-विचार** (२०१८)
६) **दशावतार** (२०१८)
७) **संक्षिप्त साङ्ग-श्रुति परिचय** (२०२९)
८) **म्याग्दे र भिमाद** (२०३२)
९) **पञ्चायती व्यवस्था र अध्यात्मवाद** (व्यास जन्मभूमि परिचयसहित) (२०३५)
१०) **वेद व्यासद्वारा रचित दमौली र छब्दीवाराहीको महिमा** ( नेपालीमा अनुवाद) (२०४३)
११) **आत्मज्ञान** (२०४४) आदि ।

पुस्तकाकार कृतिका अतिरिक्त उनका अनेकौं फुटकर रचनाहरू नेपाली र संस्कृत भाषामा विभिन्न पत्रपत्रिका तथा सामयिक प्रकाशन ( जस्तै– स्मारिका) हरूमा प्रकाशित छन् । संस्कृत भाषामा प्रकाशित श्री ५ महेन्द्राष्टकम र श्री ५ वीरेन्द्राष्टकम उनका निकै चर्चित संस्कृत पद्य हुन । यसका अतिरिक्त उनले केही निबन्धहरूको पनि रचना गरेको देखिन्छ । तिनमा 'बूढो बाँदर', 'दुई मुखे चरो' र 'अनुशासन' रहेका

---

५८ *शोधनायकसँग भएको कुराकानीबाट ।*

छन् । त्यसै गरी उनले 'अध्यात्मवादमा संसदीय प्रणाली' शीर्षकको फुटकर कविता सिर्जना गरेका छन् । उनका थुप्रै फुटकर कविताहरू धर्म दर्शन, घटना र विचार, देशप्रेम, अर्थदूत, तरङ्ग आदि पत्रपत्रिकाहरूमा प्रकाशित रहेका छन् ।

## २.१८ पण्डित रुद्रमणि अधिकारीका अप्रकाशित कृतिहरू

संस्कृतका प्रकाण्ड विद्वान भएकाले पण्डित अधिकारीले संस्कृत भाषामा पनि प्रशस्त कृति सिर्जना गरेका छन् । तर विडम्बना नै मान्नु पर्छ कि उनका संस्कृत भाषामा लेखिएका ती कृतिहरू आजसम्म अप्रकाशित अवस्थामै छन् । यस शोधकर्ताले अध्ययनको क्रममा निम्नउल्लेखित कृतिहरू अप्रकाशित अवस्थामा फेला पार्‍यो –

१) **अध्यात्मदीपिका**
अध्यात्म चिन्तनपरक संस्कृत पद्यावली

२) **मुक्ताभरण**
संस्कृत खण्डकाव्य

३) **रुद्रकोष**
संस्कृत कोश

४) **छात्र मोदिनी**
संस्कृत व्याकरण

५) **श्रीमद्भागवत जयसंग्रह**
श्रीमद्भागवत पुराणमा गरिएको जयजयकारको शोध

६) **चिकित्सा सार**
संस्कृत वैद्यकग्रन्थ

नेपाली तथा संस्कृत भाषामा लेखिएका अन्य कतिपय ग्रन्थ र फुट्कर रचनाहरू धमिरा, ढुसी तथा आगोबाट बचाउन नसकेर नष्ट भएको पण्डित अधिकारी र उनका परिवारजनबाट थाहा लागेको छ । बाँकी रहेका (माथि उल्लेखित) मध्ये पनि कतिपयको पाण्डुलिपी अत्यन्त जीर्ण अवस्थामा रहेका, ठाउँ ठाउँमा अक्षर उडेका र च्यातिएकासमेत छन् ।

*अध्यात्मदीपिका*ले भने एक किसिमले भन्नु पर्दा पुनर्जीवन पाएको हो । उक्त पद्यावलीको मूल पाण्डुलिपी धमिराले नष्ट पारिसकेको थियो । आफ्ना पिताका प्रकाशित-अप्रकाशित कृतिहरू खोज्ने क्रममा निर्मलमणि अधिकारीले पण्डित अधिकारीका शिष्य गङ्गाधर घिमिरेबाट उक्त कृतिको अर्को प्रति प्राप्त गरेका हुन् । आफ्ना गुरुले लेखेको *अध्यात्मदीपिका* अत्यन्त मन परेकाले घिमिरेले निकै दिन लगाएर राम्रा अक्षरमा उक्त पद्यावलीलाई सारेका रहेछन् । घिमिरेको हस्ताक्षरमा सारिएको उक्त प्रति पाएपछि त्यसलाई फोटोकपी गरेर निर्मलमणिले लिएकोमा उनीद्वारा कम्प्युटरमा टङ्कण हुँदै गरेको अवस्थामा यस शोधकर्ताले *अध्यात्मदीपिका* देखेको हो । उनी सो ग्रन्थको अर्को प्रति पाइनुलाई संयोग र सौभाग्यका रूपमा व्याख्या गर्छन् ।

***

परिच्छेद - तीन

# पण्डित रुद्रमणि अधिकारीको व्यक्तित्व

कुनै पनि व्यक्तिको व्यक्तित्वको निर्माण उसको संस्कार एवं स्वाभाविक गुणकासाथै सङ्गतका आधारमासमेत हुँदै आउँछ । सार्वजनिक जीवनमा उसले गर्ने महत्वपूर्ण कार्यले पनि उसको व्यक्तित्वलाई उज्यालो पार्दै लैजान्छ । व्यक्तिमा निहित गुणले वैयक्तिक व्यक्तित्व प्रस्तुत गर्दछ भने सृजनशील एवम् सामाजिक कार्यका उच्चताले सार्वजनिक व्यक्तित्व प्रस्तुत गर्दछ । यी दुवै व्यक्तित्वका धनी पण्डित रुद्रमणि अधिकारीको व्यक्तित्वलाई विभिन्न पाटाबाट हेर्न सकिन्छ । यस सन्दर्भमा उनको बाह्य व्यक्तित्वलाई देखाउँदै आन्तरिक तथा साधनामय व्यक्तित्वमा प्रकाश पार्नु आवश्यक देखिन्छ ।

## ३.१ शारीरिक बनोट

शारीरिक संरचनाका दृष्टिले पाँच फुट भन्दा अग्ला पण्डित रुद्रमणि अधिकारी पातलो शरीर, तर ओजमय व्यक्तित्वका धनी देखिन्छन् । गहुँगोरो वर्ण, पोटिलो अनुहार, मझौला निधार, मिलेको नाक, तेजिला आँखा भएका अधिकारीको शारीरिक बनावट नेपाली कद सुहाउँदो र हृष्टपुष्ट देखिन्छ । उनी सधैं बाहिर घुमफिरमा दौरा सुरुवालमा सजिन्छन् भने घरमा बस्दा प्रायः धोतीमा देखिन्छन् । हाल उनी ८४ वर्षीय वयोवृद्ध भएको हुनाले केही निहुरेर हिँडडुल गर्दछन् ।

पण्डित अधिकारी सामान्यतः आकर्षक रूपका एवं शान्त सौम्य प्रकृतिका देखिन्छन् । स्पष्ट बोल्ने, शास्त्रीय मूल्यमान्यताअनुरूपका सारगर्भित कुरा गर्ने हुनाले कतिपय अवस्थामा उनको भनाइ कटु हुन जाने अनुभव उनी आफैलाई पनि छ ।

विशेषतः अध्ययन, मनन र चिन्तनमा लाग्ने उनको स्वभाव देखिन्छ । अधिकारी जिज्ञासु, लगनशील, मिलनसार तथा सरल स्वभावका व्यक्ति हुन् । उनी प्रायः एकान्तप्रेमी भएर निरन्तर साधनारत व्यक्ति हुन् । तापनि असल साथीहरूको समीपमा रहेर काम गर्न भने निकै मन पराउँछन् र परस्पर सहयोगको भावना राख्दछन् ।

धार्मिक-आनुवंशिक परम्पराले गर्दा विभिन्न धार्मिक स्थलहरूको भ्रमण गर्ने अभिरुचि पण्डित अधिकारीमा रहेको पाइन्छ। पुराणका ज्ञाता अधिकारीलाई भोजनमा सात्विक, पोशाकमा साधरण, रङ्गमा सेतो र रातो, स्वादमा गुलियो, फूलमा सयपत्री मन पर्दछ।

जुनसुकै कुरा पनि दिएर मात्र खाने, मागेर वा हात हालेर नखाने उनको स्वभाव देखिन्छ। साथै स्टिलको भाँडामा खानपिन गर्न रुचाउँदैनन्। उनी सूर्योदय अगाडि नै उठी आफ्नो नित्य क्रिया सकेर साधनामा लाग्ने गरेको थाहा हुन्छ।[५९]

## ३.२ साहित्यकार व्यक्तित्व

सनातन हिन्दू धर्म-संस्कृतिप्रति अगाध आस्था र विश्वास राख्ने साहित्यकार व्यक्तित्व हुन् पण्डित रुद्रमणि अधिकारी। वि.सं २००७ सालमा प्रकाशित सत्यसन्देश गद्यबाट औपचारिक रूपमा नेपाली साहित्यमा देखा परेका पण्डित अधिकारीको झन्डै ६ दशक लामो साहित्यिक यात्राका क्रममा गद्य-पद्य पुस्तकाकार कृतिहरू प्रकाशन भइसकेका छन् भने पत्रपत्रिकामा विविध फुटकर गद्य-पद्य रचनाहरू छरिएर रहेका छन्।

उनले लेखन गद्यबाट थालनी भएको भए पनि उनलाई गद्य र पद्य दुवै विधामा सफलता मिलेको देखिन्छ। पण्डित रुद्रमणि अधिकारीको व्यक्तित्वलाई निम्नलिखित विविध पाटाहरूका आधारमा अध्ययन गर्न सकिन्छ -

### ३.२.१ कवि व्यक्तित्व

वि.सं २००७ सालमा 'सत्य सन्देश' गद्य प्रकाशित गरेर पहिलो पटक नेपाली साहित्याकाशमा देखापरेका पण्डित अधिकारीका एक दर्जन पुस्तकाकार कृतिहरू प्रकाशित रहेका छन्। गद्य विधाका माध्यमबाट साहित्य क्षेत्रमा देखापरे पनि पछि उनको लेखन पद्यविधातर्फ बढी मोडिदै गएको पाइन्छ। उनका प्रकाशित कृतिहरूमध्ये आधा कृतिहरू गद्य र आधा कृतिहरू पद्यमा सिर्जित छन्।

---

५९ *शोधनायककी कान्छी पत्नी रमादेवी अधिकारीबाट प्राप्त जानकारी अनुसार।*

अधिकारीका फुटकर कविताहरू धर्म दर्शन, तरङ्ग साहित्यिक मासिक, घटना र विचार साप्ताहिक, देशप्रेम साप्ताहिकका विभिन्न अङ्क, अर्थदूत साप्ताहिकका विभिन्न अङ्कलगायतका पत्रपत्रिकाहरूमा प्रकाशन भएका छन् । महेन्द्र संस्कृत विश्वविद्यालयदेखि लिएर मीन माध्यमिक विद्यालयसम्मले निकालेका विभिन्न स्मारिकाहरूमा पनि अधिकारीका संस्कृत तथा नेपाली पद्यहरू प्रकाशित छन् । तिनीहरूको सङ्ग्रह भने निस्कन सकेको छैन । उनका फुटकर कविताहरू पनि मुख्यतः आध्यात्मिक सन्देशमूलक, उपदेशमूलक र शिक्षामूलक रहेका छन् ।

सामान्यतया गद्य र पद्य दुवै विधामा उनको सफलता देखिन्छ । तथापि दशावतारजस्ता पद्य रचनाहरू लोकजीवनमासमेत विशेष लोकप्रिय रहेको पृष्ठभूमिमा उनका पद्य रचना तुलनात्मक रूपमा सशक्त रहेको निष्कर्षमा पुग्नु पर्ने हुन्छ ।

### ३.२.२ समालोचक व्यक्तित्व

पण्डित रुद्रमणि अधिकारीको लेखनको मुख्य विषय समालोचना क्षेत्र नभए पनि उनले केही समालोचनात्मक कृतिको रचना पनि गरेका छन् । तीमध्ये केही संस्कृत भाषामा पनि छन् । 'संस्कृत भाषाको अनिवार्यता', 'चिकित्सा सार सङ्ग्रह', 'शिखा विवेक', 'पुनर्जन्म विवेक', *सक्षिप्त-साङ्ग श्रुति परिचय, हिन्दू-धर्म मर्म-विचार* आदि उनका समालोचनात्मक प्रतिभाका परिचायक हुन् ।

अधिकारीको समालोचक व्यक्तित्व मूलतः पुर्वीय समीक्षा पद्धतिबाटै प्रभावित देखिन्छ भने पश्चिमी शैलीलाई उनले ठाडै अस्वीकार गरेको देखिन्छ । गुण पक्षलाई बढी केलाउने, कृतित्वको राम्रो आयाममा उनको समालोचकीय व्यक्तित्व उठेको पाइन्छ । भाषिक सरलता र मिठास, तर्कलाई संयोजितरूपमा प्रस्तुत गर्ने शिल्पले पनि यस व्यक्तित्वलाई झल्काएको देखिन्छ ।

### ३.२.३ निबन्धकार व्यक्तित्व

पण्डित रुद्रमणि अधिकारीको निबन्ध विधामा त्यति धेरै कलम चलेको देखिँदेन । उनले 'बूढो बाँदर', 'दुई मुखे चरो', 'अनुशासन' जस्ता केही फुटकर निबन्धहरू रचना गरे तापनि कुनै निबन्ध सङ्ग्रह प्रकाशन

गरेको देखिँदैन । यी निबन्धहरू मूलतः विद्यार्थी वर्गका लागि लेखिएका हुन् ।[६०]

यी निबन्धका आधारमा भन्नु पर्दा पण्डित अधिकारी वर्णनात्मक र विचारात्मक निबन्धकार हुन् । निबन्धकारको रचनाशैली सरल छ । यी निबन्धहरू छोटा छरिता भइकन पनि सारगर्भित छन् र थोरै परिमाणमा धेरै विचार अटाउन सक्नु अधिकारीको कलात्मक पक्ष हो । थोरै सङ्ख्या भए पनि उनका निबन्धहरू सबै खालका पाठकका लागि उत्तिकै ज्ञानबर्द्धक र मार्गदर्शकका रूपमा आएका छन् ।

### ३.३ साहित्येतर लेखक व्यक्तित्व

पण्डित रुद्रमणि अधिकारीले साहित्यका साथसाथै साहित्येतर विधामा पनि कलम चलाएको देखिन्छ । वि.सं. २०३१ सालमा *शुभराज्यभिषेक विधि* नामक पुस्तिकामा प्रकाशित शुभराज्याभिषेकसम्बन्धी लेख त्यसको एक उदाहरणका रूपमा लिन सकिन्छ । त्यसैगरी, उनले उपचार विधिसँग सम्बन्धित 'चिकित्सा सार सङ्ग्रह' नाम वैद्यक ग्रन्थ पनि लेखेको पाइयो । यसबाट उनको साहित्येतर लेखक व्यक्तित्व पनि प्रकट भएको छ ।

### ३.४ शिक्षक व्यक्तित्व

पण्डित रुद्रमणि अधिकारीले सिद्धेश्वर ब्रह्मचर्य आश्रम कलैयाबाट व्याकरण र न्याय विषयमा वि.सं. १९९८ सालमा आचार्य गरलगत्तै सर्वप्रथम तनहुँ दबुडस्थित पब्लिक पाठशालामा वि.सं. १९९९ सालदेखि अध्यापन गर्न थाली विभिन्न स्थानमा गरी २८ वर्ष सम्म निरन्तर अध्यापन गरेको देखिन्छ ।

पण्डित अधिकारीको शिक्षक व्यक्तित्व सुरुदेखि नै प्रभावकारी र आकर्षक भएको देखिन्छ । पाठशाला, ब्रह्मचर्य आश्रम र विद्यालयमा उनको व्याख्यान सुन्न विद्यार्थीहरू लालायित हुन्थे । उनले पढाएका विद्यार्थीहरू हाल देशको उच्च तहसम्म कार्यरत रहेका छन् । उनले

---

६० *शोधनायकबाट प्राप्त जानकारी ।*

पढाएको विषयमा विद्यार्थीहरूले उच्चतम अङ्क ल्याएको हुनाले पनि अधिकारीको शिक्षणकला गुणात्मक रहेको स्पष्ट हुन्छ ।[६१]

## ३.५ धार्मिक/आध्यात्मिक व्यक्तित्व

पण्डित रुद्रमणि अधिकारी वेद-वेदाङ्गका विद्वान हुन् । उनले संस्कृतबाटै आचार्यसम्मको अध्ययन हासिल गरेका छन् । वैदिक दर्शन र पुराणका आधिकारिक विद्वानका रूपमा देश-देशावरमा चर्चित उनले दर्जनौं स्थानमा आचार्य भई श्रीमद्भागवत, शिवपुराण, देवीभागवत्, सूर्यपुराणलगायतका पुराण प्रभावशाली ढङ्गले वाचन गरेको देखिन्छ । कतिपय ठाउँमा गणेश मन्दिर , विद्यालय, पार्वती मन्दिर, बाटा-घाटो, पाटी-पौवा, पुल, भवन आदि निर्माणका लागि उनले बिनापारिश्रमिक पुराण वाचन गरेको देखिन्छ । उनको वेदान्तमा पनि गहिरो अध्ययन रहेको पाइन्छ । उनी पण्डित मात्र नभई ज्योतिष विधाका पनि प्रकाण्ड विद्वान् हुन् । गणित ज्योतिषका साथै ग्रहदशा हेर्ने, चिना बनाउने, भविष्यफल हेर्ने जस्ता फलित ज्योतिषका क्षेत्रमा पनि उनी निपूर्ण मानिन्छन् ।[६२]

उनी सनातन हिन्दूधर्मका कट्टर अनुयायी हुन् । अधिकारी आफ्नो धर्म संस्कृति सुहाउँदो काम गर्नु पर्ने मान्यता राख्छन् । हरेक दिन सूर्योदय अघि नै उठी आफ्नो नित्य कर्म पूजा गरेपछि मात्र उनी अरु कार्य थाल्छन् ।[६३]

अधिकारीले सबैभन्दा सफलता पाएको क्षेत्र भनेको धार्मिक नै हो । विभिन्न क्षेत्रमा धर्मशास्त्र सम्बन्धी विवाद परेमा त्यसको निराकरण गर्न विद्वानहरू पं. अधिकारीसमक्ष आउने गरेको र त्यसपछि उनले समस्या सहजै टुङ्गो लगाएका अनेक सन्दर्भहरू छन् । धर्मसम्बन्धमा उनको आधिकारिकता मानिएको र उनको निर्णय लागू भएको देखिन्छ ।[६४]

---

[६१] *डिल्लीराम मिश्रबाट प्राप्त जानकारी अनुसार ।*

[६२] *पूर्ववत् ।*

[६३] *शोधनायककी कान्छी श्रीमती रमादेवीबाट प्राप्त जानकारी अनुसार ।*

[६४] *शोधनायकका छोरा निर्मलमणिका अनुसार ।*

## ३.६ राजनीतिक व्यक्तित्व

पण्डित रुद्रमणि अधिकारी क्रूर तानाशाही जहानीया राणाशासनको विरोधबाट वि.सं. २००४ साल अघिदेखि राजनीतिमा प्रवेश गरेको देखिन्छ । यसअघि, बनारसमा रहेका उत्साही युवाहरूले वि.सं २००३ सालमा "अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेस" को स्थापना गरेका थिए । यसको नाम, उद्देश्य र कार्य सञ्चालन प्रक्रियाबारे विचार विमर्श गर्न वि.सं २००४ सालमा कलकत्तामा सम्मेलन भयो, जसमा पार्टीको नाम "नेपाली राष्ट्रिय कांग्रेस" राखियो । यसको मुख्य उद्देश्य राणाशासनको अन्त्य गरी श्री ५ को नेतृत्वमा जनउत्तरदायी सरकारको गठन गर्नु थियो ।[६५]

अङ्ग्रेजका पिठ्ठू राणालाई हटाई श्री ५ को सक्रिय नेतृत्वमा देश अगाडि बढाउने उपर्युक्त पार्टीको उद्देश्यसँग समहमत भई अधिकारी सो पार्टीमा संलग्न भए । राजनीतिक जीवनमा उनी पार्टीको केन्द्रीय सदस्यसम्म भएका थिए । नेपाली राष्ट्रिय कांग्रेसको महाधिवेशनमा उनले लेखेको गीतलाई स्वदेश गान मानी गाइएको उनी स्मरण गर्छन् ।

पार्टीमा हुने टुटफुटबाट उनी पनि प्रभावित हुनु अस्वाभाविक थिएन । यसै क्रममा अधिकारी ऋषिकेश शाह गुटमा आबद्ध भएको देखिन्छ । पछि भने शाह गुट पनि वीपी कोइरालाको नेतृत्वमा रहेको नेपाली कांग्रेससँगै एकीकृत भएको थियो । पार्टीमा उनले नेपालीपन कहिल्यै छाड्नु हुँदैन भन्ने मत राख्दा वीपी कोइरालालगायतका आधुनिकतावादीसँग मतभेदसमेत भएको बुझिन्छ ।

एकातिर राजनीतिक सहकर्मीहरूबाट धर्मशास्त्रहरूउपर गरिने नकारात्मक टिप्पणीले उनी दुःखी थिए भने अर्कोतिर सहकर्मीहरूको व्यवहार पनि धर्मशास्त्रप्रतिकूल रहेको उनले देखे । यस्तैमा, पार्टीका एकजना कार्यकर्ताले उनलाई "गुरु, राजनीति भनेको अर्कालाई मान्ने खेती हो । हजुर त धर्मशास्त्रका विद्वान, हामी सबैले मान्नु पर्ने व्यक्ति हुनुहुन्छ; हजुरले यो राजनीति छाडिदिनुस् ।" भनेपछि उनलाई घैंटामा घाम लागेजस्तै भयो । यसपछि उनले सक्रिय राजनीति छाडे ।

---

६५ *ज्ञानेश्वर भट्टराई; **बृहत ज्ञानकोश;** काठमाडौं : आशिष पुसतक भण्डार: २०६१ पृ. १२२ ।*

सक्रिय राजनीति छाडेपछि पनि उनले सामान्य राजनीतिक चासो भने छाडेका थिएनन् । खासगरी, २०१७ सालमा श्री ५ महेन्द्रद्वारा गरिएको राजनीतिक परिवर्तन र अध्यात्मवादलाई नै पञ्चायती व्यवस्थाको आधार बनाउने उद्घोषले अभिप्रेरित भएर उनले पञ्चायती व्यवस्थालाई समर्थन र बौद्धिक सहयोग गरे । राष्ट्रिय जनमत संग्रहमा पञ्चायत पक्षमा मतदान गर्न जनसाधारणलाई उनले खुलेर आह्वान गरे । तर स्वयम् उनकै छोराहरूसमेत त्यतिखेर बहुदलको पक्षमा सक्रिय प्रचारमा लागेका थिए । राष्ट्रिय परिणाममा पञ्चायतको जीत भए तापनि उनको गृह जिल्ला तनहुँमा भने बहुदल पक्षको बहुमत आएको थियो । आफूलाई पूर्णतः आध्यात्मिक कर्ममा केन्द्रित गर्ने उद्देश्यले वि.सं २०३८ सालबाट उनले राजनीतिलाई पूर्णतः तिलाञ्जली दिए ।[६६]

## ३.७ सामाजिक-सांस्कृतिक व्यक्तित्व

सङ्घ संस्थाका माध्यमबाट मात्र नभई सामान्य रूपमा पनि समाजसेवाप्रति अभिरुचि राख्ने पण्डित रुद्रमणि अधिकारीमा सानैदेखि परोपकारी भावना रहेको थियो ।[६७] सक्दो सेवा गर्ने प्रवृत्तिले उनलाई डोऱ्याएको देखिन्छ । उनले बिनापारिश्रमिक ठाउँ ठाउँमा विद्यालय, मन्दिर, पाटी-पौवा आदि निर्माणका लागि पुराण वाचन गरेको देखिन्छ । उनले लुम्बिनीको रजहरमा शिवमन्दिर बनाउनका लागि पुराणवाचन गरी सो वापत सङ्कलन भएका धान पैसा उक्त मन्दिर निर्माण समितिलाई प्रदान गरेको देखिन्छ । त्यस्तै चितवनको प्रगतिनगरमा विद्यालय निर्माणका लागि, तनहुँको जमुनेमा अकला देवीको स्थापनाका लागि उनले बिनापारिश्रमिक सप्ताहाव्यापी पुराण वाचन गरेको देखिन्छ । त्यस्तै तनहुँको छबिसे भन्ने स्थानमा म्याग्दे खोलाको किनारमा निजी खर्चमा दुर्गा मन्दिरको स्थापना गरेको देखिन्छ ।

योगी नरहरिनाथद्वारा स्थापित बृहत् आध्यात्मिक परिषद्को केन्द्रीय सदस्य रहेका अधिकारीले विश्व हिन्दु महासंघको केन्द्रीय सदस्य र आजीवन सदस्य र नेपाल सन्त समाजको आजीवन सदस्य भएर कार्य गरेका छन् । गाउँ पञ्चायतको सचिव, मनोनित सदस्य तथा विद्यालय सञ्चालक समितिको सदस्यका रूपमासमेत उनको योगदान देखिन्छ ।

---

६६ *शोधनायकसँगको कुराकानीका आधारमा ।*

६७ *शोधनायकका छिमेकी एवं भाइ (काकाका छोरा) श्रीकान्त अधिकारीका अनुसार ।*

पण्डित रुद्रमणि अधिकारी सांस्कृतिक क्षेत्रमा छात्र अवस्थामा देउसी-भैलो आदि खेलमा अभिरुचि देखिए पनि खास संलग्नता भने पाइदैन । अधिकारी आजीवन धर्म-संस्कृतिको उन्नयनमा लागिपरिरहेको देखिन्छ । धर्मग्रन्थ र धार्मिक कृत्य भन्दा बाहिर मनोरञ्जन पनि उनी त्यति मन पराउँदैनन् । विभिन्न ठाउँमा मन्दिरको निर्माण कार्यमा सहयोग पुऱ्याउनु एवं निर्माण भएका देवीदेवताका मन्दिरमा दैनिक नित्य पूजाआजा, भजन, कीर्तन गर्ने व्यवस्था मिलाउनुमा उनको विशेष चासो छ । यही क्रममा हुने भजन, कीर्तन, नृत्य आदिमा भने उनी रमाउँछन् । यही नै उनको सांस्कृतिक जीवनको परिचायक हो ।

## ३.८ अन्वेषक व्यक्तित्व

पं. रुद्रमणि अधिकारीको व्यक्तित्वका अनेक पक्षमध्ये अन्वेषक व्यक्तित्व पनि एउटा हो । उनले आफ्ना कृतिहरूमार्फत् मुख्यतया तनहुँ जिल्लाका विभिन्न स्थानसँग सम्बन्धित ऐतिहासिक-प्रागैतिहासिक इतिहास केलाई कतिपय मान्यताहरू स्थापितसमेत गराएको देखिन्छ ।

वेदव्यास अर्थात् कृष्णद्वैपायन व्यासको जन्म-कर्मस्थल हाल नेपालको तनहुँ जिल्लाको सदरमुकाम रहेको दमौली हो भन्ने तथ्यलाई पुष्टि गर्न धर्मशास्त्रहरूको शोध गरी उनले 'व्यास जन्मभूमि परिचय' लेखे, जो वि.सं. २०३५ सालमा *पञ्चायती व्यवस्था र अध्यात्मवाद*सँगै प्रकाशन भयो । त्यस्तै, उनले *वेदव्यासद्वारा रचित दमौली र छाब्दी वाराहीको महिमा* (नेपालीमा अनुवाद) वि.सं. २०४३ सालमा प्रकाशन गरी उनले दमौली नै व्यास जन्मभूमि हो भन्ने मान्यतालाई थप पुष्टि गर्न योगदान दिएका थिए ।

महर्षि धौम्यको आश्रम पनि तनहुँ जिल्लामै पर्ने तथ्य अधिकारीले वि.सं. २०२९ सालमा *संक्षिप्त साङ्-श्रुति परिचय*मार्फत् सार्वजनिक गरेका थिए । त्यस्तै, पञ्चपाण्डवमध्येका माहिला भाइ भीमसेनले बाँध बाँधेको स्थान (भीमबन्ध) नै अहिले भिमाद हो भन्ने तथ्य अधिकारीले वि.सं. २०३२ सालमा *म्यागदे र भिमाद* मार्फत् सार्वजनिक गरेका थिए । अधिकारीका अन्वेषणलाई पुरातत्वशास्त्रका आधारमा जाँच-परख गर्न त बाँकी नै छ, तर उनको निष्कर्षलाई ठूलो जनसमूहले अनुमोदन गरी तदनुरूप व्यवहारसमेत गरिरहेको पक्ष पनि बिर्सन मिल्दैन । संक्षेपमा भन्नु पर्दा, तनहुँ क्षेत्रको इतिहास शास्त्रीय

दृष्टिकोणबाट निरूपण गर्न रुचि राख्नेहरूका लागि उनी आधिकारिक स्रोतव्यक्तिको रूपमा रहेको देखिन्छ ।

## ३.९ साहित्यिक तथा जीवनदर्शनसम्बन्धी मान्यता

प्रत्येक मानिसको जीवनसम्बन्धी भिन्नाभिन्नै दृष्टिकोण तथा मान्यता रहेको पाइन्छ । मान्छे विवेकशील पनि भएकाले ऊ आफ्नो जीवन सार्थक बनाउन चाहन्छ । त्यो सार्थकताको कसी भने उसले आफ्नो जीवनदर्शनका आधारमा तय गरेको हुन्छ ।

पण्डित रुद्रमणि अधिकारीको साहित्यिक मान्यताको सन्दर्भमा उनी भन्दछन् - "साहित्य सिद्धान्तअनुरूप हुनुपर्छ । साहित्यका नाममा छाडापन हुनुहुँदैन । हाम्रो हिन्दू संस्कृति अनुरूप साहित्य लेखिनु पर्दछ ।"[६८] विशेष गरी पूर्वीय साहित्य सिद्धान्तको अध्ययन मनन गरेर मात्र साहित्यिक मान्यता स्थिर गर्नुपर्ने र देखावटी रूपलाई भन्दा मानवीय अन्तर्पक्षलाई अगाडि बढ्न प्रेरणा दिने खालको साहित्यिक दृष्टि हुनुपर्ने भन्नेमा उनी जोड दिन्छन् ।[६९] उनका कृतिहरूमा उपर्युक्त मान्यता नै ओतप्रोत रहेको देखिन्छ ।

पण्डित रुद्रमणि अधिकारीको जीवनदर्शनसम्बन्धी दृष्टिकोण पनि आफ्नै किसिमको रहेको देखिन्छ । उनको जीवनदर्शन आर्यसंस्कृति अनुरूप रहेको छ । अधिकारी वर्णाश्रममा आधारित हिन्दूधर्मका पक्षपाती व्यक्ति देखिन्छन् । ईश्वरीय चिन्तनले जीवनको गोरेटोलाई सम्हाल्न सक्नुपर्छ भन्ने उनको दृष्टिकोण छ । स्वर्ग र नर्क दुवै कुरामा उत्तिकै विश्वास राखी दुवैको सिद्धिका लागि उचित कार्य गर्नु मानवको कर्तव्य हो भन्ने उनको मान्यता रहेको छ । वेद, पुराण आदि धर्मग्रन्थहरू नैतिक सन्देश दिने पुराना सामग्री हुन्, यिनको वाचन गर्ने र उचित संरक्षण दिने काम गरी समाजलाई नैतिकताको पाठ सिकाउनुपर्दछ[७०] भन्ने उनको धारणा रहेको देखिन्छ ।

---

६८ *शोधनायकसँगको अन्तर्वार्तामा व्यक्त विचार ।*

६९ *पूर्ववत् ।*

७० *पूर्ववत् । साथै, पण्डित रुद्रमणि अधिकारीले 'हिन्दू-धर्म मर्म-विचार' पुस्तकभरि नै यस्ता विचार स्पष्टत: व्यक्त गरेको देखिन्छ ।*

प्रायः सादा जीवन र उच्चविचारको भावनालाई आत्मसात गर्ने पण्डित अधिकारी सबै भन्दा ठूलो कल्याण परोपकारलाई नै मान्दछन् । उनी मनुष्य जन्मको सफलता त्यो हो, जसले योगद्वारा आत्मा चिन्न सक्दछ भन्छन् । आफू बाँच्ने र अरूलाई पनि बाँच्न दिने भावना बोकेका पण्डित अधिकारीले मानव-मानवमा सहअस्तित्व कायम गरी सच्चा मानव भएर बाँच्नु नै जीवनको सही उद्देश्य हो भन्ने निष्ठालाई पनि अँगालेको पाइन्छ ।[७१]

पं. अधिकारीको साहित्यिक तथा जीवन दर्शन विवादको घेराबाट मुक्त हुन भने सक्दैनन् । एकातिर आफूलाई नास्तिकका रूपमा चिनाउन चाहनेहरूका तर्क छन् भने अर्कातिर आस्तिकका रूपमा चिनाउन चाहनेहरूकै बीचमा पनि मतैक्य छैन । साथै, धर्मका नाममा हुने गरेका अनेक विकृति र विसङ्गतिले पनि धार्मिक विश्वासमाथि प्रश्न चिह्न खडा गराइरहेका छन् । यस्तो पृष्ठभूमिमा अधिकारीको आग्रह भने सनातन हिन्दू धार्मिक मान्यतालाई नै एक मात्र सत्य देख्ने भन्ने छ ।

तर यसैको अर्को पाटो पनि हामीले ख्याल पुऱ्याउनु पर्ने हुन्छ । अधिकारीको साहित्य र जीवन दर्शनप्रति असहमति हुनेले पनि स्पष्टै देख्ने कुरा के हो भने अधिकारी आफ्ना दार्शनिक मान्यताप्रति सिद्धान्ततः र व्यवहारतः दुवै किसिमबाट पूर्ण इमान्दार छन् । सिद्धान्त एक किसिमको फलाक्ने र व्यवहार अर्कै किसिमको गर्ने प्रवृत्तिबाट कत्ति पनि ग्रसित नभएर आफ्नो आस्थाप्रति अविचलित भइरहनु सामान्य कुरो होइन । नेपालको इतिहासलाई नै बदल्ने २००७ साल, २०१७ साल, २०४६ साल र २०६३ सालका परिवर्तनहरूले पनि उनका मूलभूत वैयक्तिक मान्यताहरूलाई खल्बल्याएका छैनन् । यही दृढताले नै उनको विशिष्टता झल्काइरहेको छ भन्दा अत्युक्ति हुने छैन ।

मानव इतिहास सभ्यताहरूको इतिहास हो र सभ्यताले नै मानिसहरूका लागि बृहद् परिचय प्रदान गरेको छ भन्ने अमेरिकी विद्वान स्यामुएल पी. हन्टिङ्टनको मत छ ।[७२] सभ्यताहरूलाई निजात्मक परिभाषा दिने तत्वहरूमध्येमा सबै भन्दा प्रमुख तत्व धर्म नै रहेको पनि

---

७१ *पूर्ववत् ।*

७२ *स्यामुएल पी. हन्टिङ्टन; द क्ल्यास अफ् सिभिलाइजेसन्स एण्ड रिमेकिङ्ग अफ् वर्ल्ड अर्डर; इण्डिया : भाइकिङ्ग पेन्गुइन, सन् १९९७, पृ. ४० ।*

उनको पर्यवेक्षणले देखाएको छ ।[७३] उनले भनेझैं सभ्यताहरूको आधारमा संसारको पुनर्निर्माण भइरहेको र त्यसमा धर्मले अहम् भूमिका निर्वाह गरिरहेको हो भने त नेपालको हिन्दू समुदायका लागि पं. रुद्रमणि अधिकारीको सान्दर्भिकता झन् बढ्ने पो देखिन्छ ।

## ३.१० जीवनी, व्यक्तित्व र लेखनकाबीच अन्तर्सम्बन्ध

पण्डित रुद्रमणि अधिकारीको साहित्यिक लेखनमा उनको जीवन भोगाइ, पारिवारिक पृष्ठभूमि, वंशाणुगत संस्कार तथा पेसागत कार्यको पनि महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । तिनको क्रमशः तल चर्चा गरिन्छ ।

### ३.१०.१ जीवन भोगाइ र लेखनकाबीच अन्तर्सम्बन्ध

पण्डित अधिकारीको लेखनमा उनको जीवन भोगाइले पनि प्रभाव पारेको देखिन्छ । उनी अध्ययनका क्रममा बाल्यकालको प्रारम्भिक प्रहरमै घर छाडेर देशका विभिन्न ठाउँमा बसेको देखिन्छ । यी विभिन्न ठाउँमा बस्दा उनले अपरिचित मानिसहरूलाई परिचित र पराइहरूलाई आफन्त बनाउने नगरी सुखै थिएन । केबल नौ वर्षकै उमेरमा मातासँग वियोग भएकाले उनले स्नेहको अनुभव पनि अरुबाट लिनु परेको थियो । यस्तो परिस्थितिमा उनले रगतको नाता-सम्बन्धको संकुचित घेराभित्र रहेर भन्दा पनि "वसुधैव कुटुम्बकम्" भन्ने हिन्दू मान्यताबाट माया-प्रेमको अनुभूति लिनु पर्ने अवस्था आइपर्नु स्वाभाविकै थियो । उनका कृतिमा पनि यो संसार सारा मानवको साझा घर हो, हामी सबै ईश्वरका सन्तान हौं र सारा मानव मिली शान्तिपूर्वक बस्नु पर्दछ भन्ने विचार पोखिएको पाइन्छ ।

अनेक पाठशालाहरूमा अनेक गुरुहरूसँगको छुट्टाछुट्टै अनुभव र अनेक विद्वानहरूका सत्सङ्ग पनि उनलाई लेखनमा पर्याप्त उर्जा थपेको देखिन्छ । उनको लेखाइमा पाइने तार्किकताको आधार पनि त्यसैबाट परिपुष्ट भएको बुझिन्छ ।

ब्राह्मण, कुलीन, धार्मिक र शास्त्रीय जीवन भोगाइ रहेको पण्डित अधिकारीको परिवार केही हदसम्म खेतीपातीमा पनि तल्लीन

---

[७३] *पूर्ववत्, पृ. ४२*

रहेकाले उनको सोचमा पनि त्यसको प्रभाव पर्नु अस्वाभाविक होइन । गाउँघरको बसाइ, उकालो ओरालो, डाँडा भञ्ज्याङको ओहोर दोहोर, र खेतीपाती तथा मेलापातजस्ता गाउँले पाराको जीवन भोगाइ उनका कृतिहरूमा झल्किएका छन् । धार्मिक विषयका परिचर्चामा पनि ग्रामीण कृषि जीवनका उदाहरणहरू टुपुक्क राख्न सक्नुमा अधिकारीको जीवन भोगाइले नै भूमिका खेलेको मान्नु पर्छ ।

## ३.१०.२ पारिवारिक पृष्ठभूमि र लेखनकाबीच अन्तर्सम्बन्ध

पण्डित रुद्रमणिको लेखनमा उनको पारिवारिक पृष्ठभूमि पनि प्रमुख रहेको देखिन्छ । उनका पुर्खा श्री ५ पृथ्वीनारायण शाहसम्म पहुँच भएका र मान्य विद्वानका रूपमा बिर्ता पाउनसमेत सफल रहेका थिए । उनका हजुरबुवा डिल्लीराम उपाध्याय अधिकारी प्रसिद्ध पुराणवाचक एवं कवि र बाबु लक्ष्मीनाथ उपाध्याय अधिकारी पनि निजामती सेवामा जागिरे र शिक्षित तथा गाउँका भलादमी थिए । त्यस्तै उनका मामाहरू पनि शिक्षित रहेको देखिन्छ । फुपूहरू कौशिला, माधवी र फत्तुमाया पनि तत्कालीन युगमा महिला भएर पनि पढ्नु/पढाउनु पर्छ भन्ने भावना बोकेका देखिन्छन् ।

घर तथा मावली दुवैतिरको यस्तो वातावरणले सानैदेखि उनमा ज्ञानको भोक जागेको थियो । त्यस्तो पारिवारिक पृष्ठभूमिको प्रभाव पण्डित अधिकारीमा पर्नु स्वाभाविकै देखिन्छ । सामान्य लेखपढ गरेर तथा पुरोहित मात्र बनेर नहुने, पण्डित नै बन्नु पर्ने भनेर उनलाई शैशवावस्थादेखि नै भनिने गरेको थियो ।[७४]

त्यसरी शैशवावस्थादेखि नै आर्य हिन्दू धर्मशास्त्र र संस्कारको महिमागान सुन्दै हुर्केका हुनाले पनि पछि गएर लेखनको प्रमुख विषय पनि त्यही बनाउनमा उनी अभिप्रेरित भएका हुन् ।[७५] यसरी उपर्युक्त पारिवारिक पृष्ठभूमिले रुद्रमणिको लेखनको भावी दिशालाईसमेत प्रभाव पारेको देखिन्छ ।

---

[७४] *शोधनायकका अनुसार ।*

[७५] *पूर्ववत् ।*

### ३.१०.३ वंशानुगत संस्कार र लेखनकाबीच अन्तर्सम्बन्ध

कुनै पनि व्यक्तिको उठानमा उसको वंशले सहजै प्रभाव पार्दछ । पण्डित रुद्रमणिले प्रसिद्ध विद्वान तथा कवि व्यक्तित्व हुन सफलता पाउनुमा पनि उनको वंशाणुगत संस्कारको प्रत्यक्ष प्रभाव देखिन्छ ।

धर्मशास्त्रहरूको अध्ययन-अध्यापन, यज्ञ गर्नु–गराउनु तथा दान लिनु–दिनु उनको पुर्ख्यौली कर्मको रूपमा रहेको देखिन्छ ।[७८] सोहीअनुरूप कर्मरत रहेका उनका पुर्खालाई बिर्ता दिई तनहुँ छाङ्गमा पठाइएको थियो । उनका हजुरबुवा डिल्लीराम उपाध्याय अधिकारी प्रसिद्ध पुराण वाचक एवं कवि थिए भने बाबु लक्ष्मीनाथ निजामतीका जागिरे र गाउँका नामुद भलादमी थिए । उनीबाट परम्परागत पुरोहित्याइँ पनि हुन्थ्यो । पं. रुद्रमणिको वंशले जानेको र मानेको संस्कार भनेको हिन्दू धर्मशास्त्रले बताएको संस्कार नै थियो । त्यसैले उनले धर्मशास्त्रहरूको विशद् अध्ययन गरी पण्डित बन्न चाहनु वंश परम्परा अनुकूलको उद्देश्य थियो ।

उनले राणा शासनको विरोध गरी श्री ५ महाराजाधिराजको पक्ष लिनुमा त झन् उनको वंश परम्परा नै कारक तत्व रहेको स्पष्टै छ । पुस्तौँअघिदेखि शाह वंशप्रतिको पक्षधरताका कारण उनले राजाको महिमामण्डन गर्नु स्वाभाविक थियो भने विधर्मी अंग्रेजका पक्षधरका रूपमा रहेका भन्ठानिएका राणाको विरोध गर्नु उनको कर्तव्य हुन आउँथ्यो । त्यही क्रममा ‘सत्यसन्देश’ लेखी लेखन क्षेत्रमा प्रवेश गरेबाट उनका लागि लेखन पनि अध्यापन, पुराणवाचन तथा पुरोहित्याइँजस्तै वंश परम्पराबाट प्राप्त कर्मकै विस्तार थियो भन्न सकिन्छ ।

जनक्रान्तिको सफलतापछि लेखन क्षेत्रमा उनको सक्रियता झन् बढ्यो । यसको कारण दिँदै उनले भनेका छन्कि पार्टीका कार्यकर्ताहरूले हिन्दू धर्मशास्त्र प्रतिकूल कुराहरू प्रचार र काम गर्न थालेपछि जनसमुदायलाई भ्रमबाट मुक्त गर्न उनी आफ्नै पूर्वसहकर्मीविरुद्ध लाग्नु पऱ्यो । यसबाट त उनको लेखन र वंशानुगत संस्कारबीचको अन्तर्सम्बन्ध झन् स्पष्ट हुन्छ । एकातिर अधिकारी आफ्नो पुर्ख्यौली

---

[७८] *ब्राह्मणको कर्म अध्ययन-अध्यापन, यज्ञ गर्नु–गराउनु तथा दान लिनु–दिनु रहेको मनुस्मृति १।८८ मा निर्धारण गरिएको पाइन्छ ।*

कर्मका रूपमा अध्ययन-अध्यापन, यज्ञ गर्नु-गराउनु तथा दान लिनु-दिनुमा व्यस्त थिए भने अर्कातिर पार्टीका कार्यकर्ताहरू त्यस्ता संस्कारहरूलाई गलत भन्ने प्रचार गरिरहेका थिए । यस्तो अवस्थामा अधिकारी र उनका पूर्वसहकर्मीहरूको स्वार्थ बाझेकाले उनी आफूले पुस्तौँदेखि मानिआएको धर्मको पक्षमा सशक्त लेखनीकासाथ अघि आए । यसरी अधिकारीका वंशानुगत संस्कार र लेखन एक-अर्कासँग छुट्ट्याउनै नमिल्ने गरी अन्तर्सम्वन्धित देखिन्छन् ।

### ३.१०.४ पेसा र लेखनकाबीच अन्तर्सम्बन्ध

पण्डित रुद्रमणि अधिकारीले आफ्नो जीवनमा मुख्य गरी शिक्षण र पुराणवाचन पेसा अँगालेको देखिन्छ । उनले विभिन्न संस्कृत पाठशाला, पब्लिक स्कुल तथा सरकारी स्कुलमा गरी करिब २८ वर्ष शिक्षण गरेका थिए । त्यस्तै, उनले दर्जनौं स्थानमा मुख्य आचार्य भई पुराणवाचन गरेको पाइन्छ । यसरी उनका दुवै पेसाको साझा विशेषता भनेको सर्वसाधारणलाई ज्ञान बाँड्ने, अर्ती-उपदेश दिने रहेको देखिन्छ । तिनै पेसाका विशेषताअनुरूप उनका गद्य-पद्य कृतिहरू पनि अर्तीमूलक-उपदेशात्मक छन् । उनका कृतिहरूमा स्रष्टाका हैसियतमा पनि उनी निरपेक्ष वर्णनकर्ताका रूपमा नभई अर्ती-उपदेशकर्ताका रूपमा छन् । यसरी उनका कृतिहरूमा सार र रूप दुवै पक्षमा उनको शिक्षक र पुराणवाचक व्यक्तित्वको मुख्य प्रभाव परेको छ ।

उनले अँगालेको अर्को पेसा खेतीपाती हो । तर अधिकांश समय अध्यापन र धार्मिक कर्ममा बित्ने हुनाले यसका लागि उनले कमै मात्र समय दिन पाउँथे भन्ने बुझ्न गाह्रो छैन । अधिकारीको लेखनमा पनि यसको प्रभाव अघिल्लाको तुलनामा गौण छ । खेतीपातीले दिएको अनुभवलाई उनले आफ्नो लेख-रचनामा विभिन्न उदाहरणहरू दिनु पर्दा भने कुशलतापूर्वक प्रयोग गरेका छन् । यसरी पुरोहित्याइँ र अध्यापनको अनुभवले उनको लेखनीलाई डोऱ्याएको र खेतीपातीको अनुभवले त्यसमा बुट्टा कुँद्न मद्दत गरेको छ भन्न सकिन्छ ।

### ३.१०.५ राजनीति र लेखनका बीच अन्तरसम्बन्ध

पण्डित रुद्रमणि अधिकारीको जीवनी, व्यक्तित्व र लेखनका बीच अन्तसम्वन्ध गराउने अर्को सशक्त पाटो राजनीति हो । उनी क्रूर तानाशाही जहानीया राणा शासनको विरोध गर्दै वि.सं २००४ साल अघि

राजनीतिमा प्रवेश गरी नेपाली राष्ट्रिय कांग्रेसको केन्द्रीय सदस्य भएका थिए । पार्टी एकीकरणपछि केही समय नेपाली कांग्रेससँग आबद्ध भए तापनि वैचारिक विवादपछि उनले पार्टी परित्याग गरे । श्री ५ महेन्द्रद्वारा देशमा पञ्चायती व्यवस्था लागू गरी त्यसको आधार अध्यात्मवादलाई बनाउने घोषणा भएपछि अधिकारीले पञ्चायती व्यवस्थाको समर्थन गरेका थिए ।

राजनीतिक अभियानको क्रममै उनले लेखन कार्य आरम्भ गरेको देखिन्छ । उनको पहिलो प्रकाशित रचना 'सत्यसन्देश' नै राजनीतिक आग्रहपूर्ण थियो, जसमा उनले विभिन्न शास्त्रीय मान्यताहरूलाई आधार बनाउँदै राणा शासन गलत भएको र श्री ५ महाराजाधिराजको शासन ल्याउनु पर्ने भन्दै क्रान्तिमा उत्रन सर्वसाधारणलाई आह्वान गरेका थिए । त्यस्तै, उनका प्रकाशित अन्य दुई कृतिहरू 'शाही शपथ' र 'पञ्चायती व्यवस्था र अध्यात्मवाद' पनि राजनीतिसँगै प्रत्यक्ष सरोकार राख्दछन् ।

राजनीतिक कार्यकर्ताहरूले धर्मशास्त्र विरुद्ध प्रचार र व्यवहार गरेको पाएपछि त्यसको निराकरणका लागि आफूले विभिन्न कृतिहरू लेखी प्रकाशन गरेको भन्ने उनको आत्मस्वीकृतिका आधारमा पनि उनको लेखनसँग राजनीतिको निकट सम्बन्ध कति रहेछ भन्ने स्पष्ट हुन्छ । उनका प्रकाशित कृतिहरूमध्ये 'भविष्य पुराणको आंशिक टीका' र 'हिन्दू-धर्म मर्म-विचार' प्रत्यक्षतः राजनीतिक विषयमा नलेखिएका र धार्मिक विषयमा लेखिएका भए तापनि परोक्षतः राजनीतिक आग्रहसमेत भएका देखिन्छन् ।

***

परिच्छेद - चार

# पण्डित रुद्रमणि अधिकारीको कृतित्वको अध्ययन

पण्डित रुद्रमणि अधिकारी वि.स. २००७ सालदेखि औपचारिकरूपमा नेपाली साहित्यमा प्रवेश गरी हालसम्म पनि विभिन्न ग्रन्थहरूको लेखनमा साधनारत छन् भन्ने कुरा पहिलो र दोस्रो परिच्छेदमा पनि चर्चा गरिसकिएको छ। पं. अधिकारी नेपाली साहित्यको विशेषगरी धार्मिक साहित्य लेखनमा सक्रिय रहेको देखिन्छ । उनका प्रकाशित कृतिहरू एकदर्जनजति रहेका छन् ।

आध्यात्मिक विषयमा केन्द्रित रही साहित्यको उत्थानमा निरन्तर लागी पर्ने नेपालका थोरै व्यक्तिहरूमा उनी पर्दछन् । पं. अधिकारी स्वधर्मको रक्षा, आर्य हिन्दू संस्कृतिको संरक्षण, ईश्वरीय प्रेमको प्रचार, आत्मज्ञानको अभिप्रेरणाका साथै नेपालीपन, नेपाली मौलिक मूल्य मान्यता एवं रीतिरिवाजको महिमागानमा निरन्तर लागि परेका छन् ।

उनका प्रकाशित कृतिहरूमध्ये यहाँ *भविष्य पुराणको आंशिक टीका* (२००९), *शाही शपथ* (२००९), *विश्वशान्ति निमित्त अध्यात्मवाद* *संक्षिप्त साङ्ग-श्रुति परिचय* (२०१०) *हिन्दू-धर्म मर्म-विचार* (२०१८), *म्याग्दे र भिमाद* (२०३२), *पञ्चायती व्यवस्था र अध्यात्मवाद* (२०२९), (व्यासजन्मभूमि परिचयसहित) (२०३५), *आत्मज्ञान* (२०४४) को विश्लेषण गरिएको छ । अधिकारीका *सत्यसन्देश* (२००७), *दशावतार* (२०१८), *वेदव्यासद्वारा रचित दमौली र छाब्दीवाराहीको महिमा* (नेपालीमा अनुवाद) (२०४३) तीन कृतिहरू भने प्राप्त नभएकाले यहाँ विश्लेषण गरिएको छैन ।

## ४.१ भविष्य पुराण (२००९) आंशिक टीकाको अध्ययन

प्रस्तुत कृति वि.सं. २००९ सालमा प्रकाशन भएको हो । यसका प्रकाशक तनहुँ, मनपाङ डाँडा, तिलाहारका जुक्तराज शाही हुन् । यस कृतिमा व्यासमुनि रचित भविष्यपुराणको प्रतिसर्ग पर्व चतुर्थ खण्ड २२ औं अध्यायका श्लोक ४४ देखि श्लोक ९७ सम्मको मूल संस्कृत श्लोक राखेर त्यसको नेपाली अनुवाद प्रस्तुत गरिएको छ ।

कुनै पनि कृतिको सिर्जना कुनै न कुनै प्रयोजनद्वारा गरिएको हुन्छ । प्रस्तुत कृतिको मुख्य प्रयोजन क्लिष्ट संस्कृत भाषामा रहेका श्लोकहरूलाई नेपालीमा अनुवाद गरेर सरल रूपमा पाठकहरूसमक्ष राख्नु रहेको छ । यसबाट तत्कालीन समयमा नेपालमा हिन्दू शास्त्रहरूको विरोध गर्ने जमातको तेजोबध गरी धर्मभीरु जनताको विश्वासलाई दृढ बनाउने उद्देश्य टीकाकार र प्रकाशकले राखेको देखिन्छ । धर्मविरोधीहरू दानव मतका अनुयायी भएको तथा उनीहरूको चक्चकी केही समयका लागि मात्र हुने र अन्ततोगत्वा धर्मको जीत हुने सन्देश भविष्य पुराणको आधार लिई दिन खोजिएको छ ।

प्रस्तुत कृति पौराणिक र ऐतिहासिक परिवेशमा लेखिएको छ । यसमा पात्रविधान हेर्दा विभिन्न पौराणिक तथा ऐतिहासिक व्यक्तित्वहरू तथा विभिन्न स्थानका राजाहरू देखिएका छन् । प्रस्तुत कृतिको केन्द्रीय कथ्य वा भाव कलियुगमा धर्म क्षीण हुने भविष्यवाणी हो । सर्वसाधारण पाठकहरूले बुझ्न सक्ने गरी यहाँ लेखकले संस्कृत श्लोकहरूको नेपाली भाषामा अनुवाद गरेका छन् । जम्मा १६ पृष्ठको आयाममा विस्तार रहेको प्रस्तुत कृतिमा सर्गयोजना छुट्याइएको छैन । यहाँ भाषाशैलीतर्फ ध्यान दिंदा संस्कृतका जटिल शब्दावलीहरूलाई सरल नेपाली भाषमा अनुवाद गरिएको छ । टीकाकारले संस्कृतका पद्य श्लोकलाई गद्य नेपाली भाषामा अनुवाद गरेका छन् ।

### ४.२ शाही शपथ (२००९) को अध्ययन

प्रस्तुत काव्यको रचना र प्रकाशन वि.सं २००९ मा भएको हो । यसका प्रकाशक पनि जुक्तराज शाही हुन् । पण्डित अधिकारीले यस काव्यलाई सानो खण्डकाव्य वा जीवनी भनी नामाकरण गरेका छन् । पूर्व भाग र उत्तर भागमा विभक्त यस काव्यमा अधिकारीले तनहुँ मनपाङ्गका जुक्तराज शाहीलाई प्रमुख पात्र बनाएर तनहुँको तत्कालीन राजनीतिक परिवेशलाई कवितात्मक ढङ्गले प्रस्तुत गरेका छन् । प्रस्तुत काव्यले २००७ सालको क्रान्तिमा सहकर्मी रहेर पनि क्रान्ति सफल हुनासाथ एक-अर्काका कट्टर विरोधी बनेका दुई पक्षबीचको अन्तर्विरोधलाई देखाएको छ ।

प्रस्तुत काव्य जम्मा २१ पृष्ठमा संरचित रहेको देखिन्छ । श्लोक योजनालाई हर्दा चारपाउको एक श्लोक हुने उनान्सय श्लोकहरू रहेका

छन् । प्रस्तुत काव्यमा जुक्तराज शाहीलाई श्री ५ को पक्षधरका रूपमा उभ्याई एक कर्मठ समाजसेवीको रूपमा चित्रण गरिएको छ ।

प्रस्तुत काव्यको मुख्य प्रयोजन तत्कालीन समयमा तनहुँमा श्री ५ को सरकार र जनसरकारका पक्षधरहरूबीचको अन्तर्विरोध एवं प्रजातन्त्र स्थापनापछि त्यस भेगमा राजनीतिक कार्यकर्ताहरूद्वारा गरिएको धर्मशास्त्र र परम्पराको विरोध र धर्मभीरुहरूद्वारा गरिएको प्रतिवादलाई एक प्रमुख पात्रको दृष्टान्त दिँदै चर्चा गरी जनमानसलाई श्री ५ को सरकार र धर्म एवं परम्पराको पक्षमा अभिप्रेरित गराउनु रहेको देखिन्छ ।

### ४.२.१ विषयवस्तु

काव्यको आरम्भ मङ्गलाचरणबाट गरिएको छ । त्यसपछि लेखकले प्रकृति वर्णनबाट विषयको उठान गरेका छन् :

> प. ३ नं. तनहुं विषे अति उचो मन्पाङ्ग डाँडा छ त्यो
> जस्को दक्षिणमा छ मेघह्रद औ उत्तर् छ साँगे ख्वलो ॥
> जस्लाई अति मान्य मानि दुइटै साँगे र म्याग्दे मिली ।
> दायाँ तर्फ गराउँदै बहदछन् औ पूर्व पश्चिम् हिंडी ॥[७७]

वि.सं. २००७ सालको जनक्रान्ति वरपरको समयमा तनहुँको परिवेश काव्यमा वर्णित छ । हिन्दूस्तानसँग सहकार्य गर्दै कांग्रेस स्थापना भएको र त्यसले अङ्ग्रेजलाई तोड्दै श्री ५ को पक्षमा उभिएर राणासँग भिड्न थालेको अधिकारीले उल्लेख गरेका छन् । संक्रमण कालमा कानुन व्यवस्था कमजोर भएकाले देशमा खलबल मच्चियो र डकैती, चोरी, ठगी पनि बढ्यो । अर्कातिर चन्दा उठाउने नाममा अनेक व्यक्तिहरू गाउँ गाउँ डुल्न थाले । पार्टीका कार्यकर्ता हूँ भन्नेहरूमध्ये पनि कतिपय त चन्दाबाट मोज गर्न थाले । उनीहरूले धर्मशास्त्रको निन्दा पनि गर्दै हिंड्न थाले । यस्तै रीतसित खलबल बढ्दै गयो । यी सबै घटनाक्रमको वर्णन अधिकारीले प्रस्तुत काव्यमा गरेका छन् ।

यसै क्रममा जुक्तशाहीसँग पनि चन्दा माग्न आएपछि उनले अलिअलि गरी रु. १ हजार जति दिए । त्यहाँ चन्दा माग्न आउनेले श्री ५

---

[७७] *कविवर पण्डित रुद्रमणि;* ***शाही शपथ,*** *तनहुँ : जुक्तराज शाही, २००९, पृ. १ ।*

महाराजाधिराजलाई राणाहरू मिली नारायणहिटीमा बन्दी बनाएका छन्, हामी सबै गएर मौसूफलाई फुत्काऊँ जस्ता कुरा गरी भाषण गर्दथे। २००७ साल भाद्रमा जुक्तका घरमा "म श्रीभद्रको भाइ हुँ। मेरो नाम उमाभद्र हो। राणा शासनको पतन गराउनका लागि मद्दत लिन आएको हुँ।" भन्दै एक युवक पस्यो। यस्तो कुरा सुन्दा श्री ५ का पक्षधर शाही निकै खुशी भएर श्री ५ का लागि ज्यू-ज्यान दिन तयार रहेको बताउँछन् -

साँचै श्री अधिराज खातिर भए ज्यू ज्यान दी मान्दछु।
छाती थाप्दछु लड्छु औ समरमा तर्वार ली नाच्दछु॥
त्यसमा श्री अधिराजलाई मत या बल्को परे खातिर।
रैतीलाइ तयार पार्छु म पनी छू सर्वदा तत्पर॥[७८]

तर युवकले छुवाछूत प्रथा हटाउने, विधवा विवाह गराउनेलगायतका कुरा गरेपछि भने शाहीलाई चित्त बुझ्दैन र उनी सो युवकलाई चन्दा नदिई फर्काउँछन्।

त्यसै गरी वि सं. २००७ साल कार्तिकमा श्री ५ त्रिभुवन दिल्ली गएपछि सबै देशवासीमा डर र शङ्का फैलियो। यस्तैमा राजावादीहरूले देशको आ-आफ्नो इलाकामा जुलुस निकाल्ने निर्णय स्वरूप जुक्तराज शाहीले पनि आफ्ना मातहतका मानिस लिई बन्दीपुरमा जुलुस निकाले। उक्त जुलुसमाथि गोली चल्दा तत्काल छ जनाको मृत्यु भएको थियो। जनबलको अगाडि राणाको शक्तिको केही नलागेपछि २००७ साल फागुन २ गते बन्दीपुर क्रान्तिकारीहरूको कब्जामा आयो। यहाँसम्म कुरा मिलेको भए तापनि जनसरकार गठन गर्ने वा नगर्ने भन्ने सवालमा कांग्रेस कार्यकर्ता र शाहीको राय बाझ्दछ। केही नेताहरूले जनसरकार बनाई मन्त्री बन्ने सुर गरेका बेला जुक्तराजले सबैलाई आग्रह गर्दै श्री ५ को हुकुम नपाइकन मन्त्री चुन्नु नहुने अडान राख्छन्। यसबाट उनी र अन्य कांग्रेसका कार्यकर्ताहरूबीच मनमुटाव बढ्छ। अन्त्यमा श्रीभद्र शर्मालाई गवर्नर बनाई नौजना मन्त्रीहरू चुनिन्छन्।

त्यसपछि जनसरकारले जुक्तराज शाहीलाई विविध प्रयास गरी आफ्नो वशमा पार्ने प्रयास गरेको देखिन्छ। शाहीले जनसरकार बनाउने निर्णय श्री ५ को विरुद्धमा भएको निर्णय भएकाले जनसरकारको आदेश

---

७८ *पूर्ववत् पृ. ४।*

मान्न नहुने भन्ने कुरा गर्दथे । यसरी एकातिर जनसरकार पक्षधर र अर्कातिर श्री ५ महाराजाधिराजको शासन मात्र मान्ने भन्नेहरूबीच द्वन्द्व बढ्दै जाँदा समाजमा झन् डर र त्रास फैलिन थाल्यो । तनहुँ क्षेत्र सबै असुरक्षित हुन थाल्यो । जनसरकार पक्षधरहरूले आफ्नो विरोध गर्नेहरूलाई गोर्खादल भनी दोष लगाउँथे । गोर्खादलसँग कुनै साइनो नभएका, तर आफ्नो धार्मिक मान्यताका कारण कांग्रेससँग सहमत हुन नसक्ने जुक्तराज शाहीजस्ता व्यक्तिलाई पनि गोर्खादल भएको आरोप उनीहरूले लगाउने गर्दथे ।

काव्यमा अगाडि वर्णन गरिएअनुसार, जुक्तराजले मान्छेहरू जम्मा पार्दै आफू विरुद्ध कार्य गरेको भन्ने आरोपमा श्रीभद्रका सिपाहीहरू उनलाई पक्रन घरमा गए । तर त्यहाँ उनी थिएनन् । ती सिपाहीहरूले उनका परिवारजनलाई कुटपिट गरे र त्यही घरमा खाना खाएर हिँडे । कामविशेषले बाहिर गएका शाहीलाई उनीहरूले बाटोमै भेटाए । त्यहीँ उनीहरूले शाहीलाई "यो जनराज्य हो, बन्दिपुर हाम्रो मातहतको स्वच्छन्द सरकार भयो । जात र भात आदि अघिको थोत्रो चलन चूर्ण भयो ।" आदि भन्दा शाहीले "धर्मैको विजय हुन्छ कसै गरी नाशिन्छ पापी जन" भनी आफूलाई धर्मको पक्षधर व्यक्तिको रूपमा उभ्याएका छन् ।

उनलाई गिरफ्तार गरी बन्दिपुरमा लगेर सबै कांग्रेसी नेताहरूले केरकार गरी आफ्नो पक्षमा ल्याउन निकै प्रयास गरेको देखिन्छ । उनले आफूलाई दलका नेताहरूले जतिसुकै यातना दिए पनि धर्म र श्री ५ का विरुद्ध नलाग्ने दृढनिश्चय व्यक्त गर्दछन् –

यस्मा धर्म विरुद्ध काम र अनी श्री पाँचको आडर ।
केही कत्ति नभै गरिन्छ जति काम थामिन्न त्यो आखिर ॥[७९]

कत्ति गर्दा पनि शाही जनसरकारलाई मान्न तयार नभएपछि गवर्नरले उनलाई थुन्न आदेश दिएको र पुलिसले शाहीलाई जेलभित्र बन्दी बनाएको प्रसङ्गसँगै काव्यको पूर्वभाग समाप्त भएको छ ।

---

[७९] पूर्ववत् पृ. १३ ।

काव्यको उत्तरभागमा धर्म बचोटमा लाग्नेलाई आपत्ति परे तापनि मद्दतका लागि स्वयं ईश्वरले सहयोग गर्छन् र जुन मानिस धर्मको वास्ता नराखिकन क्षणिक योजनामा जुट्छ, त्यो अवश्य पछि दानव ठहरिन जान्छ भन्ने धारणा अधिकारीले व्यक्त गरेका छन् । जनसरकारको आडमा मनपरी र धर्मविरोधी काम केही समय चले पनि पछि तत्कालै त्यो मन्त्रिमण्डल खारेज भयो र जुक्तराज शाही पनि जेलमुक्त भए । उनीसँग दलका व्यक्तिले माफी मागे । यसप्रकार शाही जेलमुक्त भएपछि घरमा आई पूजा आजा गरी ब्राह्मण भोजन गराए ।

काव्यको अन्त्यतिर अधिकारी स्वयम् पनि एक पात्रका रूपमा देखा पर्छन् । त्यहाँ उनको नाम 'चिरञ्जीवी' उल्लेख छ र उनले शाहीलाई धर्मोपदेश दिएका छन् । अन्तिम पाँच श्लोकमा अधिकारी स्वयम्‌को जन्मथलो, कुल तथा जन्म र नामाकरण प्रसङ्गसमेत वर्णित छ ।

यसप्रकार प्रस्तुत काव्य 'शाही शपथको विषयवस्तुलाई सरसर्ती हेर्दा पण्डित आधिकारीले शाहीलाई एक धार्मिक व्यक्ति आर्यसंस्कृतिका अनुयायी, समाजसेवी, कर्मनिष्ठा, आफ्नो विचारमा अडिग, श्री ५ को कट्टर पक्षधर व्यक्तिका रूपमा चित्रण गरेका छन् । तर यस क्रममा अधिकारीले देशमा प्रजातन्त्रको स्थापनार्थ लागि परेको नेपाली कांग्रेस र त्यसका कार्यकर्ताहरूको सकारात्मक पक्षको भने कुनै चर्चा नगरी एकपक्षीय विवरण मात्र दिनु अस्वाभाविक लाग्दछ । त्यस्तै, हाल कानुनी रूपमै खारेज भइसकेको जातिपाति व्यवस्था, छुवाछुत प्रथा आदिको समर्थन प्रस्तुत काव्यमा भेटिन्छ ।

### ४.२.२ परिवेश

प्रस्तुत काव्यको परिवेश विधानलाई हेर्दा स्थानगत परिवेशमा त्यति व्यापकता देखिँदैन । यहाँ स्थानगत परिवेश मुख्यतया तनहुँ जिल्लाका विभिन्न स्थानमा सीमित देखिन्छ । देशभित्रका कास्की, कुन्छा (लमजुङ्ग) र नेपाल (काठमाण्डौ) तथा हिन्दुस्थान (भारत) कोसमेत उल्लेख भएको पाइए पनि तिनको कुनै विशेष वर्णन भने छैन ।

प्रस्तुत काव्यको समयगत परिवेशलाई हेर्दा यहाँ राणाशासनको अन्तिम समयदेखि प्रजातन्त्र स्थापनापश्चात्‌को केही समय पनि

समेटिएको देखिन्छ । विषयगत परिचर्चा गर्दा कविले एकातिर वैदिककाल र अर्कातिर आधुनिक कालसम्म झल्काएको देखिन्छ ।

दुई पक्षबीचको अन्तर्विरोधलाई देखाउने क्रममा कविले श्री ५ को नेतृत्वमा एकात्मक राज्य संरचनालाई मान्ने एक पक्ष र देशमा स्थानीय जनसरकारले शासन गर्न पाउनु पर्छ भन्ने अर्को पक्षलाई क्रमशः आर्यसंस्कृतिका अनुयायी र आर्यसंस्कृतिका विरोधीका रूपमा चित्रण गरेका छन् ।

### ४.२.३ पात्रविधान

प्रस्तुत काव्यमा पात्रविधानलाई हेर्दा जुक्तराज शाही, कृष्ण शाही, कुलराज, श्रीभद्र, उमाभद्र, पण्डित ऋषिराम, रामप्रसाद, ले. रामचन्द्र, दुर्योधनराज, गोकर्णराज, लोकराज, एकराज, नारन सुवेदार, शिवदत्त पौड्याल, धनेश्वर, महावीर, चिरञ्जीवी आदि पात्रहरू समावेश भएको देखिन्छ । यस काव्यमा पात्रहरू दुई थरि रहेका छन् । एक थरि शास्त्रीय पुरातन मूल्यमान्यता अनुरूप चल्ने र अर्का थरि पात्रहरू उपर्युक्त मूल्य मान्यता विपरीत चल्न खोज्ने देखिएका छन् ।

पुरातन शास्त्रीय मूल्य मान्यतामा चल्नेहरूका प्रतिनिधिका रूपमा जुक्तराज शाही देखिएका छन् श्रीभद्र, उमाभद्रलगायतका पात्रहरू शास्त्रीय मूल्यमान्यता विपरीत चल्न खोज्ने, जातिप्रथा हटाउने खोज्ने, छुवाछुत प्रथा हटाउन खोज्ने पात्रका रूपमा आएका छन् ।

### ४.२.४ केन्द्रीय भाव, सर्ग, विचार र कथन पद्धति

२००७ सालको क्रान्तिमा सहकर्मी रहेर पनि क्रान्ति सफल हुनासाथ एक-अर्काका कट्टर विरोधी बनेका दुई पक्षबीचको अन्तर्विरोधमा आस्तिकपक्षको जीत भएको देखाउनु प्रस्तुत काव्यको केन्द्रीय भाव हो । यहाँ धर्मका पक्षधरका रूपमा जुक्तराज शाहीलाई उभ्याइएको छ । उनलाई शास्त्रीय मूल्यमान्यता अनुरूप चल्ने, श्री ५ लाई देशको एकताका आधार मान्ने, धर्म रक्षक, वीर व्यक्तिका रूपमा चित्रण गरिएको छ । जतिसुकै यातना दिइए पनि आफ्नो विचारबाट विचलित नहुने दृढनिश्चयीका रूपमा उनलाई देखाइएको छ ।

प्रस्तुत काव्यको सर्गयोजनालाई हेर्दा यहाँ पूर्वभाग र उत्तरभाग रहेका छैन् । जम्मा ९९ श्लोक रहेको प्रस्तुत काव्यको आयाम जम्मा २१

पृष्ठको देखिन्छ । यसको पूर्वखण्डमा जुक्तराजको जन्म, जन्मस्थान, उनको पुख्यौंली चिनारी, देशमा बढ्दै गएको खलबल, नेपाली कांग्रेस नामक दलको स्थापना र यसले तनहुँमा गरेका गतिविधि, जातभात, छुवाछुत विरुद्धको आन्दोलन, श्रीभद्रको नेतृत्वमा गरिएको मन्त्रिमण्डलको गठन, यसले जुक्तराजलाई दिएको पीडा र उनले बिताउनु परेको जेल जीवनबारे वर्णन गरिएको छ । उत्तर भागमा श्रीभद्रको नेतृत्वको मन्त्रिमण्डलको खारेजी, जुक्तराजको जेल मुक्ति, जनसरकारका मन्त्रीहरूद्वारा गरिएको क्षमायाचना, घरमा आएपछि उनीद्वारा गरिएको धार्मिक कृत्य र विद्वान ब्राह्मणको धर्मोपदेशको वर्णन छ ।

कथन पद्धति हेर्दा प्रस्तुत काव्यमा अप्रत्यक्ष कथनात्मक तृतीयपुरुषप्रधान कथनपद्धति देखा पर्दछ । तृतीयपुरुष जुक्तराज शाहीका परिवेश एवम् कार्यव्यापारको कवितात्मक प्रस्तुति यसमा देखिने भएकाले यस्तो कथन पद्धतिलाई *कविनिबद्धवक्तृप्रोढोक्ति* पनि भन्न सकिन्छ । मुख्य पात्र जुक्तराज शाही र दलका व्यक्तिका बीचमा भएको संवादलाई प्रत्यक्ष कथनका ढाँचामा राखी यहाँ प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत काव्यमा मुख्यतः अप्रत्यक्ष कथनमा आधारित तृतीयपुरुषात्मक कथनपद्धति देखापर्दछ भने अंशतः नाटकीय संवादमा आधारित प्रत्यक्ष कथनात्मक पद्धतिको उपयोग पनि गरिएको भेटिन्छ ।

### ४.२.५ भाषाशैली

प्रस्तुत काव्यको भाषाशैलीतर्फ ध्यान दिंदा भाषा प्रयोगका क्रममा वर्णयोजनाका तहमा आन्तरिक अनुप्रासीय र अन्त्यानुप्रासीय शैलीगत माधुर्य व्याप्त नै रहेको भेटिन्छ । एक्काइस पृष्ठको यस काव्यका शैलीगत विश्लेषणका निम्ति शब्दभण्डारसम्बन्धी तथ्याङ्कलाई हेर्दा पण्डित अधिकारी पुराणका विद्वान भएर पनि होला अधिकांश शब्दहरू तत्सम स्रोतकै रहेको देखिन्छ । केही न्यूनमात्रामा तदभव र आगन्तुक स्रोतका शब्दहरू प्रयोग भएको देखिन्छ ।

उपर्युक्त शब्दहरूका पदावलीगत, वाक्यगत र अनुच्छेदगत चयन समुच्चयनबाट प्रस्तुत काव्य सरल पाठकका निम्ति पनि उपयुक्त र वोध्य सरल शैलीको प्रयोग हुन गएको प्रायः तत्सम शब्दहरूको प्रयोग गरिएको भए तापनि दुरुह, दुर्बोध्य, सूक्ष्मता, ध्वन्यात्मकता भएको पाइँदैन । उपर्युक्त पदकोटि, वाक्य ढाँचा आदिको मोटामोटी सर्वेक्षण गर्दा यहाँ फेला गर्ने भाषाशैलीगत अरू उल्लेखनीय पक्षहरू बुँदागतरूपमा

हेर्दा- मूर्त पदार्थवाचक नामपदको बढी प्रयोग, समापिका क्रियाहरूको निकै प्रयोग, वाक्यगत पदक्रममा केही विचलन र भाषिक वर्णविन्यासशुद्धि र वर्णमात्रिक छन्दका बीच निकै तनाव पाइन्छ । सरल वाक्यका साथै कर्तृवाच्यको प्रधानता भेटिनु, अप्रत्यक्ष कथनको प्रधानता, वाक्य ढाँचा र श्लोकगत पङ्क्तियोजनाकाबीच लयात्मक र भावगत समानान्तरता, प्रसादगुणको बाहुल्यता, सहज स्वस्फूर्त लेखन र परिष्कारको कमी, अधिकमात्रामा आध्यात्मिक चेतना र विचार सलबलाउनु, बौद्धिक चाप अति पैदा नहुनु आदि रहेका छन् ।

### ४.२.६ निष्कर्ष

वि.सं २००९ सालमा रचना र प्रकाशन भएको शाही शपथ काव्य शार्दूल विक्रीडित छन्दका ९९ श्लोकको प्रयोग गरी रचिएको छ । जम्मा २९ पृष्ठ र दुई खण्डमा संरचित यस काव्यमा २००७ सालको क्रान्तिमा सहकर्मी रहेर पनि क्रान्ति सफल हुनासाथ एक-अर्काका कट्टर विरोधी बनेका दुई पक्षबीचको अन्तर्विरोधलाई देखाएको छ । यस क्रममा जुक्तराज शाहीलाई प्रतिनिधि पात्रका रूपमा प्रस्तुत गर्दै अपेक्षाअनुरूप स्वल्प सङख्याको पात्रविधानद्वारा तद्युगीन राष्ट्रिय राजनैतिक-सामाजिक वातावरणको व्यञ्जना गर्न समेत सक्षम रहेको देखिन्छ ।

प्रस्तुत काव्यमा प्रकृतिका विविधस्वरूपको चित्रण पाइनाका साथै वीर, करुण र भयानक रस अङ्ग रस र शान्तरस अङ्गी रस रहेको देखिन्छ । ब्रह्मबोधमै जीवनको सार्थकता निहित रहेको हुन्छ भन्ने परम्परागत वेदान्ती विचार नै प्रस्तुत काव्यको मुख्य विचारका साथै केन्द्रीय कथ्य पनि हो । विभिन्न स्रोतका शब्द चयन र वाक्य ढाँचाको प्रयोग भएको यसको भाषिकरूप बोध्य किसिमको नै छ । यसमा मुख्यतः अप्रत्यक्षकथनात्मक तृतीय पुरुषप्रधान कथन पद्धति फेला पर्छ ।

यसमा श्लेक विधानको आयोजना गरिएको छ भने छन्द मिलाउनका लागि नेपाली भाषाका लेख्य वर्णविन्यासको बेवास्ता मात्र होइन शब्दसमेत विकृत तुल्याइएको छ र केही ठाउँमा छन्द भङ्ग पनि भएको छ । प्रस्तुत काव्यमा विषय टुङ्गिइसकेपछि पनि परम्परागत वेदान्ती विचारमा आधारित उपदेश दिनबाट कविले यसमा आफूलाई रोक्न सकेका छैनन् ।

यस काव्यमा कतिपय ठाउँमा आजको सामाजिक मूल्यमान्यताका विपरीत कुराहरू पनि व्यक्त भएको पाइन्छ । तर लेखक सनातन हिन्दूधर्मावलम्बी भएको हुनाले उनले आफ्ना विश्वास र आस्थालाई नै काव्यमा प्रस्तुत गरेको भने स्पष्टतः बुझ्न सकिन्छ ।

## ४.३ विश्वशान्ति निमित्त अध्यात्मवाद (२०१०) को अध्ययन

पण्डित रुद्रमणि अधिकारी (१९७८) द्वारा लिखित विश्वशान्ति निमित्त अध्यात्मवाद वि.सं २०१० सालमा प्रकाशन भएको हो । यसका प्रकाशक पनि जुक्तराज शाही हुन् । यस कृतिमा लेखकले विश्वशान्तिका निमित्त अध्यात्म चिन्तन अनिवार्य रहेको बताएका छन् । जम्मा सात पृष्ठको आयाममा संरचित प्रस्तुत कृतिमा पण्डित अधिकारीले स्वधर्मी पाठकहरूसँग पश्चिमी सभ्यताका बहकाउमा नलागी आफ्नो आचार, विचार, रीति-रिवाज, धर्म संस्कृति जोगाउन आग्रह गरेका छन् ।

हिजो आज पश्चिमी सभ्यताको पछि लागेर धेरै जसो देशका श्रेष्ठ व्यक्तिहरूले पनि आफ्ना आचार विचारमा सत छाड्दै गएकोमा लेखकको चिन्ता छ । अघिका ऋषिमुनिलाई विज्ञानको यादै थिएन, उनीहरू केवल अन्धविश्वासमा चलेका थिए भन्ने कतिपय व्यक्तिहरूको भनाइप्रति लेखक पूर्ण असहमत देखिएका छन् । यस सम्बन्धमा पण्डित अधिकारी भन्छन्- 'प्राचीन ऋषिमुनिहरूलाई जति विज्ञानको ज्ञान थियो, प्राचीन समयमा जति विज्ञानको प्रचार थियो, त्यसको एक अंश पनि आधुनिक मानिसहरूमा ज्ञान छैन र आधुनिक युगमा प्रचार छैन भन्ने कुरा पुरानो शास्त्र ऋग्वेद र पुरानो काव्य वाल्मीकि रामायणबाट पत्ता लाग्छ ।"

यहाँ लेखकले आस्तिक र नास्तिक मतबारे उल्लेख गर्दै अध्यात्मवादलाई आस्तिकमत र भौतिकवादलाई नास्तिकमत भनेका छन् । आस्तिकमत र नास्तिकमत भन्नाले फल र नास्तिकमत पैदा हुनाको कारण छान्दोग्योपनिषद्का आठौ अध्यायका सातौं र आठौं खण्डमा उल्लेख गरिएको छ । त्यस्तै श्रीमद्भागवत गीताको सोह्रौं अध्यायमा आस्तिकमतलाई देवसागर र नास्तिकमतलाईअसुरवर्ग भन्ने संज्ञा दिई यिनको भिन्नाभिन्नै फल बताइएको छ । यहाँ लेखकले जुनसुकै कुरा पनि शास्त्र बेगर चल्नु हुँदैन, यदि त्यो भयो भने त्यसले सिद्धि, सुख, परलोक केही पाउँदैन भनेका छन् । यस लोकमा कर्तव्य अकर्तव्य छुट्टाउन शास्त्र नै प्रमाण भएको देखाइएको छ ।

देशमा गरिबी हटाउन, सुखशान्ति र स्वधर्मको रक्षा गर्नको निमित्त विदेशी विधर्मीहरूको अनुकरण गर्नुहुँदैन भन्ने अधिकारीको स्पष्ट मान्यता देखिन्छ । उनी स्वदेशी भेषभूषाको प्रयोग गर्नुपर्नेमा जोड दिन्छन् । आम्दानीभन्दा खर्च धेरै गराउने विदेशी चालचलन छोडेनौ भने देशमा समुन्नति हुनाको सट्टा समस्त देश सहित हामीहरू विदेशी विधमीहरूको हातमा समर्पित हुनेछौ भन्ने कुरा यहाँ उल्लेख छ ।

विषबाट पनि अमृत लिनुपर्छ भन्ने उपदेश अनुसार विधर्मीहरूबाट पनि देशोपयोगी गुण लिनुपर्छ, तर अमृत लिन जाँदा विष खाएर लठिएझैं विधर्मीहरूका केही गुणहरू देखेर आफूसमेत विधर्मी बन्नु आफैलाई बेच्नु समान हो भन्ने अधिकारीको दृष्टिकोण देखिन्छ । यहाँ भनिएको छ- "हाम्रा प्राचीन मुनिहरूका उपदेश अनुसार व्यवहार गर्न सिक्नुपर्दछ । विधमीहरूको अनुकरण त्याग्नु पर्दछ । पराधीन हुने किसिमको व्यवहार त्याग्नु पर्दछ ।" यहाँ लेखकले स्वदेशी जनतासँग स्वदेश र स्वधर्मको गौरव बढाउन अपील गर्दै कृतिलाई टुङ्गाएका छन् ।

यसरी प्रस्तुत कृतिमा लेखक पण्डित अधिकारीले शान्तिको निमित्त अध्यात्मवादलाई आत्मसात् गर्नु अनिवार्य रहेको बताएका छन् । सनातन हिन्दू धर्मका संरक्षक पण्डित अधिकारीले वैदिक वाङ्मयका तर्कहरूलाई सप्रमाण प्रस्तुत गर्दै शान्तिका निमित्त अध्यात्मवाद किन आवश्यक छ भन्ने कुरा स्पष्ट पारेका छन् । आजको भौतिकवादी संसारले गरेको आविस्कार जस्तै कल, मोटर, रेल, हवाइजहाज, पानीजहाज, जादू आदि सबै अध्यात्मको प्रसाद हो भन्ने यहाँ लेखकको ठहर रहेको छ ।

प्रस्तुत कृतिको सम्पूर्ण भाग नपाइएकाले प्राप्त अंशहरूको मात्र यहाँ व्याख्या गरिएको छ । यस कृतिको मुख्य सन्देश आर्यसंस्कृतिको रक्षा गर्नुपर्दछ, स्वधर्म, स्वभाषाको संरक्षण गर्नुपर्दछ, विदेशी विधर्मीहरूको लहैलहैमा लाग्नु हुँदैन, यसो गरिएमा मात्र सुख शान्ति कायम हुन जान्छ भन्ने रहेको छ । सरल सहज भाषामा यहाँ ओजस्वी विचारहरू प्रकट भएका छन् । अध्यात्मवादले नै विश्वमा शान्ति ल्याउँछ भन्ने कुरा यहाँ केन्द्रीय भावका रूपमा आएको छ ।

## ४.४ हिन्दू-धर्म मर्म-विचार (२०१८) को अध्ययन

### ४.४.१ परिचय

प्रस्तुत कृतिको प्रकाशन वि.सं २०१८ सालमा भएको हो । जुक्तराज शाही ठकुरी प्रकाशक रहेको प्रस्तुत ग्रन्थमा हिन्दूधर्मको आचार संहितासम्बन्धी विचारहरूले भरिपूर्ण रहेको छ । आर्यजातिमा हिन्दूधर्मको महिमा स्पष्ट पार्नु यसको मूल प्रयोजन रहेको देखिन्छ । त्यसका लागि पुनर्जन्मप्रतिको धारणालाई विश्वासिला तर्कहरूद्वारा पुष्टि गर्ने, शिखा राख्नु पर्ने कारण छर्लङ्ग पार्ने र नेपाली समाजमा छोइछिटो हाल्नाको रहस्य खुलासा गर्ने उद्देश्य राखिएको देखिन्छ । साथै, जातिप्रथा, स्त्रीधर्म र पुरुषधर्म, विवाह विच्छेद अवैध मानिनाको कारण र नास्तिक मत उत्पत्ति हुनाको रहस्यसमेत स्पष्ट पारी सनातन धर्मको पक्षमा सन्देश दिने प्रयोजन पनि यस ग्रन्थको रहेको छ ।

प्रस्तुत ग्रन्थ पूर्वखण्ड र उत्तरखण्डमा विभाजित रहेको छ । पूर्वखण्डअन्तर्गत समर्पण, नेपाली जनताप्रति, श्री ५ महेन्द्र कीर्तन, हिन्दू संस्कृतिको महिमा पुनर्जन्म विवेक, शिखा-विवेक, श्री ५ बाट नपालमा अनेक पार्टीहरू खुलाइनाको कारण, प्रजातन्त्रको लक्षण, नेपालमा हुलचाल मच्चिनाको कारण रहेको छ । उत्तरखण्डअन्तर्गत नेपाली जनतासँग अपील, ईश्वरको विचित्र लीला तारतम्यको वर्णन, देश भँडुवाहरूले धर्म निरपेक्ष सरकार खडा गर्न भागीरथ प्रयास गर्नाको कारण, देशको पूँजी सुरक्षित राख्नुपर्ने कारण रहेका छन् । सबै जमीन किनी जमिन्दार बन्नेको जमीन बिना मूल्य खोस्न नहुनाको कारण, छोइछिटो हाल्नको रहस्य, स्त्रीजाति र पुरुष जातिले भिन्न भिन्न धर्म मान्नाको रहस्य, जातिप्रथाको रहस्य समेटिएका छन् । यसका साथै विवाह विच्छेद अवैध मानिनाको रहस्य, नास्तिक मत उत्पत्ति हुनाको कारण, सनातन धर्म मान्नु पर्नाको कारण, सनातन धर्मको यथार्थ लक्षण तथा लेखकको पुकार जस्ता उपशीर्षकहरू यस खण्डमा रहेको छ ।

प्रस्तुत कृतिलाई विभिन्न कोणबाट अध्ययन गर्न सकिन्छ -

### ४.४.२ आख्यानात्मक संरचना

यस शीर्षकअन्तर्गत विषयवस्तु, पात्रविधान र परिवेश पर्दछन् । तसर्थ तिनीहरूको क्रमशः तल उल्लेख गरिन्छ ।

### ४.४.२.१ विषयवस्तु

प्रस्तुत कृतिमा आदि, मध्य हुँदै अन्त्यसम्म क्रमशः उभिएको कथानक पाइँदैन । विभिन्न उपशीर्षकमा विषयवस्तुलाई प्रस्तुत गरिएको छ र एउटा उपशीर्षकमा एउटा विषयको चर्चा छ ।

यस ग्रन्थमा विषयवस्तुको उठान श्री ५ महेन्द्रको कीर्तनबाट गरिएको छ । यस कीर्तनमार्फत राजा महेन्द्रलाई आफ्ना प्यारा जनताको सुख दुःख बुझ्ने, दरबारको ऐस आराम त्यागी डाँडा-काँडाहरू चढ्ने, खोला-खोल्सा तर्ने, जनताको घर-घरमा पीरमर्का बुझ्दै हिंड्ने व्यक्तित्वका रूपमा उभ्याएको देखिन्छ । त्यसपछि 'हिन्दू-संस्कृति महिमा' उपशीर्षकमा हिन्दू धर्मको अपार महिमाको वर्णन छ । हिन्दूजनले हिन्दू संस्कृतिअनुरूप व्यवहार गर्नु पर्ने र त्यसलाई जान्न हिन्दू शास्त्र पढ्न अनिवार्य छ भन्ने कुरा यहाँ व्यक्त गरिएको छ ।

पुनर्जन्म विवेकमा प्राणीहरूको पुनर्जन्म हुने सप्रमाण बताइएको छ । स्थूल दृष्टिले पुनर्जन्मका पाँच प्रमाणबारे अधिकारीले चर्चा गरेका छन् । जसअनुसार एकमा शब्द प्रमाण, दुईमा प्रत्यक्ष प्रमाण, तीनमा अनुमान प्रमाण, चारमा युक्तिप्रमाण र पाँचमा कार्यप्रमाण रहेका छन् ।

शिखा विवेकमा पनि विभिन्न शास्त्रीय प्रमाणहरू दिएर लेखकले यसको महत्व दर्शाएका छन् । शिखा सूत्र बेगर जो कर्म गरिन्छ, त्यो राक्षसी कर्म हुन्छ र त्यसरी गरिएका सब कर्म निष्फल हुन्छन् भन्नेमा उनले जोड दिएका छन् । अन्य विभिन्न उपशीर्षकमा प्रस्तुत विषयमा पनि उनको तर्कको चुरो वैदिक सनातन हिन्दू मतको पक्षपोषण गर्नु नै रहेको छ ।

### ४.४.२.२ परिवेश

प्रस्तुत ग्रन्थका सर्जक पण्डित अधिकारी हिन्दू धर्मशास्त्रलाई विश्वको विधान मान्ने व्यक्ति हुन् । यस ग्रन्थमा कालगत परिवेशका रूपमा वि.सं २०१८ सालको श्री ५ महेन्द्रको प्रत्यक्ष शासनावधिको परिवेश झल्किएको देखिन्छ । स्थानगत परिवेशका रूपमा विश्वको हिन्दू अधिराज्य नेपाल र यस भित्रका विभिन्न ठाउँहरू आएका छन् । त्यस्तै समयगत परिवेशका रूपमा वेद र वैदिक साहित्यको युग रहेको छ ।

हिन्दू शास्त्रहरूको राम्रो ज्ञान र तदनुरूप व्यवहार गर्नु पर्छ भन्ने अधिकारीको मान्यता देखिन्छ । हिन्दू धर्म संस्कृतिलाई हाम्रा पुर्खाले सर्वमान्य किन ठाने ? के अब हिन्दु धर्म सर्वमान्य ठहर्न सक्छ त ? यस्ता प्रश्नहरूमा विचार गर्नु सामयिक हुने र यसको लागि हिन्दू धर्मशास्त्रहरूको अध्ययन-मनन गर्नुपर्ने कुरा व्यक्त भएको देखिन्छ । कागले कान लग्यो भन्दैमा पछि दौड्नुभन्दा पहिले आफ्नो कान छामेर मात्र दौडनु पर्छ भनेझै एक दुई जना आधुनिक भौतिकवादी पश्चिमी हावा घुसेका तत्वविमूढ आधुनिक विज्ञानमदमत्त विकासवादीहरूको लहलहैमा लागेर आफ्नो सनातन धर्म संस्कृति, रीतिरिवाज, कर्म बिर्सनु हुँदैन भन्ने परिवेशमा यो ग्रन्थ केन्द्रित रहेको देखिन्छ ।

**४.४.२.३ पात्रविधान**

प्रस्तुत ग्रन्थ हिन्दू धर्म मर्म विचारको मूल उद्देश्य हिन्दूधमृको उत्थान गर्नु र सनातन धर्म संस्कृतिका बारेमा सर्वसाधरणलाई जानकारी दिएर परमार्थिक शिक्षातर्फ प्रवृत्त गराउनु रहेको छ । जटिल कुरालाई पनि सहज तरिकाले बुझाउन यहाँ लेखकले सरल कथानक बुनेका छन् । प्रस्तुत ग्रन्थ मूलतः विवरणात्मक सन्देशमूलक उपदेशमूलक तथा जानकारीमूलक भएकाले पात्रप्रधान देखिँदेन । यसमा आउने पात्रहरू कथानकलाई सहायक हुने गरी आउका छन् ।

ग्रन्थको पूर्वभागमा श्री ५ महेन्द्र पात्राका रूपमा रहेका छन् । यहाँ लेखकले उनलाई प्रयोजनपरक ढङ्गले चयन गरेका छन् । यहाँ उनलाई जनताका सुख दुःखमा प्रत्यक्ष साथ दिने प्यारा राजाका रूपमा उभ्याएको देखिन्छ । पूर्वभागमा ब्रह्म, जगदीश, हिरण्यकशिपु, रावण, पिता, ऋषिमुनि आदिको पनि उल्लेख छ । यिनीहरू हिन्दूसंस्कृतिको महिमा, पुनर्जन्म विवेक, शिखा विवेक आदि विषयलाई पुष्टि गर्नका निम्ति आएको देखिन्छ ।

उत्तरभागमा शिवाजी, कोण्डदेव, शङ्कराचार्य, रामानुजाचार्य, एलिजावेथ, राजेन्द्रविक्रम, राज्यलक्ष्मी देवी, अर्जुन, कृष्ण, मैक्समुलर जर्ज वनार्ड शा, कवि, सेमुएल जोन्सन, प्रजापति, राजा इन्द्र, राजा विरोचन, मुसलमान आदि पात्रहरूको प्रयोग भएको देखिन्छ । यीमध्ये शिवाजीलाई वीरपुरुषका रूपमा प्रयोग गरिएको छ । उनले कोण्डदेव नामका पण्डितबाट राजनीतिलगायत हरेक विषयको शिक्षा पाएका थिए । अत्याचार गर्ने धर्मद्रोही मुसलमान शासकहरूको संहार तथा

धर्मको समुद्धार गरी शिवाजीले भारत भूमिमा धार्मिक मर्यादा कायम राखेको अधिकारी बताउँछन् । अर्कोतिर, टुपी राख्ने, छोइछिटो हाल्ने, जनै लगाउने प्रथा हटाउन खोज्ने धर्म विद्रोही पात्रका रूपमा मुसलमानलाई उभ्याइएको छ ।

प्रस्तुत ग्रन्थमा मानवेत्तर पात्रहरूको पनि उचित प्रयोग गरिएको छ । चन्द्र, सूर्य, वायु, डिङ्गा, सुङ्गुर, अग्नि आदि मानवेतर पात्राका रूपमा आएको र तिनको उचित प्रयोग भएको देखिन्छ ।

### ४.४.३ विषयवस्तुको विश्लेषण

अनेक वाद र अनेक मतका प्रचण्ड हावाले हल्लिएको हिन्दू हृदयलाई दरिलो र साहसिलो पारी हिन्दू धर्मको ज्योति जगतमा जगमगाउन सहयोग पुगोस् भन्ने ध्येयले अधिकारीले अनेक शास्त्रावलोकन गरी परिश्रमका साथ प्रस्तुत ग्रन्थ लेखेको देखिन्छ । ग्रन्थ करिब ९२ पृष्ठको आयाममा संरचित छ । प्रस्तुत ग्रन्थ पूर्व र उत्तर गरी दुई भागमा विभाजित छ ।

ग्रन्थको पूर्वभागमा समेटिएका विषयवस्तुलाई निम्न उपशीर्षकमा राखेर अध्ययन गरिन्छ ।

#### ४.४.३.१ व्यक्ति परिचय

ग्रन्थको उठान श्री ५ महेन्द्रप्रति समर्पित केही श्लोकबाट भएको छ । १८ पङ्क्तिमा आबद्ध उक्त श्लोकहरूमा लेखकले श्री ५ महेन्द्रलाई एक आदर्श राजाका रूपमा उभ्याएका छन् । राजा जनताको पीरमर्का बुझ्न आफ्नै घरदैलोमा आएकोमा अधिकारी विशेष खुशी देखिन्छन् ।

#### ४.४.३.२ हिन्दूसंस्कृतिको महिमा

लेखकले प्रस्तुत ग्रन्थमा हिन्दू संस्कृतिको महिमा उपशीर्षकमा विविध कोणबाट हिन्दू-संस्कृतिलाई सर्वश्रेष्ठ प्रमाणित गर्न खोजेका छन् । हिन्दूशास्त्रको ज्ञातालाई मात्र हिन्दू संस्कृतिको जानकारी हुन्छ र हिन्दूशास्त्रको अध्ययन-मनन नगरी हिन्दू-संस्कृति जान्न खोज्नु बडो भूल हुने उनको धारणा रहेको पाइन्छ । हिन्दू संस्कृतिको महिमा अपार छ भन्नेमा विश्वस्त अधिकारी हिन्दूसंस्कृति हिन्दूहरूको आत्मा भएकाले

आत्माविनाको शरीरको कल्पना गर्न नसकिएजस्तै संस्कृतिहीन हिन्दूको कुनै अर्थ नरहने तर्क गर्छन् ।

उनले हिन्दू धर्मसंस्कृतिका वाहकका रूपमा वेद, उपनिषद्, गीता, महाभारत, पुराण, रामायणलाई मानेका छन् । हिन्दूधर्म संस्कृतिलाई कामधेनु गाईसँग तुलना गरिएको छ र यसले सारा मानवलाई सुख शान्ति समृद्धि प्रदान गर्ने, विश्वभर शान्ति फैलाउने र सबको रोग र शोक हर्ने बताइएको छ ।

**४.४.३.३ पुनर्जन्मविवेक**

पुनर्जन्मको अवधारणा हिन्दू धर्म संस्कृतिको अभिन्न अङ्ग हो । प्रस्तुत ग्रन्थमा अधिकारीले पुनर्जन्मबारे विस्तृत चर्चा गरेका छन् । हिजो आजका विकासवादी भौतिकवादी व्यक्तिहरूले पुनर्जन्मलाई मूर्खपन ठहऱ्याउँदै ऋषिमुनिहरूले आफ्नो जीवन निर्वाह सरल बनाउन पुनर्जन्मको जाल रचेको बताउने गरेको अधिकारीले उल्लेख गरेका छन् । उनीहरूको यही भनाइमा विश्वास राखी आजका विद्याविहीन सीधासाधा मानिसहरू पनि पुनर्जन्म लिनै नपर्ने, शास्त्र सबै झूटा हुन्, गाई, ब्राह्मण, साधु-सन्तहरूको केही महत्त्व छैन, मूर्ति, यज्ञ, ब्रत, तप, दान, धर्म, श्राद्ध , तर्पण काजक्रिया इत्यादि धार्मिक विषय व्यर्थ हो भन्न थालेकोतर्फ पनि उनको दृष्टि पुगेको छ । उपर्युक्त कुराहरूलाई सारसार शास्त्रहीन मान्दै प्रस्तुत ग्रन्थमा पुनर्जन्मलाई प्रमाणसहित पुष्टि गरिएको देखिन्छ ।

सामान्य दृष्टिले हेर्दा पुनर्जन्मका पाँच प्रमाण देखिने अधिकारीले उल्लेख गरेका छन् । ती हुन् - शब्द प्रमाण, प्रत्यक्ष प्रमाण, अनुमान प्रमाण, युक्ति प्रमाणि र कार्य प्रमाण यसमा पुण्य आचरण वाला जीवन पुण्य योनिमा पैदा हुन्छ । शास्त्रहरूमा पुनर्जन्म हुने उल्लिखित हुनु *शब्द प्रमाण,* माता-पिताको स्वभाव/स्वरूप भन्दा बिल्कुल भिन्दै स्वभाव/स्वरूप भएका सन्तान जन्मेका देखिनुलाई यो अघिल्ला जन्मको संस्कार होभन्ने ***प्रत्यक्ष प्रमाण*** र फल-बीजबाट फल-बीज पैदा भएझैं यस जन्मबाट अर्को जन्म पैदा हुन्छ भन्ने ***अनुमान प्रमाण*** मानिएको देखिन्छ । अनि, जसरी जस्तो बीज उस्तै बिरुवा उम्रन्छ र त्यसबाट त्यस्तै फल मिल्छ- उसरीनै पूर्वजन्ममा जस्तो कर्म गरेको छ, यस जन्ममा त्यस्तै फल पाउँछ, सोही अनुरूपको आचार-विचारमा प्रवृत्त हुन्छ भन्ने ***युक्ति प्रमाण*** उल्लेख गरिएको छ । पाँचौं प्रमाण दिनुअघि

चर्चा गरिएको छकि कुनै-कुनै बालकलाई पूर्व जन्मको सम्झना रहेको पाइएको छ र योग सिद्ध योगीहरूलाई पनि पूर्वजन्मको कुरा थाहा भएको देखिन्छ । एकै ठाउँमा यौटै बाबु-आमाबाट जन्मी एकै तरहले पालिए-पोसिएका, एकै तबरले शिक्षा तालिम पाएका, बराबर अंश लिएर बसेका दाजु-भाईमा यौटा धनी/विद्वान हुन्छ र अर्को गरीब/मूर्ख भएको पनि देखिएकै छ । कसैलाई बसी-बसी धन, सम्पत्ति, विद्या, सुख-शयल मिल्छ त कसैलाई मरिमेटी गर्दापनि नमिलेको घटना हामीले देखेका छौं । अनि, कसैसित भेट हुनासाथ अकारण प्रेम बस्छ त कसैसित अकारण द्वेष हुन्छ । यसखाले कार्यघटनाहरू पूर्वजन्मको कारणले भएका नभए के कारणले त ? यिनै ***कार्य प्रमाण*** हुन् भन्ने अधिकारीको तर्क रहेको छ ।

यहाँ अधिकारीले मरणोत्तर पुनर्जन्मको मात्र चर्चा गरेका भए तापनि कतिपय विद्वानले भने अन्य किसिमका पुनर्जन्मकोसमेत उल्लेख गरेको पाइन्छ ।

"वेदका अनुसार सबै जीवको पाँच प्रकारबाट पुनर्जन्म हुन्छ–

१. शुक्रमा जन्म (अन्नद्वारा शुक्रमा प्रतिष्ठा– प्रथम जन्म)
२. शोणितमा जन्म (शुक्रद्वारा रजमा प्रतिष्ठा– द्वितीय जन्म)
३. भूमिमा जन्म (गर्भाशयबाट भूमिमा प्रतिष्ठा– तृतीय जन्म)
४. संस्कारहरूबाट जन्म (संस्कारहरूबाट दिव्य भावमा प्रतिष्ठा– चतुर्थ जन्म)
५. परलोकमा जन्म (अग्निद्वारा परलोकमा प्रतिष्ठा– पञ्चम जन्म)"[८०]

धर्मको इतिश्री नपारी देशोन्नति हुँदैन भन्ने विकासवादीहरूको भनाइप्रति तीखो व्यङ्ग्य गर्दै धर्मको इतिश्री नभई समाजमा छलकपट, हिंसा, क्रूरता, अत्याचार, अनाचार, पशुआचार ल्याउन नसकिने हुनाले उनीहरूले यो उपाय सोचेको आरोप अधिकारीले लगाएका छन् ।

---

८० *डा. कीर्तिस्वरूप रावत, **पुनर्जन्म (एक वैज्ञानिक विवेचना)**, अनु. डा. ध्रुवचन्द्र गौतम, काठमाण्डौ : लुनकरणदास-गंगादेवी चौधरी साहित्य-कला मन्दिर, वि.सं. २०६२, पृ. ३२*

### ४.४.३.४ शिखाविवेक

हिन्दूधर्ममा शिखा अर्थात् टुपी धर्ममूलक रहेको अधिकारीले विभिन्न शास्त्रीय प्रमाणसहित चर्चा गरेका छन् । यस क्रममा उनले वेदका मन्त्र र ब्राह्मण दुवै भाग, मनुस्मृति, वैखानस, बौधायन अग्निवैश्य, जैमिनीय आदि स्मार्तसूत्र ग्रन्थ, व्यास स्मृति, देवल स्मृति आदिबाट प्रमाण दिएका छन् । शिखा रहस्यलाई वैज्ञानिक दृष्टिकोणबाटसमेत विवेचना गर्दै अधिकारीले धर्मशास्त्र मान्ने सनातनीहरूका निमित्त शिखा अत्यन्त आवश्यक भएको ठहऱ्याएका छन् ।

### ४.५.३.५ उत्तर भागको विश्लेषण

उत्तरखण्डमा लेखकले व्यापक विषयलाई चर्चा गरेका छन् । कस-कसको विचार कस्तो रहेछ र कति आफ्ना खुट्टामा उभिन्छन्, कति उभिन सक्दैनन् भन्ने कुरा बुझ्नको निमित्त श्री ५ बाट नेपालमा अनेक पार्टीहरूको व्यवस्था गरिएको प्रसङ्गबाट उत्तर भागको उठान भएको छ । यहाँ राजनीति या कानुनको पूरा ज्ञान भएका असल व्यक्ति चुनेर उनीहरूले निर्णय गरेका रीतिस्थिति अनुसार देश चल्नुलाई प्रजातन्त्रको लक्षणका रूपमा राखिएको छ । प्रजातान्त्रिक कुनै पनि देशमा जसले जे मन लाग्यो त्यो गर्न नपाई सबैले कानुन बमोजिम चल्नुपर्दछ भन्ने उनको मत देखिन्छ ।

समय बदलिएकाले शास्त्र र धर्मको अब काम छैन भन्नेहरूसँग अधिकारी सहमत देखिँदैनन्, प्रत्युत समय बदलिए पनि अघिको शास्त्रले भनेका कुराहरू नबदलिएको जिकीर उनी गर्छन् । जस्तै : अघिकै शास्त्रले फलानो दिन फलानो समयमा ग्रहण लाग्छ भन्ने कुरा आजसम्म फरक परेको छैन । अघि जुनजुन समयमा जेजे हुन्थ्यो अहिले त्यहीत्यही समयमा भएको देखिन्छ । मङ्सीर-पुसमा जाडो र चैत्र-वैशाखमा गर्मी अघि पनि हुन्थ्यो र अहिले पनि हुन्छ । पशु पक्षी लगायत जीवजन्तुहरू कसैले पनि धर्म छाडेको देखिएको छैन । ईश्वरले चलाएको धर्म एकाध औंलामा गन्न सकिने धर्म विद्रोहीबाहेक कसैले छाडेको छैन भन्ने उनको दाबी रहेको छ ।

धर्म निरपेक्ष सरकार खडा गर्न चाहने, सर्वहाराको नारा दिँदै जमीन खोस्ने कार्यक्रम ल्याउने, छोइछिटो हाल्ने प्रथा मेटाउन खोज्ने,

जन्मना जातिको प्रथा मेट्न खोज्नेजस्ता कदम उनलाई मन नपरेको पनि स्पष्टसँग उल्लेख गरिएको छ । त्यसै गरी, स्त्रीधर्म र पुरुषधर्म फरक फरक रहेको उनको धारणा देखिन्छ । विवाह सम्बन्ध कायम गर्दा हिन्दू शास्त्रीय विधानअनुसार मात्र हुनु पर्ने तर्क गर्दै अधिकारी विवाह विच्छेद हिन्दूधर्मअनुसार अवैध रहेको ठोकुवा गर्छन् ।

सनातन धर्मका तीसवटा लक्षण हुने लेखकले बताएका छन् । ती यसप्रकार रहेका छन् -सत्य, दया, तप, शौच, द्वन्द्व-सहन, युक्तायुक्तविवेक, शम, दम, अहिंसा, ब्रह्मचर्य, त्याग, स्वाध्याय, सरलता, सन्तोष, समदृष्टि भएका महात्माहरूको सेवा, प्रवृत्तिकर्मबाट विस्तार विस्तार हट्दै जानु, मानिसले गरिएका निष्फल कर्मको देखभाल, वाहियाती कुरा नबोल्नु, आत्मतत्त्व विचार, प्राणीहरूमा यथायोग्य भोज्य पदार्थको विभाजन, प्राणीहरूमा आत्म-देवता बुद्धि (अझै विशेष मुनष्यहरूमा), महापुरुषहरूमा आश्रयमा श्री परमेश्वरको श्रवण, कीर्तन, स्मरण, सेवा, पूजा, नमस्कार, दास्य, संख्या, आत्मनिवेदन । यी तीस सनातन धर्मका लक्षणहरू मानिसले गर्नुपर्ने मुख्य कार्य रहेको उनी बताउँछन् ।

यसरी लेखकले प्रस्तुत ग्रन्थका माध्यमले वर्तमान समयमा हिन्दूधर्मको उत्थानका लागि चिन्तन र चिन्तासमेत प्रकट गरेको देखिन्छ । आधुनिक समाजको चालचलन र हिन्दू धर्मको शास्त्रीय मान्यताकाबीच आउने सक्ने द्वन्द्वलाई शास्त्रीय नीति नियमहरूका आधारमा निराकरण गर्ने उनको मनसाय स्पष्ट बुझ्न गाह्रो पर्दैन ।

### ४.४.४ केन्द्रीय भाव

प्रस्तुत ग्रन्थ हिन्दूधर्म मर्म विचारको केन्द्रीय कथ्य वा भाव आर्य संस्कृतिको उत्थान हो । आधुनिक भौतिक विकासवादीहरूको लहैलहैमा नलागी हिन्दू धर्मसंस्कृतिको शास्त्रीय नीतिनियमअनुसार हिन्दूसंस्कृतिको बचावट गनुपर्ने कुरा नै यस कृतिको केन्द्रीय कथ्य रहेको छ ।

### ४.४.५ विचार, सर्गयोजना र कथनपद्धति

मानव जीवनलाई हिन्दू धर्मशास्त्रानुरूप जीउनु पर्छ भन्ने सन्देश नै प्रस्तुत ग्रन्थको मुख्य विचार हो । आध्यात्मिकता, पुनर्जन्मप्रति विश्वास, शिखा-सूत्रको धारणा एवं सनातन ३० वटा नियमहरूको

पालनालाई हिन्दुत्वका मूल आधारका रूपमा लिनु पर्ने लेखकको मत रहेको छ ।

प्रस्तुत ग्रन्थको सर्गयोजनलाई हेर्दा यसमा पूर्वखण्ड र उत्तरखण्ड गरी दुई भागमा विभाजन गरिएको छ । यहाँ अप्रत्यक्ष कथनात्मक तृतीयपुरुष प्रधान कथनपद्धति देखापर्दछ ।

### ४.४.६ भाषाशैली

यस ग्रन्थका भाषा प्रयोगका क्रममा वर्णयोजनका तहमा अनुप्रासीय र अन्त्यानुप्रासीय शैलीगत माधुर्य आंशिक देखिन्छ । ९२ पृष्ठको आयामभित्र समेटिएको यस ग्रन्थमा अधिकांश (पृष्ठ १ देखि पृष्ठ ७ सम्म बाहेक) गद्य भाषाको प्रयोग भएको देखिन्छ ।

तत्सम स्रोतका शब्दहरूको अधिक प्रयोग भएको देखिन्छ भने तद्भव र आगन्तुक स्रोतका शब्दको प्रयोग न्यून रहेको पाइन्छ । शब्दभण्डार र यी शब्दहरूका पदावलीगत, वाक्यगत र अनुच्छेदगत चयनबाट प्रस्तुत कृतिको शैली पाठकका निम्ति सरल भएको देखिन्छ ।

गाउँ ठाउँका उखान र टुक्काको प्रयोगले भाषालाई अझ रोचक तुल्याइएको छ । समापिका क्रियाको प्रयोग, सरल वाक्यको प्रयोग एवं केही रोचक उक्तिहरूको प्रयोगले प्रस्तुत ग्रन्थलाई सम्प्रेषणीय बनाएको देखिन्छ ।

### ४.४.७ निष्कर्ष

वि.सं २०१८ सालमा प्रकाशन भएको प्रस्तुत 'हिन्दूधर्म मर्म विचार" ९२ पृष्ठको आयाममा संरचित दुई खण्डमा विभाजित ग्रन्थ हो । यस कृतिमा मिश्रित किसिमको कथावस्तु, अल्पसङ्ख्याको पात्र प्रयोगले आर्यसंस्कृतिमा देखापरेको लोपको अवस्थालाई व्यञ्जित गरेको देखन्छि । यहाँ अङगी रसका रूपमा शान्तरसको प्रयोग देखिन्छ । तत्सम शब्दको प्रयोग भए पनि त्यो बोध्य किसिमको देखिन्छ । प्रसाद गुणको झल्को देखिने यसको भाषाशैली मुख्यतया सरल किसिमको छ । यस कृतिले आधुनिक किवासवादीहरूका कतिपय कुरामा असमति राख्दै आफ्नो रीतिरवाज, मान्यता, परम्परामा अडिग रहनुपर्ने सन्देश सनातन हिन्दूधर्मावलम्बीहरूलाई दिएको छ ।

ग्रन्थमा व्यक्त कतिपय विचारहरू भने परिवर्तनशील समाजले अस्वीकार गरिसकेको छ । जातिपातीका आधारमा भेदभाव गर्न नहुने र सबै मानिसहरू समान भएकाले छोइछिटो गर्न नपाइने कानुनी प्रावधान रहेको छ । निश्चित प्रक्रिया पुऱ्याएर महिला वा पुरुषले विवाह विच्छेद गर्न पाउने प्रावधान पनि कानुनमा रहेको छ । अधिकारीले जति आग्रह राखे तापनि शिखा-सूत्रको प्रचलन हट्दै गएको देखिन्छ भने पुनर्जन्मप्रति विश्वास मान्नेहरू पनि नेपाली समाजमा घट्दो क्रममै देखिन्छन् । यसरी प्रस्तुत ग्रन्थमा व्यक्त कतिपय विचारहरू अहिलेको सन्दर्भमा गतार्थ ( आउट्डेटेड्) भइसकेको भन्दा अत्युक्ति हुँदैन ।

तर अधिकारीले कुन परिस्थितिमा उपर्युक्त विचारहरू व्यक्त गरेका थिए भन्ने पक्षलाई पनि ख्याल राख्नु पर्दछ । तत्कालीन समाजमा उठेका सम्भवतः सबैभन्दा तात्तातो बहसलाई उनले सम्बोधन गरेका छन् । हिन्दू धर्मशास्त्रलाई नै जीवनको एक मात्र मार्ग दर्शक मान्ने भएकाले ती शास्त्रानुकूल कुराप्रति पण्डित अधिकारीको आग्रहलाई अस्वाभाविक ठान्नु उनीप्रतिको अन्याय हुन जान्छ । सामाजिक व्यवहारका कतिपय कुरा परिवर्तन भएका अवस्थामा पनि उनीद्वारा पक्षपोषण गरिएका मूलभूत दार्शनिक विचारहरूलाई भने आर्यधर्मावलम्बीहरूले अहिले पनि मानेको देखिन्छ ।

## ४.५ संक्षिप्त साङ्ग-श्रुति परिचय (२०२९) को अध्ययन

### ४.५.१ परिचय

'संक्षिप्त साङ्ग-श्रुति परिचय' वि.सं २०२९ सालमा प्रकाशित कृति हो । उनी चर्चा गर्छन्– वेदको अर्को नाम श्रुति हो । वेदको अर्को नाम श्रुति हो । "वेदलाई 'श्रुति' किन भनियो त भन्दाखेरीमा सृष्टिको आदिमा ब्रह्माजीले आफ्ना हृदयभित्र परमेश्वरको निःश्वासले सुने; ब्रह्माजीबाट प्रजापतिहरूले सुने र प्रजापतिहरूबाट ऋषिहरूले सुने । यस क्रमले श्रवण परम्पराबाट यो ज्ञान चल्दै आयो । तसर्थ वेदलाई श्रुति पनि भनिएको हो । आजका समयमा पनि शब्दमार्गी योगीहरू कान बन्द गरेर अनाहद नाद सुन्छन् । यो अनाहद नाद नै अव्यक्त प्रणव ध्वनी हो । शास्त्रहरूमा बताइएको छकि प्रणवबाट गायत्री र गायत्रीबाट समस्त वेद प्रकट भएका हुन् । "वेदमा तीन काण्ड– ज्ञानकाण्ड, उपासनाकाण्ड र

कर्मकाण्ड– को प्रतिपादन गरिएकाले यसलाई 'त्रयी' पनि भनिन्छ ।[८१] विभिन्न अङ्गहरूसहित श्रुति (वेद) को बारेमा संक्षिप्त जानकारी दिने उद्देश्यले लेखिएको कृतिको नाम 'संक्षिप्त साङ्ग-श्रुति परिचय' राखिएको बुझिन्छ ।

### ४.५.२ आख्यानात्मक संरचना

#### ४.५.२.१ विषयवस्तु

'संक्षिप्त साङ्ग-श्रुति परिचय' पुस्तकको विषयवस्तु मूलतः वेद र यसका अङ्गहरू नै हुन् । वास्तवमा छ अंगले सहित वेदलाई साङ्ग-श्रुति भनिन्छ । ती छओटा अंगहरू हुन्– शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष, र छन्द । यी वेदका ६ ओटा अंगहरू हुन् । यदि यी अंगलाई मानव शरीरका अंगसँग दाँजेर बुझ्न खोज्ने होभने शिक्षा वेदको घ्राणेन्द्रिय (नाक) हो; कल्प वेदको हात हो; व्याकरण वेदको मुख हो; निरुक्त वेदको कान हो; ज्योतिष वेदको आँखा हो; र छन्द वेदको पाउ हो ।[८२] यसबाटै प्रस्तुत कृतिको विषयवस्तुको स्पष्ट आँकलन गर्न सकिन्छ ।

वेद र यसका अङ्गहरू बारेमा जानकारी दिने मूल उद्देश्यलाई परिपूर्तिको अलावा कथानक बुन्ने क्रममा प्रस्तुत कृतिमा अन्य थुप्रै विषयवस्तु पनि आएका छन् । "यस ग्रन्थमा ४९ ओटा विविध आलेखहरूको संयोग रहेको छ । धर्म, संस्कृति, दर्शन, वेद, पुराण, उपनिषद्, कृषि, कुलवंश परिचय, नदीनाला र कयौं स्थानहरूको राम्रो वर्णन रहेको छ ।"[८३] भन्ने अध्येताहरूको भनाइबाट पनि यसबारेमा अनुमान गर्न सकिन्छ । प्रस्तुत पुस्तक मङ्गलाचरण एवं शान्तिपाठबाट सुरु हुन्छ । जुनसुकै कृतिको पनि प्रारम्भमा मङ्गलाचरण गर्ने भारतवर्षीय साहित्यको विशेषताअनुरूप यसो गरिएको बुझ्न सकिन्छ । त्यसपछिका

---

८१ *अधिकारी, पण्डित रुद्रमणि; "वेदको अध्ययन गर्नैपर्छ"; देशप्रेम साप्ताहिक,*

८२ *अधिकारी, पं. रुद्रमणि; **संक्षिप्त साङ्ग-श्रुति परिचय**; लक्ष्मी प्रेस, पोखरा; पहिलो संस्करण, वि.सं. २०२९; पृ. ३३–३४*

८३ *मिश्र, डिल्लीराम; **नेपाल अधिराज्यमा तनहूँ**; शर्मिला मिश्र; दोस्रो संस्करण, २०५७, पृ. २५७*

पृष्ठहरूमा लेखकले प्रस्तुत गरेका विषयवस्तुलाई पूर्व भाग र उत्तर भाग गरी मूलतः दुई भागमा बाँडेका छन् ।

लेखकले सर्वप्रथम स्थानपरिचयबाट विषयवस्तुको उठान गरेका छन् । नेपाल अधिराज्यको गण्डकी अञ्चल अन्तर्गत तनहूँ जिल्लाको सदरमुकाम रहेको दमौली एवं यससँग सम्बद्ध मादी र सेती, मत्स्योदरी कुण्ड तथा महाभारतकालीन ऋषि धौम्यको आश्रमस्थलको परिचयलाई लेखेकले समेटेका छन् । यसैगरी, ऋषि धौम्यसम्बन्धी आख्यानलाई पनि पुस्तकको पूर्व भागमै समेटिएको छ । धौम्य मुनिको तपस्यादेखि उनले दिव्यधाम प्राप्त गर्नुसम्मको कथानकपछि धौम्याश्रममा कौडिन्य गोत्री आचार्यहरूको आगमन तथा हेमाचार्यको जन्म र उनले सांसारिक वस्तु भन्दा पारमार्थिक वस्तुमा विशेष अभिरुचि दिएको प्रसङ्ग उल्लेख गर्दै पुस्तकको पूर्व भाग टुङ्गिन्छ ।

पुस्तकको उत्तर भाग हेमाचार्यको घरमा उनका बन्धुसमेत रहेका एकजना विद्वान ब्राह्मणको आगमनको प्रसङ्गबाट उठान भएको छ । हेमाचार्यका जिज्ञासालाई शान्त पार्ने क्रममा विद्वान ब्राह्मणले बताउने प्रश्नोत्तरबाट वेदका अङ्ग-उपाङ्ग बारेमा जानकारी समेटिएको छ । यसरी पुस्तकको शीर्षकलाई सार्थक पार्ने गरी साङ्ग-श्रुतिको परिचय यसै खण्डमा दिइएको छ ।

### ४.५.२.२ परिवेश

प्रस्तुत पुस्तकका लेखक पं. रुद्रमणि अधिकारी वेदलाई विश्वको विधान मान्ने व्यक्ति हुन् र वैदिक शास्त्रको विशेषता कस्तो छ भन्ने बारेमा उनको मान्यता यस्तो देखिन्छ–

होलान् शास्त्र अनेक तैपनि सबै एक देश एक कालको,
गर्छन् वर्णन लोकमा त्यस घडी चाल्फाल जस्तो थियो,
हेर्नोस् वेद-पुराण हिन्दू-इतिहास सर्वत्र दृष्टि दिंदै,
भन्छन् भूत भविष्यका सकल बात् हाल्का कुरा संगसँगै ॥[८४]

---

८४ *अधिकारी, पं. रुद्रमणि उपाध्याय; **हिन्दू-धर्म मर्म-विचार**; जुक्तराज शाही ठकुरी, वि.सं. २०१८; पृ. ३*

त्यसैले वेदका बारेमा ज्ञान हुनु अत्यन्त जरुरी रहेको अधिकारीको मान्यता देखिन्छ । वेदलाई हाम्रा पुर्खाहरूले सर्वमान्य किन ठाने ? के अब पनि वेद सर्वमान्य ठहर्न सक्छ त ? यस्ता प्रश्नहरूमा विचार गर्नु सामयिक हुने र यसको लागि वेदको अध्ययन गर्नैं पर्ने अधिकारी ठान्छन् । उनले भनेका पनि छन्– "मेरो करबद्ध प्रार्थना छ : साँचो नपाएर आफ्ना ढुकुटीको सम्पत्ति झिक्न नसकी अरुसँग भिख् माग्नुभन्दा त साँचो खोल्ने उपाय गरेर आफ्नै सम्पत्तिको भोग गर्नु बेस भएझैं वेदको राम्रो विचार गरी तदनुकूल व्यवहार गर्न सिक्नु बेस हुने हुनाले हाम्रो मुख्य ग्रन्थ वेदको राम्ररी मनन गरौं ।"[८५] वास्तवमा प्रस्तुत पुस्तक लेखनको परिवेश पनि यही लेखकीय भनाइमा प्रतिबिम्बित छ ।

पुस्तक लेखन वैदिक ज्ञानको परिवेशमा लेखिएको भए तापनि लेखकले कथानक बुन्ने क्रममा तनहूँ जिल्लाको सदरमुकाम दमौली र यस वरपरका क्षेत्रलाई चयन गरेका छन् । त्यस क्षेत्रका दमौली, मादी र सेती, मत्स्योदरी कुण्ड, साङ्गे खोला, धौम्य ढुङ्गो, मूढे छहरो तथा बन्कटा, गुर्दुम, चण्डीस्थान, दभुङ, पञ्चधारा आदि स्थलहरू स्थानगत परिवेशका रूपमा आएका छन् ।

### ४.५.२.३ पात्रविधान

'संक्षिप्त साङ्ग-श्रुति परिचय' पुस्तकको मूल उद्देश्य वेद र यसका अङ्ग-उपाङ्ग बारेमा सर्वसाधारणलाई जानकारी दिएर पारमार्थिक शिक्षातर्फ प्रवृत्त गराउनु रहेको छ तापनि जटिल कुरालाई पनि सुगम तरिकाले बुझाउन लेखकले सरल कथानक बुनेका छन् । आफ्नो प्रयोजनलाई पूरा गर्न उनले विभिन्न किसिमका पात्रहरू चयन गरेका छन् ।

पुस्तक मूलतः विवरणात्मक तथा सन्देशमूलक भएकाले यो पात्रप्रधान नभई विषयवस्तुप्रधान कृति हो । यसमा आउने कथानकहरू प्रयोजनपरक ढङ्गले विषयवस्तुलाई सहायक हुने गरी बुनिएका छन् भने पात्रविधान पनि सोही अनुरूप भएको देखिन्छ ।

---

८५ *अधिकारी, पं. रुद्रमणि; **संक्षिप्त साङ्ग-श्रुति परिचय**; लक्ष्मी प्रेस, पोखरा; पहिलो संस्करण, वि.सं. २०२९; भूमिका*

पुस्तकको पूर्व भागमा धौम्य मुनि प्रमुख पात्रका रूपमा देखा पर्छन् । उनको चयन प्रयोजनपरक ढङ्गले भएको छ र यसका कम्तीमा पनि तीनओटा प्रयोजनहरू देखिन्छन् । पहिलो, तनहूँ जिल्लास्थित साङ्गे खोलाको किनारमा रहेको धुवाउने ढुङ्गो बारेमा प्रचलित जनश्रुतिलाई आधार मानी प्रसिद्ध ऋषि धौम्यको आश्रमको रूपमा यसलाई निरूपण गर्ने सन्दर्भमा उनको चयन भएको बुझिन्छ । दोस्रो, धौम्यले तपस्या एवं साङ्ग श्रुतिको मननबाट शाश्वत् शिवपद प्राप्त गरेको आख्यान प्रस्तुत गरी लोकलाई साङ्ग श्रुतिको मननतर्फ अभिप्रेरित गराउने उद्देश्य पनि लेखकले राखेको देखिन्छ । तेस्रो, कथानकलाई अगाडि बढाउने सन्दर्भमा पनि धौम्यको चयन गरिएको छ । अर्का एक प्रमुख पात्र हेमाचार्यका पुर्खाहरूले सोही धौम्याश्रम (धौम्य ढुङ्गो अथवा धुवाउने ढुङ्गो) आसपासको क्षेत्रलाई बसोबासका लागि रोजेको र सोही स्थानमा हेमाचार्यको जन्म भएको प्रसङ्ग जोडी कथानकलाई निरन्तरताको शृङ्खलामा जोडिएको छ । यसबाट पूर्व भाग र उत्तर भागको पात्रविधानमा अन्तर्सम्बन्ध देखिन गई लेखकले कथानकमा पनि निरन्तरताको अनुभूति पैदा गर्न सकेका छन् ।

पूर्व भागमा आउने अन्य पात्रहरूमा इन्द्र, मूढा, शिव, पार्वती वा चण्डी, बृहस्पति, कश्यप, आरुणि र उपमन्यु पनि रहेका छन् । यिनमा इन्द्र देवराज हुन् र उनी धौम्यको तपस्याबाट आफ्नो गद्दी खोसिने पो हो कि भनेर तर्सन्छन् । ऋषिको तपस्या भङ्ग गर्न मूढा नामकी एक अप्सरालाई खटाउने र पछि आफै धनुवाण ।लएर अघि सर्ने इन्द्रले चण्डीरूपकी पार्वतीबाट दण्ड समेत पाउँछन् । कश्यप ऋषि इन्द्रका पिता हुन् र आफ्ना छोरा तथा उनका सहयोगीका रूपमा गएका देवगुरु बृहस्पति र अन्य ऋषिहरूलाई पार्वतीको दण्डबाट मुक्त गराउन उनी तपस्या गर्छन् । शिव र पार्वतीलाई यहाँ परब्रह्म र उनकी आद्या शक्तिका रूपमा प्रस्तुत गरिएको छ । पार्वती धौम्यलाई इन्द्रबाट बचाउँछिन् र इन्द्रलाई दण्ड दिन्छन् । शिवले पार्वतीसहित धौम्यलाई दर्शन दिएर कृतार्थ पारेका छन् भने साङ्ग श्रुतिको ज्ञान समेत दिएका छन्, जसको मननबाट धौम्यले शिवपद समेत प्राप्त गर्छन् ।

आरुणि र उपमन्यु धौम्यका शिष्यद्वय हुन् । उनीहरूको चयन मूलतः दुई उद्देश्यले भएको देखिन्छ । पहिलो, एक गुरुका रूपमा धौम्यको सफलतालाई आरुणि र उपमन्युको कथानकले प्रष्ट पारेको छ । दोस्रो,

साङ्ग श्रुतिको मननबाट जो कसैले पनि जीवन सार्थक बनाउन सक्छ भन्ने महात्म्य पनि उनीहरूको उदाहरणमार्फत् थप प्रष्ट भएको छ ।

माथि उल्लेख गरिएकाबाहेक अन्य पात्रहरू पनि पूर्व भागमा उल्लेख गरिएका छन्, जस्तै– श्वेतकेतु, अश्विनीकुमार, भगवान् श्रीकृष्ण । उनीहरूको नाम कुनै पात्रका सम्बन्धमा थप जानकारी दिने उद्देश्यले प्रसङ्गवश उल्लेख गरिएको पाइन्छ ।

पुस्तकको पूर्व भागमै हेमाचार्य र उनकी पत्नी पद्मा पनि उल्लेख्य पात्रका रूपमा रहेका छन् । धौम्याश्रम निकटका बासिन्दा आचार्यकुलका सन्तानका रूपमा हेमाचार्य रहेका छन् । उनी सानै छँदा उनका मातापिता परलोक भए भने उनी पत्नी तथा सन्तानहरूको वियोग सहन बाध्य दुःखी मानव हुन् । पद्मा हेमाचार्यकी कान्छी जीवनसंगिनी हुन् र उनले पनि सन्तानशोक भोग्नु परेको छ । पद्माको चित्रण पतिव्रता नारीको रूपमा गरिएको छ । उनीहरू दुवैजना परमार्थप्रति जिज्ञासु छन् । यसमध्येमा पनि हेमाचार्य बढी व्याकुल रहेको देखाइएको छ ।

वास्तवमा उनीहरूको उपस्थिति पूर्व भागलाई बिट मारी उत्तर भागको उठानका लागि आधार तयार पार्नका लागि भएको छ । सांसारिक जीवनमा वियोग, वृद्धता र रुग्णताले आक्रान्त भएका हेमाचार्यको चासो पारमार्थिक कुराहरूमा बढेको हुनाले नै उनले आफ्ना बन्धुसमेत रहेका विद्वान ब्राह्मणसँग तत्सम्बन्धी जिज्ञासा राखेको प्रसङ्ग प्रस्तुत पुस्तकको उत्तर भागको उठान बिन्दु हो ।

पुस्तकको उत्तर भागमा हेमाचार्य र पद्माका अतिरिक्त एकजना विद्वान ब्राह्मण पनि पात्रका रूपमा रहेका छन् । उनको व्यक्तिगत परिचयमा उनी हेमाचार्यका नाताले भाइ पर्ने, तर पूज्य बन्धु हुन् । जसरी पुस्तकको पूर्व भागमा धौम्य मुनि केन्द्रीय पात्रका रूपमा रहेका छन्, उसरी नै उत्तर भागमा यिनै विद्वान ब्राह्मण केन्द्रीय पात्र रहेका छन् । पुस्तकको शीर्षकलाई सार्थक पार्ने गरी साङ्ग श्रुतिको परिचय गराउने कार्यभार उनले नै बोकेका छन् । ब्राह्मण सविधि सन्ध्योपासनका लागि मन्दिरमा प्रवेश गरेपछि पुस्तक समाप्त हुन्छ ।

### ४.५.३ विषयवस्तु विश्लेषण

पं. रुद्रमणि अधिकारीद्वारा लिखित 'संक्षिप्त साङ्ग-श्रुति परिचय' वि.सं. २०२९ मा प्रकाशित कृति हो । श्रुति भनेको वेद हो र यसका अङ्गसहित वेदलाई नै साङ्ग-श्रुति भनिन्छ । अङ्ग-उपाङ्गसहित वेदको संक्षिप्त परिचय गराइएकाले लेखकले पुस्तकको नाम पनि त्यसैबाट जुराएका छन् ।

वेदमा दुई किसिमको शिक्षा पाइन्छ । एक, व्यावहारिक र अर्को, पारमार्थिक । व्यावहारिक शिक्षा सूत्र रूपमा पाइन्छ र पारमार्थिक शिक्षा विस्तृत रूपमा । यसको रहस्य केभने– व्यावहारिक वस्तुहरू बदलिइरहन्छन् । बदलिइ रहने वस्तुको विशेष बयान गर्नु व्यर्थ कुरा हुन्छ । पारमार्थिक वस्तु बदलिँदैनन्; ती सधैं एकनाश रहन्छन् । परमार्थ (सत्य-वस्तु) को पत्ता लगाउने हुनाले यिनलाई पारमार्थिक भनिएको हो र यस सम्बन्धी शिक्षालाई पारमार्थिक शिक्षा भनिन्छ ।[८६] मूलतः मानिसलाई पारमार्थिक शिक्षाप्रति चेष्टा गराउने प्रयोजनले लेखकले प्रस्तुत पुस्तकलाई लेखेका छन् ।

पुस्तक करिब ६० पृष्ठमा समेटिएको छ । लेखकले पुस्तकलाई पूर्व भाग र उत्तर भागमा विभाजन गरी लेखेका छन् । यस पुस्तकमा समेटिएका विषयवस्तुलाई कम्तीमा पनि छ प्रकारमा बाँड्न सकिन्छ–

**(क) स्थान परिचय –**

पुस्तकको प्रारम्भ स्थान परिचयात्मक विवरणबाट भएको छ । यसमा लेखकले नेपाल अधिराज्यको गण्डकी अञ्चल अन्तर्गत तनहूँ जिल्लाको सदरमुकाम रहेको दमौली एवं यससँग सम्बद्ध मादी र सेती, मत्स्योदरी कुण्ड तथा महाभारतकालीन ऋषि धौम्यको आश्रमस्थल सम्बन्धमा चर्चा गरेका छन् ।

दमौलीलाई उनले भगवान वेदव्यास कृष्णद्वैपायनको जन्मस्थलका रूपमा उल्लेख गरेका छन् भने स्थानीय छाब्दीवाराहीलाई व्यासले आफ्नी आमा मत्स्यगन्धाको मनोरथपूर्तिका लागि निर्माण गरेको

---

८६ *अधिकारी, पं. रुद्रमणि;* ***संक्षिप्त साङ्ग-श्रुति परिचय;*** *लक्ष्मी प्रेस, पोखरा; पहिलो संस्करण, वि.सं. २०२९; भूमिका*

मातामही मत्स्योदरीको स्मारकका रूपमा चिनाएका छन् । सेती र मादी नदीलाई पौराणिक शुक्ला माहेन्द्री नदीका रूपमा व्याख्या गरी लेखकले साङ्गे खोलोको किनारमा अवस्थित धुवाउने ढुङ्गोलाई धौम्य मुनिसँग सम्बद्ध देखाई 'धौम्य ढुङ्गो' को निरूपण गरेका छन् । साङ्गे खोलो तथा स्थानीय बन्कटा, गुर्दुम, चण्डीस्थान, दभुङ, पञ्चधारा आदि स्थलहरूको नामको व्युत्पत्ति केलाउँदै तिनको महिमामण्डन पनि लेखकले गरेका छन् । यसरी दमौली र यस वरपरका क्षेत्रहरूको महिमामण्डन गर्ने उद्देश्य लेखकले राखेको देखिन्छ ।

(ख) मिथक –

लेखकले पुस्तकमा जनश्रुति तथा पौराणिक मिथकहरूको पनि प्रशस्तै प्रयोग गरेका छन् । स्थानीय जनताले 'मूढे खोल्सो' भन्ने गरेको खोल्सोलाई उनी मूढा नामकी अप्सरासँग जोड्छन् । संस्कृत भाषामा 'अप्सरा' शब्दको अर्थ स्वर्गलोकस्थ परी र खोल्सो दुवै हुन्छ । धौम्यको तपस्या भङ्ग गर्न इन्द्रद्वारा खटाइएकी मूढा अप्सराको देह गलेर पानीको मूल बनेको जनश्रुतिलाई लेखक अधिकारीले पौराणिक आख्यानसँग निकै राम्ररी जोडेका छन् ।

ऋषि धौम्यको तपस्या, इन्द्रद्वारा उनको तपस्या भङ्ग गर्ने प्रयत्न, इन्द्र र उनका गुरु बृहस्पतिलाई चण्डीरूपी पार्वतीद्वारा दण्ड, आफ्ना छोराको उद्धारका लागि कश्यपद्वारा पार्वतीको प्रार्थना, इन्द्रद्वारा धौम्यसित क्षमाप्रार्थना तथा ऋषिको निर्देशानुसार साम्बशिवको यज्ञ आयोजन र शिव-पार्वतीको प्राकट्यलाई लेखकले मिहिन तरिकाले एक सूत्रमा उनेका छन् । साथै, आरुणि र उपमन्युसम्बन्धी पौराणिक आख्यान पनि प्रस्तुत पुस्तकमा समेटिएको छ । अन्त्यमा धौम्यले साङ्ग-श्रुतिको अनुशीलनबाट शिवपद प्राप्त गरेको समेत उल्लेख गरिएको छ । यसरी मिथकको माध्यमबाट लेखकले सर्वसाधारणलाई आध्यात्मिक वा पारमार्थिक शिक्षापट्टि प्रवृत्त गराउन खोजेका छन् ।

(ग) आचार्य वंश प्रसङ्ग –

धौम्याश्रममा कौडिन्य गोत्री आचार्यहरूको आगमन तथा त्यस कुलमा हेमाचार्यको जन्म र उनले सांसारिक वस्तु भन्दा पारमार्थिक वस्तुमा विशेष अभिरुचि दिएको प्रसङ्ग पनि पुस्तकको प्रमुख प्रसङ्ग हो । पुस्तकको पूर्वभाग र उत्तरभागलाई जोड्ने कडी नै यही रहेको देखिन्छ ।

गीतामा व्यासले श्रीकृष्ण र अर्जुनको सम्वादमार्फत् सारा उपनिषद्को ज्ञानलाई दूहेझैं प्रस्तुत पुस्तकमा विद्वान ब्राह्मण र हेमाचार्यको सम्वादमार्फत् साङ्ग-श्रुतिको वर्णन गरिएको छ । यसरी आफ्नो कृतिमार्फत् लेखकले कौडिन्य गोत्री आचार्य वंशलाई समेत महत्वपूर्ण स्थान दिएका छन् ।

वास्तवमा तनहूँको साङ्गेनिवासी कौडिन्य गोत्री आचार्य वंश प्रस्तुत पुस्तकका लेखक रुद्रमणि अधिकारीको मावली हो र हेमाचार्य, अधिकारीका साख्खै मावली दाजु हुन् ।[८७] श्रीकृष्णले गीता ज्ञान प्रकाशनका लागि आफ्ना अतिशय प्यारा सखा अर्जुनलाई रोजेझैं अधिकारीले पनि साङ्ग-श्रुतिको वर्णनका लागि कथानक बुन्दा आफ्ना मावली दाजु हेमाचार्यलाई मुमुक्षु पात्रका रूपमा चयन गरेको देखिन्छ ।

**(घ) पारमार्थिक शिक्षा –**

'संक्षिप्त साङ्ग-श्रुति परिचय' को प्रारम्भ र अन्त्य दुवै विवरणात्मक ढाँचामा लेखिएको छ । प्रारम्भमा स्थान वर्णनात्मक विवरण भेटिन्छ भने अन्त्यमा वेद र यसका अङ्ग-उपाङ्गको विवरण भेटिन्छ । उपर्युक्त विवरण तथा पुस्तकमा समेटिएका आख्यानले पुस्तकलाई सर्वसाधारणका लागि सहजै बोधगम्य बनाएका छन् । तर यसबाट वास्तविक पारमार्थिक शिक्षा भने छायामा परी केवल त्यसको महात्म्य मात्र देखिएको छ । यद्यपि लेखकले पारमार्थिक शिक्षाको उद्देश्यले पढ्नेहरूले पनि पुस्तकमा सामग्री भेटाऊन् भन्ने सचेतता देखाएका छन् । शिवद्वारा धौम्यलाई दिइएको ज्ञान यसको ज्वलन्त उदाहरण हो । यसैगरी, विद्वान ब्राह्मणले हेमाचार्यका प्रश्नका उत्तर दिँदा विवरणात्मक हुँदाहुँदै पनि विभिन्न स्थानमा पारमार्थिक शिक्षापूर्ण वचन पनि व्यक्त गरेको पाइन्छ । वैदिक हिन्दू परम्परामा ब्रह्मसाक्षात्कार वा आत्मज्ञानका लागि जान्नु आवश्यक भनिएका कुराहरू नै त्यहाँ समेटिएको पाइन्छ ।

**(ङ) वेद र यसका अङ्गहरूको परिचय –**

पुस्तकको नामाकरणलाई ध्यान दिने हो भने यसको प्रयोजन नै वेद र यसका अङ्गहरूको परिचय दिनु हो भन्ने छर्लङ्ग हुन्छ । वेद चारओटा छन्– ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद । मूलतः वेद एक

---

८७ *पं. अधिकारीका छोरा निर्मलमणि अधिकारीले दिएको जानकारी*

नै हो र त्यसैलाई चार भागमा विभाजन गरिएको हो भन्ने तथ्य प्रस्तुत पुस्तकमा लेखकले प्रष्ट्याएका छन् ।

वेदका छओटा अंगहरू शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष र छन्द हुन् । यदि यी अंगलाई मानव शरीरका अंगसँग दाँजेर बुझ्न खोज्ने होभने शिक्षा वेदको घ्राणेन्द्रिय (नाक) हो; कल्प वेदको हात हो; व्याकरण वेदको मुख हो; निरुक्त वेदको कान हो; ज्योतिष वेदको आँखा हो; र छन्द वेदको पाउ हो ।

(१) शिक्षा ग्रन्थमा सार-स्वर सहित वेदका मन्त्रहरू पढ्ने तरिका सिकाइएको छ । प्रत्येक वेदका भिन्न भिन्न शिक्षा ग्रन्थ छन् ।

(२) कल्प ग्रन्थ दुई प्रकारका छन्, श्रौत कल्प र स्मार्त कल्प । श्रौत कल्पमा ब्राह्मण नामक वेद-भागमा बताइएका कर्मको प्रयोगका विधिहरू बताइएका छन् । स्मार्त कल्पमा उपनयना आदि संस्कार र अरुहरू स्मार्त कर्मका विधान बताइएका छन् । यी कल्प ग्रन्थपनि प्रत्येक वेदका भिन्न भिन्न छन् ।

(३) व्याकरणमा धातु, प्रत्यय सन्धि, समास, लिङ्ग, आदि भेदहरूद्वारा शब्दहरूको साधन गरिएको छ । व्याकरण जान्नाले कुन शब्द शुद्ध हो र कुनचाहिँ शुद्ध हो भन्ने पूर्ण ज्ञान हुन्छ । बोल्दा शुद्ध र अशुद्ध शब्दको ज्ञान हुनु परम् आवश्यक हुन्छ । पाणिनीय व्याकरण, सारस्वत व्याकरण, ऐन्द्र व्याकरण, चान्द्र व्याकरण, काशकृत्स्य व्याकरण आदि अनेक व्याकरण थिए; किन्तु यस समय कताकति सारस्वत व्याकरण र सर्वत्र पाणिनीय व्याकरणको प्रचलन छ ।

(४) निरुक्तमा शब्दहरूको ठीक ठीक अर्थ सुत्पत्तिपूर्वक गरिएको छ । अर्थात्, यसले वेदका ऋचाहरूको ठीक अर्थ लगाउन मद्दत गर्दछ । पहिले अनेक निरुक्तहरू थिए भनिन्छ, परन्तु हाल यास्काचार्य रचित निरुक्त उपलब्ध छ । वेदमा प्रयुक्त शब्दहरूको ठीक अर्थ गर्न नसकेकाले अचेल गलत किसिमबाट विश्लेषण गरिएकोपनि देखिन्छ । यसो भएको निरुक्तको ज्ञान नहुनालेनै हो ।

(५) ज्योतिष शास्त्रका तीन भाग छन्– गणित, जातक र संहिता भाग । गणित भागमा योग (जोड), अन्तर (घटाउ), भाग, वर्ग, वर्गमूल, घन, घनमूल आदिको ज्ञान रहेको छ । यसकासाथै यस भागमा अनुयोग (देश, दिशा र कालको ज्ञान), चन्द्रग्रहण, सूर्यग्रहण, उदय, अस्त,

छायाधिकार आदि बारेमा पनि ज्ञान समेटिएको छ । जातक भागमा राशिभेद, ग्रहयोनी, वियोनिज (मानवेतर जन्मफल), गर्भाधान, जन्म, अरिष्ठ, आयुदाय, आजीविका, अष्टकवर्ग, विभिन्न योगहरू (राजयोग, नाभसयोग, चन्द्रयोग, प्रव्रज्यायोग), राशि शील, ग्रहदृष्टिफल, ग्रहहरूको भावफल, अनिष्टफल, निर्याण (मृतविषक विचार), स्त्रीजातक फल, द्रेस्काण आदि बारेमा ज्ञान रहेको छ । संहिताभागमा ग्रहगति, वर्षलक्षण, तिथि, दिन, नक्षत्रयोग, करण, मुहूर्त, सम्पूर्ण लग्न तथा ऋतुदर्शनको विचार, गर्भाधान, पुंसवन, सीमन्तोनयन, जातकर्म, नामाकरण, अन्नप्राशन, चूडाकर्म, कर्णबेध, उपनयन, वेदारम्भ, समापवर्त्तन, विवाह, प्रतिष्ठा, गृह लक्षण, यात्रा, गृह प्रवेश आदिका बारेमा बताइएको छ ।

ज्योतिष विषय बडो गम्भीर, आश्चर्यलाग्दो साथसाथै मनोरञ्जक पनि छ । यसका सहायताबाट मानिसको भूत, भविष्य, वर्तमान जान्न सकिने हुन्छ । यस विषयमा अनेक विद्वानहरूले महत्वपूर्ण ग्रन्थहरू लेखेका छन् । जुनसुकै कर्मपनि ठीक समयमा गर्नुपर्दछ र गलत समयमा गरिएको कर्म गलत फलदायक हुन्छ भन्ने ज्योतिषको निर्णय छ ।

(६) छन्दग्रन्थमा मगण आदि भेदले पद्य रचना गर्ने र रचित पद्यहरू उच्चारण गर्ने तरिका बताइएको छ । गायत्री आदि वैदिक र आर्या आदि लौकिक छन्दहरू छन् । छन्दग्रन्थमा पिङ्गलको छन्दसूत्र प्रधान मानिएको छ । वेदका ऋचाहरूको उच्चारण सार-स्वर सहित गर्नुपर्ने नियम छ । वैदिक ऋचा पाठ गर्नकालागि छन्दको ज्ञान जरुरी छ ।

यसरी छ अंगहरूको वर्णनपछि लेखकले वेदलाई 'श्रुति' किन भनियो भन्ने बताएका छन् । सृष्टिको आदिमा ब्रह्माजीले आफ्ना हृदयभित्र परमेश्वरको निःश्वासले सुने; ब्रह्माजीबाट प्रजापतिहरूले सुने र प्रजापतिहरूबाट ऋषिहरूले सुने । यस क्रमले श्रवण परम्पराबाट यो ज्ञान चल्दै आयो । तसर्थ वेदलाई श्रुति पनि भनिएको हो । आजका समयमा पनि शब्दमार्गी योगीहरू कान बन्द गरेर अनाहद नाद सुन्छन् । यो अनाहद नाद नै अव्यक्त प्रणव ध्वनि हो । प्रणवबाट गायत्री र गायत्रीबाट समस्त वेद प्रकट भएका शास्त्रहरूमा बताइएको चर्चा पनि लेखकले गरेका छन् । वेदमा तीन काण्ड– ज्ञानकाण्ड, उपासनाकाण्ड र कर्मकाण्ड– को प्रतिपादन गरिएकाले यसलाई 'त्रयी' पनि भनिन्छ भन्ने जानकारी पनि उनले दिएका छन् ।

'पातञ्जल महाभाष्य'लाई उद्धृत गर्दै पुस्तकमा भनिएको छ– "ऋग्वेदका २१, यजुर्वेदका एकसय, सामवेदका एकहजार, र अथर्ववेदका नौ शाखा छन् । यसरी सब मिलाएर चार वेदका १ हजार १ सय ३० शाखा छन् । प्राचीन साहित्यहरूबाट योपनि पत्ता लाग्छकि जति शाखा थिए उति संहिता थिए, उति नै ब्राह्मणग्रन्थ र आरण्यक थिए, उति नै कल्पसूत्र र उपनिषद्हरू थिए । परन्तु हामीहरूका दुर्भाग्यले यस समय कुनै पनि विभाग पूराको पूरा मिल्दैन ।"[८८] वेदका प्रत्येक शाखाको एक विशिष्ट उपनिषद् भएको हुँदा वेदका १ हजार १ सय ३० शाखा भएजस्तै उपनिषद्हरु पनि १ हजार १ सय ३० ओटा नै हुनु पर्ने हुन्[८९] भन्ने चर्चा पनि पुस्तकमा भएको छ । एवम्रितले श्रुतिका छओटै अङ्ग र तिनका उपाङ्गको परिचय दिइएको छ ।

(ङ) बौद्धमत तथा उत्तरवर्ती अन्य सम्प्रदायहरूको परिचय –

प्रस्तुत पुस्तकमा लेखकले विभिन्न दर्शनको बारेमा पनि संक्षेपमा बताएका छन् । यस क्रममा बौद्धमत तथा अन्य उत्तरवर्ती सम्प्रदायको पनि चर्चा गरिएको छ । साथै, सम्पूर्ण शास्त्र, सम्पूर्ण सम्प्रदाय, सम्पूर्ण वादहरूको समन्वय प्रतिपादन गर्न पनि लेखकले भुलेका छैनन् ।

### ४.५.४ विश्लेषण

भारतवर्ष, आर्यसभ्यता तथा हिन्दूधर्मको इतिहास कति पुरानो छ भनेर निर्धारण गर्नु आफैंमा दुरुह कार्य हो । किनभने यसमा एक मत छँदैछैन । स्वामी दयानन्द सरस्वतीले वेद एवम् जगत्को उत्पत्ति भएको १ अरब ९६ करोड ८ लाख ५२ हजार भन्दा पनि बढी वर्ष व्यतीत भइसकेको धारणा राख्नु भएको पाइन्छ[९०] । सावरकरले पनि सृष्टिपश्चात्

---

८८ *अधिकारी, पं. रुद्रमणि; **संक्षिप्त साङ्ग-श्रुति परिचय**; लक्ष्मी प्रेस, पोखरा; पहिलो संस्करण, वि.सं. २०२९; पृ. ४१–४२*

८९ *पूर्ववत्, पृ. ४३*

९० *सरस्वती, स्वामी दयानन्द; **ऋग्वेदादि भाष्य भूमिका**; आर्य साहित्य मण्डल, अजमेर; चतुर्थावृत्ति, वि.सं. २०१६*
*साथै यो पनि : सरस्वती, महर्षि दयानन्द; **सत्यार्थ-प्रकाश**; दयानन्द संस्थान, नई दिल्ली; चतुर्थावृत्ति, वि.सं. २०२९; पृ. १४९*

१ अरब ९७ करोड वर्ष बितेको बताएको पाइन्छ[९१]। संक्षेपमा भन्नुपर्दा "धर्मवादीहरू ऋग्वेदलाई लाखौं वा दसौं हजार वर्ष पुरानो भन्नेमा जोड दिन्छन् ।"[९२] स्वामी प्रपन्नाचार्यले आफ्नो प्रसिद्ध पुस्तक 'वेदमा के छ ?'मा विद्वान् दीनानाथ शास्त्री चुलेटले 'वेद काल निर्णय' ग्रन्थमार्फत् वेद आजभन्दा ३ लाख वर्ष पहिलेको हो भनेको उल्लेख गरेको पाइन्छ । जबकि डा. राधाकृष्णन्ले १५०० इ.पू.देखि ६०० इ.पू. सम्मलाई वैदिक काल मानेको देखिन्छ[९३] ।

यसरी स्पष्ट समय निर्धारण गर्न नसकेतापनि "हिन्दू संस्कृति विश्वका प्राचीनतम् संस्कृति मध्ये पर्दछ"[९४] भन्ने चाहिं अस्पष्ट छैन । एकजना विदेशी लेखक थोर्नटोनको यो भनाइमा "विद्यमान मानिसहरूमा हिन्दू सभ्यता सबैभन्दा प्राचीन हो । यसको उदय अरुभन्दा पहिल्यै भयो र यसको प्रगति बडो तीव्रतापूर्वक भयो । नाइल नदीको घाटीमा खडा रहेका पिरामिडहरू पनि त्यस बेला बनेकै थिएनन् । आधुनिक युगका स्रोत मानिने ग्रीस र इटाली जस्ता देशमा जतिखेर वन्यपशु मात्र डुल्दथे, त्यतिबेलै भारत (भारतवर्ष)मा सम्पत्ति र सभ्यता विराजमान थियो ।"[९५]

"हिन्दूशास्त्र धेरै विस्तीर्ण छ । धार्मिक ग्रन्थहरूका ठूलो भागलाई विदेशी-विधर्मी आक्रमणकारीहरूद्वारा नष्ट गरिएको थियो । त्यस्ता आक्रमणबाट बचेका ग्रन्थमध्ये पनि ठूलो भाग प्राकृतिक प्रकोपले, मानिसहरूको असावधानीले, धमिरा तथा कीराहरूले खाएर नष्ट भयो । अब जति बचेको छ, त्यसमा पनि हजारौं ग्रन्थ मानिसहरूका घरमै थन्किएका छन्, जसका बारेमा अरुलाई थाहै छैन । यति हुँदाहुँदै पनि

---

९१ *शास्त्री, प्रेमचन्द्र;* ***स्वातन्त्र्य वीर सावरकर;*** *आर्य प्रकाशन मण्डल, दिल्ली; सन् १९९५; पृ. १०*

९२ *दीक्षित, मदनमणि;* ***त्यो युग;*** *समीक्षा (सातदिने), काठमाण्डौं; वि.सं. २०४७, पृ. ७९*

९३ *राधाकृष्णन्, डा. सर्वपल्ली;* ***भारतीय दर्शन*** *(अनु. नन्दकिशोर गोभिल), प्रथम खण्ड; राजपाल एण्ड सन्ज, दिल्ली; सन् १९९८; पृ. ४७*

९४ *पोखरेल, राजकुमार;* ***हिन्दु संस्कृति;*** *भानुमोरङ सांस्कृतिक समिति, विराटनगर; प्रथम संस्करण, वि.सं. २०४२; पृ. क*

९५ *ओक, पुरुषोत्तम नागेश;* ***वैदिक विश्व राष्ट्रका इतिहास*** *(भाग २); हिन्दी साहित्य सदन, नई दिल्ली; सन् २०००; पृ. ३३ मा उद्धृत*

प्रकाशित तथा उपलब्ध ग्रन्थहरूकै सूची मात्र पनि यदि दिने हो भने एउटा ठूलो ग्रन्थ त त्यस सूचीले नै बन्नेछ ।"[९६]

त्यस हिसाबले 'संक्षिप्त साङ्ग-श्रुति परिचय' जस्तो ६० पृष्ठ मात्रको पुस्तकमा सम्पूर्ण वैदिक वाङ्मयको परिचय समेट्न कम गाह्रो छैन । तर 'गागरमा सागर' भन्ने नेपाली उखानअनुरूप लेखकले लघुकाय कृतिबाट त्यो उद्देश्य पूर्ति गर्न खोजेका छन् ।

प्रस्तुत पुस्तक लेख्दा पनि लेखकले पारमार्थिक शिक्षाप्रति जनतालाई जागरुक गराउन चाहेका छन् । पारमार्थिक शिक्षाकै अर्को नाम अध्यात्मज्ञान हो र अध्यात्मवादलाई नै सर्वोपरि ठान्ने साहित्यकारका रूपमा पं. अधिकारी चिनिन्छन् ।[९७] "शास्त्रकै दोस्रो नाम 'विद्या' हो । साधारणतया विद्या दुई प्रकारका भनिएका छन्– परा र अपरा । परब्रह्मको साक्षात्कार सम्पादन गराउने विद्यालाई 'परा' र लौकिक-पारलौकिन अभ्युदयको अनुकूल विधि-विधानको उपदेश गर्ने विद्यालाई 'अपरा' भनिएको हो ।"[९८] परा र अपरालाई विद्या र अविद्या पनि भनिन्छ । हिन्दू विचारक अविद्या पनि जान्दछ, तर ऊ त्यसमा अल्झँदैन । अविद्यालाई विद्याको प्राप्तिको खुड्किलो बनाएर अमृतत्व पाउनु नै उसको अभीष्ट हुन्छ ।[९९]

यसरी परमार्थपट्टि लोकलाई प्रवृत्त गराउने हिन्दू-परम्परानुकूल उद्देश्य भएको कृतिमा लेखकले आफ्नो स्वदेशप्रतिको भक्तिलाई पनि मनग्य देखाएका छन् । तनहूँ जिल्लाका विभिन्न स्थानलाई पौराणिक पात्रहरूसँग सम्बन्ध देखाउँदै महिमामण्डन गर्ने उनको कार्य यसैको द्योतक हो । हुन त कसैलाई लाग्न सक्छ कि परमार्थ चिन्तनमा लागेको व्यक्तिलाई पनि कुनै स्थानविशेषप्रति यत्रो मोह किन ! तर यो अपवाद होइन; उदाहरणका लागि मोक्षको प्राप्तिनेरै पुगिसक्दा पनि भर्तृहरि

---

९६ *पोद्दार, हनुमानप्रसाद, गोस्वामी, चिम्मनलाल (सं.); "हिंदूधर्म के आधार-ग्रन्थ," **कल्याण धर्माङ्क**, गीताप्रेस, गोरखपुर, सन् १९६६; पृ. ३१०–३१६*

९७ *थापा, धर्मराज; **तनहूँ फूलवारी**; उदयबहादुर गुरुङ्ग, पोखरा, २०५६; पृ. २२४*

९८ *त्रिपाठी, पं. दुर्गादत्त; "हिन्दू-संस्कृतिका आधार"; **कल्याण, हिन्दू संस्कृति अङ्क**, गीताप्रेस, गोरखपुर, सन् १९५०; पृ. २४४-२४९*

९९ *"विद्यां चाविद्यां च यस्तद्वेदो भय ँ सह । अविद्यया मृत्युं तीर्त्वा विद्ययामृतमश्नुते ॥ (ईशोपनिषद् ११)*

भन्छन्– "हे माता पृथ्वी, पिता वायु, मित्र अग्नि, सुबन्धु जल, भ्राता आकाश ! तिमीहरुलाई मेरो यो अन्तिमपल्ट हात जोडी नमस्कार छ, तिमीहरु सबैको साथबाट उत्पन्न पुण्यका आधिक्यले स्फुरित भएको निर्मल ज्ञानले मोहको सारा महिमालाई पार गरी म परब्रह्ममा लीन भइरहेको छु ।"[१००] यस्तो कृतज्ञता भाव रहन्छ हिन्दू जीवन पद्धतिमा । त्यसैले तनहूँ क्षेत्रलाई महिमामण्डन गर्ने पं. रुद्रमणिको कार्य शास्त्र-अविरुद्ध त छ नै, स्वदेशभक्तिका कोणबाट पनि प्रशंशनीय छ ।

प्रस्तुत पुस्तकको भाषाशैली सरल र बोधगम्य छ । हुन पनि समीक्षकहरूले अधिकारीको लेखनशैलीलाई "भानुभक्तको जस्तो खरो, तर सरल शैली" भन्न रुचाएका छन् ।[१०१] लोकजीवनमा प्रचलित अनुश्रुतिहरूको प्रयोगले पुस्तकमा स्थानीयताको सुगन्ध त भेटिन्छ नै, पाठकहरूमा निकटताको अनुभूति समेत पैदा हुन्छ । "उनका रचनाहरूमा संस्कृत शिक्षाको प्रभाव ओजस्वी रहेको"[१०२] भन्ने समीक्षकहरूको मूल्याङ्कन पनि यस पुस्तकका सन्दर्भमा समेत सार्थक देखिन्छ । यसरी संस्कृत भाषाको ओजलाई नेपाली भाषाको सरलतामा प्रकट गर्न सक्नु लेखक पं. अधिकारीको भाषाशैलीगत विशेषता भएको प्रष्ट भएको छ ।

परमार्थपट्टि लोकलाई प्रवृत्त गराउने हिन्दू-परम्परानुकूल उद्देश्य परिपूर्ति गर्नुका साथै स्वदेशभक्तिमा पनि प्रेरित गर्न पुस्तकमार्फत् लेखकले ठूलो मिहिनेत गरेको देखिन्छ । लघुआकारको कृति भइकन पनि विशद् वैदिक वाङ्मयको खाका कोर्न सफल हुनुले पुस्तकको सफलतालाई नै प्रदर्शन गर्दछ । जटिल विषयवस्तुलाई सरल भाषाशैलीमा प्रस्तुत गर्नमा पनि लेखक सफल छन् । तर पुस्तकमा

---

१०० *कीथ, डा. ए.बी.; **संस्कृत साहित्यका इतिहास** (अनु. डा. मङ्गलदेव शास्त्री); मोतीलाल बनारसीदास, दिल्ली; सन् १९७८; पृ. २२६ मा उद्धतसंस्कृत श्लोक यस्तो छ :*
*"मातर्मेदिनि तात मारुत सखे ज्योति सुबन्धो जल–*
*भ्रातर्व्योम निबद्ध एव भवतामन्त्यः प्रणामाञ्जलिः ।*
*युष्मत्सङ्गवशोपजातसुकृतोद्रेकस्फुटन्निर्मल–*
*ज्ञानापास्तसमस्तमोहमहिमा लीये परे ब्रह्मणि ॥"*

१०१ *अधिकारीकै कृति **स्यागदे र भिमाद** (२०३२) मा नरहरि आचार्यको मन्तव्य*

१०२ *मिश्र, पूर्ववत्, पृ. २५८*

यत्रतत्र भेटिने मुद्राराक्षसको त्रुटिले भने पुस्तकका पाठकलाई हलुवा खाँदाखाँदै दाँतमा खिटिक्क बालुवा लागेको अनुभूति गराउँछ ।

कृतिको समष्टिगत मूल्याङ्कन गर्दा यसका सबल पक्षहरू धेरै देखा पर्छन् । विज्ञजनका मतानुसार "नेपाली जातिको संस्कृतिको मूलश्रोत पहिल्याउँदै जाँदा यसको परम्परा र विकासक्रमको लेखाजोखा गर्न प्राचीन ग्रन्थ वेदसम्म पुग्नुपर्छ । ... नेपाली कला र संस्कृतिको मूलस्रोत वेद नै हो ।"[१०३] अर्को शब्दमा भन्नुपर्दा "वेदका महावाणीहरू नै नेपाली संस्कृतिको निर्माणका स्रोत हुन्"[१०४] । त्यसैले कुनै पनि नेपालीले वेद बारेमा जान्नु आवश्यक छ भने हिन्दू धर्मावलम्बी नेपालीले त झन् अनिवार्य नै छ । यस्तो पृष्ठभूमिमा नेपाली भाषामा साङ्ग-श्रुति परिचय लेखेर पं. अधिकारीले ठूलो गुन लगाएको भन्न कन्जुस्याइँ गर्नु पर्दैन । "उहाँद्वारा लिखित यस पुस्तक सर्वसामान्य व्यक्तिहरूलाई पनि हिन्दू धर्मशास्त्र बारेमा ज्ञान दिन सक्ने अत्यन्त उपयोगी देखिन्छ ।"[१०५] तनहूँ जिल्लाका विभिन्न स्थानलाई पौराणिक पात्र तथा घटनासँग जोडी परिभाषित गरिनुबाट एकातिर लेखकको अन्वेषक व्यक्तित्व त उज्यालो भएको छ नै, साथमा आधुनिक अन्वेषकहरूका लागि अन्वेषणको एउटा पृथक् धारसमेत दिग्दर्शन हुन गएको छ । यिनका अतिरिक्त नेपाली वाङ्मयको भण्डारमा संस्कृत भाषाको ओजलाई सरलतापूर्वक प्रस्तुत गरेर लेखकले एक उदाहरण नै पेश गरेका छन् । यिनै कारणहरूलाई दृष्टिगत गर्दा पं. अधिकारीको कृति 'संक्षिप्त साङ्ग-श्रुति परिचय' नेपाली वाङ्मयको भण्डारमा एउटा गहकिलो प्राप्ति भएको निष्कर्षमा पुग्नु पर्ने हुन्छ ।

---

१०३ *प्रा. पुष्प शर्मा; "नेपाली संस्कृतिको स्रोत र गठन : संक्षिप्त सिंहावलोकन"; **निर्माण संस्कृति विशेषाङ्क**; पवन चामलिङ 'किरण' (सम्पा.); निर्माण प्रकाशन, सिक्किम; अप्रेल १९९९; पृ. १४३*

१०४ *श्रीमती सुनिता प्रधान; "नेपाली भाषा, साहित्य र संस्कृतिमा आन्तरिक सम्बन्ध;" पवन चामलिङ 'किरण' (सम्पा.); निर्माण प्रकाशन, सिक्किम; अप्रेल १९९९; पृ. २१५*

१०५ *पुस्तक परिचय/संक्षिप्त साङ्ग-श्रुति परिचय; **घटना र विचार साप्ताहिक**; वर्ष ६ अंक ४०, २०५७ चैत २२ गते; पृ. ६*

## ४.६ म्याग्दे र भिमाद (२०३२) को अध्ययन

### ४.६.१ विषय प्रवेश

पण्डित रुद्रमणि अधिकारी (१९७८) द्वारा लिखित प्रस्तुत कृति म्याग्दे र भिमाद को प्रकाशन वि.सं.२०३२ सालमा भएको हो । जुक्तराज शाही प्रकाशक रहेको प्रस्तुत कृतिको विषयवस्तु स्थान परिचय रहेको सहजै अनुमान गर्न सकिन्छ । तनहुँ जिल्लाका दुई पौराणिक स्थल म्याग्दे र भिमादको परिचयलाई यसमा रोचक तरिकाबाट प्रस्तुत गरिएको छ ।

हिमवत्खण्ड, गण्डकी माहात्म्य, जनश्रुति र प्रत्यक्ष दर्शनको पूर्वाधारमा रचित यस कृतिको विषयवस्तु स्थान परिचय भएकाले विषयवस्तुमा गम्भीरता र नवीनता यसमा नपाइएला, तर प्रस्तुतिकरणमा जुन शैली र भाषिक स्वरूपलाई अँगालिएको छ त्यसले यसको विषेशतालाई दर्शाउँछ । तनहुँ जिल्लामा रहेका परम पवित्र स्थल म्याग्दे र भिमादको महिमा सर्वसाधारण पाठकसम्म पुऱ्याउनु यस कृतिको मुख्य प्रयोजन रहेको देखिन्छ ।

यस कृतिमा वर्णन गरिएका ठाउँहरूमा छागलमुनिको आश्रम छाङ, डम्फे पहरो, मनुपाको आश्रम-मनपाङ्ग डाँडो, वाताशनको आश्रम बतासे डाँडो, जैमिनीको आश्रम- जामुने भञ्ज्याङ, महाहनुको आश्रम मानुङ डाँडो, उमाको विहार उमाचोक, शिवको विहार कीलचोक, कुवेरको स्थान- डाकुभञ्ज्याङ, बज्रगिरी बजरकोट, भूतपर्वत-भूत्याहाडाँडो, दोमुखे गुफा, भर्लाङ्दी, चिसापानीको ढाँड, भीमबन्ध- भिमाद, हर्षस्थान-हर्षपुर, धेनुथोक-ध्यान्चोक, छागराख-छाक्राक, खैरेनी-खैरीन, छागलेश्वर शिवलिङ्ग रहेको ठाउँ-छाङ मढि, कालिका स्थापना गरेको ठाउँ-कोट, भैरव स्थापना गरेको ठाउँ-भैरवस्थान, काली र भैरव बिलाएको ठाउँ - स्थानीको स्थान रहेका छन् ।

### ४.६.२ आख्यानात्मक संरचना

#### ४.६.२.१ विषयवस्तु

प्रस्तुत कृतिको विषयवस्तु तनहुँ जिल्लाका म्याग्दे र भिमाद नामक दुई स्थानहरूको परिचय रहेको देखिन्छ । यहाँ लेखकले जम्मा ५३ श्लोकमा म्याग्दे र भिमादको उत्पत्तिसम्बन्धी रहस्योद्घाटन छन् ।

पहिले यहाँ म्याग्देको उत्पत्तिसम्बन्धी चर्चा गरिन्छ - धेरै समय पहिले कश्यप वंशीय मुनिले जलशक्तिको तप गरी एउटा तलाउ खडा पारेका थिए । यसप्रकारबाट मेघह्रद (मेघदह) को उत्पत्तिपछि त्यो स्नान गर्ने प्रसिद्ध ठाउँ भयो । पछि पछिसम्म मेघदह प्रख्यात बन्दै गयो । धेरै समयपछि त्यहीँ ठाउँमा छागल नामका मुनि आए र आफ्ना पूर्वजबाट त्यस्तो काम भएको देख्दा बडो आनन्दित भए । त्यस तलाउका दक्षिणतर्फ मनोहर छाङ पहरो रहेको थियो । उक्त छागल नामका मुनि सेती गण्डकीको तटमा बसी तप गरेको पाइन्छ । एक दिन छागलको आश्रममा केले समस्त जनको भलो हुन्छ भन्ने विषयमा जुटी छलफल चलाए । त्यो छलफलबाट उक्त दह फाँट पार्न सकिए सबैको कल्याण हुने निष्कर्ष निकाले । सबै जनहरूले सोही व्यहोराको बिन्ती छागलमुनिसमक्ष गरे । छागलले पनि आशा पूर्ण हुने आश्वासन दिलाए । छागल मुनिको तपस्याको फलस्वरूप दहलाई निकासको व्यवस्था गरियो र म्याग्दे फाँट अस्तित्वमा आयो ।

त्यसैगरी सेती गण्डकी र मेघनद (म्याग्दे खोला) को दोभान तल शंकरको पवित्र स्थल रहेको ठाउँ भीमादको नामले के कसरी प्रख्यात हुन गयो भन्ने रहस्यमय कथा पनि उनले उल्लेख गरेका छन् । यसअनुसार पाण्डुकुमार भीम उहिल्यै त्यहाँ डुल्दै आएछन् र शङ्करको ठूलो तप गरेछन् । तिनको विचित्र भक्तिदेखि खुशीले स्वयं शङ्कर उपस्थित भए । त्यस बेलादेखि सो ठाउँ भीमबन्ध भन्ने तीर्थस्थल कहलिएको र कालान्तरमा भिमाद भनिन थालेको हो । सोही ठाउँमा कास्कीका नरेश कृष्ण शाही स्नान गर्न आएर त्यहाँ उत्सव गरे भनिन्छ ।

### ४.६.२.२ परिवेश

प्रस्तुत कृतिको मुख्य परिवेश पौराणिक, ऐतिहासिक र प्रत्यक्ष दर्शन रहेको देखिन्छ । यसमा स्थानगत परिवेशका रूपमा तनहुँका प्रसिद्ध दुई स्थलहरू म्याग्दे र भिमाद रहेका छन् । यहाँ म्याग्दे र भिमादका छागल मुनिको आश्रम छाङ्ग, डम्फे पहरो, मनुपाको आश्रम-मनपाङ, आश्रम, बतासे डाँडो, जामुने अञ्ज्याङ, बजरकोट, भुत्याहा डाँडो, झर्लादीर, चिसापानीको ढाड , भिमाद, हर्षपुर, ध्यान्थोक, छाक्राक, खैरेनी, छाङ मढि, कोट, भैरवस्थान, स्थानीको थान आदि ठाउँको उत्पत्तिसम्बन्धी रहस्योद्‌घाटन रोचक तरिकाले गरिएको छ ।

कालगत परिवेशका रूपमा इतिहास र पुराणका कुराहरू झल्किएको पाइन्छ । इतिहास, पुराण र प्रत्यक्ष दर्शनका कुराहरूलाई मिश्रण गरी म्याग्दे नामक हालको स्थानको उत्पत्तिको कथा प्रस्तुत गरिएको छ । कश्यप तलाउ मेघह्रदको नाउँले प्रसिद्ध रहेको र पछि त्यही ठाउँमा छागल नामका मुनिले तपस्या गरेका उक्त मेघ-ह्रदलाई खोली वस्ती बसालेको आफू दोमुखे गुफामा विलीन भएको रोचक कथा प्रस्तुत गरिएको छ । उता भिमादको उत्पत्ति सम्बन्धमा भीमले शङ्करको तपस्या गरेका, तिनको तपस्यादेखि शङ्कर प्रभावित भई भीमलाई वरदान दिएको घटनासँग भिमादको सम्बन्धलाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ ।

बाहिरी वातावरण चित्रणका दृष्टिले हेर्दा यस कृतिको प्रारम्भमै म्याग्दे र भिमादका सौन्दर्यात्मक प्राकृतिक वातावरणको वर्णन गरिएको छ । त्यसै गरी घटना वा कथावस्तु र पात्रका परिवेश अनुरूप यसमा प्रकृतिका शान्त, राजसी र भयानक स्वरूपको पनि चित्रण गरिएको छ । यहाँ म्याग्देको वर्णन गर्दै लेखकले शान्त स्वभावमा भनेका छन् -

त्यसका दक्षिणतर्फ छाङ पहरो ज्यादै मनोहर थियो ।
सेती गण्डकीको पवित्र तटमा त्यै बस्न इच्छा थियो ॥
गेरु औ चुनले सुशोभित सफा पानी टिकाऊ हुँदा
त्यस्मै छागलले बसी तप गरे भै सिद्ध मध्ये जुदा ॥

(म्याग्दे र भिमाद, पृष्ठ २)

पण्डित अधिकारी धार्मिक व्यक्तित्व भएको हुनाले बढी मात्रामा यस कृतिका कुराहरूलाई आध्यात्मिक परिवेशमा प्रस्तुत गरेका छन् । छागल नामका मुनिको तपस्या सफल भएको, मेघ ह्रद खोल्न वज्र प्राप्त भएको, भीमको तपस्याबाट प्रसन्न भई स्वयम् शिवजी प्रकट भएको आदि रोचक कुराहरूबाट यहाँ लेखकले धार्मिक परिवेश पनि टड्कारै मात्रामा झल्काएको देखिन्छ । यसरी प्रस्तुत कृति मुख्य रूपमा धार्मिक, पौराणिक, ऐतिहासिक परिवेशमा समेटिएको देखिन्छ ।

### ४.६.२.३ पात्रविधान

प्रस्तुत कृतिमा उपस्थित एवम् सूचितसमेत गरी छागल, मनुपा, जैमिनी, शङ्कर, भैरव, श्री ५ महेन्द्र, मीन, अग्नि शर्मा, भीम, श्रीकृष्ण शाही, श्रीराम, सीता, ढुण्डिराज, जुक्तराज र श्री ५ वीरेन्द्र गरी १७ पात्रहरू छन् । यहाँ छागल एक तपसीका रूपमा देखिएका छन् । उनी

कश्यप वंशीय मुनि हुन् । उनी घोर तपस्या बसी मेघ-ह्रदलाई खोल्ने वज्र इन्द्रबाट प्राप्त गर्ने एवं उक्त मेघ-ह्रद खोलेर आबादी बसाल्ने मुनिका रूपमा उपस्थित भएका छन् । भीम शङ्करको तप गरी सिद्धि प्राप्त गर्ने तपस्वीका रूपमा आएका छन् । उनकै नामबाट भिमाद प्रसिद्ध भएको पाइन्छ ।

छागलले उक्त मेघ-ह्रदलाई बज्रद्वारा पूर्वतर्फ खोल्न लाग्दा खोल्न हुँदैन यो ह्रद यता पार्दिन्छ धेरै खति भनी जैमिनि अवरोधकमा रूपमा उपस्थित भएका छन् । मीन उत्कृष्ठ समाजसेवीको रूपमा उपस्थित भएका छन् । उनैको नाममा मीन विद्यालय स्थापना भएको पाइन्छ । कास्कीका नरेश श्रीकृष्ण शाही भीमले सिद्धि प्राप्त गरेको ठाउँ भीमेश्वरमा तीर्थ गर्न आउने पात्रका रूपमा छन् । उनका वंशज ढुण्डिराज पनि उक्त भीमेश्वरमा तीर्थ गर्न आई मन्दिर साँघु , पाटी, पौवा र गुठीको निर्माण गर्ने पात्रका रूपमा उभिएका छन् । जुक्तराज शाही पनि निर्माणकर्ता कै रूपमा आएका छन् ।

यसरी सबै पात्रहरूले आ-आफ्नो ठाउँबाट उल्लेख्य भूमिमा निर्वाह गरी तनहुँ जिल्लाअन्तर्गत पर्ने ऐतिहासिक स्थलहरू म्यार्ग्दे र भिमादको उत्पत्तिसम्बन्धी मान्यतालाई ऐतिहासिक, पौराणिक र प्रत्यक्ष दर्शनका आधारमा चिनाएका छन् ।

### ४.६.२.४ केन्द्रीय भाव

कुनै पनि कृति विना भाव सिर्जना गरिँदैन । प्रस्तुत कृति पनि पण्डित अधिकारीले कुनै न कुनै भावमा रचना गरेको पाइन्छ । ब्रह्मबोधमै जीवनको सार्थकता निहित रहेको हुन्छ शास्त्रीय वेदान्ती भाव यसमा रहेको छ । कडा परिश्रम पश्चात जस्तो सुकै काम पनि फत्ते हुन्छ र कुनै पनि काम सफल हुनाका लागि पटक-पटक प्रयास गर्नुपर्छ भन्ने विचारहरू नै यस कारणको केन्द्रीय भाव रहेको छ ।

### ४.६.२.५ विचार, सर्गयोजना र कथन पद्धति

प्रस्तुत कृतिमा प्रशस्त विचारहरू प्रकट भएका पाइन्छन् । कडा परिश्रम गरेपछि जस्तो सुकै काम पनि फत्ते हुन सक्छ भन्ने विचार यहाँ छागल नामका मुनिले कठोर तप गरी इन्द्रबाट मेघ-ह्रद खोल्ने बज्र प्राप्त गरी आवाद बसाएबाट थाहा हुन्छ । कुनै पनि कार्य सफल गर्नका लागि पटक-पटक प्रयास गर्नुपर्छ भन्ने विचार छागलले जब वज्रद्वारा मेघ-ह्रद

पूर्वबाट खोल्न थाल्छन् त्यहाँ अवरोध आउँछ, फेरि उत्तर दक्षिणतर्फ खोल्न थाल्छन्, त्यहाँ पनि अवरोध आउँछ र अन्त्यमा शङ्करको तप गरी उत्तरबाट खोल्न सफल भएबाट स्पष्ट हुन्छ । आपसमा झै-झगडा र फुट्नु हुँदैन भन्ने विचार पनि यहाँ पाइन्छ । राम्रो कर्म गर्नेलाई राम्रै फल मिल्दछ, आफ्ना वरिपरि रहेका देवल, पाटी, पौवा, पुल-पुलेसा संरक्षण गर्नुपर्छ आदि जस्ता विचारहरू यहाँ प्रकट भएका पाइन्छन् ।

प्रस्तुत कृतिको सर्गयोजनालाई हेर्दा यसमा जम्मा चार पङ्क्तिको एक श्लोक हुने ५३ श्लोक सङ्ख्या रहेको देखिन्छ । जम्मा ११ पृष्ठमा संरचित प्रस्तुत कृतिमा कुनै चिह्नद्वारा खण्ड वा भाग नछुट्ट्याए पनि प्रथम ३४ श्लोकसम्म म्याग्देको वर्णन र उत्तरका १७ श्लोकहरूमा भिमादको परिचय गरिएको देखिन्छ । प्रथम ३४ श्लोकमा म्याग्दे र यस वरपरिका स्थानहरूको रोचक परिचय र उत्तर १७ श्लोकमा भिमादका विभिन्न ठाउँहरूको रहस्यमय परिचय उल्लेख गरेको पाइन्छ ।

प्रस्तुत कृतिमा मुख्यतः अप्रत्यक्ष कथनात्मक तृतीयपुरुषप्रधान कथनपद्धति देखा पर्दछ । तृतीय पुरुष छागल, भीम मुनिका परिवेश एवम् कार्यव्यापारको कवितात्मक प्रस्तुति यसमा देखिने भएकाले यसतो कथानक पद्धतिलाई *कविनिबद्धवक्तृप्रौढोक्ति* पनि भन्न सकिन्छ । यस कृतिका बीचबीचमा आंशिक रूपमा कविले प्रत्यक्ष कथनात्मक कथनपद्धतिको पनि प्रयोग गरेका छन् ।

### ४.६.२.६ भाषाशैली

प्रस्तुत कृतिका भाषा प्रयोगका क्रममा वर्ण योजनामा आन्तरिक अनुप्रासीयता र अन्त्यानुप्रासीय शैलीगत माधुर्य व्याप्त रहेको भेटिन्छ । जम्मा एघार पृष्ठको यस कृतिमा शब्दभण्डार सम्बन्धी तथ्याङ्कलाई हेर्दा अधिकांश तत्सम स्रोतका शब्दहरू, आंशिकरूपमा तद्भव र ज्यादै न्यूनमात्रामा आगन्तुक स्रोतका शब्दहरू नेपाली काव्य रचनाकै पूर्वपरम्पराअनुसार आएका छन् । नवशब्द निर्माणको प्रवृत्ति यहाँ देखिँदैन ।

पङ्क्ति र श्लोकगत चयनबाट प्रस्तुत कृति सरल पाठकका निम्ति पनि बोध्य र उपयुक्त नै हुन गएको देखिन्छ । मूर्तपदार्थवाचक नामपदको प्रयोगहरू वाक्यगत पदक्रममा विचलन नपाइनु, शैलीगत प्रभावकारिताप्रति सचेत रहनु, भाषिक वर्णविन्यास शुद्धि पाइनु, सरल

वाक्यको प्रधानता पाइनु, आख्यानात्मक कथन पद्धतिको प्रधानता, संवादात्मक नाटकीकृत पद्धतिको कम प्रयोग हुनु, वाक्यढाँचा र श्लोकगत पङ्क्तियोजनाका बीच समानान्तरता पाइनु, प्रसाद गुणको प्रधानता, सहज स्वस्फूर्त लेखन हुनु र परिष्कारको कमी हुनु, आध्यात्मिक विचार प्रधानरूपमा सलबलाउनु, बौद्धिक चाप उति पैदा नहुनु आदि यस कृतिका भाषाशैलीगत विशेषताहरू हुन् ।

**४.६.२.७ निष्कर्ष**

वि.सं. २०३१ सालमा प्रकाशन भएको 'म्याग्दे र भिमाद' जम्मा ५३ श्लोकमा आवद्ध ११ पृष्ठमा संरचित एक पूर्ण काव्य हो । स्पष्टरूपमा उल्लेख नभए पनि दुई खण्डमा संरचित यस काव्यमा जनश्रुति, पौराणिक, ऐतिहासिक र प्रत्यक्ष दर्शनमा आधारित विषय पाइन्छ । यसको मुख्य विषयवस्तु स्थान परिचय रहेको छ ।

स्वल्प सङ्ख्याको पात्रविधानद्वारा तद्युगीन धार्मिक, पौराणिक, ऐतिहासिक वातावरणको व्यञ्जन गर्नसमेत यो काव्य सक्षम रहेको छ । यसमा म्याग्दे र भिमादमा अवस्थित प्रकृतिका विविध स्वरूपको चित्रण पाइन्छ । साथै अङगीरसका रूपमा शान्त रस र अङ्गरसका रूपमा वीर, भयानक, करुण रसको अभिव्यक्ति पनि भएको भेटिन्छ ।

ब्रह्मबोधमै जीवनको सार्थकता निहित रहेको हुन्छ भन्ने शास्त्रीय वेदान्ती विचार यहाँ पाइन्छ । कडापरिश्रम पश्चात जस्तो सुकै काम पनि फत्ते हुन्छ, कुनै पनि काम सफल हुनका लागि पटक-पटक प्रयास गर्नुपर्छ भन्ने जस्ता विचारहरू नै प्रस्तुत काव्यको मुख्य विचारका साथै केन्द्रीय कथा पनि हो ।

विभिन्न किसिमका नेपाली शब्द र वाक्य ढाँचाको प्रयोग भएको यसको भाषिकरूप बोध्य किसिमको छ । प्रसाद गुणको प्रधानता देखिने यसको भाषाशैली मुख्यत: सरल किसिमको देखापर्दछ । यसमा श्लोकविधानको आयोजना गरिएको छ । यस काव्यको आख्यानका रूपमा धार्मिक पौराणिक विचारहरू आएका छन् । काव्य श्रेणी मापनका आधारमा हेर्दा प्रस्तुत काव्य काव्यात्मक लम्बाइ र गहिराइको प्रष्टता प्राप्त गरेको देखिँदैन । आख्यानात्मक संरचनाको प्रभावकारी प्रयोग देखिँदैन र त्यो परिपक्वपूर्ण बन्न नसकेको देखिन्छ । शैली पक्ष र लयपक्षमा पनि केही कसरमसर देखिन्छ ।

## ४.७ पञ्चायती व्यवस्था र अध्यात्मवाद (वेदव्यास जन्मभूमि परिचयसहित) (२०३५) को अध्ययन

पण्डित रुद्रमणि अधिकारीद्वारा लिखित 'पञ्चायती व्यवस्था र अध्यात्नपाद' नामक काव्यको प्रकाशन वि.सं. २०३५ सालमा भएको हो । यस कृतिको प्रकाशक लेखक स्वयम् रहेका छन् । प्रस्तुत काव्य डिमाइ साइजको २१ पृष्ठमा संरचित र ११० कवितात्मक श्लोकमा आबद्ध रहेको छ ।

पञ्चायती व्यवस्था अध्यात्ममा आश्रित छ भन्ने श्री ५ महेन्द्रको भनाइ, उपर्युक्त प्रमाणहरू र प्रचलित जनश्रुतिका आधारमा प्रस्तुत काव्य लेखिएको देखिन्छ । कृतिको मुख्य प्रयोजन पञ्चायती व्यवस्थालाई अध्यात्ममा आश्रित उत्तम व्यवस्थाका रूपमा देखाउनु र वेदव्यासको जन्मभूमिको परिचय दिनु रहेको छ । लेखकले पञ्चायती व्यवस्थालाई उत्तम ठहऱ्याउनका लागि कथावस्तुको प्रयोग नगरी विचार र तर्कलाई प्रयोग गरेका छन् ।

### ४.७.१ विषयवस्तु

काव्यको सुरुमै पं. अधिकारीले सबै पाठकहरूलाई कोरा भौतिवादमा मात्र नलागी अध्यात्ममा आश्रित पञ्चायती व्यवस्था रोज्न आग्रह गरेका छन् । सृष्टिको विधान वेदबाट भएको आफ्नो विश्वासलाई प्रकट गर्दै उनले यसबाट मानवले लिनुपर्ने कुराहरू धेरै भएको बताएका छन् ।

अध्यात्मवादलाई सम्पूर्णतः विश्वास गर्ने पं. अधिकारी पञ्चायती व्यवस्थालाई अध्यात्ममा आश्रित रहेको कुरा श्री ५ महेन्द्रबाट मुखरित भएपछि अत्यन्त प्रभावित भएको देखिन्छ । राजाको उक्त कुरालाई प्रमाण र तर्कसहित जनसमक्ष स्पष्ट पार्न उनले प्रस्तुत काव्यमा आफ्नो कौशलको प्रयोग गरेका छन् । यस क्रममा उनले प्रशस्त विचारहरू व्यक्त गरेका छन् ।

जसरी सुनबाट अनेक थरि आभूषणको निर्माण हुन सक्छ, त्यसै गरी चेतन बिम्ब पनि धेरै जुनिहरूमा भिन्न हुन पुग्दछ । अनेक रङ्गसँग पानी मिलेझैं अनेकसँग चेतन पनि उसैसरहको बन्दछ । यो चेतन बिम्ब जीव बनी यो संसारमा घुम्दछ । वेद भनेको विश्वकै कल्याण गर्ने कुरा हो । एउटा व्यक्तिको देहमा भिन्नभिन्न अङ्ग छन्, तिनको काम पनि

भिन्न छन्, तर ती अङ्ग एक आपसमा मिलेर रहेका हुन्छन् । एउटालाई कुनै पीर पऱ्यो भने सबैले सबैलाई मद्दत गर्छन्, कोही मनपरी गर्दैनन् । यस्तै रीतले पाँचको जुट हुँदा पञ्चायतको आधार स्तम्भ बलियो हुन्छ । यसको केन्द्रमा मुकुट रहन्छ । त्यही मुकुटको आश्रयबाट सबैमा चेत फैलिन्छ । यस्तो प्रकारको मुकुटको स्थान उच्च रहेको हुन्छ । केही गरी त्यसको स्थानलाई बीच पार्न खोजेमा सबैको नाश हुन जान्छ भन्ने कुरा यहाँ व्यक्त भएको छ ।

कविले भूपति श्री ५ को इच्छाअनुसार पञ्चायतको रक्षा गर्न सबै रैती तयार हुनुपर्ने बताएका छन् । चेतनविहीन देह संभव हुन नसकेजस्तै राजा विहीन देश पनि कल्पना गर्न नसकिने उनको मत छ । देशद्रोही र राजद्रोहीहरूको सम्पर्क त्याग्नुपर्नेमा उनी जोड दिन्छन् ।

शरीरका दुई भाग दायाँ र बायाँ भएजस्तै देशका दुई भाग भनेका नारी र पुरुष हुन् । यी दुवै शिक्षित नभउ सम्म देशको उन्नति हुँदैन । राजा देशमा सचेत रहँदा देश सप्रन्छ भने राजा निष्क्रिय रहँदा देशको क्षति हुने कुरा बताइएको छ । देशलाई देह र श्री ५ लाई आत्मा मान्नुपर्ने विचार व्यक्त भएको छ ।

मनुष्य जुनि नै यज्ञ भएकाले जे जति काम गरिन्छ, ती सबै यज्ञ हुन् । मानिसले गर्ने काम सात्विक, राजसी र तामसी हुन्छन् । यी तीनले क्रमशः उत्तम, मध्यम र अधम् फलहरू दिन्छन् । श्री ५ लाई सात्विकी गुणको प्रतीक मानिएको छ । हाम्रो शरीरमा माथ, हाथ, ढाड र पद गरी चार भेद देखिए जस्तै हिन्दू धर्मका ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र गरी चार जात देखिएका छन् । हामी हिन्दू भएका नाताले यसको रहस्य के छ त्यो बुझ्नु आवश्यक छ ।

यहाँ पण्डित अधिकारीले राजार्ला सर्वेसर्वा मानी राजाबाट जस्तो संविधान बक्स हुन्छ, त्यसैलाई आत्मसात गर्नु नै हिन्दूहरूको यथार्थ धर्म हो भनेका छन् । गुणको कदर गरेर दुर्गुणको त्याग गर्नु पर्दछ भन्ने वेदको सन्देश रहेको छ । संसार चक्र समाजको छ, यसमा बार, ऋतु, मास निरन्तर घुमिरहन्छन् । यसरी नै हरेक जीवनले चक्रकै भूमिका निर्वाह गरेका हुन्छन् । वृक्ष, प्राणी, पक्षी आदि सबै निश्चित चक्र वा तीनतह बालक, युवा र वृद्ध पार गरी यस संसारबाट मुक्त हुने कुरा व्यक्त भएको छ । जसले देश नरेशको सदा सच्चा सेवा गर्दछ , प्रेमले कामकाज गर्दछ त्यो जन्मृत्युको चक्रबाट मुक्ति हुन्छ भनिएको छ ।

पहिले नै कोही ठूलो सानो हुँदैन केवल जन्मपश्चातको कामले मात्र मनुष्य ठूलो सानो हुने हो । उच्च विचार लिई ठूलो बन्ने लक्ष्य लिनु पर्दछ । नीच कर्म गरेर कहिल्यै नीच बन्नु हुँदैन । यसप्रकार वेदका कुराहरूलाई सारांशका रूपमा राखेर पण्डित अधिकारीले अध्यात्म र पञ्चायतलाई एक अर्काको परिपूरक मान्न खोजेको देखिन्छ ।

पं. अधिकारीका अनुसार राजालाई देशको सर्वोच्च निकायका रूपमा मान्नु पर्ने हुन्छ, तर देशले राजनीतिक कोल्टे फेरिसकेको हालको परिस्थितिमा उनका कुरा गतार्थ (आउट्डेटेड्) प्रमाणित भएका छन् । राजालाई विष्णु भगवानको अवतार मान्ने उनको मान्यताले वर्तमानमा प्रश्रय पाउन छाडेको छ । वेदका ऋचाहरूमा पञ्चायती व्यवस्थाको सार्थकता खोज्ने उनको प्रयत्नको बौद्धिक पक्ष आफ्नो ठाउँमा रहे तापनि व्यावहारिक राजनीतिमा भने त्यो असान्दर्भिक भइसकेको छ ।

सोही पुस्तकमा पण्डित अधिकारीले वेदव्यासको जन्मूभि दमौलीको परिचय पनि समेटेका छन् । वेद समस्त संसारको विधान हो । वेदमा भौतिक, दैविक, आध्यात्मिक गरी तीन किसिमका अर्थहरू रहेका हुन्छन् । अल्पबुद्धि भएका व्यक्तिले वेदको अर्थ बुझ्निसक्नु छ । वेदलाई परमेश्वर स्वरूपका वेदव्यासले ऋक, यजुः, साम र अथर्व गरी चार भागमा विभक्त गराएका हुन् । यस्ता मुनि श्रेष्ठ व्यासको जन्म सत्यवतीका कोखबाट गण्डकी र मादीको दोभानको बीच दमौलीमा भएको मानिन्छ । उनी ईश्वरका अवतार हुनाले जन्मनासाथ स्वयं समर्थ थिए भनिन्छ ।

व्यासमुनि यमुनाका तीरमा जन्मेका हुन् भन्ने विद्वान्हरूले शास्त्रहरूमा बताएका छन् । सेती र मादीको संगम स्थल दमौलीमा चारैतिरबाट हरबखत सुगन्धी हावा बहिरहने अत्यन्त रमणीय यस्तो टापुमा सत्यवतीले व्यासमुनिको जन्म दिएकी थिइन् । यस क्षेत्रमा यमुना नामले पुकारिएकी मादी गण्डकी र सरस्वती नामले पुकारिएकी सेती गण्डकी रहेका छन् । सेती गण्डकीका तटमा व्यास गुफा अवस्थित छ, जुन गुफामा बसी व्यासले समस्त संसारको कल्याणका निमित्त वेदलाई चार भागमा विभाजन गरेका हुन् भन्ने भनाइ पं. अधिकारीको रहेको पाइन्छ ।

उता भिमादमा भगवान शङ्करले आफ्ना त्रिशुलले सेतीदेखि कालीसम्म प्वाल पारेका छन् । त्यस्तै दमौली क्षेत्रमै व्यासमुनिकी माताले

म माछाबाट जन्मेकी हुँ, यौटा स्मारक बनाइदेऊ भनेपछि व्यास जलदेवीको तपस्या गरी बनाएको कुण्ड नै छाब्दीवाराही नामले प्रसिद्ध स्थल हो भन्ने पं. अधिकारीको ठहर छ ।

### ४.७.२ परिवेश

प्रस्तुत कृतिको परिवेश विधानलाई हेर्दा यस कृतिमा वैदिक परिवेश मुख्य रूपमा झल्किएको देखिन्छ । स्थानगत परिवेशका रूपमा यहाँ दमौली र यसका वरपरिका क्षेत्रहरू आएका छन् । तनहुँकै भिमाद, छाब्दीवाराही, सेती, मादी, व्यासगुफा यहाँ स्थानगत परिवेशका रूपमा आएका देखिन्छन् । समयगत परिवेशलाई हेर्दा यस कृतिको रचना श्री ५ महेन्द्रको शासनावधिमा गरिएको सहजै अनुमान गर्न सकिन्छ । पञ्चायती व्यवस्था अध्यात्ममा आश्रित छ भन्ने श्री ५ महेनद्रको उद्गारलाई आधार मानी प्रस्तुत कृतिको रचना भएको देखिन्छ । त्यस्तै कालगत परिवेशलाई नेपालको पञ्चायती व्यवस्था रहेको छ भने अर्कातिर वैदिककाल सन्दर्भका रूपमा रहेको देखिन्छ ।

### ४.७.३ पात्रविधान

पात्रविधानतर्फ ध्यानदिंदा प्रस्तुत काव्यमा स्वल्पपात्रको प्रयोग रहेको देखिन्छ । यहाँ श्री ५ महेन्द्र, वेदव्यास, सत्यवती, शङ्कर मुख्यपात्रका रूपमा आएका छन् । श्री ५ महेन्द्र प्रस्तुत कृति रचना गर्न प्रेरणा दिने पात्रका रूपमा देखिएका छन् । उनले पञ्चायती व्यवस्था अध्यात्ममा आश्रित छ नभनेको भए सायद यो कृतिको जन्म हुँदैनथ्यो ।

व्यासमुनि ईश्वरीय अवतारको रूपमा देखा परेका छन् । उनी जन्मेको ठाउँ दमौलीको परिचय दिने क्रममा उनको उपस्थिति यस कृतिमा भएको देखिन्छ । उनी संसारकै कल्याण गर्न सक्ने पात्रकारूपमा उपस्थित भएका छन् ।

यसरी प्रस्तुत कृतिमा पात्र प्रधानता नभई पं. अधिकारीले विचारपक्षलाई पेस गर्ने क्रममा मात्र पात्रहरूको पनि उल्लेख गरिएको छ । तसर्थ के भन्न सकिन्छ भने प्रस्तुत कृति पात्रविधानमा त्यति सबल देखिदैन । यहाँ पात्र परिवेशलाई भन्दा वेदान्ती विचारलाई नै प्रश्रय दिइएको देखिन्छ ।

### ४.७.४ केन्द्रीय कथ्य, विचार र कथन पद्धति

प्रस्तुत कृतिको केन्द्रीय कथ्य वा भावलाई हेर्दा वेदका विविध विचारहरू प्रस्तुत गरी अध्यात्मसँग पञ्चायती व्यवस्थालाई सामञ्जस्य गर्नु रहेको छ । पञ्चायती व्यवस्थालाई देशको उत्तम व्यवस्था ठहऱ्याउनु यस कृतिको मूल उद्देश्य देखिन्छ ।

पञ्चायती व्यवस्था अध्यात्ममा आश्रित रहेको कुरालाई स्पष्ट पार्ने क्रममा नै प्रस्तुत काव्यमा विविध विचारहरू प्रकट भएको देखिन्छ । अरूलाई सपार्ने हैसियतमा पुग्नु पहिले आफू सप्रनु पर्दछ, देहैपिच्छे अङ्ग फरक भए जस्तै व्यक्तिपिच्छे चेतन भिन्न रहेको हुन्छ, पाँचवर्गहरूको आधार पञ्चायत हो, श्री ५ लाई नै देशको सर्वोच्च निकाय मान्नुपर्दछ, देश र श्री ५ क्रमशः देह र आत्मा हुन् आदि जस्ता विचारहरू यहाँ आएको देखिन्छ ।

प्रस्तुत कृतिमा मुख्यतः अप्रत्यक्ष कथनात्मक तृतीयपुरुषप्रधान कथनपद्धति देखा पर्दछ । यहाँ सर्ग योजना भएको देखिँदेन । दुई पङ्क्तिको एक श्लोक हुने एक सय दश कवितात्मक श्लोक रहेको देखिन्छ । यस पुस्तकको आयाम जम्मा २१ पृष्ठमा पूर्ण भएको छ ।

### ४.७.५ भाषाशैली

प्रस्तुत काव्यको भाषा प्रयोगका क्रममा वर्ण योजनाका तहमा आन्तरिक अनुप्रासीय र अन्त्यानुप्रासीय शैलीगत माधुर्य व्याप्त रहेको भेटिन्छ । यस काव्यका शैलीगत विशेषताका निम्ति शब्दभण्डारसम्बन्धी तथ्याङ्कलाई हेर्दा अधिकांश तत्समस्रोतका र न्यून मात्रामा तद्भव स्रोतका शब्दप्रयोग देखिन्छ । यसभित्र नवशब्दको निर्माण गर्ने उनको विशेष प्रवृत्ति नदेखिई परम्परागत प्रचलित शास्त्रीय शब्दको प्रयोग नै देखिन्छ ।

यी शब्दहरूका पदावलीगत, वाक्यगत र अनुच्छेदगत चयनबाट प्रस्तुत काव्य सामान्य पाठकका निम्ति सम्प्रेषणीय हुने खालको सरल शैलीको प्रयोग भएको छ । यहाँ समासयुक्त, द्वित्व, अनुकरणात्मक शब्दहरूको प्रयोग नभई सामान्य बोध्य किसिमका शब्दहरूको प्रयोग पाइन्छ । मूर्त पदार्थवाचक नाम पदको प्रयोग, सामापिका क्रियाको प्रयोग, भाषिक वर्णविन्यास शुद्धि पाउनु, वाक्य ढाँचा र श्लोकगत पङ्क्तियोजनाका बीच लयगत र भावगत समानान्तरता पाइनु,

प्रसादगुणको व्याप्ति रहनु, आध्यात्मिक विचार अत्यधिक मात्रामा सलबलाउनु र बौद्धिक चाप त्यति नपाइनु आदि प्रस्तुत काव्यका भाषाशैलीगत विशेषताहरू देखिन्छन् ।

### ४.७.६ निष्कर्ष

वि.सं. २०३५ सालमा प्रकाशित 'पञ्चायती व्यवस्था र आत्यात्मवाद' काव्य जम्मा ११० श्लोकगत पङ्क्ति योजना भएको र २१ पृष्ठमा पूर्ण एक लघुकाव्य हो । यस काव्यमा विचार र तर्कहरूको भण्डार रहेको पाइन्छ । वेदका विविध कुराहरूलाई प्रस्तुत गरी पञ्चायती व्यवस्थालाई अध्यात्ममा आश्रित रहेको देखाउनु नै प्रस्तुत काव्यको मुख्य कथ्य रहेको छ ।

स्वल्प सङ्ख्याको पात्रविधानद्वारा तद्युगीन राष्ट्रिय धार्मिक, सांस्कृतिक, राजनैतिक, शैक्षिक वातावरणको व्यञ्जना गर्न समेत सक्षम रहेको देखिन्छ । यस काव्यको अङ्गीरसका रूपमा शान्तरसको प्रयोग भएको देखिन्छ । विभिन्न किसिमका शब्द र वाक्य ढाँचाको प्रयोग भएको यसको भाषिक रूप सरल किसिमको रहेको देखिन्छ । यसमा अप्रत्यक्ष कथनात्मक तृतीय पुरुषप्रधान कथन पद्धति फेला पर्छ । यसमा श्लोक विधानको आयोजना गरिएको छ ।

परम्परागत, शास्त्रीय कुराहरूद्वारा पञ्चायती व्यवस्थालाई उत्तम व्यवस्था ठहऱ्याउन खोजिएको छ । वर्तमान समाजलाई मान्य नहुने किसिमका विचारहरू यहाँ प्रकट भएका देखिन्छन् ।

## ४.८ आत्मज्ञान (२०४४) को अध्ययन

### ४.८.१ परिचय

पण्डित रुद्रमणि अधिकारीद्वारा लिखित प्रस्तुत कृति आत्मज्ञानको प्रकाशन वि.सं. २०४४ सालमा जुक्तराज शाहीद्वारा गरिएको हो । डिमाइ साइजमा संरचित प्रस्तुत कृति २९ पृष्ठको आयाममा रहेको छ । आत्मज्ञानबेगर मोक्ष नमिल्ने र मोक्षबेगर नित्य शान्ति नमिल्ने हुनाले सबै पाठकले आत्मज्ञान गरुन् र सबै मुक्त भै नित्य शान्ति प्राप्त गरुन् भन्ने हेतुले प्रस्तुत कृतिको रचना गरेको बताइएको छ ।

प्रस्तुत कृति पूर्वभाग र उत्तरभागमा विभाजित रहेको छ । पूर्व भागमा शिष्य जुक्तराज शाहीले आत्मज्ञान प्राप्तिको लागि आफूले गरेका तीर्थयात्राको वृत्तान्त सुनाएका छन् भने उत्तरभागमा गुरु पं. रुद्रमणिले उनलाई आत्मज्ञान प्राप्त गर्नका निमित्त के-के गर्नुपर्छ भन्ने कुरा सविस्तार उपदेश दिएका छन् ।

### ४.८.२ विषयवस्तु

पण्डित अधिकारीद्वारा लिखित प्रस्तुत कृतिको मुख्य विषयवस्तु कुन-कुन कर्म गरेर मानवजीवनलाई कसरी मोक्ष दिलाउने भन्ने रहेको छ । प्रस्तुत कृति पूर्वभागमा र उत्तरभागमा संरचित छ । पूर्वभागमा शिष्य जुक्तराज शाहीले आफ्ना गुरुलाई आफूले गरेका विभिन्न ठाउँका स्वदेशी तथा विदेशी तीर्थस्थलहरूको यात्राको वृत्तान्त सुनाएका छन् । त्यस क्रममा उनले स्वदेशका मुक्तिनाथ, पशुपतिनाथ, विन्ध्यवासिनी, रिसिङ, बन्दिपुर, ढोरबराह, छाब्दीबराह, तालबराही मृगस्थली, गुह्येश्वरी, महाकाल, गोदावरी, गोसाइकुण्ड, गोर्खा कालिका, गोर्खा मनकामना, लमजुङको करपुटार, वागेश्वरी, जनकपुर, रामले धनु भाँचेको स्थल, धनुषा र विदेश अर्थात भारतका अयोध्या, मथुरा, वृन्दावन, हरिद्वारा, बद्री, केदार, रामेश्वर, उज्जैन, कन्याकुमारी, जगन्नाथपुरी, तत्पतकुण्ड, गोरीकुण्ड, रेतकुण्ड, नारदकुण्ड, ब्रह्मकुण्ड, पिपरकोटी, गोकुल, नगदाजक्सन, द्वारिकानाथ, गोमती, पोरबन्द, विश्वेश्वर महादेव, गुप्तकल्ला, स्वामी पुष्करिणी काञ्ची तीर्थ , तिरुवेली, कावेरी तीर्थ, एकाभ्रेश्वर, मीनाक्षी, लक्ष्मणकुण्ड, इन्द्रगुप्त सरोवर, कालीघाट , वैद्यनाथ धाम आदि प्रसिद्ध धार्मिक स्थलहरूको दर्शन गरेको कुरा उल्लेख गरेका छन् ।

त्यसै गरी उत्तरभागमा कवि स्वयम्ले गुरुका रूपमा शिष्य जुक्तराज शाहीलाई आत्मज्ञानको प्राप्तिका लागि गर्नुपर्ने कर्मको बारेमा स्पष्ट पारेका छन् । उनले भनेका छन्- कर्म कार्यक, वाचिक र मानसिक गरी तीन थरिका हुन्छन् । यी तीन कर्म शरीर, वचन र मनले गरिन्छ । यी तीन कर्ममध्ये मानसिक कर्मको फल अति बेस हुन्छ । शरीर स्वस्थ रहँदा कायिक कर्म र अस्वस्थ रहँदा मानसिक कर्म गर्नुपर्दछ । मानसिक कर्मका धेरै प्रकारहरूमध्येको सर्वश्रेष्ठ प्रकार अजपा हो । अजपा भनेको मनमनै ध्यानमात्र गरिने मन्त्र वा प्रत्येक प्रश्वास र निश्वासमा स्वतः गरिने जप वा प्रत्येक सास तान्दा र फ्याँक्दा थाहै नपाई जपिने गायत्री मन्त्र हो ।

कस्तुरीले आफ्नै नाभीको गन्ध थाहा नपाई वनवनमा भौतारिएर हिँडेझैँ मानिस पनि आफ्नै शरीरभित्रको आत्मा नखोजी भौतारिएको कुरा यहाँ लेखकले उत्तरभागको श्लोक सङख्या ७ र ८ मा व्यक्त गरेका छन् । ज्ञानप्राप्तिका लागि पण्डित रुद्रमणि अधिकारीले यहाँ योगविधिका बारेमा भन्छन्- ब्रह्ममूहूर्तमा उठेर उत्तर वा पूर्व फर्कने, अनि सिद्धासनमा बसी शरीर सीधा पारी नजरले नाकको डाँडी माथि हेर्ने र हात घुँडामा रखी स्थिर मुद्रा गर्नु अनि वाँया श्वास लिदै सोह्र पटक ॐ कार जप्ने, यसरी ६४ पटक ॐ कार जप्दै श्वास रोक्नुपर्दछ । यो विधि मन सफा गर्ने विचित्र वैदिक क्रिया हो । उपर्युक्त विधि बाह्र गुना बढीसम्म गर्ने प्रयास गर्ने र हृदयमा साक्षात भगवान हेर्ने थाल्नु पर्ने बताइएको छ ।

ईश्वर सम्झेर जो ईश्वरमा लीन बन्छ, त्यसको सारा द्वैत भाव हटी स्वयम् ईश्वर बन्ने कुरा व्यक्त भएको छ । दमले घडिको सुई घुमाएजस्तै ईश्वरले सबैका मनका ताना फिराईदिन्छन् भन्ने कुरा श्लोक ४१ मा व्यक्त भएको छ । जसले जस्तो काम गर्छ, त्यस्तै फल ईश्वरले दिन्छन् । आफै हो आफ्नो मित्र र शत्रु, आफू सप्रनका लागि आफ्नै प्रयत्न चाहिन्छ, चौरासी लाख जुनिमा मनुष्य जुनि सर्वश्रेष्ठ हो भन्ने कुरा पनि अधिकारीले स्पष्ट पारेका छन् ।

हाम्रो शरीरका हाड, छाला, नसा, मासु, पृथ्वी हुन भने ऱ्याल, मूत्र, शुक्र, मासी र रगत, पानी हुन् । भोक, प्यास, आलस्य, निद्रा, कान्ति तेज हुन् । गोठमा गाई भए झै स्थूल देहमा मानिस रहेको छ । कानमा दिग्द्यौता, छालामा वायु देवता, आँखामा भगवान बस्छन् । मनमा चन्द्रमा, बुद्धिमा ब्रह्मा, चित्तमा वासुदेव बस्छन् । जीवका जाग्रत, स्वप्न, सुषुप्ति गरी तीन अवस्था छन् । जति हाम्रो आहार शुद्ध हुन्छ, त्यति चित्त र स्मृति शुद्ध हुन्छ र आत्मज्ञान प्राप्त हुन्छ ।

उत्तरभागको श्लोक सङ्ख्या ८४ देखि श्लोक सङ्ख्या १५६ सम्म अजपाको अनुष्ठान गर्ने विधिका बारेमा उल्लेख छ । अजपा भनेको आत्मज्ञान प्राप्तिको लागि मनमनै गरिने ध्यान हो । यसरी अधिकारीले के कसरी आत्मज्ञान प्राप्त गर्न सकिन्छ, के के कुरा गर्नुहुन्छ, के कुरा गर्नु हुँदैन, आत्मज्ञान प्राप्तिका लागि के कस्ता अनुष्ठानहरू गर्नुपर्दछ भन्ने कुरा विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् ।

### ४.८.३ परिवेश

परिवेश भन्नाले कृतिमा उल्लेखित घटनाहरू भएका स्थान, समय र काल बुझिन्छ। प्रस्तुत कृतिमा परिवेशका रूपमा स्वदेश तथा विदेशका विभिन्न स्थानहरू आएको देखिन्छ। पण्डित रुद्रमणि अधिकारी सनातन हिन्दू धर्मशास्त्रलाई विश्वको विधान मान्ने व्यक्ति हुन् । यस कृतिमा स्थानगत परिवेशका रूपमा नेपालका प्रसिद्ध धार्मिक स्थलहरू जस्तै मुक्तिनाथ, पशुपतिनाथ, विन्ध्यवासिनी, छाब्दीबराह, गोसाइकुण्ड, मनकामना, जनकपुर आदि र भारतका प्रसिद्ध तीर्थस्थलहरू जस्तै अयोध्या, मथुरा, वृन्दावन, हरिद्वार, बद्री केदार, रामेश्वर, उज्जैन, कन्याकुमारी, जगन्नाथपुरी, द्वारिकानाथआदि ठाउँहरू आएका छन् । त्यस्तै समयगत परिवेशका रूपमा वेद र वैदिक साहित्यको युग झल्किएको छ।

आत्मज्ञान बेगर मोक्ष नमिल्ने, मोक्षबेगर नित्य शान्ति नमिल्ने, तीर्थव्रतबिना आत्मज्ञान प्राप्त नहुने, कर्म तीन थरिका हुने, कुन कर्म गर्दा कुन फल मिल्ने, मानसी कर्महरू कति प्रकारका छन्, आफ्नै शरीरभित्रको आत्मा नचिनी बाहिर भौंतारिन नहुने, ईश्वरमा लीन हुनुपर्ने, आफ्नो शत्रु र मित्र आफै रहेको, शुद्ध आहारले चित्त शुद्ध हुने आदि विविध परिवेशमा प्रस्तुत कृति केन्द्रित रहेको देखिन्छ।

### ४.८.४ पात्रविधान

प्रस्तुत कृतिको मूल उद्देश्य मानिसहरूलाई मोक्ष प्राप्तिको मार्गतर्फ उन्मुख गराउनु रहेको देखिन्छ । धर्मशास्त्रका जटिल कुराहरूलाई सहज तरिकाले सर्वसाधारणलाई जानकारी गराई परमार्थिक शिक्षातर्फ प्रवृत्त गराउनु पनि यसको उद्देश्य देखिन्छ। जटिल कुरालाई सरल तरिकाले बुझाउन यहाँ लेखकले सरल कथानक बुनेका छन् । प्रस्तुत कृति मूलतः विवरणात्मक, सन्देशमूलक, उपदेशमूलक तथा जानकारीमूलक भएकाले पात्र प्रधान देखिँदैन । यसमा आएका केही पात्रहरू कथानकलाई सहायक हुने गरी आएका छन्।

प्रस्तुत कृतिमा मुख्य रूपमा दुई खालका पात्रहरू देखिन्छन् – वक्ता पात्र र श्रोता पात्र । वक्तापात्रका रूपमा स्वयम् लेखक आएका छन् भने श्रोतापात्रका रूपमा लेखकका शिष्य जुक्तराज शाही देखिएका छन् । यहाँ श्रोता पात्रले आफूलाई आत्मज्ञान दिनका लागि गुरुसमक्ष

नरम भई याचना गरेको देखिन्छ । आत्मज्ञान प्राप्त गर्न सर्वप्रथम तीर्थस्थलहरूको दर्शन गर्नुपर्ने गुरुले बताएपछि उनले आफूले गरेका तीर्थाटनको विवरण सुनाएका छन् । उपर्युक्त विवरणपछि गुरुले आत्मज्ञानको लागि अजपा विधिको उपदेश दिएका छन् । यस कृतिमा सूक्ष्म पात्रको रूपमा मुकुन्द सेन, श्री ५ वीरेन्द्र, शुकदेव आदि पनि आएका छन् ।

### ४.८.५ केन्द्रीय भाव

प्रस्तुत कृति आत्मज्ञानको केन्द्रीय कथ्य वा भाव मनुष्य जीवनको परमलक्ष्यका रूपमा मानिने मोक्ष प्राप्त गर्ने उपायबारे उपदेश नै हो । मोक्ष प्राप्तिका लागि पहिले तीर्थव्रत गर्नुपर्ने र विभिन्न विधिहरू अपनाएर कर्म गरेपछि मात्र आत्मज्ञान प्राप्त गर्न सकिने बताइएको छ । योग शिक्षा पनि यस कृतिमा केन्द्रीय भावका रूपमा आएको देखिन्छ । योगका विभिन्न आसनमा रही कर्म गरेपछि आत्मज्ञान प्राप्त हुने कुरा पनि यहाँ केन्द्रीय कथ्य बनेर आएको देखिन्छ ।

### ४.८.६ विचार, सर्गयोजना र कथन पद्धति

प्रस्तुत कृतिमा लेखकको सनातन हिन्दू धर्मशास्त्रानुकूल दृष्टिकोण नै मुख्य विचारका रूपमा आएको छ । मनुष्य जीवनको सार्थकता आत्मज्ञान एवम् मोक्षप्राप्तिमा मात्र हुने उनी ठान्छन् । मोक्षप्राप्तिका लागि अजपा अनुष्ठान गर्नुपर्ने, बाहिर दौडधूप गर्नुभन्दा पहिले आफ्नो आत्मा चिन्नु पर्ने एवम् ईश्वरमा लीन हुनुपर्ने आदि जस्ता विचारहरू व्यक्त भएका छन् ।

प्रस्तुत कृतिको सर्गयोजनाअन्तर्गत जम्मा पूर्वखण्ड र उत्तरखण्ड गरी दुई खण्ड देखा पर्दछन् । २९ पृष्ठको आयाममा संरचित प्रस्तुत कृतिको पूर्वभागमा १४७ श्लोक र उत्तरभागमा १५६ श्लोक गरी जम्मा ३०३ श्लोकहरू रहेको देखिन्छ । पूर्वभागमा १४७ श्लोकमा नेपाल तथा भारतका विभिन्न ठाउँमा गरेको तीर्थाटनबारे उल्लेख गरिएको छ । उत्तरभागमा १५६ श्लोकमा आत्मज्ञान प्राप्तिका लागि के कस्तो कर्म गर्नुपर्छ भन्ने उपदेश दिइएको छ ।

प्रस्तुत कृतिमा कविले आख्यानीकृत कवितात्मक भावहरूलाई तृतीयपुरुषात्मक कथनपद्धतिको वा कविनिबद्धवक्ताप्रौढोक्तिको प्रयोग गरी प्रस्तुत गरेका छन् । त्यस क्रममा यहाँ ठाउँ ठाउँमा संवादात्मक र

स्वगत कथनात्मक नाटकीय कथन पद्धतिको पनि उपयोग गरिएको देखिन्छ । यिनै कारणहरूले गर्दा यसको तृतीयपुरुषप्रधान कथन पद्धतिमा वर्णनात्मक र नाट्यात्मकताको मिश्रण भएको देखिन्छ ।

### ४.८.७ भाषाशैली

यस कृतिमा भाषा प्रयोगका क्रममा वर्णयोजनाका तहमा आन्तरिक अनुप्रासीय र अन्त्यानुप्रासीय शैलीगत माधुर्य व्याप्त रहेको भेटिन्छ । २९ पृष्ठको यस कृतिमा शब्दभण्डारसम्बन्धी तथ्याङ्कलाई हेर्दा अधिकांश तत्सम स्रोतका देखिन्छन् । न्यूनरूपमा तद्भव र आगन्तुक शब्दहरूको पनि प्रयोग देखिन्छ । शब्दहरूका पदावलीगत, वाक्यगत र अनुच्छेदगत चयन समुच्चयनबाट प्रस्तुत कृतिमा विशिष्ट पाठकका निम्ति उपयुक्त र बोध्य उच्चशैलीको प्रयोग हुन गएको भेटिन्छ । केही मात्रामा समासयुक्त र द्वित्व शब्दहरूका साथै अनुकरणात्मक शब्दहरूको पनि प्रयोग गरिएको भेटिन्छ ।

असमापिका क्रियाहरूको प्रयोग, विशेषण र क्रियाविशेषणको केही प्रयोग पाइनु, धार्मिकतातर्फ उन्मुख शैली चेत, वर्णविन्यास शुद्धि, वर्णमात्रिक छन्दको प्रयोग, विशेष गरी उपमा र रूपक अलङ्कारको प्रयोगजस्ता विशेषता यसमा देखिन्छ । यसैगरी सरल वाक्यको प्रधानता, वाक्य ढाँचा र श्लोकगत पङ्क्तियोजनाका बीच लयात्मक र भावगत समानान्तरता, वैदर्भी र गौडी रीतिको मिश्रण भएको, प्रसाद गुणको प्रयोग, आध्यात्मिक चेतना प्रधान रूपमा प्रयोग हुनु आदि पनि यस कृतिका भाषाशैलीगत विशेषताहरू रहेको पाइन्छ ।

### ४.८.८ निष्कर्ष

प्रस्तुत कृति 'आत्मज्ञान' विभिन्न मात्रिक र वर्णमात्रिक छन्दको प्रयोग गरी रचिएका जम्मा ३०३ श्लोकसङ्ख्या रहेको २९ पृष्ठमा पूर्ण एक धार्मिक ग्रन्थ हो । जम्मा दुई खण्डमा संरचित यस कृतिमा झीनो कथावस्तु पाइन्छ । स्वल्प सङ्ख्याको पात्रविधानद्वारा तद्युगीन धार्मिक/आध्यात्मिक वातावरणको व्यञ्जना गर्नसमेत सक्षम रहेको यस कृतिमा आत्मज्ञान प्राप्तिका विभिन्न विधिहरूको चित्रण पाइनाका साथै अङ्गीरसका रूपमा शान्तरसको अभिव्यक्ति भएको भेटिन्छ ।

शारीरिक सौन्दर्य र भोगविलासको क्षणिकतामा मात्र अल्झिनु हुँदैन भन्ने विचारलाई अधिकारीले जोड दिएका छन् । प्रस्तुत कृतिमा

व्यक्त यो विचार हिन्दू परम्पराअनुकूल रहेको छ । उदाहरणका लागि गीतामा पनि भनिएको छ– "इन्द्रियका इन्द्रियार्थमा राग र द्वेष दुवै छुपेका हुन्छन्, ती दुवै मानिसका शत्रु हुन्, तिनका वशमा नपर्नू ।"[१०६] अनि "जो स्पर्शादि भोग हुन्, सबै दुःखका कारण हुन् र यस्ता आदि र अन्त्य हुने विषयमा विद्वान्हरू भुल्दैनन्" पनि भनिएको पाइन्छ ।[१०७] ब्रह्मबोध र ईश्वरीय लीनमा नै जीवनको सार्थकता रहेको हुन्छ भन्ने परम्परागत वेदान्ती विचार नै यस कृतिको मुख्य विचारको साथै केन्द्रीय कथ्य पनि हो । आत्मज्ञान प्राप्ति के कसरी गर्ने भन्ने सम्बन्धमा शिष्य जुक्तराज शाहीलाई सुनाएका आध्यात्मिक विचारको भण्डार प्रस्तुत कृति रहेको देखिन्छ ।

विभिन्न किसिमका नेपाली शब्द र वाक्य ढाँचाको प्रयोग भएको यसको भाषिक रूप बोध्य किसिमको नै छ । यसमा श्लोकविधानको सचेत आयोजना गरिएको छ । आख्यानरहितभन्दा पनि फरक नपर्ने प्रस्तुत कृतिमा परम्परागत वेदान्ती विचारहरूमा आधारित देखिन्छ । ब्रह्मबोधको शाश्वतताको उपदेश दिनबाट कविले यसमा आफूलाई रोक्न सकेका छैनन् । आख्यानात्मक संरचना प्रभावकारी नभएको, लयपक्ष र शैलीपक्ष कसरग्रस्त रहेको पनि देखिन्छ । यद्यपि, यस कृतिको सबै भन्दा सबल पक्ष भनेको आत्मज्ञानजस्तो गूढ विषयमा सरल किसिमले "गागरमा सागर" भर्न सक्नु हो ।

### ४.९.१ पण्डित अधिकारीका फुटकर रचनाहरूको अध्ययन

वि.सं. २००७ सालदेखि साहित्यका क्षेत्रमा देखापरेका पण्डित रुदमणि अधिकारीका फुटकर रचनाहरू पनि प्रकाशित छन् । उनका ती फुटकर कविताहरू कुन मितिमा रचना गरिएका हुन्, सोको जानकारी प्राप्त हुन सकेको छैन । विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका ती फुटकर कविताहरूको यहाँ सामान्य अध्ययन गर्ने प्रयास गरिएको छ । उनका प्रायः फुटकर कविताहरू ईश्वरीय गान, पुकार, चिन्तन, ईश्वरीय प्रार्थना, उपदेशमूलक, सन्देशमूलक रहेका छन् । उनका प्रकाशित फुटकर रचनाहरूको प्राप्त भएसम्मको सूची तल प्रस्तुत गरिन्छ-

---

१०६ *"इन्द्रियस्यन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ । तयोर्न वशमागच्छेत्तौ ह्यस्य परिपन्थिनौ ॥"(श्रीमद्भगवद्गीता ३।३४)*

१०७ *"ये हि संस्पर्शजा भोगा दुःखयोनय एव ते । आद्यन्तवन्तः कौन्तेय न तेषु रमते बुधः ॥ (श्रीमद्भगवद्गीता ५।२२)*

| क्र.सं | शीर्षक | विधा | पत्रिका | प्रकाशन |
|---|---|---|---|---|
| १ | पुकार | कविता | देशप्रेम साप्ताहिक | २०६० असार १२ |
| २ | दशावतार | कविता | देशप्रेम साप्ताहिक | २०६० साउन १ |
| ३ | मन शान्त हुने कीर्तन | कविता | देशप्रेम साप्ताहिक | २०६० असार २६ |
| ४ | चल्नु छ आवश्यक | कविता | देशप्रेम साप्ताहिक | २०६० साउन १५ |
| ५ | षटश्लोकी सल्लाह | कविता | देशप्रेम साप्ताहिक | २०६० माघ १५ |
| ६ | शान्तिकामना | कविता | देशप्रेम साप्ताहिक | २०६० भाद्र ४ |
| ७ | भक्तको आर्त कीर्तन | कविता | देशप्रेम साप्ताहिक | २०६० असार १९ |
| ८ | प्रभु स्तुति | कविता | देशप्रेम साप्ताहिक | २०६० साउन १२ |
| ९ | ईश वन्दना | कविता | देशप्रेम साप्ताहिक | २०६० साउन २९ |
| १० | के हो सनातन धर्म | समालोचना | देशप्रेम साप्ताहिक | २०६० फागुन ७ |
| ११ | स्याग्दे खोलाको उत्पत्ति | कविता | श्री मीन माध्यमिक विद्यालय रजत जयन्ती स्मारिका | २०४६ |
| १२ | मन शान्त हुने कीर्तन र पुकार | कविता | तरङ्ग साहित्यिक स्मारिका | २०५९ |
| १३ | शुभराज्याभिषेकविधि | अनुवादित लेख | श्री ५ वीरेन्द्र शुभराज्याभिषेक स्मारिका | २०३१ |
| १४ | किसानहरूलाई सल्लाह | कविता | खुल्न नसकेको | २०२७ |
| १५ | देशप्रेम | कविता | खुल्न नसकेको | २०२१ |
| १६ | पुनः सत्यसन्देश | कविता | खुल्न नसकेको | २०२९।६।१६।२ |
| १७ | श्री ५ महेन्द्राष्टकम् | संस्कृत पद्य | खुल्न नसकेको | खुल्न नसकेको |
| १८ | श्री ५ वीरेन्द्राष्टकम् | संस्कृत पद्य | खुल्न नसकेको | खुल्न नसकेको |
| १९ | बूढो बाँदर | निबन्ध | खुल्न नसकेको | खुल्न नसकेको |
| २० | दुई मुखे चरो | निबन्ध | खुल्न नसकेको | खुल्न नसकेको |
| २१ | अनुशासन | निबन्ध | खुल्न नसकेको | खुल्न नसकेको |
| २२ | अध्यात्मवादमा संसदीय प्रणाली | कविता | खुल्न नसकेको | २०४७ |

पण्डित अधिकारीका उपर्युक्त फुट्कर रचनाहरूमध्ये वि.सं. २०२९ सालको "पुनः सत्यसन्देश" बाहेक अन्यको रचना कुन मितिमा भएको भन्नेबारे यकीन जानकारी हुन सकेन । उनका कतिपय कविता जीवनको उत्तरार्द्धमा आएर वि.सं. २०६० सालका विभिन्न समयमा पुनः प्रकाशन भएको देखिन्छ ।

उनका प्रायः कविताहरू धार्मिक/अध्यात्मपरक रहेका छन् । उनका कविता उपदेश, सल्लाह, प्रार्थना, भक्ति, अध्यात्म चिन्तनपरक छन् । पाश्चात्य संस्कृति भित्रियो भने त्यसले हाम्रो संस्कृति, मूल्य मान्यता छाँयामा पर्न जान्छ, लोप हुँदै जान्छ । तसर्थ स्वधर्म, संस्कृतिप्रति सचेत हुनपर्छ । मुखबाट खाँदा सारा देहको रक्षा भएझै धर्म रक्षागर्दा विश्वभरि नै सुखशान्ति फैलिन्छ । वेद, मनुस्मृतिअनुसार विज्ञानान्वित ज्ञान हासिल गरी विधर्मीपन छाड्नुपर्ने कुरा उनका कवितामा पाइन्छ । त्यस्तै उनको 'दशावतार' कवितामा केशव अर्थात् विष्णुलाई जगत्का मालिकका रूपमा उभ्याई उनको महिमा वर्णन गरिएको छ ।

उनका कवितामा मानवीय रहस्यलाई पनि स्पष्ट पारिएको पाइन्छ । हामी ब्रह्माण्डबासी सबै हरिका भक्त हौं । हामी सबैको हित उनै हरिले गर्छन । यो जगत नाटक घर हो, हामी त्यसका नाट्यकर्मी मात्र हौं । सम्पत्ति भनेको सपना सरि छ भने जीवन फूलसरिको छ । हाम्रो आयु बिजुलीसरिको छ । तसर्थ अरु सबै बाटाहरू त्यागेर जन्मेको सार्थक बाटो रोज्नु पर्ने कुरा उनका कवितामा पइन्छ । मानव जीवनको मूल काम भनेको शास्त्र विचारी तत्व बुझिकन मुक्त हुने हो भन्नेमा उनी जोड दिन्छन् । मानिसको जन्म ठूलो पुण्यले मात्र मिल्ने हुनाले यसलाई मोक्ष पाउनको लागि सदुपयोग गर्नैपर्दछ भन्ने उनको धारणा रहेको छ । नत्र पुनः चौरासी लाख जुनिसम्म भट्कन पर्न सक्छ । कठोपनिषद्मा पनि यही सन्देश दिइएको छ कि मनुष्य शरीरको साधनबाट परमात्म-तत्वको ज्ञान प्राप्त गर्न नसक्नेले अनेक कल्पसम्म नाना लोक र जुनिहरूमा शरीर धारण गर्न विवश हुनुपर्छ ।[१०८] यसरी पुनः पुनः शरीर धारण गर्न विवश हुनु राम्रो मानिंदैन, पत्युत मानव जीवन पाएर पनि मोक्ष नपाउनेले महानतम् अवसर गुमाएको ठानिन्छ ।[१०९]

उनका कवितामा सनातनीहरू हिन्दू-संस्कृतिको विधान अनुसार चल्नुपर्दछ भन्ने सन्देश पाइन्छ । पण्डित अधिकारी योगका ज्ञाता हुनाले उनले आफ्ना कवितामार्फत पनि योग गर्नुपर्ने सल्लाह दिएका छन् ।

---

१०८ *"इह चेदशकद् बोद्धुं प्राक्शरीरस्य विस्रसः । ततः सर्गेषु लोकेषु शरीरत्वाय कल्पते ॥" कठोपनिषद्, द्वितीय अध्याय, तृतीय वल्ली, श्लोक ४ ।*

१०९ *शोधनायकबाट अन्तर्वार्ताका क्रममा व्यक्त विचार ।*

बिहान उठेदेखि बेलुका नसुतुञ्जेल कुन-कुन कार्यहरू गर्नुहुन्छ, कुन-कुन कार्य गर्नुहुँदैन भन्ने कुरा उनले षट्श्लोकी-सल्लाह कवितामार्फत दिएका छन् ।

पण्डित अधिकारीका कवितामा शान्तिकामना पनि पाइन्छ । विश्व शान्ति होस, दैव शान्ति होस्, आत्म शान्त होस्, सबै जन सुखी रहुन, निरोगी भै रहुन् आदि जस्ता कामना उनका कवितामा पाइन्छ । उनका कविताले विश्वबन्धुत्वको भावना पनि बोकेको पाइन्छ । उनका कवितामा आफू बाँचेको युग सफल पार्नुपर्छ भन्ने धारणा पाइन्छ ।

उनका कविताको भाषाशैली सरल सहज रहेको छ । कवितामा प्रतीक र बिम्बको प्रयोग नगरी भन्नखोजेको कुरा सोझै प्रस्तुत गरेको पाइन्छ । वर्णविन्यासमा सचेत रही अनुप्रासीय योजना पनि सचेत देखिन्छ । पण्डित अधिकारीका कविताहरूको मूलभाव विश्वशान्तिको भावना, सनातन हिन्दूसंस्कृतिको संरक्षण, सृष्टि रहस्य आदि रहेको छ ।

यो सूचीमा एकदमै कम मात्र रचना सूचीकृत छन् । भविष्यमा पं. रुद्रमणिबारे अध्ययन गर्नेहरूबाट उनका फुट्कर रचनाहरूको सम्पूर्ण सूची तयार गरिने आशा मैले लिएको छु ।

***

## परिच्छेद - पाँच

# उपसंहार

### ५.१ शोधनिष्कर्ष

साहित्यकार पण्डित रुद्रमणि अधिकारी (१९७८) गण्डकी अञ्चलको तनहुँमा जन्मी संस्कृतमा व्याकरण र न्याय विषयमा आचार्यसम्मको अध्ययन हासिल गरेका हुन् । वेदान्त र ज्योतिषशास्त्रका पनि उनी प्रकाण्ड विद्वान हुन् । उनी झन्डै छ दशकदेखि नेपाली साहित्यमा साधनारत प्रतिभा हुन् ।

धार्मिक-दार्शनिक क्षेत्रमा विशेष ख्याति कमाएका पण्डित अधिकारीको व्यक्तित्वका अनेक आयाम छन् । साहित्यिक क्षेत्रमा उनको व्यक्तित्वलाई कवि, समालोचक र निबन्धकारका रूपमा यस शोधमा पहिचान गरिएको छ । साहित्येतर लेखकका रूपमा पनि उनको व्यक्तित्वको सफलतापूर्वक प्रष्फुटन भएको छ ।

वि.सं. १९९८ देखि वि.सं. २०२८ सालसम्म गरी करिब तीन दशकसम्म विभिन्न स्थानमा शिक्षण सेवा गरेका अधिकारीको शिक्षक व्यक्तित्व अत्यन्त गौरवमय रहेको छ । उनका धार्मिक/आध्यात्मिक व्यक्तित्व, सामाजिक-सांस्कृतिक व्यक्तित्व र अन्वेषक व्यक्तित्वले समाजमा प्रसिद्धी कमाएका छन् । जीवनका केही वर्षहरू उनले राजनीतिमा पनि बिताएका थिए ।

पण्डित रुद्रमणि अधिकारी र उनका रचनाहरूका बारेमा समालोचकहरूले गरेका टिप्पणी, व्याख्या, विश्लेषण र समीक्षा एकदमै न्यून छन् तापनि उनकाबारे पटक्कै चर्चा नभएको चाहिँ होइन । जीवनलाई क्षणभंगूर ठान्ने र आत्मश्लाघा नगरी परमात्माको गुणानुवाद गर्नु पर्दछ भन्ने मान्यताका कारण आफ्नाबारे प्रकाशित सामग्री संकलन तथा संरक्षण खासै नगर्ने भएकाले त्यस्ता कुनै पनि पुराना सामग्री पाउन सकिएन । उनका छोरा निर्मलमणि अधिकारीको संकलनबाट प्राप्त सामग्रीहरू नै उनीबारे भएका पूर्वाध्ययनको सर्वेक्षण गर्ने प्रमुख स्रोत हुन् । तिनको अध्ययन गर्दा उनको साहित्यिक तथा अन्य व्यक्तित्वलाई चिनाउने प्रयास केही मात्रामा भएको देखिन्छ । त्यसलाई अध्ययन र अनुसन्धान सन्दर्भमा अपर्याप्त ठह्याई यस शोधपत्रको औचित्य

दर्साइएको छ । शोधनायक पण्डित अधिकारीका कृतिहरूको व्यवस्थित रूपमा गरिने विश्लेषण तथा अनुसन्धान र प्रवृत्तिगत योगदानहरूको निरूपण गर्ने रूपरेखाको समेत संयोजन गरिएको छ ।

पण्डित रुद्रमणि अधिकारीको हालसम्मको जीवनयात्रा पुगनपुग साडे आठ दशक हुन थालेको छ । सानैदेखि आफ्नै पिताजी, फुपू-फुपाजुहरू, मामाहरूको सान्निध्यमा रहेर उनले रुद्री, चण्डी, अमरकोश, दशकुमारचरित, लघुकौमुदी, मध्यकौमुदी, श्रीमदभागवत, रामायण तथा महाभारत श्रद्धासाथ अध्ययन गरेका थिए । घरैमा तथा फुपूहरूकहाँ बसेर पाएको प्रारम्भिक शिक्षाबाट सन्तोष नगरी अधिकारीले शिक्षादीक्षाको लागि देशका विभिन्न भागसम्म चहारेको देखिन्छ । उनको शिक्षाको उच्चतम उपलब्धि भने सिद्धेश्वर ब्रह्मचर्य आश्रम, कलैयामा हासिल भएको हो । उनले वि.सं १९९८ सालदेखि नै शिक्षण सेवा गरी कास्की र तनहुँका विभिन्न संस्कृत पाठशाला हुँदै विद्यालयमा कहिले सह-प्रधानाध्यापक, कहिले प्रधानाध्यापक भई सेवा गरेका थिए ।

बालककालदेखि नै मेधावी र लगनशील व्यक्तित्वका धनी रुद्रमणि अधिकारी समय-समयमा विभिन्न पदक- पुरस्कारहरूद्वारा सम्मानित हुँदै आएका पनि छन् । शिक्षण सेवा र पुराणवाचन नै प्रमुख पेसा भएका पण्डित अधिकारी बेलाबखत विभिन्न सङ्घसंस्थाहरूमा समेत संलग्न देखिन्छन् । शिक्षण-प्रशिक्षणका सन्दर्भमा, अध्ययनका क्रममा, तीर्थयात्राका क्रममा सहभागी हुँदै नेपालका केही जिल्ला र भारतका अधिकांश ठाउँहरूको भ्रमण पनि गरेका छन् ।

सिद्धेश्वर ब्रह्मचर्य आश्रम कलैयामा बस्दा विभिन्न साहित्यिक गतिविधिसँग सम्पर्क-सहभागिता देखाउने अधिकारीको औपचारिक लेखनको प्रारम्भ भने वि.सं. २००७ सालदेखि भएको हो । पहिलो कृति प्रकाशनलाई उनले राजनीतिक अभियानको एक साधनका रूपमा लिएको भए तापनि पछि आध्यात्मिक अभियानको अभिन्न कर्मको रूपमा उनको लेखन अघि बढेको देखिन्छ । यिनका लगभग एकदर्जन पुस्तकाकार आध्यात्मिक साहित्यसँग सम्बन्धित कृतिहरू प्रकाशित छन् । त्यस्तै थुप्रै फुटकर लेखरचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

पण्डित रुद्रमणि अधिकारीको जीवनयात्राको अधिकांश समय पुराण वाचनमा नै व्यतित भएको देखिन्छ । पुराणका ज्ञाता तथा वाचक (व्यास) का रूपमा उनले कमाएको ख्याति एकदमै लोभलाग्दो छ ।

हिन्दू शास्त्र र शास्त्रीय कर्मबारे कुनै द्विविधा वा मतमतान्तर हुँदा त्यसको निरूपण गर्ने आधिकारिक व्यक्तिका रूपमा उनी मानिएका छन् ।

उनका प्रायः कृतिहरू धार्मिक/आध्यात्मिक भावनाले ओतप्रोत छन् । उनका कृति सनातन हिन्दू धर्म संस्कृति, नेपालीपन आफ्नै रीतिरिवाज खोज्नमा तल्लीन छन् भने तिनको परिवेश प्रायः वैदिक रहेको छ । उनका प्रायः कृतिहरूको मूल भाव पश्चिमी लहडवाजीहरूका लहै-लहैमा नलागी सनातन नेपाली चाल-चलन रीतिरिवाज, धर्म, संस्कृति, भाषा, जाति प्रथा, कर्मकाण्ड, छुवाछुत आदिलाई संरक्षण गर्नुपर्छ भन्ने रहेको छ । उनले आफ्ना कृतिमा राजालाई हिन्दूसंस्कृतिका सम्राटका रूपमा उभ्याएका छन् । वर्तमान कानुनले समेत तोडिसकेको छुवाछुत प्रथा, जातिप्रथा, छोइछिटोको प्रथा उनले आफ्ना कृतिमा संरक्षण दिएका छन् ।

पण्डित रुद्रमणि अधिकारीले साहित्य लेख्ने प्रेरणा राजनीतिबाट प्राप्त गरेका हुन् । वि.सं २००७ सालअघि उनी राणाशासनको विरोधबाट राजनीतिमा प्रवेश गरेका हुन् । राजनीतिक जीवनमा उनी नेपाली कांग्रेसको एक घटकका केन्द्रीय सदस्य भएका थिए । राणाशासन हटाई प्रजातन्त्र ल्याउने आन्दोलनमा लाग्दा भोलिको नेपाल जस्तो होला भन्ठानेका थिए, २००७ सालमा प्रजातन्त्र आएपछि आफ्नो परिकल्पना अनुसारको नदेखेपछि उनी क्रमशः राजनीतिसँग आक्रोशित र विकर्षित हुँदै गए । त्यसपछि उनले आफूलाई धार्मिक क्षेत्रमा केन्द्रित गराए । सनातन हिन्दू धार्मिक आग्रहले पूर्ण रचनाहरू नै उनका परिचायक हुन् ।

सीमित रूपमा उनले कथा, समालोचना, निबन्ध, लेखेका छन् । उनले फुटकर रचनातर्फ केही मात्रामा भजन, प्रार्थनापरक कविताहरू लेखेका छन् । उनका अप्रकाशित कृतिहरूमा अध्यात्मदीपिका (संस्कृत), मुक्ताभरण (संस्कृत खण्डकाव्य), रुद्रकोश (संस्कृत कोश) तथा छात्र मोदिनी (संस्कृत व्याकरण)लगायत छन् । उनको साहित्यकार व्यक्तित्वमा कवि व्यक्तित्व, समालोचक व्यक्तित्व र निबन्धकार व्यक्तित्व देख्न सकिन्छ । त्यस्तै साहित्येतर व्यक्तित्वमा शिक्षक व्यक्तित्व, धार्मिक/आध्यात्मिक व्यक्तित्व, राजनीतिक व्यक्तित्व, सामाजिक-सांस्कृतिक व्यक्तित्व, अन्वेषक व्यक्तित्व गरी उनको व्यक्तित्वका विविध पाटाहरू देखिन्छन् ।

पण्डित रुद्रमणि अधिकारी नेपाली साहित्याकाशमा मूलतः धार्मिक/आध्यात्मिक व्यक्तित्वकै रूपमा सुपरिचित देखिन्छन् । पण्डित अधिकारीको साहित्ययात्राको निक्यौंल गर्दा वि.सं २००७ सालमा 'सत्यसन्देश' गद्य कृति प्रकाशित गरेर औपचारिक रूपमा लेखनको प्रारम्भ गरी उनी साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । उनको साहित्ययात्राले अहिलेसम्म झन्डै छ दशक लामो समयावधि पार गरिसकेको छ । कृतिहरूको गुणात्मकता र परिमाणात्मकताका दृष्टिले उनका कृति निकै उत्कृष्ट रहेका छन् । तर अधिकारीको विद्वत्ता वास्तवमै प्रकट हुने कृति भने संस्कृत भाषामा रहेको र तिनको प्रकाशन हुन नसकेको देखिन्छ ।

पण्डित अधिकारीका साहित्यलेखनका क्रममा देखिएका प्रमुख साहित्यिक प्रवृत्तिहरू समेत समावेश गरी हेर्दा उनी जीवनवादी, मानवतावादी, भाषा-संस्कृतिप्रेमी, दार्शनिक लेखकका रूपमा सुपरिचित देखिन्छन् ।

पण्डित अधिकारीको साहित्ययात्राको महत्त्वपूर्ण पाटो पुस्तकाकार कृतिहरूको अध्ययन र विश्लेषणसँग सम्बन्धित रहेको छ । कृतिविश्लेषणको क्रममा उनका प्रकाशित अधिकांश पुस्तकहरू धार्मिक चिन्तनसँग सम्बन्धित भएकाले ती कृतिहरूको साहित्यिक विधातत्त्वका आधारमा विश्लेषण गरिएको छ । अधिकारीको जीवनदर्शन सम्बन्धी मान्यता आर्यसंस्कृतिअनुरूप रहेको छ । आध्यात्मिक चिन्तनले जीवनको गोरेटोलाई सम्हाल्न सक्नुपर्छ भन्ने उनको दृष्टिकोण छ । साहित्यले राजनीतिलाई नभई धर्मलाई आत्मसात् गर्नु पर्ने र देखावटीरूपलाई भन्दा मानवीय अन्तर्पक्षलाई अगाडि बढ्न प्रेरणा दिने खालको हुनुपर्छ भन्ने उनको साहित्यसम्बन्धी मान्यता रहेको छ ।

उनी आध्यात्मिक जीवनलाई नै उत्तम जीवन ठान्दछन् । मानव भएर जन्मनुको सफलता योगद्वारा आत्मा चिन्न सके मात्र मिल्दछ भन्दछन् । वेद, पुराण आदि धर्मग्रन्थहरूले नैतिक सन्देश दिने हुनाले यिनको वाचन गर्ने र उचित संरक्षण दिने काम गरी समाजलाई नैतिकताको पाठ सिकाउनुपर्दछ भन्ने उनको धारणा छ । यसप्रकार पण्डित रुद्रमणि अधिकारी नेपाली साहित्यमा विशेषतः धार्मिक/आध्यात्मिक साहित्यकारका रूपमा स्थापित सर्जक तथा साधक हुन पुगेका छन् ।

पण्डित रुद्रमणि फुटकर कवितालाई हेर्दा उनका विभिन्न फुटकर कविताहरू प्रकाशित छन् । प्रकाशित फुट्कर कविताहरू नेपाली तथा संस्कृत दुवै भाषामा रहेको बुझिन्छ । तर आफ्नाबारे प्रकाशित सामग्री सङ्कलन गरेर राख्ने उति चासो नराख्ने हुनाले करिब एक दर्जन जति प्रकाशित फुटकर कविताहरू मात्र यो शोधका क्रममा भेटिएका छन् । उनका कवितामा ईर्श्वरीय भक्ति, ज्ञान, पुकार, चिन्तन आदि पाइन्छ । साथै सल्लाह उपदेश, योगदर्शनको ज्ञान आदि पनि उनका कवितामा व्यक्त भएको छ । विश्वशान्तिको कामना, मानवतावादी भावना, उनका कविताले उद्घोष गरेको पाइन्छ । पाश्चात्य छाडा संस्कृतिलाई अन्धानुकरण नगरी नेपाली मैलिक संस्कृति लोप हुँदै गएकोमा उनले आफ्नो कवितामार्फत चिन्ता व्यक्त गरेको पाइन्छ । सरल भाषाशैलीमा ओजस्वी सन्देश उनका कविताले दिएका छन् ।

उनका प्रायः कृतिहरू लघुआकारका रहेका छन् । उनका लेखनमा अधिकांश तत्सम स्रोतका शब्द प्रयोग गरिन्छ भने न्यूनरूपमा तद्भव र आगन्तुक शब्दहरूको पनि प्रयोग देखिन्छ । शब्दहरूका पदावलीगत, वाक्यगत र अनुच्छेदगत चयन समुच्चयनबाट उनका रचनाहरूमा विशिष्ट पाठकका निम्ति उपयुक्त र बोध्य उच्चशैलीको प्रयोग हुन गएको भेटिन्छ । केही मात्रामा समासयुक्त र द्वित्व शब्दहरूका साथै अनुकरणात्मक शब्दहरूको पनि प्रयोग, असमापिका क्रियाहरूको प्रयोग, विशेषण र क्रियाविशेषणको केही प्रयोग पाइनु, धार्मिकतातर्फ उन्मुख शैली चेत, वर्णविन्यास शुद्धि, वर्णमात्रिक छन्दको प्रयोग, विशेष गरी उपमा र रूपक अलङ्कारको प्रयोगजस्ता विशेषता अधिकारीको लेखनमा देखिन्छ । यसैगरी सरल वाक्यको प्रधानता, वाक्य ढाँचा र श्लोकगत पङ्क्तियोजनाका बीच लयात्मक र भावगत समानान्तरता, वैदर्भी र गौडी रीतिको मिश्रण भएको, प्रसाद गुणको प्रयोग, आध्यात्मिक चेतना प्रधान रूपमा प्रयोग हुनु आदि पनि उनकाका भाषाशैलीगत विशेषताहरू रहेको पाइन्छ । *कविनिबद्धवक्तृप्रौढोक्ति* उनको कथन पद्धतिको विशेषता रहेको टड्कारोसँग देखिन्छ ।

अचेल पनि केही न केही साधनामा लागिरहने पण्डित अधिकारीले आफ्नो जीवनको झण्डै छ दशक लामो समय साहित्य साधनामा लगाए तापनि विविध विधामा कलम नचलाई आफूलाई आध्यात्मिक क्षेत्रमा केन्द्रित राखेको पाइन्छ । यसबाट उनलाई

आत्मसन्तुष्टि प्राप्त भए तापनि नेपाली वाङ्मयले भने उनीजत्तिको प्रतिभासम्पन्न विद्वानबाट जति पाउनु पर्थ्यो, त्यति नपाएको देखिन्छ ।

हिन्दू धर्मशास्त्रबाहेक अरु कुनैलाई पनि आधिकारिक नठान्ने र राजाप्रति अत्यन्त सम्मानभाव राख्ने उनको विचारसँग असहमत हुनेहरूले उनलाई कसरी मूल्याङ्कन गर्छन् भन्ने पक्ष चाहिँ विचारणीय छ । आफ्नो मान्यताप्रति अविचलित रूपले अडिग रहेका हुनाले उनको आस्थामा प्रश्न गर्ने ठाउँ भने कतै देखिँदैन । बरु, सभ्यताहरूको आधारमा संसारको पुनर्निर्माण भइरहेको र त्यसमा धर्मले अहम् भूमिका निर्वाह गरिरहेको भन्ने हन्टिङ्टनजस्ता विद्वानका मतलाई दृष्टिगत गर्दा त नेपालको हिन्दू समुदायका लागि पं. रुद्रमणि अधिकारीको सान्दर्भिकता भविष्यमा झन् बढ्ने देखिन्छ ।

यसरी पण्डित रुद्रमणि अधिकारी नेपाली साहित्यको धार्मिक/आध्यात्मिक फाँटलाई उर्वर बनाउने एक सशक्त व्यक्तित्व हुन भन्न सकिन्छ । हालसम्म पनि उनी साधनारत रहेका छन् । धर्मनिष्ठ, मानवतावादी, विश्वबन्धुत्ववादी, समाजसेवी, भाषा-संस्कृति प्रेमी, लोकसम्मानित विद्वान व्यक्तित्वका रूपमा पण्डित अधिकारी स्थापित छन् ।

***

# परिशिष्ट
# पण्डित रुद्रमणि अधिकारीका केही भजन/कीर्तन/पद्यहरू

## १) मन शान्त हुने कीर्तन

रे मन यसरी लट्ठ नहो है, सब चीज छोडी हरि हरि भन् ॥
तँलाई आखिर आतुर पर्दा, हरिले तेरो हित गर्छन् ॥ १ ॥
सबै जगत् यो नाटक घर हो, हामी सबैजन नटुवा हौं ॥
नाटक सकिने समय भएमा, हरि हरि सब नै बटुवा हौं ॥ २ ॥ रे मन ....
जबतक नाटक खोल्दछ प्रभुले, तबतक हामी नटुवा हौं ॥
नाटक सकिने समय भएमा, सबका सबनै बटुवा हौं ॥ ३ ॥ रे मन ........
सपनासरिको सम्पत्ति बुझिले, फूलसरिको जीवन हो ॥
बिजुलीसरिको आयु छ सबको, ढुक्क परेको छस् किन हो ॥ ४ ॥ रे मन ....
शरीरतकपनि संगमा नलिई, जानुछ केवल एकल भै ॥
तसर्थ नभुली बटोलिकन राख, पछिका सब सामल अहिल्यै ॥ ५ ॥ रे मन ...
दिन रात विहान र साँझ बित्यो, भनिकन भन्छस् के तइँले ॥
चुहुने घटको पानी चुहेझैं, आयु गएको हो बुझिले ॥ ६ ॥ रे मन ......
लख्खन योनि घुमिकन आई, पाइस् जीवन मानवको ॥
पशुझैं केवल खाने चीजमा, भुलेर नबिता जीवन यो ॥ ७ ॥ रे मन ........
अनेक जुनिको धर्म जुटिकन, जन्म भयो मानवको ॥
शास्त्र बिचारी तत्व बुझिकन, मुक्त हुने हो काम यसको ॥ ८ ॥ रे मन ....

## २) भक्तको आर्त कीर्तन

कृष्ण मुरारी आऊ न आऊ, मन खुश पार्ने मुरली बजाऊ ॥
शोक बढार्ने बन्धन टार्ने, हृदय सपार्ने भाव फिजाऊ ॥ १ ॥
विषय छटाको वेग कडा यो, दिन दिन बढ्दै आउन थाल्यो ॥
शान्ति हरायो पीर पलायो, सुखमय सपना पनि पर भाग्यो ॥ २ ॥
कृष्ण मुरारी ..........

छैन सहारा गर्छु पुकारा,   कृष्ण पियारा करुणाधारा ॥
देख्छु अँध्यारा परिजन सारा,  गड्छन् सारा मनमा आरा ॥ ३ ॥
कृष्ण मुरारी .................
अति जर्ति भयो सब फूर्ति गयो,  अहहा किन यो मन दिक्क भयो ॥
सब छाति जर्रीकन शुष्क छ यो,  अति कष्ट भयो किन हो किन हो ॥ ४ ॥
कृष्ण मुरारी .................
नाथ अगाडी सब खल मारी,   भक्त सुधार्‍यौ दुःख उतारी ॥
सोही कृपा ली विपद निकाली,  सुख दिनलाई होऊ तयारी ॥ ५ ॥
कृष्ण मुरारी .................

### ३) प्रभु पुकार

हे राधाप्रिय घटघटवासी
नासीदिनोस् प्रभु सब फाँसी ॥ १ ॥

वृन्दावनबीच वंशि बजाई राधाका सब सखीलाई ॥
वरिपरि पारी रास विहारी ध्यान चढाउँछु तिमीलाई ॥ २ ॥ हे राधाप्रिय ........
नमानी बाधा राधालाई खुशीसित बायाँ तिर धारी ॥
यो मेरो मन मन्दिरभित्र राज हवोस् हे असुरारि ॥ ३ ॥ हे राधाप्रिय .........
धन्य छ प्रभुको महिमा भवमा यो सब प्रभुको रटना हो ॥
भवमा जो यो दृश्य छ सारा त्यो पनि प्रभुकै रचना हो ॥ ४ ॥ हे राधाप्रिय ..
मनमा प्रभुको सुन्दर मूर्ति संझौं दिनहुँ बन्दै फूर्ति ॥
मनमा ननिको घुस्न नपाओस् हरि हरि भन्दै जीवन जावस् ॥ ५ ॥ हे राधाप्रिय .....

### ४) प्रभु स्तुति

जय जय शिव - शम्भु भवानी
लिनोस् शरण शरणागत जानी ॥ १ ॥
अधिकृत अव्यय तत्व अनूप
सबका कारण लिङ्ग सरूप ॥ २ ॥ जय जय .............
सकल चराचरका घटवासी
जगद घमोचन करुणा राशी ॥ ३ ॥ जय जय .............

योगीजनका हृदय विहारी
सज्जनहरुका सब भय हारी ॥ ४ ॥ जय जय .............
दुर्जनहरुका दुर्गतिकारी
दु:खीहरुका दु:ख बिदारी ॥ ५ ॥ जय जय .............
भक्त मनोरथ पूरणकर्ता
जगका धर्ता हर्ता भर्ता ॥ ६ ॥ जय जय .............
अक्षर अक्षर हरुका रूप
के गर्ने स्तुति हुन्छौं चूप ॥ ७ ॥ जय जय .............

## ५) ईश-वन्दना

ओम् सच्चित् सुखरूप विश्वभरका आधार औ कारण
साक्षात् शङ्करलाई भक्ति मनमा राखी गरी वन्दना ॥
साथमा शक्ति लिएर यो जगतको जस्ले गर्‍यो सिर्जना
ब्रह्मा देखि लिएर झारतकमा जस्को छ सद्भावना ॥
जो प्राणीभरका रही घटविषे वर्त्तन्छ साक्षीसरि
त्यस्ता श्री जगदीशमा म गर्छु यो दण्डवत् हरघरी ॥

## ६) मेरो इच्छा

विश्व शान्त होस्, दैव शान्त होस्
आत्म शान्त होस्, भ्रान्त क्वै नहोस् ॥
मर्त्यमात्र यो अमृततत्वको
सतत पान गरी अमर भै रहोस् ॥ १ ॥
सबै जन सुखी होऊन्
निरोगी भै रहून् सब ॥
सबै कल्याण नै देखून्
कोही दु:खी नहोस् अब ॥ २ ॥

## ७) दशावतार

प्रलय सागरमा बनेर माछो सुलुसुलु डुँगिया भैं बहँदै
शंखासुरको प्राण निभायौ वेद उतार्‌यौ खुशी भै ॥
केशव तिम्रो जय होस् जय होस् तिमी जगत्का मालिक हौ ॥ १ ॥
समुद्र मथिँदा मन्दर धसिँदा देवासुरको रखुवा भै
हरे पिठ्युँमा मन्दर धार्‌यौ पसेर जलमा कछुवा भै ॥
केशव तिम्रो जय होस् जय होस् तिमी जगत्का मालिक हौ ॥ २ ॥
हिरण्य मार्‌यौ जगत सुधार्‌यौ नमानी अल्छि तत्पर भै
जलमा डुबेकी पृथिवी उतार्‌यौ हरे अनौठा शूकर भै ॥
केशव तिम्रो जय होस् जय होस् तिमी जगत्का मालिक हौ ॥ ३ ॥
प्रह्लादको त्यो विपत्ति देखी स्तंभ फुटालिकन चुरिँदै
हिरण्यकशिपुको पेट उधारी भिर्‌यौ ती आन्द्रा नरहरि भै ॥
केशव तिम्रो जय होस् जय होस् तिमी जगत्का मालिक हौ ॥ ४ ॥
सुरहरुलाई जितेर बलिले अमरापुरीको राज्य लिए
वामन बनिकन गएर माग्यौ बलिले खुशी भै दान दिए ॥
केशव तिम्रो जय होस् जय होस् तिमी जगत्का मालिक हौ ॥ ५ ॥
अनीति गर्दा क्षत्रियहरुले बन्चरि लिकन रिसिँदै
गिँडेर तिनको रगत बटोली तीर्थ गरायौ कुरुक्षेत्रमै ॥
केशव तिम्रो जय होस् जय होस् तिमी जगत्का मालिक हौ ॥ ६ ॥
दशै दिशाको राज्य लुटेथ्यो रावण भनुवा दश मुखले
दश शीर काटी दशतिर फँक्यौ राम बनिकन सुखले ॥
केशव तिम्रो जय होस् जय होस् तिमी जगत्का मालिक हौ ॥ ७ ॥
दिल्ली शहरै कोल्टो पार्‌यौ तान्यौ यमुनाजी हलले
नीला कपडा लाउन थाल्यौ यमुना मिलिछन् कि त डरले ॥
केशव तिम्रो जय होस् जय होस् तिमी जगत्का मालिक हौ ॥ ८ ॥
दानव कलिमा वेद पढेर दुःख दिनेछन् बलिया भै
भनेर वेदै निन्दित गर्ने बुद्ध बनेका हौ तिमी नै ॥
केशव तिम्रो जय होस् जय होस् तिमी जगत्का मालिक हौ ॥ ९ ॥

म्लेच्छहरुको दलबल तोडी यो कलियुगको पारी दुहाई
सत्ययुगको स्थापना गर्ने कल्कि हुनेछौ पछि आई ॥
केशव तिम्रो जय होस् जय होस् तिमी जगत्का मालिक हौ ॥ १० ॥
वेद उतार्ने मन्दर धार्ने पृथिवी उतार्ने कशिपू मार्ने
बलिकन छल्ने क्षत्रिय मिच्ने रावण मार्ने यमुना खिच्ने ॥
केशव तिम्रो जय होस् जय होस् तिमी जगत्का मालिक हौ ॥ ११ ॥
दैत्य बिगार्ने कलियुग टार्ने सत्य लगाउने जगत सपार्ने
मौका माफिक स्वरूप धार्ने भक्तहरुको बन्धन टार्ने ॥
केशव तिम्रो जय होस् जय होस् तिमी जगत्का मालिक हौ ॥ १२ ॥
**कश्यप** कुलमा जन्म लिएर **रुद्रमणि** यो नाम लिने
निज-सेवकको कीर्तन सुनिकन अतिशय खुशीले मस्त हुने ॥
केशव तिम्रो जय होस् जय होस् तिमी जगत्का मालिक हौ ॥ १३ ॥

## ८) पुकार

प्यारा सज्जनवर्ग हो, विनयले क्यै भन्दछु सुन्नुहोस्
साँचो हो कि झुठो विपक्ष नबनी मस्तिष्कले गुन्नुहोस् ॥ १ ॥
हाम्रा पूर्व महर्षिको असल त्यो विज्ञानले सम्मत
सच्चा लौकिक पारलौकिक दुबै कल्याणदाता मत
अैल्ये भौतिकलाभमा रत बनी सर्लक्क छोडिदियौं
हाम्रो आज समाज बिग्रन गयो पाश्चात्य शिक्षा लियौं ॥ २ ॥
जस्का गोत्रज हामी हौं ती मुनिको आचार कस्तो थियो
के भन्थे कुन धर्ममा रत थिए हो जन्म कुन देशको
यस्को याद नराखी कत्ति उनको छोडेर सारा स्थिति
पक्र्यौं आज विधर्मीको मत भने बिग्रेछ हाम्रो मति ॥ ३ ॥
जस्तै बिघ्न परोस् विपत्तिहरुको वर्षा हवोस्तापनि
आफ्नो धर्म बचाउनु जतनले भन्थे अघिका मुनि
त्यस्मा भित्री रहस्य के छ नबुझी त्यागदा त्यसै त्यो स्थिति
पर्ला आखिरमा विपत्ति उसले गर्नेछ धेरै खति ॥ ४ ॥
अैल्ये हाल विकासवादहरुमा सुन्दा कुरा खास छ

त्यस्मा खुब गडी विचार गरदा सत् धर्मको नाश छ
छोडी आफनु सनातनी चलन त्यो विज्ञानले सम्मत
लाग्दा आज अनार्यका चलनमा देखिन्न कल्याण त ॥ ५ ॥
हाम्रा ज्ञान निधान मान्य अधिका पुर्खाहरुको स्थिति
कस्तो वेश रहेछ शास्त्रहरुमा हेरौं विचारौं अति
हाम्रै उन्नतिका निमित्त उनले कयौं रचे पद्धति
त्यस्को हाल यथार्थ ख्याल नहुँदा हाम्रो भयो दुर्गति ॥ ६ ॥
हाम्रो बेस सनातनी चलनले जो हुन्छ देशोन्नति
पक्का हुन्न विधर्मीका चलनले पार्दिन्छ सारा खति
जस्तै देह विभिन्न भाग रहदा प्रत्यङ्गले भिन्नभैं
भिन्नै कर्म गरिरहन्छ सबले गर्दैन एकै कबै ॥ ७ ॥
हाम्रा वेद र काव्य शास्त्रहरुले पत्ता लगाए जति
पत्ता खास लगाइदैन अहिले विज्ञान मात्रै पढी
विज्ञानान्वित ज्ञानले मुलुकमा सत् शान्ति फैलाउँछ
सत्यज्ञान-विहीन केवल हुँदा विज्ञान नाश पार्दछ ॥ ८ ॥
जस्तो देहविषे छ मुख्य मुख यो त्यस्तै सबै विश्वको
मुख्य स्थान पवित्र भारत र औ यो पुण्य नेपाल हो
खाँदामा मुखबाट देहभरको रक्षा भएभैं गरी
धान्दा धर्म सुशान्ति सबमा फैलिन्छ विश्वैभरि ॥ ९ ॥
तस्मात् वेद मनुस्मृति प्रभृति सत्शास्त्रादि हेरिकन
विज्ञानान्वित ज्ञान हासिल गरी छोडौं विधर्मीपन
गर्दै भौतिक वस्तुको बढि बढि उत्पत्ति विज्ञानले
ल्याऔं शान्ति समस्त विश्वभरमा सत्सङ्ग-सत्ज्ञानले ॥ १० ॥

## ९) *हिन्दू-संस्कृतिका विधान अनुसार चल्नु छ आवश्यक*

हिन्दू-संस्कृति हिन्दू जातिहरुको आत्मा भनी जान्नुहोस्
सारा हिन्दूहरु शरीर यसका हुन् खास यो मान्नु होस् ॥
आत्मा बेगरको शरीर जसरी बेकामको बन्दछ

हिन्दू-संस्कृति हीन हिन्दू त्यसरी निस्तेज निःस्पन्द छ ॥ १ ॥
जसको ज्ञान यथार्थ गर्नुछ अनि त्यसका समूचा कुरा
जान्नु पर्दछ शास्त्रबाट उसको चर्चा छ जसमा पुरा ॥
हिन्दू-संस्कृति जान्न सक्दछ सजिलै जो हिन्दू-शास्त्रज्ञ छ
हिन्दू-संस्कृति हिन्दू-शास्त्र नपढी खोज्नु बडो भूल छ ॥ २ ॥
हिन्दू-संस्कृति के रहेछ यसको मर्मज्ञ बन्नु छ त
प्रेमले हेर्नु हवोस् श्रुति-स्मृति पुराण गीता महाभारत ॥
श्री रामायण मन्त्र-तन्त्रहरुले संपन्न मन आगम
आर्य श्रेष्ठ महर्षिका कृतिहरु षड अङ्ग षड् दर्शन ॥ ३ ॥
होलान् शास्त्र अनेक तैपनि सबै एक देश एक कालको
गर्छन् वर्णन लोकमा त्यस घडी चाल्फाल जस्तो थियो ॥
हेर्नोस् वेद पुराण हिन्दू-इतिहास सर्वत्र दृष्टि दिँदै
भन्छन् भूत भविष्यका सकल बात् हाल्का कुरा सँगसँगै ॥ ४ ॥
आफैलाई सपार्नु पर्छ पहिले आफु नसप्रिकन
आर्कालाई सपार्न जे जति भनोस् सक्दैन कोही जन ॥
जान्नु पर्दछ सप्रनाकनपनि सप्रन्न कोही त्यसै
हिन्दू-संस्कृतिमा छ दिव्य उपदेश बिग्र्यौ ल है सप्र है ॥ ५ ॥
काम क्रोध लोभ र मोह मद औ मात्सर्य शत्रु जित
छोड्‌यौ जाल र झेलका ती बखेडा प्रेम राख सारासित ॥
आफ्नै देह पनि खरानी हुनगै त्यागिन्छ आखिर उसै
हिन्दू-संस्कृतिमा छ दिव्य उपदेश बिग्र्यौ ल है सप्र है ॥ ६ ॥
स्वप्ना तुल्य छ यो समस्त जगतै मन्मा विचार खुब् गर
आकाशमा विजुलीसरी जगतमा जन्म्यो मर्‌यो को छ र ॥
एक्लै जन्म लियौ अगाडी तिमीले जान्छौ पछि एकलै
नामै मात्र रहन्छ आखिर बुझ्यौ त्यो नाम बेस राख है ॥ ७ ॥
ईश्वर हो सबको पिता सकल यो संसार साजे घर
सारा मानव हुन् जहान घरका यै नित्य सोच्ने गर ॥
छोड्‌यौ रीस र राग होल-घरको कल्याण झट् खोज है

कालको याद गरेर विज्ञ जनका सल्लाहमा लाग है ॥ ८ ॥
जसका जुन् व्यवहारबाट सबमा कल्याण फैलाउँछ
त्यै हो धर्म यथार्थ शास्त्रहरुको यो एक सिद्धान्त छ ॥
तस्मात् धर्म विषे सदा मन दिँदै दुष्कर्म सब् छोड है
हिन्दू-संस्कृतिमा छ दिव्य ऊपदेश बिग्र्यौ ल है सप्र है ॥ ९ ॥
पृथ्वीमा तृण झैं समस्त चीज नै निस्कन्छ नाशिन्छ र
मौका माफिक हुन्छ फेरि त्यसको निन्दा तथा कदर ॥
तस्मात् विश्व विषे बने अब पनि बन्नन् पछि जो कुरा
हिन्दू-संस्कृतिमा छ त्यस विषयको एक एक चर्चा पुरा ॥ १० ॥
धेरै के भनौं कामधेनुसरिको यो हिन्दूको संस्कृति
सारा मानवमात्रलाई सुख दी गर्दिन्छ देशोन्नछि ॥
सच्चा शान्ति दिएर विश्वभरमा आनन्द फैलाउँछ
सबको रोग र शोक हर्छ यसले यो विश्वमा बेस छ ॥ ११ ॥
आफ्नो धर्म र देशको मुलुकमा इज्जत बढाइकन
गर्दै भ्रष्ट अनिष्ट दुष्टहरुको देशबाट निष्कासन ॥
यसमा व्यर्थ अनर्थकारक कुरा संपूर्ण त्यागी झट
हिन्दू-संस्कृतिका विधान अनुसार चल्नु छ आवश्यक ॥ १२ ॥

***

# सन्दर्भसूची

## क) पुस्तकसूची


आयोदधौम्य 'निर्मल'; **आस्थाको शान्ति-युद्ध**; विराटनगर : नेपाली भाषा-संस्कृति परिषद्, वि.सं. २०५७ ।

आयोदधौम्य 'निर्मल'; **चुच्चे-नेप्टेको सवाल र दशैं बहिष्कार**; विराटनगर : नेपाली भाषा-संस्कृति परिषद्, वि.सं. २०५६ ।

आयोदधौम्य 'निर्मल'; **वैज्ञानिकतायुक्त धर्म धार्मिकतायुक्त विज्ञान**; नेपाल : युग निर्माण अभियान, वि.सं. २०६१ ।

आयोदधौम्य 'निर्मल'; **वैज्ञानिक सत्ययुगको आधारशीला**; नेपाल : युग निर्माण अभियान, वि.सं. २०६१ ।

आयोदधौम्य 'निर्मल'; **निर्मल-भक्ति-मार्ग**; नेपाल : युग निर्माण अभियान, वि.सं. २०६१ ।

'आयोदधौम्य' निर्मलमणि अधिकारी; **मीमांसा-दर्शन निर्देशन**; काठमाण्डौ : प्रशान्ति पुस्तक भण्डार, २०६२ ।

डा. कीर्तिस्वरूप रावत; **पुनर्जन्म** (**एक वैज्ञानिक विवेचना**); अनु. डा. ध्रुवचन्द्र गौतम; काठमाण्डौ : लुनकरणदास-गंगादेवी चौधरी साहित्य-कला मन्दिर, वि.सं. २०६२ ।

डिल्लीराम मिश्र; **नेपाल अधिराज्यमा तनहुँ** (दो.सं.); तनहुँ : शर्मिला मिश्र, २०५७ ।

स्वामी दयानन्द सरस्वती; **ऋग्वेदादी भाष्य भूमिका**; अजमेर : आर्य साहित्य मण्डल, २०१६ ।

महर्षि दयानन्द सरस्वती; **सत्यार्थ प्रकाश**; नई दिल्ली : दयानन्द संस्थान, सं. २०२९ ।

धर्मराज थापा; **तनहुँ फूलबारी**; पोखरा : उदयबहादुर गुरुङ, २०५६ ।

निर्मलमणि अधिकारी; **हिन्दू अवधारणामा सञ्चार प्रक्रिया**; अप्रकाशित शोधपत्र, पूर्वाञ्चल विश्वविद्यालय, २०६० ।

पवन चामलिङ 'किरण' (सम्पा.); **निर्माण संस्कृति विशेषाङ्क**; सिक्किम : निर्माण प्रकाशन, सन् १९९९ ।

पुरुषोत्तम नागेश ओक; **वैदिक विश्व राष्ट्रका इतिहास** (भाग २); नई दिल्ली : हिन्दी साहित्य सदन, सन् २००० ।

प्रेमकुमार खत्री; **नेपाली समाज र संस्कृति** (दो.सं.); काठमाण्डौ : साझा प्रकाशन, वि.सं. २०४४ ।

प्रेमचन्द्र शास्त्री; **स्वातन्त्र्य वीर सावरकर**; दिल्ली : आर्य प्रकाशन मण्डल, सन् १९९५ ।

बालचन्द्र शर्मा; **नेपालको ऐतिहासिक रूपरेखा**; वाराणसी : कृष्णकुमारी देवी, वि.सं. २००८ ।

मदनमणि दीक्षित; **त्यो युग**, काठमाण्डौ : समीक्षा, वि.सं. २०४७ ।

मीन माध्यमिक विद्यालय; **श्री मीन माध्यमिक विद्यालय रजत जयन्ती स्मारिका**; तनहुँ, वि.सं. २०४६ ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल; **शोधविधि** (दो.सं.); काठमाण्डौ : साझा प्रकाशन, वि.सं. २०५५ ।

राजकुमार पोखरेल; **हिन्दूसंस्कृति** (प्र.सं); विराटनगर : भानुमोरङ समिति, वि.सं. २०४२ ।

राजेन्द्र सुवेदी; **सिर्जनात्मक लेखन सिद्धान्त र विश्लेषण**; काठमाण्डौ : पाठ्यसामग्री पसल, वि.सं. २०५७ ।

पण्डित रुद्रमणि अधिकारी; **भविष्य पुराणको आंशिक टीका**; तनहुं : जुक्तराज शाही, वि.सं. २००९ ।

कविवर पण्डित रुद्रमणि; **शाही शपथ**; तनहुं : जुक्तराज शाही, वि.सं. २००९ ।

पण्डित रुद्रमणि अधिकारी; **विश्वशान्ति निमित्त अध्यात्मवाद**; तनहुँ : जुक्तराज शाही, वि.सं. २०१० ।

पण्डित रुद्रमणि अधिकारी; **हिन्दू-धर्म मर्म-विचार**; तनहुँ : जुक्तराज शाही, वि.सं. २०१८ ।

पण्डित रुद्रमणि अधिकारी; **संक्षिप्त साङ्ग-श्रुति परिचय**; पोखरा : लक्ष्मी प्रेस, वि.सं. २०२९ ।

पण्डित रुद्रमणि अधिकारी; **म्याग्दे र भिमाद**; तनहुँ : जुक्तराज शाही, वि.सं. २०३२ ।

पण्डित रुद्रमणि अधिकारी; **पञ्चायती व्यवस्था र अध्यात्मवाद (व्यास जन्मभूमि परिचय सहित)**; तनहुँ : जुक्तराज शाही, वि.सं. २०३५ ।

पण्डित रुद्रमणि अधिकारी; **आत्मज्ञान**, तनहुँ : जुक्तराज शाही, वि.सं. २०४४ ।

वासुदेव त्रिपाठी र अन्य; **नेपाली बृहत् शब्दकोश** (दो.सं.); काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०५० ।

वासु बराल; **हिन्दू सामाजिक संगठनको स्वरूप** (दो.सं.); काठमाण्डौ : साझा प्रकाशन, वि.सं. २०५० ।

डा. सत्यव्रत सिद्धान्तालङ्कार; **संस्कार-चन्द्रिका**; नई दिल्ली : विजयकृष्ण लखनपाल, मिति अनुल्लेखित ।

डा. सर्वपल्ली राधाकृष्णन्, **भारतीय दर्शन** (प्रथम खण्ड); अनु. नन्दकिशोर गोभिल; दिल्ली : राजपाल एण्ड सन्ज, सन् १९९८ ।

स्यामुएल पी. हन्टिङ्टन; **द क्ल्यास अफ् सिभिलाइजेसन्स एण्ड रिमेकिङ्ग अफ् वर्ल्ड अर्डर**; इण्डिया : भाइकिङ्ग पेन्गुइन, सन् १९९७ ।

हंसपुरे सुवेदी; **सांस्कृतिक परिवेशमा नेपालको हलोक्रान्ति**; काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा प्रष्ठिान, वि.सं. २०५९ ।

हनुमानप्रसाद पोद्दार, चिम्मनलाल गोस्वामी (सं.); **कल्याण धर्माङ्क**; गोरखपुर : गीताप्रेस, सन् १९६६ ।

हनुमानप्रसाद पोद्दार, चिम्मनलाल गोस्वामी (सं.); **कल्याण हिन्दू संस्कृति अङ्क**; गोरखपुर : गीताप्रेस, सन् १९५० ।

ज्ञानेश्वर भट्टराई; **बृहत् ज्ञानकोष**; काठमाण्डौ आशिष पुस्तक भण्डार, वि.सं. २०६१ ।

## ख) पत्रिका सूची

**अर्थदूत** साप्ताहिकका विभिन्न अङ्क ।

**घटना र विचार** साप्ताहिकका विभिन्न अङ्क ।

**तरङ्ग** साहित्यिक मासिकका विभिन्न अङ्क ।

**देशप्रेम** साप्ताहिकका विभिन्न अङ्क ।

**शिक्षाज्योति** त्रैमासिक, वर्ष १, अङ्क १, २०१७ माघ-फागुन-चैत ।

**युगपत्र** साप्ताहिक, वर्ष १, अङ्क ७, वि.सं २०६१ साउन २१ ।

***



साहित्यकार पण्डित रुद्रमणि अधिकारी (१९७८) छ दशकदेखि नेपाली साहित्यमा साधनारत प्रतिभा हुन्। गण्डकी अञ्चलको तनहुँमा जन्मी संस्कृतमा व्याकरण र न्याय विषयमा आचार्यसम्मको अध्ययन हासिल गरेका पण्डित अधिकारी वेदान्त र ज्योतिषशास्त्रका पनि उनी प्रकाण्ड विद्वान हुन् ।

धार्मिक-दार्शनिक क्षेत्रमा विशेष ख्याति कमाएका पण्डित अधिकारीको व्यक्तित्वका अनेक आयाम छन् । साहित्यिक क्षेत्रमा उनको व्यक्तित्वलाई कवि, समालोचक र निबन्धकारका रूपमा यस शोधमा पहिचान गरिएको छ। साहित्य तर लेखकका रूपमा पनि उनको व्यक्तित्वको सफलतापूर्वक प्रष्फुटन भएको छ ।

वि.सं. १९९८ देखि, वि.सं. २०२८ सालसम्म गरी करिब तीन दशकसम्म विभिन्न स्थानमा शिक्षण सेवा गरेका अधिकारीको शिक्षक व्यक्तित्व अत्यन्त गौरवमय रहेको छ । उनका धार्मिक/आध्यात्मिक व्यक्तित्व, सामाजिक-सांस्कृतिक व्यक्तित्व र अन्वेषक व्यक्तित्वले समाजमा प्रसिद्धी कमाएका छन्। जीवनका केही वर्षहरू उनले राजनीतिमा पनि बिताएका थिए ।

PPB
PRASHANTI

वितरक
प्रशान्ति पुस्तक भण्डार
पो.ब.नं. ४७१४, पुतलीसडक, (पद्मोदय स्कुल भवन)
काठमाडौं, फोन : ४२३२७२५